"समृद्ध सिदिङ्वाको आधारः तिम्बुङपोखरी सिदिङ्वाधाम र पूर्वाधार"

# सिदिङ्वा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**ताप्लेजुङ**

**कोशी प्रदेश, नेपाल**

# प्रथम आवधिक योजना

(आ.व. २०८१/८२ - २०८५/८६)

**जेठ, २०८१**

# सिदिङ्वा गाउँपालिकाको पहिलो आवधिक योजना (२०८१/८२-२०८५/८६)

**सहयोग**

प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रय म (PLGSP)

कलबलगुरी, भद्रपुर, झापा, कोशी प्रदेश

**प्राविधिक सहजीकरण**

RIMC Strength JV

पुरानो बानेश्वर काठमांडौ

फोनं नः९८५११२२९३१


**प्रकाशक : सिदिङ्वा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, ताप्लेजुङ, कोशी प्रदेश**


**फोनं नं : ९८५२६६०१५३**

**ईमेल : sidingbarmtpj@gmail.com**

**वेबसाइट** : https://sidingbamun.gov.np/


**सर्वाधिकार : सिदिङ्वा गाउँपालिका, ताप्लेजुङ**

**मुद्रण : ५०० प्रति**



# अध्यक्षको मन्तब्य

**"समृद्ध सिदिङ्वाको आधारः तिम्बुङपोखरी सिदिङ्वाधाम र पूर्वाधार"** भन्ने दीर्घकालिन सोचको तय गरि समग्र पालिकाको वर्तमान विकासको गतिलाई एउटा निश्चित विन्दुमा पुर्याउन सम्भव हुने विश्वासका साथ गाउँपालिकामा भएको धार्मिक तथा साँस्कृतिक रुपमा महत्वपूर्ण मानिएका आस्थाका धरोहर सिदिङ्वाधाम, धार्मिक तथा पर्यटकीय स्थल तिम्बुङ् पोखरी र यसको महत्वलाई उजागर गरि आन्तरिक तथा बाह्य पर्यटकहरुको चलायमान आगमन तथा पुर्नागमनबाट दिगो आय-आर्जनको बाटो खुल्ने कुरामा दुइमत छैन । दीर्धकालिन सोच र यसले तय गरेको पर्यटन, पर्यावरण, मानव विकास र पूर्वाधारहरुको विकास र लगानीबाट मात्रै गाउँपालिका र सिदिङ्वाबासीको सुन्दर भविष्य निर्माण गर्न सकिने कुरामा विश्वास लिएको छु ।

नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने लक्ष्य राखेको छ। मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूको दायरालाई फराकिलो बनाउँदै आर्थिक समृद्धि सहितको सामाजिक न्याय र समानता सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्त अवलम्बन गरिएको छ । नेपालको संविधानको भाग १७ र १८ बमोजिम स्थानीय सरकारले संवैधानिक मान्यता प्राप्त गरी पहिलो स्थानीय तह निर्वाचन २०७४ सम्पन्न भैसकेपछि स्थानीय सरकारले आवधिक योजना तर्जुमा गरी विकास अभ्यास अघि बढाउनुपर्ने आवश्यकता महशुस भएको हो । नेपाल सरकारले योजनावद्ध रुपमा **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय लक्ष्य हासिल गर्न वि.सं. २०७५ मा दीर्घकालीन सोच २१०० तय गरेको छ । अर्कोतर्फ वि.सं. २०८२ (सन् २०२६) मा नेपाललाई अतिकम विकसितबाट विकासशील मुलुकमा स्तरोन्नती गर्ने र वि.सं. २०८७ (सन् २०३०) सम्म दिगो विकासका लक्ष्यहरू हासिल गर्दै मध्यम आय भएको मुलुकमा पुग्ने लक्ष्य तय गरिएको छ। यसै लक्ष्यलाई आधार मानेर आगामी पाँच वर्ष (२०८१/८२-२०८५/८६) को अवधिमा कार्यान्वयन गर्ने गरी सिदिङ्वा गाउँपालिकाले प्रथम पञ्चवर्षीय योजना तर्जुमा गरेको हो ।

तिम्बुङ पोखरी पर्यटन विकास योजना, साब्लाखु देखि इन्द्रावति खोला थर्पु सडक कालोपत्रे गर्ने, लोकुम्बा मोटिटार मिचिम हुदै तिम्बुङ पोखरी सडक निर्माण गर्ने, सिदिङ्वा गाउँपालिका अस्पताल (५ शैया), प्रशासनिक भवन (वहुउद्धेश्यीय), जय प्रसाद स्मृति रंगशाला जस्ता ६ वटा गाउँ गौरवको आयोजनाहरुको प्राथमिकीकरण गर्दै अन्य विषय क्षेत्रगत १५१ वटा आयोजना गरी जम्मा १५७ वटा आयोजनाहरु समेटी आगामी ५ वर्षमा सम्पन्न गर्ने र उक्त आयोजनाहरु सम्पन्न गर्न ६.१९ अर्व श्रोत आवश्यक पर्ने देखिएको छ ।

सिदिङ्वा गाउँपालिकाको भविष्य र यसको विकासको गतिलाई दिशानिर्देश गर्ने प्रस्तावित योजनाहरु सहभागितामूलक पद्धतिबाट योजना तर्जुमा विधि अपनाई तयार गरिएको हो । यो योजना तयार गर्न महत्वपूर्ण भूमिका तथा सहयोग गर्नुहुने राजनीतिक दलका प्रतिनिधिहरु, गाउँपालिका उपाध्यक्षज्यू, वडा अध्यक्षज्यूहरु, गाउँकार्यपालिका सदस्यज्यूहरु, प्रमखु प्रशासकीय अधिकृतज्यू, लगायत सम्पूर्ण कर्मचारीहरु सबैमा धन्यवाद ज्ञापन गर्दछु। साथै यो आवधिक विकास योजना निर्माणमा सहयोगी प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान,

कलबलगुरी झापा र प्राविधिक परामर्श दाता संस्था RIMC-Strength JV लगायत स्थानीय संघसंस्थाहरु र सम्पूर्ण गाउँपालिकावासीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

श्री मान बहादुर राई
अध्यक्ष
सिदिङ्वा गाउँपालिका, ताप्लेजुङ

# उपाध्यक्षको मन्तब्य



**"समृद्ध नेपाल, सुखी नेपाली"** नेपाल सरकारले लिएको बर्तमान सोचले नेपालको संविधानको सफल कार्यान्वयनका लागि सवै तहका सरकारहरुले आ-आफ्नो स्थानबाट योजनाहरुको समन्वयत्मक रुपमा प्रभावकारी ढंगले कार्यान्वयन गर्न जरुरी छ । संविधान पद्धत्त अधिकारबाट स्थानीय सरकारले आफ्ना पालिकाहरुलाई समृद्ध, समुन्नत र सुखी बनाउन दिर्घकालीन सोच र सोचले लिएको क्षेत्राधिकार भित्र रहेर नीतिगत तथा सहभागितामूलक योजनाहरु छनौट तथा तीनका इमान्दारीपूर्वक कार्यान्वयनले मात्र नेपाल सरकारले लिएको दिगो विकासका लक्ष्यहरु स्थानीय स्तरबाट हासिल गर्न सकिने कुरामा दुइमत नहोला ।

आवधिक योजना निर्माण र सफल कार्यान्वयन संविधानतः अधिकार क्षेत्र भित्र रहेको छ । विविधतायुक्त अवसर, सम्भावनाहरुको संगालो र उक्त अवसर र सम्भावनाहरुको सफल कार्यान्वयनमा हुन सक्ने चुनौति र कमजोरीहरुको यथार्थ विश्लेषणले पक्कै पनि भोलिको विकासका आयामहरुमा दुरगामी असर हुन्छ नै तर ती असर/प्रभावहरुको न्यूनिकरणका उपायहरुमा जनसहभागितात्मक रुपबाट स्वीकार्य भए आफै कमजोर हुनेछन् र सकरात्मक प्रभावहरुको बढोत्तरी हुनेछ । यही कुराहरुलाई मध्य नजर गरी यस सिदिङ्वा गाउँपालिकाले आफ्नो पहिलो पञ्चवर्षिय आवधिक योजना (२०८१/८२— २०८५/८६) तयार गरेको छ । यस पालिकाको गहनाको रुपमा रहेको **तिम्बुङ्पोखरीको धार्मिक, साँस्कृतिक तथा पर्यटकीय** महत्व र सम्भावनाका प्रशस्त क्षेत्रहरुको उजागर गर्नु आजको आवश्यकता हो । यस्ता धार्मिक, साँस्कृतिक पर्यटन स्थलहरुको संरक्षण, सम्बर्द्धनहरुले पर्यटकहरुको पदचाप बढ्छ नै यसले दिगो आर्थिक उपार्जनमा महत्वपूर्ण भूमिका समेत निभाउन मद्दत गर्छ ।

ताप्लेजुङ जिल्लाको अति विकट पालिकाहरुमध्ये यस सिदिङ्वा गाउँपालिकाको भोलिको सुन्दर भविष्य र समृद्धिहरु विना योजना अथवा जथाभावी योजनाहरु र सिमित श्रोत साधनबाट भएको कार्यान्वयनबाट निर्दिष्ट लक्ष्य तथा उद्देश्यहरु हासिल गर्ने परिकल्पना असम्भव छ । तसर्थ सेवाको प्राथमिकता र प्रभावकारितालाई गुणस्तरीय र चिरस्थायी बनाउन, सन्तुलित विकासको गतिलाई अघि बढाउन र विकासमा देखिएको विविध समस्याहरुको दिगो समाधानका लागि आवधिक योजना अपरिहार्य हो । तसर्थ सहभागितात्मक रुपमा तयार भएको यस पहिलो पञ्चबर्षिय आवधिक योजनाहरुले पक्कै पनि दिगो विकासका लक्ष्यहरुलाई सम्बोधन गर्छ नै हाम्रा साझा सपना पनि पुरा हुनेछ भन्ने विश्वास लिएकी छु ।

धन्यवाद ।

कृष्ण कुमारी कडरिया
उपाध्यक्ष
सिदिङ्वा गाउँपालिका

# प्रमुख प्रशासकीय अधिकृतको मन्तब्य



नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह मार्फत संघीय राज्यशक्तिको प्रयोग गर्ने व्यवस्था गरेको छ । यसै प्रकारले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ६ को दफा २४ मा स्थानीय तहले दीर्घकालीन, आवधिक, वार्षिक, मध्यकालिन र विषय क्षेत्रगत योजना बनाई लागू गर्नु पर्ने व्यवस्था रहेको छ । स्थानीय सरकार संचालन ऐन २०७४ लागू भएपछि स्थानीय तहहरूमा विकास निर्माण सम्बन्धी कार्यको उत्तरदायित्व र जिम्मेवारी वहन गर्नुपर्ने दायित्व सिर्जना भएको छ । देशको शासकीय अवस्थामा समय समयमा भएका परिवर्तन अनुरुप योजनाका सोच लक्ष्य, रणनीति तथा कार्यनीति तय गर्दै योजनाबद्ध विकासका पन्ध्रौ योजना लगभग सकिसकेको छ । नेपाल सरकारले तय गरेको दीर्घकालिन सोच **"समृद्ध नेपाल, सुखी नेपाली"** ले देशको अर्थतन्त्रलाई आत्मनिर्भर तथा दिगो एवं उन्नतिशील बनाउदै समुन्नत नेपालको परिकल्पना साकार पार्ने भनिएको छ । कृषि क्षेत्रमा निजी, सरकारी, सहकारी तथा विकास साझेदार मार्फत लगानी अभिवृद्धि गर्न २०८१ देखि २०९१ को दश वर्षलाई **कृषि लगानी दशक घोषणा** गरिएको छ ।

दिगो विकासको लक्ष्य २०३० को आधारमा रहि कुनै पनि ठाउँको दीर्यकालीन विकासका लक्ष्यहरूलाई निर्धारण गर्न सकिन्छ । यसका लक्ष्यहरू छन्: गरिबीविहीन, भोकमरी शून्य, सुस्वास्थ्य र समृद्धि, गुणस्तर शिक्षा, लैगिक समनता, स्वच्छ पानी र सरसफाइ, सुहाउँदिलो काम र आर्थिक वृद्धि, उद्योग, नयाँसोच र पूर्वाधार, असमनता घटाउनु, समुदायहरूको दिगो विकास, जबाफदेही उपभोग र उत्पादन, हावापानी परिवर्तन सम्बन्धी कार्य, दिगो विकासका निम्ति सागरहरू, समुद्रहरू र सामुद्रिक स्रोतहरूको संरक्षण दिगो उपयोग गर्नु, संरक्षण, पुनप्राप्ति र भूस्थलीय पर्यावरणको दिगो विकास गर्नु, दिगो विकासका लागि शान्ति र समावेशी समाजहरूको विकास गर्नु, सबैका लागि न्यायमा पहुँच उपलब्ध गराउनु, सबै तहमा प्रभावकारी, जबाफदेही, र समावेशी संस्थाहरू निर्माण गर्नु, लक्ष्यप्राप्तिका लागि विश्व साझेदारी विस्तार गरिनु आदि पर्दछन् ।

सिदिङ्वा गाउँपालिकाले आर्थिक वर्ष (०८१/८० – ०८५/८६) का लागि प्रथम पञ्चवर्षिय आवधिक योजना तर्जुमा गरेको छ । यस गाउँपालिकाको प्रथम आवधिक योजना भएकोले पनि यसमा लक्षित गरिएका विषयगत लक्ष्यहरु, उद्देश्य, रणनीति तथा कार्यनीतिहरु दुरगामी प्रभाव पार्ने खालका हुने हुँदा कार्यपालिकामा पर्याप्त छलफल तथा अन्तरक्रियाबाट निष्कर्ष निकालिएको छ । योजना छनौट गर्दा धेरै महत्वकांछी नभई, सकेसम्म यथार्थपरक, व्यवहारिक, लागु हुन सक्ने र अपेक्षित उपलब्धि हाँसिल हुन सक्ने गरी योजना तर्जुमा गरिएको छ । आर्थिक वर्ष (०८१/८० – ०८५/८६) का लागि तय गरिएको यस आवधिक योजनाले यस अवधिभित्र बन्ने वार्षिक कार्यक्रम पनि यही बमोजिम बन्दै जानेछन् र यसले लक्ष्य गरेको उपलब्धि हाँसिल हुनेछ भन्ने विश्वास लिएको छु ।

यो प्रथम पञ्चबर्षिय आवधिक योजना तर्जुमाका क्रममा अहोरात्र खटिइ सहयोग गर्नु हुने यस गाउँपालिकाका आदरणीय अध्यक्ष श्री मान बहादुर राईज्यू, उपाध्यक्ष श्री कृष्ण कुमारी कडरिया ज्यू, कार्यपालिका सदस्य ज्यूहरु, ७ वटै वडाका वडा अध्यक्ष ज्यूहरु, सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, स्थानीय बुद्धिजीविहरु, राजनैतिक दलका प्रतिनिधिज्यूहरु सिदिङ्वा गाउँपालिकाको **"समृद्ध सिदिङ्वाको आधारः तिम्बुङपोखरी सिदिङ्वाधाम र**

**पूर्वाधार"** भन्ने दीर्घकालीन सोच र उक्त सोच अनुसारका समष्टिगत लक्ष्य, योजना र नीति कार्यक्रमप्रति ऐक्यबद्धता प्रर्दशन गर्नु हुने सबै कार्यपालिका सदस्य ज्यूहरु, विषयगत समितिका सदस्य लगायत सम्पूर्ण कर्मचारी साथीहरुप्रति धन्यवाद दिन चाहन्छु । साथै यस योजना तयारको क्रममा आफ्ना गहन राय सुझाव सल्लाह दिनुहुने विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गर्नुभएका विज्ञ व्यक्तित्वहरु, प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान कलबलगुरी, झापा र आवधिक योजना तयारी प्राविधिक परामर्शदाता RIMC Strength JV, पुरानो बानेश्वर काठमांडौ लाई विशेष आभार प्रकट गर्न चाहन्छु ।

धन्यवाद ।

विकास वि.क
प्रमुख प्रशासकीय अधिकृत
सिदिङ्वा गाउँपालिका

# विषय सूची

**परिच्छेद १** ज्ञ

**परिचय** ज्ञ

१.१. पृष्ठभूमि ........ 1

१.१.१ नेपाल सरकारको योजनावद्ध विकास प्रयासमा सोहौं योजना ........ *2*

१.१.२. कोशी प्रदेशको दोस्रो आवधिक योजनाको अवधारणापत्र ........ *2*

१.२. आवधिक योजनाको उद्धेश्य ........ 3

बुँदागत रुपमा यस आवधिक योजना तर्जुमाको उद्धेश्य देहाएबमोजिम रहेका छन्,- ........ *3*

१.३ योजना तर्जुमा विधि तथा प्रक्रिया ........ 3

१.३.१ प्रारम्भिक योजना तर्जुमा कार्यशाला गोष्ठीः- ........ *4*

१.३.२ विकासको विद्यमान स्थिति तथा उपलब्धीको समीक्षाः- ........ *4*

१.३.३ आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठीः- ........ *4*

१.३.४ आवधिक योजना तर्जुमाका आधारः- ........ *4*

१.३.५ आवधिक योजनाको दस्तावेजको मस्यौदा तयारीः- ........ *5*

१.३.६ मस्यौदा प्रस्तुति, सुझाव सङ्कलन तथा अन्तिम स्वरूप प्रदानः- ........ *5*

१.३.७ सिमितताः- ........ *5*

१.४ अध्ययनको कार्यक्षेत्र ........ 6

१.४.१ गाउँपालिकाको स्थिति अद्यावधिक गरी आधार वर्ष तथ्यांङ्क तयार गर्ने ........ *7*

१.४.२ ऐन, कानून, नीति, नियम, योजना तथा कार्यक्रमको समीक्षा गर्ने ........ *7*

१.४.३ बिभिन्न समिति गठन ........ *7*

१.४.४ आवधिक विकास योजना तर्जुमा गर्ने ........ *8*

१.४.५ योजनाका लक्ष्य निर्धारण गर्दा राष्ट्रिय तथा प्रदेशका लक्ष्यलाई ध्यान दिने ........ *8*

१.४.६ योजनाको परिमार्जन र गुणस्तर कायम गर्ने ........ *9*

१.५ सन्दर्भ साहित्यहरुको अध्ययन तथा समिक्षा ........ 9

१.५.१ राष्ट्रिय स्तरमा शहरी योजनाको अभ्यास ........ *9*

**१.५.२ हालको योजना प्रवृत्ति** ........ *10*

१.५.३ आवधिक विकास योजना तर्जुमा प्रक्रिया ........ *11*

१.५.३.१ योजना तर्जुमा प्रक्रिया ........ *11*

१.५.३.२ तयारी चरणः ........ *12*

१.५.३.३ विश्लेषण चरणः ........ *13*

१.५.३.४ योजना तर्जुमा चरणः ........ *14*

१.५.३.५ मस्यौदा प्रस्तुति, सुझाव संकलन तथा आवधिक योजनाको अन्तिम प्रतिवेदन तयारी ........ *16*

**परिच्छेद २** ज्ञठ

**गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धीको समीक्षा** ज्ञठ

२.१. गाउँपालिकाको परिचय ..... 17
२.२ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना ..... 18
२.३ प्राकृतिक तथा साँस्कृतिक सम्पदा ..... 20
२.४ जनसाङ्ख्यिक अवस्था ..... 22
२.५ आर्थिक विकासको अवस्था ..... 24
२.५.१ कृषि तथा खाद्य सुरक्षाः- ..... *24*
२.५.२ पर्यटन तथा संस्कृतिः- ..... *25*
२.५.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्तिः- ..... *26*
२.५.४ आम्दानी, रोजगारी र वित्तीय सेवाः- ..... *27*
२.५.५ सहकारीः- ..... *28*
२.६ सामाजिक विकासको अवस्था ..... 28
२.६.१ स्वास्थ्य तथा पोषणः- ..... *29*
२.६.२ शैक्षिक विकासः- ..... *29*
२.६.३ खानेपानी तथा सरसफाईः- ..... *31*
२.६.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणः- ..... *32*
२.६.५ युवा, खेलकुद तथा कलाः- ..... *33*
२.७ पूर्वाधार तथा शहरी विकासको अवस्था ..... 34
२.७.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणः- ..... *34*
२.७.२ सडक, पुल तथा यातायातः- ..... *35*
२.७.३ विद्युत् तथा वैकल्पिक ऊर्जाः- ..... *37*
२.७.४ सूचना, सञ्चार तथा प्रविधिः- ..... *37*
२.८ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन ..... 38
२.८.१ वन तथा जैविक विविधताः- ..... *38*
२.८.२ भू-संरक्षण तथा जलाधार व्यवस्थापनः- ..... *39*
२.९ संस्थागत व्यवस्था तथा सुशासन ..... 40
२.९.१ सेवा प्रवाहः- ..... *40*
२.९.२ श्रोत परिचालनः- ..... *40*
**परिच्छेद-३ ..... द्वज्ञ**
**सोच तथा विकासको अवधारणा ..... द्वज्ञ**
३.१ पृष्ठभूमिः ..... 41
३.२ विद्यमान सम्भावना र अवसरहरुः- ..... 41
क) कृषिमा उन्नत प्रविधिको प्रयोगः- ..... *41*
ख) पर्यटनमार्फत विकासः- ..... *41*
ग) प्राकृतिक श्रोत तथा साधनः- ..... *42*

घ) घरेलु र साना उद्योगको विकासः-............................................................................................. 42
ङ) दक्ष जनशक्ति उत्पादन र परिचालनः- ........................................................................................ 42
च) संस्थागत क्षमता तथा सुशासन अभिवृद्धिः-................................................................................ 42
छ) रैथाने सीप र प्रविधिको विकास तथा विस्तारः- ........................................................................ 43
ज) पशुपालनः- ..................................................................................................................... 43
(झ) जडिबुटी खेति तथा व्यवसायीकरणः- ....................................................................................... 43
(ञ) सहकारी र वित्तीय क्षेत्र विकासः- ............................................................................................ 43
३.३ प्रमुख समस्या तथा चुनौतीः- ......................................................................................43
क) सिँचाईको अभावः-........................................................................................................... 43
ख) यातायातको अभावः- ....................................................................................................... 44
ग) शिक्षाको समस्याः-............................................................................................................. 44
घ) बेरोजगारीः-...................................................................................................................... 44
ङ) परम्परागत र जीवन निर्वाहमुखी कृषिः-.................................................................................... 44
च) कृषि बजारको अभावः- ....................................................................................................... 45
छ) स्वास्थ्य सेवा र औषधी उपचारको अभावः-............................................................................... 45
ज) सामाजिक समस्याः- ........................................................................................................... 45
झ) विकासको प्राथमिकता र श्रोत विनियोजन कुशलताको अभावः-........................................................ 45
ञ) संघ र प्रदेशको स्रोतमा अत्यधिक निर्भरताः- .............................................................................. 46
ट) अपर्याप्त सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारको विकासः-........................................................ 46
ठ) न्यून आन्तरिक रोजगारी सिर्जना र श्रम तथा प्रतिभा पलायनः-.......................................................... 46
ड) पुरातन तथा भाग्यवादी सोच र संस्कारः-.................................................................................. 46
ढ) कठीन भू-बनोट र छरिएर रहेका बस्तीहरुः- .............................................................................. 46
३.४ निर्देशक सिद्धान्त..........................................................................................................47
३.५ दीर्घकालीन सोच............................................................................................................47
३.६ लक्ष्य...........................................................................................................................48
३.६ उद्धेश्य.........................................................................................................................48
३.८ रणनीति .......................................................................................................................51
३.९ प्राथमिकताका क्षेत्रहरु ......................................................................................................51
३. १० लगानी, स्रोत अनुमान र बाँडफाँड ......................................................................................52
३.११ स्रोत साधनको बाँडफाँड तथा परिचालनका आधारहरु ..................................................................54
३.१२ स्थानीय गौरबको आयोजनाको विवरण .....................................................................................55
**परिच्छेद-४** ||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||**छट**
४.१ पृष्ठभूमिः .......................................................................................................................56
४.२ कृषि विकास....................................................................................................................56
४.३ पशुपन्छी विकासः- ............................................................................................................65

४.४ सिंचाई ........ 72
४.५ पर्यटनः ........ 76
४.६ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिः ........ 82
४.७ सहकारीः ........ 89
४.८ श्रम तथा रोजगारीः- ........ 94
**परिच्छेद ५** ........ ढड
५.१ शिक्षा ........ 98
५.१.१ पृष्ठभूमि ........ *98*
५.१.२ अवसर र सम्भावना ........ *98*
५.१.३ समस्या र चुनौती ........ *98*
५.१.४ लक्ष्य ........ *99*
५.१.५ उद्देश्य ........ *99*
५.१.६ रणनीति तथा कार्यनीति ........ *99*
५.१.७ विस्तृत कार्यक्रम ........ *102*
५.१.८ नतीजा खाका ........ *104*
५.२ स्वास्थ्य र पोषण ........ 108
५.३ खानेपानी तथा सरसफाई ........ 116
५.४ युवा तथा खेलकुद ........ 121
५.४.१ पृष्ठभूमि ........ *121*
५.४.२ अवसर सम्भावना ........ *121*
५.४.३ समस्या र चुनौती ........ *121*
५.४.४ लक्ष्य ........ *121*
५.४.५ उद्देश्य ........ *121*
५.४.६ रणनीति तथा कार्यनीति ........ *122*
५.४.७ विस्तृत कार्यक्रम ........ *124*
५.४.८ नतीजा खाका ........ *125*
५.५ लैङ्गिक समानता, महिला सशक्तीकरण तथा लक्षित वर्ग ........ 127
५.५.१ पृष्ठभूमि ........ *127*
५.६ भाषा, साहित्य, कला र संस्कृति ........ 135
**परिच्छेद -६** ........ ज्ञद्धज्ञ
**पूर्वाधार विकास** ........ ज्ञद्धज्ञ
६.१ जलस्रोत, विद्युत र वैकल्पिक ऊर्जा ........ 141
६.३ सञ्चार तथा सूचना प्रविधि पूर्वाधार ........ 153
६.४ भवन, आवास तथा बस्ती विकास ........ 157

**परिच्छेद ७** ज्ञटघ
७.१ वन तथा जैविक विविधता संरक्षण 163
७.२ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता 170
७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन 177
७.४ भू संरक्षण तथा जलाधार व्यवस्थापन 183
**परिच्छेद ८** ज्ञडड
**संस्थागत विकास र सुशासन** ज्ञडड
८.१ योजना तथा आयोजना व्यवस्थापन 188
८.२ ऐन, नियम, कार्यविधि, मापदण्ड कानून निर्माण 189
८.३ सेवा प्रवाह र सुशासन 189
८.४ स्रोत परिचालन र व्यवस्थापन 190
८.५ मानव संशाधन विकास 191
८.६ विषय क्षेत्रगत लक्ष्य 192
८.७ विषयक्षेत्रगत उद्देश्य 192
८.८ रणनीति तथा कार्यनीति 193
८.९ विस्तृत कार्यक्रम 195
**परिच्छेद-९** द्दण्ज्ञ
९.१ पृष्ठभूमि 201
९.२ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना 201
९.३ स्रोत अनुमान तथा प्रक्षेपण 202
९.४ स्रोत परिचालन रणनीति 202
९.५ योजना स्वीकृति तथा कार्यान्वयन 203
९.६ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता 203
९.७ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी 204
९.८ अनुगमन तथा मूल्याङ्कनका विधि तथा प्रक्रिया 204
९.९ योजनाको प्रगति प्रतिवेदन प्रणाली तथा ढाँचा 206
९.११ वडाबाट छनोट भएका योजनाहरु 207
योजना तर्जुमाका क्रममा लिइएका तस्बीरहरु 234


**पञ्चवर्षीय योजना तर्जुमा सम्बन्धी विधि र मान्यताः**

- योजना तर्जुमा प्रक्रियालाई अधिकतम सहभागितामूलक बनाइने।
- प्रस्तुत मस्यौदामा उल्लिखित योजनाका विषयवस्तु, क्षेत्रगत रणनीति तथा कार्यनीति, कार्यक्रम र उपलब्धीका सूचकहरू योजना तर्जुमाको क्रममा गरिने छलफल अन्तरक्रियामा प्राप्त वस्तुगत सुझाव तथा औचित्यका आधारमा परिवर्तनशील छन्।
- योजनाको दस्तावेज तयार गर्ने क्रममा तथ्याङ्क तथा विवरणहरूको प्रयोग गर्दा अधिकारिक निकायबाट भएको सबैभन्दा पछील्लो प्रकाशन तथा लिखित विवरणलाई आधार मानिने छ ।
- सिदिङ्वा गाउँपालिकाका विषयगत शाखा र वडा कार्यालयहरुले तयार गर्ने क्षेत्रगत रणनीति तथा वार्षिक कार्यक्रम योजना तर्जुमाको मुख्य आधार बिन्दुका रुपमा लिईएको छ।

**घोषणाः**

प्रस्तुत प्रथम पञ्चवर्षीय योजनाको मस्यौदा दस्तावेज तर्जुमा गर्ने क्रममा गाउँपालिकाको विकाससँग सरोकार राख्ने बिभिन्न निकायका प्रतिनिधि, विषयविज्ञ एवम् आम नागरिकसँग हुने छलफल अन्तरक्रिया र रायसुझाव सङ्कलन प्रयोजनका लागि तयार गरिएको हो। त्यस्ता छलफल अन्तरक्रियाबाट प्राप्त सुझावका आधारमा यो दस्तावेज परिमार्जन भईरहने भएबाट यसमा उल्लिखित कुनै पनि विवरण वा तथ्याङ्कलाई यसै योजना तर्जुमा सम्बन्धी प्रसङ्गमा बाहेक अन्य कुनै सन्दर्भमा उद्धरण गर्न मिल्ने छैन।

## सिदिङ्वा गाउँपालिका नक्सामा



# परिच्छेद १
# परिचय

## १.१. पृष्ठभूमि

स्थानीय तहको आवधिक योजना समयबद्ध रूपमा उद्देश्य हासिल गर्ने क्रियाकलापको समष्टिगत रूप हो। यसले स्थानीय तहको विकास प्रक्रियालाई स्पष्ट दिशानिर्देश गर्दछ। नेपालले २०१३ सालदेखि योजनाबद्ध विकासको दिशामा अगाडि बढेको हो। २०६२/२०६३ को राजनीतिक परिवर्तनपछी नेपालको संविधान जारी भए पश्चात् राज्यको पुनर्संरचना भएको छ। संघीयताको भावना, मर्म तथा राज्य सञ्चालनमा जनताको सहभागितालाई ध्यान दिंदै तीनै तहका सरकारले गर्ने कामको क्षेत्राधिकार नेपालको संविधानले निर्दिष्ट गरेको छ। देशमा तीनै तहका सरकारले आ-आफ्नो कार्य क्षेत्राधिकारभित्र रही शिक्षा, स्वास्थ्य, कृषि, व्यापार, प्रविधि, पूर्वाधार निर्माण लगायतका विकास निर्माणका बिभिन्न सूचकहरूमा अगाडि बढी रहेका छन्। सशक्त र समृद्ध राष्ट्र निर्माणका लागि बिभिन्न चरणहरूमा स्थानीय स्तरको स्रोतसाधनको पहिचान, योजना निर्माण, कार्यान्वयन, अनुगमन, सुपरीवेक्षण, मूल्याङ्कन तथा सहयोग र संरक्षण गर्ने जिम्मेवारी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहको रहेको छ। सिदिङ्वा गाउँपालिकाको विकासको विद्यमान अवस्था बारे गहन अध्ययन गरी समग्र विकासको लागि के कस्ता कार्यक्रम तथा कदमहरूको आवश्यकता पर्दछ भन्ने तथ्यलाई विश्लेषण गरी अल्पकालीन तथा दीर्घकालीन योजना निर्माण गर्न सहयोग गर्नको लागि गाउँपालिकाको समग्र पक्षको विकासका लागि स्पष्ट रणनीतिक योजना बनाई स्रोतको सुनिश्चतता, कार्ययोजनाको स्पष्टता र प्रतिफलको सफलताका लागि आवधिक विकास योजना निर्माण गरिएको छ।

नेपालको संविधान बमोजिम स्थानीय सरकारहरुले आफ्नो भूमिका सशक्त ढंगवाट निर्वाह गर्न तथा जवाफदेहीतालाई दिगो ढंगले बहन गर्नको लागि काम गर्ने तौरतरिका, शैली र चिन्तनमा परिवर्तित सन्दर्भ अनुसार परिवर्तन गर्नु आवश्यक छ। यसै पृष्ठभूमिमा सिदिङ्वा गाउँपालिकाले नेपालको संविधानले प्रदान गरेको अधिकार सूची, स्थानीय सरकार सञ्चालन ऐनले प्रदान गरेको काम, कर्तव्य र अधिकारलाई ध्यानमा राखी पूर्ण सहभागितामूलक तथा समावेशी तरिकाले प्रथम आवधिक विकास योजना निर्माण गरेको छ। हालैमात्र जारी भएको सोह्रौं र पन्ध्रौ योजनाले अवलम्बन गरेका लक्ष्य/उद्धेश्य/रणनीति, दिगो विकासका लक्ष्यहरु हासिल गर्ने, सुखी र समृद्ध नेपाल निर्माण गर्ने, सामाजिक न्याय स्थापित गरी समतामूलक समाज स्थापना गर्ने अभिभारा लिएको स्थानीय सरकारले आफ्नो कार्य सम्पादन स्तरमा सुधार गर्न आर्थिक, सामाजिक, नीतिगत, स्थानीय स्तरका आयोजना लगायतका विषय समेटेर स्थानीय तहको आवधिक योजना तर्जुमा गर्नु आवश्यक छ।

सिदिङ्वा गाउँपालिकाको आवधिक योजना तर्जुमाको आवश्यकता पहिचान, दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य तय गर्ने, योजना, कार्यक्रम र परियोजनाहरुको छनौट र प्राथमिकता निर्धारण, कार्यक्रम र आयोजनाको कार्यान्वयनका साथै स्थानीय मूल्य मान्यता र संस्कृतिको संरक्षण, श्रोतसाधनको व्यवस्थापन, कार्यान्वयन प्रकृयाको अनुगमन र मूल्याङ्कनमा स्थानीय जनताको सक्रीय सहभागिता रहेको छ। सिदिङ्वा गाउँपालिकाको प्रथम आवधिक योजना (२०८१/८२-२०८५/८६) गाउँपालिकाको विकासको रणनीतिक मार्गचित्रको रुपमा रहनेछ।

### १.१.१ नेपाल सरकारको योजनावद्ध विकास प्रयासमा सोह्रौं योजना

नेपाल सरकार योजनाबद्ध विकास प्रयासको क्रममा सोह्रौं योजना (आ.व. २०८१/०८२-२०८३/०८४) को तर्जुमा गरिसकेको छ। यस योजनाले "सुशासन, सामाजिक न्याय र समृद्धि" भन्ने सोच राखेको छ भने विकास प्रयासमा देखिएका संरचनात्मक अवरोधहरूको पहिचान, सम्बोधन र निराकरण गर्दै संरचनात्मक रूपान्तरणमार्फत सुशासन, सामाजिक न्याय र समृद्धि हासिल गर्ने, योजना कार्यान्वयन सम्बन्धमा सबै तह (सङ्घ, प्रदेश, स्थानीय) र पक्ष (सरकारी, निजी, सहकारी, गैर सरकारी, विकास साझेदार तथा अन्य) का सरोकारवाला निकाय बिचको अन्तरसम्बन्ध र कार्यात्मक क्षमतालाई मजबुत तुल्याउने, अध्ययन, अनुसन्धान तथा तथ्यमा आधारित नीति निर्माण एवम् विकासका कार्यक्रम कार्यान्वयन गर्ने राष्ट्रिय रणनीति तय गरेको छ।

### १.१.२. कोशी प्रदेशको दोस्रो आवधिक योजनाको अवधारणापत्र

१.१.२. कोशी प्रदेशको दोस्रो आवधिक योजनाको अवधारणापत्र

योजनावद्ध विकासका क्रममा कोशी प्रदेशले दोस्रो आवधिक योजनाको अवधारणापत्र तर्जुमा गरेको छ। यस योजनामा सुशासित, खुशी, आर्थिक रुपले गतिशील र समुन्नत प्रदेशको सोच राखिएको छ भने निम्न रणनीति तय गरिएको छः-

१. अर्थतन्त्रका संरचनात्मक अवरोध पहिचान गरी त्यसलाई सम्बोधन गर्दै संरचनाहरुको क्षमता वृद्धि गर्दै रूपान्तरणमार्फत उत्पादन तथा उत्पादकत्व अभिवृद्धि र रोजगारी सिर्जना गर्ने क्षेत्रमा सरकारी र नीजिक्षेत्रको लगानी परिचालन गरी उच्च, दिगो एवम् फराकिलो आर्थिक वृद्धि हासिल गर्ने।

२. सङ्घीय सरकार र स्थानीय तहकाबीच नतिजामूलक कार्यसम्बन्ध विकास गरी स्रोत परिचालन, योजना कार्यान्वयन तथा सेवा प्रवाह क्षमता विस्तार गरी प्रदेशको कार्यसम्पादन क्षमता अभिवृद्धि गर्ने।

३. प्रदेशको भौगोलिक विविधता र विशिष्टताबीच अन्तरसम्बन्ध कायम गर्दै भौगोलिक तथा पर्यावरणीय विशिष्टताबाट लाभ लिन सक्ने गरी सहभागितामूलक तथा हरित, उत्थानशील एवम् समावेशी विकासमा जोड दिने।

४. शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा जस्ता आधारभूत सेवाहरूको गुणस्तरमा सुधार, सन्तुलित, समावेशी तथा समन्यायिक वितरणमार्फत सामाजिक न्याय प्रत्याभूत गर्ने।

५. तथ्यमा आधारित नीति निर्माणमा जोड दिने, सेवा प्रवाहमा पारदर्शिता तथा विश्वसनियता कायम गरी सुशासन अभिवृद्धि गर्ने।

६. बजारको माग बमोजिम क्षमतावान श्रमशक्तिको विकास गर्ने।

७. उत्तर दक्षिण कोरिडोरको १ कि.मि. दायाँ बायाँको क्षेत्रलाई प्राङ्गारिक खेति र पर्यटनसँग जोडेर विशेष एकीकृत कार्यक्रममार्फत आर्थिक गतिविधि चलायमान गर्ने।

## १.२. आवधिक योजनाको उद्धेश्य

ताप्लेजुङ जिल्लाको सिदिङ्वा गाउँपालिकाको योजनावद्ध विकासको लागि संघ, प्रदेश, निजी क्षेत्र, गैरसरकारी क्षेत्र, सहकारी तथा घरपरिवार क्षेत्रलाई परिचालन गरी गाउँपालिकाको समृद्धि र गाउँपालिकावासीको सुख वृद्धिको मार्गचित्रले मात्र समग्र पालिकाको विकास सम्भव छ । यो योजना आर्थिक वर्ष २०८१/०८२-२०८५/०८६) सम्मको लागि तयार गरिएको छ। तसर्थ यस आवधिक योजनाको मुख्य उद्देश्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य विद्यमान नियमावलीमा उल्लेख भएबमोजिम सिदिङ्वा गाउँपालिकाको आवधिक विकास योजना तर्जुमा गर्नु रहेको छ। यस्तो आवधिक योजना राष्ट्रिय योजना आयोगको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ मा उल्लेखित ढाँचा बमोजिम, र योजना तर्जुमाक सर्बमान्य आधार तथा मापदण्ड वा गाउँपालिकाको सम्बन्धित अधिकारीले मौखिक वा लिखित निर्देशन दिए बमोजिम **सिदिङ्वा** गाउँपालिकाको दीर्घकालिन सोच उन्मुख रही एकीकृत, योजनाबद्ध र नतिजामूलक विकास प्रक्रियालाई मार्गदर्शन गर्नु यस आवधिक योजना तर्जुमाको मुख्य उद्देश्य तयार गर्नु यस आवधिक योजनाको प्रमुख उद्धेश्य हो।

बुँदागत रुपमा यस आवधिक योजना तर्जुमाको उद्धेश्य देहाएबमोजिम रहेका छन्,-

- सिदिङ्वा गाउँपालिकाको लगानी, कार्यक्रम तथा गतिविधिलाई योजनाबद्ध, नतिजामूलक, समावेशी र उत्थानशील विकासका लागि निर्देशित गर्नु,
- गाउँपालिकाको विकासमा कार्यमा संलग्न संघ, प्रदेश, निजी क्षेत्र, सहकारी क्षेत्र, गैरसरकारी, नागरिक समाज तथा सीमाना जोडिएका अन्य गाउँपालिका लगायत सम्पूर्ण रोकारवालाहरूका विकास प्रयासको लागि मार्गचित्र प्रदान गर्नु.
- गाउँपालिकाको बजेट, मध्यमकालीन खर्च संरचना, क्षेत्रगत योजनाहरु, वार्षिक विकास कार्यक्रम तथा वार्षिक विकास योजनाहरुलाई संयोजन गर्ने रणनीतिक दस्तावेज तर्जुमा गर्नु,
- नेपालको संविधानको मर्म बमोजिम संघ र प्रदेश सरकारको योजना, वार्षिक विकास कार्यक्रम, दिगो विकासको लक्ष्य, अतिकम विकसित मुलुकबाट स्तरोन्नति जस्ता विकास अभ्याससँग तादाम्यता कायम गर्दै स्थानीयकरण गर्नु,
- गाउँपालिकाको नतीजामूलक र तथ्यमा आधारित आवधिक योजनाको तर्जुमा गरी लागू गर्नु। सहभागितात्मक छलफलका आधारमा गाउँपालिकाको विकास योजनाको व्यवस्थित खाका तयार गर्ने।
- विषयगत गुरुयोजना तथा वार्षिक योजना तर्जुमा तथा कार्यान्वयनलाई मार्गदर्शन गर्ने।
- बहुक्षेत्रीय लगानी कार्यक्रम तयार गर्ने।

## १.३ योजना तर्जुमा विधि तथा प्रक्रिया

### १.३.१ प्रारम्भिक योजना तर्जुमा कार्यशाला गोष्ठीः-

यस पञ्चवर्षीय योजना तर्जुमाका क्रममा २०८१ बैशाख १४ गते स्थानीय सरोकारवालासँग एक दिवसीय अभिमुखीकरण तथा योजना तर्जुमा कार्यशाला गोष्ठी आयोजना गरिएको थियो। कार्यशालामा गाउँ गाउँपालिकाका अध्यक्ष श्री मान बहादुर राई, उपाध्यक्ष श्री कृष्ण कुमारी कडरिया, नि. प्रमुख प्रशासकीय अधिकृत श्री रुद्र प्रसाद वेघा, वडा अध्यक्ष, कार्यपालिका सदस्यहरू विषयगत शाखा प्रमुख, कर्मचारी तथा अन्य सरोकारवालाहरूको उपस्थिति रहेको थियो। उक्त कार्यशालामा आवधिक योजनाको सिद्धान्त, उद्धेश्य, तर्जुमा ढाँचा, प्रक्रिया, जिम्मेवारी, योजना तर्जुमाको कार्यान्वयन कार्ययोजना स्वीकृत गरेको थियो।

### १.३.२ विकासको विद्यमान स्थिति तथा उपलब्धीको समीक्षाः-

सिदिङ्वा गाउँपालिका साविकको कालिखोला, सादेवा, आंखोप, साव्लाखु, लिम्बुदिन, मेहेले, र सुरुमखिमगाउँ विकास समिति मिलाएर बनेको गाउँपालिका हो। यस क्रममा २०७४ को स्थानीय तह निर्वाचन पश्चात गाउँपालिकाले तयार गरेका वार्षिक विकास नीति, योजना तथा कार्यक्रमको उपलब्धीको विभिन्न प्रगति विवरणहरु उपलब्ध सूचना तथा पदाधिकारी र कर्मचारीसँग छलफलका आधारमा हासिल भएका उपलब्धीलाई संक्षिप्त रूपमा समीक्षा गरिएको थियो । समीक्षाका क्रममा हासिल भएका उपलब्धीलाई गुणात्मक तथा सम्भव भएसम्म परिमाणात्मक रूपमा प्रस्तुत समेत गरिएको छ । सिदिङ्वा गाउँपालिकामा विगतमा आवधिक योजना तर्जुमा नभएको हुनाले गाउँपालिका गठन पछिका प्रमुख उपलब्धीको समीक्षा समावेश गरिएको छ ।

### १.३.३ आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठीः-

सिदिङ्वा गाउँपालिकाका अध्यक्ष श्री मान बहादुर राई, उपाध्यक्ष श्री कृष्ण कुमारी कडरिया, प्रमुख प्रशासकीय अधिकृत श्री विकास वि.क., कार्यपालिका सदस्य, विषयगत शाखा प्रमुख, अन्य कर्मचारी तथा सरोकारवालाहरूको उपस्थितिमा मिति २०८१ ज्येष्ठ १७ र १८ गते गाउँपालिकाको कार्यालयमा योजना तर्जुमा कार्यशाला गोष्ठी सञ्चालन गरिएको थियो। उक्त कार्यशालामा गाउँपालिकाका कर्मचारीको शाखागत तथा जनप्रतिनिधिको विषयगत जिम्मेवारीका आधारमा आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत विकास/ सुशासन/सेवा प्रवाह गरी पाँच विषयगत क्षेत्रमा वर्गीकरण गरी विषयगत क्षेत्रको योजना तर्जुमा गर्न वस्तुस्थिति विश्लेषण गर्ने, विषय क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तय गर्ने, नतिजा खाका तय गर्ने तथा कार्यक्रम बजेट तयार गर्ने कार्य गरिएको थियो।

### १.३.४ आवधिक योजना तर्जुमाका आधारः-

सिदिङ्वा गाउँपालिकाको पञ्चवर्षीय योजना तर्जुमाका क्रममा निम्न बमोजिमका मार्गदर्शक कानूनी तथा संस्थागत व्यवस्थालाई प्रमुख आधारका रुपमा लिइएको थियो,-

- नेपालको संविधानमा उल्लिखित स्थानीय सरकारको कार्यपालिकीय तथा व्वस्थापिकीय अधिकार, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति, स्थानीय तहको एकल र साझा अधिकार सूची,

- स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन,२०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र नियमावली २०७७, सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वय र अन्तरसम्बन्ध सम्बन्धी ऐन २०७७, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ लगायतका कानूनी व्यवस्था,
- राष्ट्रिय दीर्घकालीन सोच, पन्ध्रौं योजना, प्रदेश आवधिक योजनाको सोच/लक्ष्य/उद्धेश्य रणनीति, विकासशील देशमा स्तरोन्नतिको रणनीति, दिगो विकास लक्ष्यको अवस्था र मार्गचित्रः २०१६—२०३०,
- राष्ट्रिय अभियान तथा अन्य अन्तर सम्बन्धित विषयहरू,
- समपूरक तथा विशेष अनुदान र सहलगानी सम्बन्धी कार्यविधि,
- स्थानीय सरकारमा सहभागी राजनीतिक दलहरूको घोषणापत्र।

### १.३.५ आवधिक योजनाको दस्तावेजको मस्यौदा तयारीः-

तथ्याँक संकलन, वस्तुस्थिति विवरण र अन्य स्रोतबाट प्राप्त आधार सूचना, योजना तर्जुमा कार्यशाला गोष्ठीको नतिजा, विषयक्षेत्र योजना तर्जुमा समितिको छलफल र परामर्शबाट प्राप्त निष्कर्षलाई समेटेर आवधिक योजना दस्तावेजको मस्यौदा तयार गरिएको छ। दस्तावेज तयारीको क्रममा सन्दर्भ सामग्रीको रूपमा राष्ट्रिय तथा प्रदेश आवधिक र वार्षिक योजना, योजनाविद् विषयविज्ञ तथा सरोकारवालाको सुझावलाई लिइएको छ। यस दस्तावेजलाई आवधिक योजनाको परिचय, गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धीको समीक्षा, सोच तथा विकासको अवधारणा, आर्थिक क्षेत्र, सामाजिक क्षेत्र, पूर्वाधार क्षेत्र, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र, संस्थागत विकास तथा सुशासन क्षेत्र र कार्यान्वयन व्यवस्था जस्ता परिच्छेदमा विभाजन गरिएको छ।

### १.३.६ मस्यौदा प्रस्तुति, सुझाव सङ्कलन तथा अन्तिम स्वरूप प्रदानः-

यस आवधिक योजनाको मस्यौदा दस्तावेजलाई मिति २०८१ ज्येष्ठ ३२ गते सरोकारवालामाझ छलफलका लागि प्रस्तुत गरी सुझाव सङ्कलन गरिएको थियो। सो छलफलमा गाउँपालिकाका अध्यक्ष श्री मान बहादुर राई, उपाध्यक्ष श्री कृष्ण कुमारी कडरिया, प्रमुख प्रशासकीय अधिकृत श्री विकास वि.क., कार्यपालिका तथा विषयगत समितिका पदाधिकारी, कार्यपालिका कार्यालय तथा विषयगत शाखा प्रमुख, कर्मचारी, राजनीतिक दल र सरोकारवालाहरुको उपस्थिति रहेको थियो। योजनाका सम्बन्धमा विषय विज्ञ, जिल्ला समन्वय समिति र प्रदेश सरकार तथा स्थानीय तहमा रहेका सङ्घीय इकाइहरूको सुझावको लागि पठाइएको थियो। सरोकारवालाबाट प्राप्त उपयुक्त सुझाव तथा पृष्ठपोषणलाई समेत संलग्न राखेर आवधिक योजनाको मस्यौदालाई परिमार्जन गरी दस्तावेजलाई अन्तिम रूप प्रदान गरिएको छ। आवधिक योजनालाई अन्तिम रूप प्रदान गर्नुअघि राष्ट्रिय तथा प्रादेशिक लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकतासँग तादात्म्यता भए नभएको सम्बन्धमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगमा समेत पठाइएको थियो।

### १.३.७ सिमितताः-

सिदिङ्वा गाउँपालिकाको नेतृत्व र गाउँपालिका विकासका सरोकारवालाको सहभागितामा परामर्श तथा सहभागितामुलक छलफल विधिद्धारा तर्जुमा गरिएको यो आवधिक योजना पहिलो आवधिक योजना हो। यो योजना विगतमा स्थानीय तहवाट गरिएको अभ्यास र स्थानीय सरकार सञ्चालन ऐन २०७४, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको स्थानीय तहको योजना तर्जुमान दिग्दर्शनमा आधारित रहेर तयार गरिएको छ। यस आवधिक योजनाको सिमितता देहाएबमोजिम रहेको छ,-

- **प्रतिनिधिमुलक सहभागिताः**- योजनाले आम जनताको माग र अपेक्षाको सम्बोधन गर्नुपर्ने हुन्छ। त्यसको लागि ती मानिसको उपस्थितिमा समस्या र आवश्यकता उजागर गर्नु जरुरी हुन्छ। यस आवधिक योजना तर्जुमाका क्रममा लोकतान्त्रिक चरित्र अनुरुप प्रतिनिधिमुलक सहभागिता मात्र गर्न सम्भव भएको छ।

- **स्रोत साधनको अनुमान र प्रक्षेपणः**- यस आवधिक योजना तर्जुमा तथा कार्यान्वयनको क्रममा आवश्यक पर्ने स्रोतसाधनका लागि गाउँपालिका मुख्य रुपमा संघ र प्रदेश सरकारसँग आश्रित हुनुपरेको छ। संघ र प्रदेशबाट प्राप्त हुने स्रोत ती निकायले प्राप्त गर्ने राजस्वको स्वरुप र आकारमा निर्भर हुने भएकोले भविष्यमा उत्पन्न हुने देशको आर्थिक-सामाजिक तथा राजनितिक परिस्थितिले यस आवधिक योजनाका लक्ष्यलाई प्रभावित पार्न सक्छ।

- **भविष्यमा हुने परिवर्तनको अनिश्चितताः**- यो आवधिक योजना आगामी पाँच वर्षका लागि तयार गरिएको छ। आजको विश्वमा प्रविधि, आर्थिक-सामाजिक, वातावरणीय, राजनीतिक विषयको गतिशीलतालाई नकार्न सकिन्न। यसको कार्यान्वयन अवधिमा विश्वव्यापीकरण, सूचना प्रविधि, आर्थिक-सामाजिक, वातावरणीय, राजनीतिक परिवर्तनका कारण तोकिएको गुणात्मक र परिमाणात्मक लक्ष्यमा परिवर्तन हुन सक्छ। साथै लगानी तथा कृयाकलाप समेत परिवर्तन हुन सक्छन्।

- **निजी क्षेत्रको लगानी र सहभागिताः**- यस आवधिक योजना कार्यान्वयनका क्रममा विकासको इन्जिनका रुपमा स्वीकार गरिएको निजी क्षेत्रको लगानी अपेक्षा गरिएको भएतापनि गाउँपालिका क्षेत्रको निजी क्षेत्र मुख्यतयाः अनौपचारिक रहेको छ। साथै निजी क्षेत्र र गाउँपलिकाबीच समन्वय कायम गर्न नसकिएकोले लगानीको अभाव हुनसक्ने देखिन्छ।

- **गाउँपालिकाको आन्तरिक स्रोतः**- सिदिङ्वा गाउँपालिकालाई नेपालको संविधान र संघीय कानून बमोजिम प्राप्त राजस्व अधिकार प्रयोग गरी हासिल गरेको स्रोत सिमित रहेको हुँदा बाह्य स्रोतमा परनिर्भरता रहेको छ।

- तीन तहको सार्वजनिक क्षेत्र, निजी क्षेत्र, सहकारी, गैरसरकारी, नागरिक समाज जस्ता विकासका पात्रहरुबीच विश्वासको संकट रहन सक्छ। यिनीहरुबीच समुच्च समन्वय तथा सहयोग कायम गर्न कठिन हुन सक्छ।

## १.४ अध्ययनको कार्यक्षेत्र

यस आवधिक विकास योजना तयार गर्दा विभिन्न कार्यहरु समावेश रहेका छन्। आवधिक विकास योजना तयार गर्दा गरिने विस्तृत कार्यक्षेत्रहरु तल व्याख्या गरिएको छ।

### १.४.१ गाउँपालिकाको स्थिति अद्यावधिक गरी आधार वर्ष तथ्यांङ्क तयार गर्ने

- सिदिङ्वा गाउँपालिका तथा यस गाउँपालिकासँग सम्बन्धित प्रदेश तथा नेपाल सरकार संग रहेका सूचना संकलन गरी स्थानीय तहको स्थितिपत्र अद्यावधिक गर्ने।
- गाउँपालिकाको आवधिक विकास योजना, दिगो विकास योजना र त्रिवर्षीय मध्यमकालिन खर्च संरचना तयार गर्न चाहिने आधार वर्ष तथ्याङ्क अद्यावधिक गर्ने।

### १.४.२ ऐन, कानून, नीति, नियम, योजना तथा कार्यक्रमको समीक्षा गर्ने

- राष्ट्रिय तथा प्रदेश तहका कानून, नीति नियम, योजना र कार्यक्रमको समीक्षा गर्ने।
- सम्बन्धित स्थानीय तहका कानून, नीतिनियम र अभिलेखको समीक्षा गर्ने।
- आवधिक विकास योजना तयार गर्दा प्रयोग हुने ऐन कानून, नीति नियम, योजना र कार्यक्रम बारेका सूचना तयार गर्ने।
- राष्ट्रिय योजना आयोगबाट तर्जुमा गरिएको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ तथा प्रदेशबाट तर्जुमा गरिएको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनसँग तादम्यता हुने गरी आवधिक योजना तर्जुमा गर्ने।

### १.४.३ बिभिन्न समिति गठन

**क) निर्देशक समितिः** गाउँपालिकाको प्रथम आवधिक योजना तर्जुमाको समग्र दिशानिर्देश र समन्वय गर्नको लागि देहाय बमोजिमको एक निर्देशक समिति गठन गरिनेछ जसको कार्यक्षेत्र निर्देशिकाले तोकेबमोजिम हुनेछः

| | |
|---|---|
| • अध्यक्ष वा प्रमुख | संयोजक |
| • उपाध्यक्ष वा उपप्रमुख | उप—संयोजक |
| • विषयगत समितिका संयोजकहरू | सदस्य |
| • कार्यपालिकाका सबै सदस्यहरु | सदस्य |
| • विषयगत महाशाखा÷शाखा प्रमुखहरू | सदस्य |
| • संयोजकले तोकेको नीजि क्षेत्र वा गैसस वा स्थानीय विषय विज्ञ | सदस्य |
| • प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

**ख) विषयगत समितिहरु गठन र समितिका सदस्यलाई योजना तर्जुमा सम्बन्धी अभिमुखिकरणः**

आवधिक योजना तर्जुमा कार्यलाई ब्यबस्थित, बस्तुनिष्ठ, आबश्यकता तथा प्राथमिकतामा आधारित र कार्यान्वयनयोग्य तुल्याउनको लागि आवधिक योजना तर्जुमा कार्यमा सहजीकरण, समन्वय तथा मार्गनिर्देशन गर्न राष्ट्रिय योजना आयोगवाट प्रकाशित **स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८** मा भएको ब्यबस्था अनुसार

देहाय बमोजिमको बिषयगत समिति संयोजक तथा विषयगत समितिका सदस्य र कर्मचारीलाई आवधिक विकास योजना तर्जुमा सम्बन्धमा अभिमुखिकरण गर्न सहजिकरण गरिनेछ :

- आर्थिक विकास समिति (भुमि व्यवस्था, कृषि, पशुपंक्षी, उद्योग तथा वाणिज्य, सिंचाइ, पर्यटन, सहकारी, गरिबी निवारण, वित्तीय क्षेत्र आदी)।
- समाजिक विकास समिति (युवा, खेलकुद, शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, कला,साहित्य तथा संस्कृति, लैंगिक समानता तथा सामाजिक समावेशीकरण आदी)।
- पूर्वाधार विकास समिति (सडक तथा यातायात ब्यबस्था, भवन तथा सहरी विकास, ऊर्जा, लघु तथा साना जलविद्युत, वैकल्पिक ऊर्जा, संचार तथा प्रबिधि आदी)।
- वातावरण तथा विपद व्यवस्थापन समिति (वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जल उत्तपन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन आदी)।
- संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन समितिः  मानव संसाधन विकास, संस्थागत क्षमता विकास, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधीको प्रयोग, लेखाङ्कन, राजस्व परिचालन, वित्तीय अनुशासन, आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखापरीक्षण तथा बेरुजु फछ्र्यौट आदी।

विषयगत समितिको संरचना र कार्यजिम्मेवारी स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ मा भए बमोजिम हुनेछ | नेपाल सरकार तथा प्रदेश सरकारका सम्बन्धित क्षेत्रका कार्यालय तथा निकाय, स्थानीय स्रोत व्यक्ति, विषय विज्ञ, नीजि क्षेत्र, गैर सरकारी संस्था तथा स्थानीय सङ्घ÷संस्था, सञ्जाल र लक्षित वर्गका प्रतिनिधिहरूलाई आमन्त्रित सदस्यको रुपमा विषयगत समितिमा आमन्त्रण गर्न सकिनेछ ।

### १.४.४ आवधिक विकास योजना तर्जुमा गर्ने

आवधिक विकास योजना तर्जुमाको लागि विभिन्न तह र चरणमा कार्यशाला र छलफल आयोजना गर्ने। राष्ट्रिय योजना आयोगले तर्जुमा गरेको योजना तर्जुमा सम्बन्धी मार्गदर्शन र प्रदेश नीति तथा योजना आयोगले प्रकाशन गरेको स्थानीय तहमा योजना तर्जुमा दिग्दर्शन अनुसार सम्बन्धित स्थानीय तह, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, प्रदेश नीति तथा योजना आयोग, र अन्य सरोकारवालासँग समन्वयमा सहभागिगतामुलक पद्धति अनुसार आवधिक विकास योजनाको मस्यौदा तयार गर्ने। बिषय क्षेत्रगत आवधिक विकास योजना तयार गर्दा राष्ट्रिय योजना आयोगवाट उपलब्ध ढाँचा (स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८) बमोजिम तयार गर्ने। जसअनुसार क्षेत्रको/उपक्षेत्रको नाम, (१) पृष्ठभुमि (२) प्रमुख समस्या (३) चुनौती र अवसर (४) लक्ष्य र उद्धेश्य  (५) रणनीति र कार्यनीति (६) कार्यक्रमका प्राथमिकता (७) कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण (८) बिषय उपक्षेत्रगत नतिजा खाका तयार गर्नु पर्नेछ।

### १.४.५ योजनाका लक्ष्य निर्धारण गर्दा राष्ट्रिय तथा प्रदेशका लक्ष्यलाई ध्यान दिने

- दिगो विकासका लक्ष्यहरू हासिल गर्दै वि स २०८७ सम्म नेपाललाई मध्यम आय भएको मुलुकको रूपमा स्तरोन्नति गर्ने विषय।

- ❖ वि स २१०० सम्म नेपाललाई उच्च आय भएको मुलुकका रुपान्तरण गरी समृद्ध नेपाल र सुखी नेपालीको दूरदृष्टी (Vision 2100) कार्यान्वयन गर्ने विषय।
- ❖ नेपाल सरकारले अंगिकार गरेका राष्ट्रिय नीति कार्यान्वयन गर्ने विषय।
- ❖ सोह्रौं योजना कार्यान्वयन गर्न स्थानीय तहले संघलाई सघाउनु पर्ने विषय।
- ❖ प्रदेशको दोश्रो आवधिक विकास योजना कार्यान्वयन गर्न स्थानीय तहले प्रदेशलाई सघाउनु पर्ने विषय।
- ❖ तीनै तहको साझा अधिकार क्षेत्रमा प्रदेश र स्थानीयतहले संघलाइ सघाउनु पर्ने विषय।
- ❖ स्थानीय तहका लक्ष्य निर्धारण गर्दा अनुसूची २ मा उल्लेख भएका, संघले १६ औ योजनामा र प्रदेशको दोश्रो पञ्चवर्षिय योजनामा उल्लेख भएका सूचकसंग तालमेल मिल्नेगरी निर्धारण गर्नु पर्दछ।
- ❖ कार्यक्रम छनौट गर्दा दिगो विकास लक्ष्य प्राप्त गर्न सघाउने अनुसूची ३ वमोजिमका कार्यक्रमलाई प्राथमिकता दिने विषय।

### १.४.६ योजनाको परिमार्जन र गुणस्तर कायम गर्ने

- ❖ मस्यौदालाई विभिन्न सरोकरवालाहरुसँग छलफल गराई परिमार्जन गर्ने।
- ❖ स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ बमोजिम नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा रहेको समितिवाट आवधिक विकास योजनाको मस्यौदामा छलफल गरी सुझाब तथा पृष्ठपोषण प्राप्त गरी परिमार्जन गर्ने।
- ❖ समितिको निर्देशन एवम पृष्ठपोषण अनुसार योजनाको मस्यौदालाई अन्तिम रुप दिने।

## १.५ सन्दर्भ साहित्यहरुको अध्ययन तथा समिक्षा

यो आवधिक निर्माण क्रममा निम्न बमोजिमक सन्दर्भ साहित्यहरुको अध्ययन तथा समिक्षा गरियाको थियो

### १.५.१ राष्ट्रिय स्तरमा शहरी योजनाको अभ्यास

नेपालले सन् १९४४ देखि बस्ती विकासको प्रयास गरेको थियो जस अन्तर्गत हनुमान गाउँका बाढी पीडित जनतालाई पुनर्वास गर्न योजनाबद्ध रुपमा राजविराजलाई विकास गरियो। सन् १९५६ मा पहिलो राष्ट्रिय आवधिक योजना (आर्थिक विकास योजना) निर्माण गरि आवधिक रुपमा लागू गरियो भने हाल त्यसको निरन्तरता स्वरुप १५ औं योजना अन्तिम कार्यान्वयनमा रहेको अवस्था छ भने १६ औं योजनाको अन्तिम दस्तावेज प्रकाशन भईसकेको छ। १९६० को दशक देखि नै पहाडी तथा हिमाली क्षेत्रका धेरै मानिसहरू (विशेषगरी प्राकृतिक प्रकोपबाट विस्थापित, राष्ट्रिय निकुञ्ज क्षेत्रबाट विस्थापित आदि) तराईका मैदानहरुमा पुनस्थापित गरियो। सन् १९६९ मा बनेको काठमाडौं उपत्यकाको भौतिक विकास योजना शहरी योजनाको क्षेत्रमा एक कोषेढुङ्गा थियो। ७० को दशकमा क्षेत्रीय विकास अवधारणा ल्याइयो र नेपाललाई सुरुमा चार विकास क्षेत्रहरुमा विभाजित गरियो जुन पछि गएर पाँच विकास क्षेत्रका रुपमा रहे र यो अवधारणा केहि हदसम्म कार्यान्वयन पनि गरियो। ८० को दशकको अन्त्य तिर आइपुग्दा प्रमुख शहरी क्षेत्रहरुको संरचनात्मक योजनाहरु निर्माण गरियो भने ९० को दशकमा पुग्दा गाउँपालिकाहरुमा एकीकृत कार्ययोजना निकै नै लोकप्रिय भए। यस किसिमको योजना निर्माण

क्रम स्थानीय स्वायत्त शासन ऐन लागू नभएसम्म जारी रहे भने १९९९ मा स्थानीय स्वायत्त शासन ऐन लागू भए पश्चात् स्थानीय निकायहरुले आवधिक योजना निर्माण गर्न शुरुवात गरे।

### १.५.२ हालको योजना प्रवृत्ति

नेपालमा विगतमा विभिन्न योजनाका पद्धतिहरुको प्रयोग गरियो। विशेष गरी समस्याहरुको समाधान गर्न विभिन्न परियोजनाहरुको प्याकेज निर्माण गरियो जसलाई मूलभूत रुपमा समस्या सम्बद्ध योजना भनिदै आएको छ। नेपालमा विभिन्न चरणमा विगतका दशकहरुमा निम्न योजनाहरु निर्माण भएका छन् जस्तैः गुरुयोजना, रणनीतिक योजना, एकीकृत कार्ययोजना, भौतिक विकास योजना, आवधिक योजना, भू–उपयोग योजना तथा भवन निर्माण मापदण्ड आदि ।

यस मध्ये आवधिक योजना धेरै गाउँपालिका तथा जिल्लाहरुले निर्माण गरी लागू पनि गरे। साथै गाउँ तथा जिल्ला स्तरमा यातायात गुरुयोजनाहरु बनिरहेका छन्। यी सबै योजनाको एक मात्र उद्देश्य भनेको शहरी विकास तथा क्षेत्रीय विकासमा सन्तुलन कायम गर्नु हो। नेपालमा भएका योजनाक्रमहरुलाई क्रमबद्ध रुपमा तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका **नं १.१** : नेपालमा शहरी योजनाका विकासक्रमहरु

| समयक्रम | नेपालमा शहरी योजनाका विकासक्रमहरु |
|---|---|
| १९३८ | राजविराजमा पहिलो योजनाबद्ध प्रशासनिक शहरको निर्माण |
| १९५६ | राष्ट्रिय स्तरमा आवधिका योजनाको आरम्भ (पञ्चवर्षीय योजना) |
| १९६२ | काठमाण्डौं सौन्दर्यिकरण कार्यक्रमः बेलायती महारानीको काठमाण्डौं भ्रमणको बेला संयुक्त राष्ट्रसंघको प्राविधिक सहयोगमा काठमाण्डौंको सुन्दरता वृद्धि गर्नका लागि तयार पारिएको योजना |
| १९६३ | गाउँ विकास समिति ऐन, १९६३ |
| १९६५ | तेस्रो राष्ट्रिय योजना (१९६५–७०) जसले नेपाललाई तीन जलाधार क्षेत्र (कोशी, गण्डकी र कर्णाली) मा विभाजन गर्यो |
| १९६९ | काठमाण्डौं उपत्यकाको भौतिक विकास योजना (संयुक्त राष्ट्रसंघको प्राविधिक सहयोग र कार्ल पुर्साको नेतृत्वमा) |
| १९७३ | १९६३ मा बनेको काठमाण्डौं उपत्यकाको भौतिक विकास योजनाको राष्ट्रिय विज्ञहरुद्वारा पुनरावलोकन साथै भू–उपयोग योजनाको निर्माण |
| १९७५ | काठमाण्डौं उपत्यकामा चक्रपथको पूर्वअध्ययन तथा योजना बिना नै निर्माण |
| १९७४– १९८४ | जर्मन सरकारको सहयोगमा भक्तपुर विकास योजना सफलतापूर्वक सम्पन्न, भक्तपुर विकास योजनाको मुख्य लक्ष्य सम्पदा संरक्षण तथा आर्थिक उपार्जन थियो |
| १९७६ | रष्ट्रिय प्राविधिकहरुद्वारा काठमाण्डौं उपत्यकाको वृहत योजना (काठमाण्डौं उपत्यकाको भौतिक विकास योजना) को पुनरावलोकन साथै न्यूनतम जोनिङ मापदण्ड प्रस्ताव |

| समयक्रम | नेपालमा शहरी योजनाका विकासक्रमहरु |
|---|---|
| १९८७ – १९८८ | GIZR MSUD को सहयोगमा काठमाण्डांै उपत्यका सहित मुख्य शहरहरुको २० वर्षे संरचनात्मक योजना (Structure Plan) को निर्माण थालनी |
| १९९० | एकीकृत कार्ययोजना (IAP) निर्माणको आरम्भ |
| १९९१ | काठमाण्डौं उपत्यका शहरीविकास योजना तथा कार्यक्रमहरु Hal crow Fox/DHUD/ADB |
| १९९३ | JICA को सहयोगमा काठमाण्डौं उपत्यका शहरी सडक निर्माणको अध्ययन |
| १९९९ | काठमाण्डौं उपत्यकाको नक्साङ्कन कार्यक्रम |
| २००२ | नेपाल सरकारको स्वीकृतमा काठमाण्डौं उपत्यका विकासको दीर्घकालीन सोंचको निर्माण, भिजन २०२० |
| २००५ देखि अहिले सम्म | गाउँपालिकाहरुको आवधिक योजनाको अभ्यास |
| २०१२ देखि | जिल्ला तथा गाउँपालिकाहरुको यातायात गुरुयोजना निर्माण आरम्भ |
| २०१५ देखि | प्रस्तावित नयाँ शहरहरुको एकीकृत विकास योजनाको निर्माण आरम्भ |

### १.५.३ आवधिक विकास योजना तर्जुमा प्रक्रिया

आवधिक योजना निर्माण क्रममा कार्यक्रमहरु सहभागितामूलक रूपमा सञ्चालन गरिएको थियो र प्रतिवेदनका लागी आवश्यक जानकारी सिदिङ्वा गाउँपालिकामा छलफल र सन्दर्भ सामग्रीहरूद्वारा सङ्कलन गरिएको थियो । उल्लिखित कार्यका लागी सम्बन्धित विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययन, तथ्याङ्क तथा सूचना संकलनका लागी आवश्यक फारामहरूको विकास, तथ्याङ्क संकलन तथा विश्लेषण, सहभागिता मूलक छलफल, कार्यशाला गोष्ठी तथा प्रस्तुतीकरण जस्ता विधिहरू प्रयोग गरिएको थियो । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

#### १.५.३.१ योजना तर्जुमा प्रक्रिया

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ को व्यवस्था तथा स्थानीय अनुकूलता र विगतका अनुभवलाई आत्मसात गर्दै प्राविधिक सहयोग टोलीको सहयोग परिचालन गरी सहभागितामूलक विधि तथा प्रक्रिया बमोजिम प्रथम आवधिक योजना तर्जुमा गरियो। गाउँपालिकाको आवधिक योजना तर्जुमा निर्देशक समिति, विषय क्षेत्रगत समिति, संयोजन तथा सहजीकरण समिति, निर्वाचित पदाधिकारी, प्रशासनिक तथा विषयगत क्षेत्रका कर्मचारी र सरोकारवाला पक्षसँग छलफल र परामर्श गरियो । गाँउपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक, वन, वातावरण, संस्थागत एवं वित्तीय विषयगत क्षेत्र विकासका लागि दीर्घकालीन सोचका साथै लक्ष्य र उद्देश्यहरू प्राप्त गर्न मध्यकालीन अवधिका लागि सरोकारवाला सबैको प्रतिनिधित्वबाट समावेशी र सहभागितामूलक प्रक्रिया अवलम्बन गरी आवधिक विकास योजना तयार गरियो । तथ्याङ्क र सूचना संकलनका लागि वडा समिति तथा कार्यालयहरूलाई परिचालन गरी प्रारम्भिक तथ्याङ्क एवं केन्द्रीय तथ्याङ्क विभाग, मानव विकास प्रतिवेदन र अन्य तथ्याङ्क र सूचना संकलन गरी विश्लेषण गरिएको छ। आवधिक योजनाको दूरदृष्टि, मध्यकालीन समष्टिगत लक्ष्य र प्रमुख उद्देश्यहरू तथा रणनीति र कार्यक्रम क्षेत्रमा सरोकारवाला संलग्न कार्यशालाबाट निर्धारण भएको छ।

स्थानीय योजना तर्जुमा सम्बन्धी दिग्दर्शन २०७८ अनुसार आवधिक योजना तर्जुका विधि तथा प्रक्रिया देहायअनुसार रहेको थियो ।

तालिका नं १.१: आवधिक योजना तर्जुका विधि तथा प्रक्रिया

| चरण | गर्नुपर्ने कार्यहरू | प्रमुख जिम्मेवारी |
|---|---|---|
| तयारी चरण | अभिमुखीकरण तथा तयारी कार्यशाला | कार्यपालिका, निर्देशक समिति र विषयगत समिति |
| | विकासको विद्यमान स्थिति तथा उपलब्धिको समीक्षा | कार्यपालिका, विषयगत समिति, महाशाखा/शाखा |
| विश्लेषण चरण | तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण | निर्देशक समिति, विषयगत समिति, महाशाखा/शाखा |
| | आधार नक्शा (Basemap) तयारी | विषयगत महाशाखा/शाखा |
| | वस्तुस्थिति विश्लेषण | विषयगत समिति, महाशाखा/शाखा |
| | वस्तुस्थिति विवरण तयारी तथा अद्यावधीकरण | विषयगत महाशाखा/शाखा |
| योजना तर्जुमा चरण | सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता निर्धारण | कार्यपालिका, निर्देशक समिति र विषयगत समिति |
| | परिमाणात्मक लक्ष्य निर्धारण | कार्यपालिका, निर्देशक समिति र विषयगत समिति |
| | स्रोत अनुमान, प्रक्षेपण तथाक्षेत्रगत बाँडफाँट | निर्देशक समिति |
| | विषय क्षेत्रगत योजना तर्जुमा | निर्देशक समिति र विषयगत समिति, महाशाखा/शाखा |
| | आवधिक योजनाकोदस्तावेजको मस्यौदा तयार | महाशाखा/शाखा तथा परामर्शदाता |
| | मस्यौदा प्रस्तुति, सुझाव सङ्कलन र अन्तिम स्वरूप प्रदान | निर्देशक समिति र विषयगत समिति, महाशाखा/शाखा |

### १.५.३.२ तयारी चरण:

#### अभिमुखीकरण तथा आवधिक योजना तयारी गोष्ठी

आवधिक योजनाको ढाँचासहित तर्जुमा विधि तथा प्रकृया सम्बन्धमा समान बुझाई कायम गर्न एक दिवसीय आवधिक योजना तयारी कार्यशाला गोष्ठीको आयोजना गरिने छ। उक्त कार्यशाला गोष्ठीमा गाउँ कार्यपालिका पदाधिकारी, विषयगत समितिका पदाधिकारी, विषयगत शाखा/उपशाखाका प्रमुख वा प्रतिनिधि, राजनीतिक दलका प्रमुख र प्रतिनिधिहरु, कार्यपालिका तथा वडा कार्यालयका कर्मचारी र स्थानीय संघ/संस्थाका प्रतिनिधिहरुको सहभागितामा गरिने छ। उक्त कार्यशालामा आवधिक योजनाको अवधारणा, तर्जुमा विधि तथा प्रक्रिया, आधाररेखा सूचना, योजना तर्जुमाको कार्ययोजना बारे प्रस्तुती, छलफल गरि कार्ययोजना तयार गरिएको थियो।

#### विकासको विद्यमान स्थिति तथा उपलब्धिको समीक्षा

वर्तमान स्थिति विश्लेषण गर्दा संघीय, प्रादेशिक र स्थानीय तहका आवधिक विकास योजनाबीच राष्ट्रिय सरोकारका विषयहरु सम्बोधन गर्न सकिने सम्भावनाको विश्लेषण गरिनेछ। जस्तै राष्ट्रिय गौरव र महत्वका कार्यक्रमका लागि आवश्यक पर्ने जग्गा व्यवस्थापन बारे स्थानीय तहको भू–उपयोग योजनामा उल्लेख गरिनेछ। प्रादेशिक योजनाका लागि आवश्यक जनशक्ति विश्लेषणबाट आवधिक योजनामा उल्लेख गरिनेछ। प्रादेशिक योजनाका लागि आवश्यक जनशक्ति विश्वलेषणबाट आवधिक योजनामा निर्धारण गरिने लक्ष्यको कार्यान्वयन सुगमताबारे अनुमान गर्न सकिन्छ। राजनैतिक दलहरुको घोषणापत्रको विश्लेषणबाट योजना कार्यान्वयनमा राजनैतिक प्रतिबद्धता र प्राथमिकताका आयोजनाबारे एकीन गर्न सकिन्छ। पुनर्संरचना अघि र पछिको अवस्था विश्लेषणबाट नौला पक्षहरु उजागर भएको अवस्था पत्ता लाग्दछ।

योजना तर्जुमा तथा कार्यान्वयनको मूल आधार भनेको जमिन हो। तसर्थ जमिनमा भू-धरातलीयस्वरूप, भू–उपयोग र भूस्वरूपमा परिवर्तनको अवस्था, जोखिम तथा संवेदनशील भूक्षेत्रहरू, आर्थिक तथा सामाजिक र संरचनाको अवस्थिति, पूर्वाधार संरचनाको अवस्थिति, बस्ती विकास, प्राकृतिक श्रोतसाधनको उपलब्धता र उपयोगको अवस्था, जोखिमयुक्त पूर्वाधार र वस्तीहरू लगायतका विषयहरूको विद्यमान अवस्थालाई नक्शामा चित्रण गरिने छ। यसरी जमिनको अवस्था नक्शामा चित्रण गर्ने कार्यको नतिजा नै आधार नक्शा हो। यही आधार नक्शाको आधारमा गाउँको अवस्था पहिचान गरी कुन भौगोलिक तथा विषयगत क्षेत्रमा के कति परिमाणमा आयोजना तथा कार्यक्रमहरू तर्जुमा तथा कार्यान्वयन गर्ने भन्ने कुराको यकिन गर्न सम्भव हुन्छ। भौतिक संरचना निर्माण हुने वा कुनै पनि आयोजना वा परियोजना कार्यान्वयन गरिने स्थान निर्धारण गर्ने आधार नै आधार नक्शा भएकाले स्थानीय तहको दीर्घकालीन, मध्यमकालीन र वार्षिक योजना तर्जुमा गर्दा वा यी योजना अन्तर्गत आयोजना तथा कार्यक्रम तर्जुमा गर्नु पूर्व आधार नक्शा तयार भएको छ। यस्तो नक्शा बनाउँदा बहुप्रकोप जोखिम विश्लेषण समेत गरिएको छ।

#### १.५.३.३ विश्लेषण चरणः

##### तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण

वस्तुस्थिति विश्लेषण तथा आधार सूचना तयारीको लागि राष्ट्रिय जनगणना २०६८ र २०७८ को तथ्याङ्क, गाउँपालिकाबाट गरिएको पारिवारिक सर्वेक्षण तथा विषयगत शाखा/उपशाखा/एकाईहरुको अभिलेख तथा तथ्याङ्क र संस्थागत विवरणको आधारमा गाउँपालिका वस्तुस्थिति विवरण तयार गरिएको छ। यसका अतिरिक्त वस्तुस्थिति विवरण नेपाल सरकार र प्रदेश सरकारका सम्वन्धित मन्त्रालयवाट प्राप्त गर्ने काम गरिने छ। विभिन्न अध्ययन प्रतिवेदनवाट प्राप्त सान्दर्भिक तथ्याङ्क लगायत सहभागितामूलक छलफल र नक्शाङ्कनबाट प्राप्त सूचना समेत वस्तुस्थिति विवरणमा समावेश गरिने छ। वस्तुस्थिति विवरणमा उपलब्ध तथ्याङ्क तथा विवरणको विश्लेषण गरी आवधिक योजनाको लागि आधाररेखा सूचना विवरण तयार गरिने छ। विभिन्न दस्तावेजहरुको समीक्षाका साथै कार्यशाला र सहभागितामूलक छलफलबाट प्राप्त विषय क्षेत्रगत सूचनाको निचोडलाई समेत आवधिक योजनाको आधार सूचनाको रुपमा लिएको छ।

##### आधार नक्शा (Basemap) तयारी

आधार नक्शा तयार गर्न आवस्यक तथ्यांकहरु विभिन्न स्रोतहरु जस्तैः नक्शा, स्थलगत अवलोकन र गुगल तस्विर आदी बाट प्राप्त गरिने छ। यसै गरी गाउँपालिकाका निर्वाचित जनप्रतिनिधिहरु, पदाधिकारीहरु, सरकारी कर्मचारीहरु

संग गरिएको छलफल र वडा तथा गाउँपालिका स्तरमा गरिएको समुहगत छलफलका साथै स्थानीयसंग गरिएको परामर्श र वर्तमान भू–उपयोगको अवस्था, निकट भबिष्यमा संचालन गरिने योजनाहरु र योजना बद्ध विकासमा परेका योजनाहरुको तथ्याङ्क संकलन गरिएको छ। आधार नक्शा तयार गर्नका लागि प्राथमीक स्रोतको रुपमा High resolution Satellite Image वा Google Earth Image को प्रयोग गरिने छ। विभिन्न निकाय बाट प्राप्त अन्य Vector and raster डाटा प्रयोग गरी DEM (Digital elevation Map), भौगर्भिक नक्शा, भूमि प्रणाली नक्शा (Land system Map), स्थलाकृतिक नक्शा (Physiographic map) र जलवायु नक्शा (Climatic map) आदि तयार गरीएको थियो। यस बाहेक, वर्तमान भू–उपयोग नक्शा (Present Land use map), भूमि क्षमताको नक्शा (Land capability map), र माटोको नक्शा (Soil map) प्रस्तावित भू–उपयोग क्षेत्र र योजना नक्शा (Land use plalnning map) हरु पनि तयार गरिएको छ।

### वस्तुस्थिति विश्लेषण

आवधिक योजना तर्जुमा गर्दा स्थानीय तहको वर्तमान आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वातावरणीय र शासकीय सूचकहरुको अवस्थ के कस्तो रहेको छ त्यो स्पष्ट जानकारी हुने गरी तथ्याङ्क तथा विवरणहरु संकलन गरिनेछ। तसर्थ, स्थानीय तहको जनसंख्या, गरिबी, बेरोजगारी÷रोजगारी, कुल गार्हस्थ उत्पादन÷प्रतिव्क्ति, आय, सेवा सुविधाहरुको उपलब्धता, मातृ मृत्युदर, बाल मृत्युदर, औसत आयु, खानेपानी तथा सरसफाई सुविधाको उपलब्धता, सडक, यातायात आदी विषयका तथ्याङ्क संकलन र विश्लेषण गरी स्थानीय तहको वस्तुस्थिति विश्लेषण परिच्छेद २ मा तयार गरिएको छ।

### वस्तुस्थिति विवरण तयारी तथा अद्यावधीकरण

विकास उपलब्धिको प्रगति विवरण, उपलब्ध सूचना तथा सहभागितामूलक छलफलका आधारमा गाउँपालिका गठन पश्चात् भएका प्रमुख उपलब्धिहरूको संक्षिप्त रूपमा समीक्षा गरिएको छ। यसरी समीक्षा गर्दा हासिल भएका उपलब्धिको विवरण गुणात्मक तथा परिमाणात्मक रूपमा उपलब्ध सूचनाका आधारमा पुष्टि हुनेगरी प्रस्तुत गरिन्छ। वित्तीय स्रोतको विश्लेषण पछि स्थानीय तहलाई योजना अवधिभरमा परिचालन हुनसक्ने स्रोत परिमाण बारे नजिकको अनुमान प्राप्त हुन्छ। यसरी प्राप्त हुने संभाब्य स्रोतको आधारमा विकासका महत्वपूर्ण क्षेत्रहरुमा प्राथमीकताका साथ लगानी केन्द्रित गर्नका लागि प्रत्येक क्षेत्रका चुनौती/समस्याका कारण र असरहरुको पहिचान गरी क्षेत्रगत लक्ष्य तथा उद्देश्य निर्धारण गरिएको छ। क्षेत्रगत लक्ष्य तथा उद्देश्यका आधारमा नीति र कार्यक्रम तय हुने हुँदा समस्या विश्लेषण गर्दा विशेष ध्यान पुर्‍याइने छ। यस्तो विश्लेषणका लागि सहभागितामूलक पद्धतिमा आधारित समस्या विश्लेषणका गरि अद्यावधीकरण गरिएको छ।

### १.५.३.४ योजना तर्जुमा चरणः

### दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य निर्धारण तथा योजना तर्जुमा कार्यशाला गोष्ठी

गाउँपालिकाको समग्र विकास प्रक्रियालाई मार्गदर्शन गर्न दीर्घकालीन सोच, निर्देशिक सिद्धान्त, लक्ष्य र उद्देश्य निर्धारण र विषय क्षेत्रगत योजनाको प्रस्ताव तयार गर्न दुई दिने कार्यशाला गोष्ठीको आयोजना गरिने छ। गाउँ कार्यपालिकाको आयोजनामा गाउँ कार्यपालिका का अध्यक्षको अध्यक्षतामा उक्त कार्यशाला गोष्ठीको सञ्चालन गरिने छ। गोष्ठीबाट आधाररेखा सूचना तथा सहभागितामूलक छलफलका आधारमा योजनाको दीर्घकालिन सोच,

ध्येय (Mission), लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति, सम्भावना विश्लेषण, श्रोत प्रक्षेपण, रणनीति तथा कार्यनीति, नतिजा खाका, कार्यान्वयन योजना र अनुगमन तथा मूल्याङ्कन ढाँचा तयारी गरिने छ।

कार्यशालामा उपलब्ध सूचना तथा सहभागितामूलक छलफलका आधारमा गाउँपालिका गठन पश्चात् भएका प्रमुख उपलब्धिहरूको संक्षिप्त रूपमा समीक्षाको आधारमा आगामि आवधिक योजनाको अवधिमा गाउँपालिकाको आन्तरिक स्रोत, राजस्व बाँडफाँटबाट प्राप्त राजस्व, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय सहयोग समेत र अन्य विभिन्न स्रोतबाट आगामी ५ बर्षमा उपलब्ध हुन सक्ने श्रोत अनुमान तथा प्रक्षेपण गरिने छ। वृहत समूह प्रस्तुतीकरण र सहभागितामूलक छलफल आदि जस्ता सहभागितामूलक विधिहरुको प्रयोग गरी कार्यशाला सञ्चालन गरिने छ। उक्त कार्यशालामा कार्यपालिका तथा विषयगत समितिका पदाधिकारी, राजनैतिक दलका प्रतिनिधि र विषयगत शाखा प्रमुख तथा प्रतिनिधि र अन्य सरोकारवाला संघ संस्थाहरुको सहभागिता हुने छ।

### संभाव्य स्रोतको अनुमान, प्रक्षेपण र क्षेत्रगत बाँडफाँड

योजना तर्जुमा प्रक्रियामा वित्तीय स्रोतको सुनिश्चितता सबैभन्दा महत्वपूर्ण पक्ष हो। वित्तीय स्रोतको सुनिश्चितता नभई तर्जुमा गरिएको योजनाको कार्यान्वयन प्रभावकारी हुन र सोबाट अपेक्षित उपलब्धि हासिल हुन सक्दैन। तसर्थ योजना तर्जुमा गर्दा वित्तीय स्रोत साधनको यथार्थपरक विश्लेषण हुनुपर्दछ। आवधिक योजना अवधिमा उपलब्ध हुन सक्ने सम्भाव्य स्रोतको आकलन तथा विश्लेषण गर्दा आन्तरिक र बाह्य श्रोतबाट प्राप्त हुन सक्ने आयका अतिरिक्त निजी, गैरसरकारी, सहकारी र समुदाय लगायत सबै सरोकारवालाबाट लगानी हुन सक्ने स्रोतहरू समेतको आकलन गरी योजनामा उपलब्ध हुन सक्ने कुल स्रोतको प्रक्षेपण गरिने छ।

स्थानीय तहको वित्तीय अधिकार र उपलब्ध हुने स्रोतको बारेमा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन तथा अन्तर सरकार वित्त व्यवस्थापन ऐनले स्पष्ट गरेको छ। योजना अवधिको लागि उपलब्ध हुन सक्ने वित्तीय स्रोत साधनको विश्लेषण गर्दा संविधानतः स्थानीय तहको राजस्व अधिकारका क्षेत्रबाट परिचालन हुने आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अन्तर सरकारी वित्तीय हस्तान्तरण, आन्तरिक ऋण, जनसहभागिता र अन्य स्रोतहरूबाट प्राप्त हुन सक्ने स्रोतको अनुमान तथा प्रक्षेपण गरिनेछ। सम्भाव्य स्रोतको अनुमान तथा प्रक्षेपण गर्ने कार्य वार्षिक योजना तथा बजेट तर्जुमाको लागि गठित स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको सहयोगमा निर्देशक समितिबाट गरिनेछ।

### विषय क्षेत्रगत योजना तर्जुमा

स्थानीय तहको अधिकार क्षेत्रका सबै विषयगत क्षेत्र समेट्ने गरी विषयगत योजना तर्जुमा गरिने छ।स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा समितिको लागि गठित विषयगत योजना तर्जुमा समिति तथा सम्बन्धित विषय क्षेत्रका सरोकारावालासँगको सहभागितामा कार्यशाला गोष्ठी तथा परामर्श गरी विषय क्षेत्रगत योजना तर्जुमा गरिने छ। विषय क्षेत्रगत योजनामा सो विषय क्षेत्रको लक्ष्य, उद्देश्य,रणनीति र कार्यनीति, प्रमुख कार्यक्रम तथा आयोजना, अपेक्षित उपलब्धि र नतिजा खाका तर्जुमा गरिने छ। वस्तुस्थिति विश्लेषण विवरणमा उल्लिखित आधाररेखा सूचनाको आधारमा विषयगत समिति र सम्बन्धि सरोकारवालाको सहभागितामा सहभागितामूलक कार्यशाला र परामर्शको प्रक्रियाबाट विषय क्षेत्रगत योजनाको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति, आयोजना तथा कार्यक्रम र सोको स्थानगत विवरण एवम् नतिजा खाका तयार गरिने छ ।

### आवधिक योजनाको मस्यौदा प्रतिवेदन तयारी

वस्तुस्थिति विश्लेषण, योजना तर्जुमा कार्यशाला गोष्ठीको निष्कर्ष, विषयक्षेत्र योजना तर्जुमा समितिको छलफल र परामर्शबाट प्राप्त नतिजालाई क्रमबद्ध रुपमा प्रस्तुत गरी निर्धारित खाका र समयमा आवधिक योजनाको मस्यौदा दस्तावेज तयार गरिने छ। विषय क्षेत्रगत रुपमा सम्बन्धित विषय विज्ञले तयार गरेको विषयगत क्षेत्र योजनालाई एकीकृत गरी आवधिक योजना तयार गरिने छ। योजना दस्तावेजमा गाउँपालिकाको विकासको विद्यमान अवस्था र विकास समिक्षा, गाउँ विकासको दीर्घकालिन सोच तथा अवधारणा, आर्थिक, संस्कृति तथा पर्यटन, सामाजिक विकास, पुर्वाधार विकास योजना, वातावरण व्यवस्थापन तथा विपद् जोखिम न्यूनिकरण तथा जलवायु परिवर्तन अनुकुलन योजना, संस्थागत विकास तथा सुशासन योजना र कार्यान्वयन प्रारुप तयार गरिने छ। दस्तावेज तयारी गर्दा राष्ट्रिय तथा प्रादेशिक आवधिक योजना, अन्य गाउँपालिका, साविक जिल्ला तथा गाविसका आवधिक योजनाको समिक्षा गरी उपयोगी प्रारुपलाई आत्मसात गरिनुका साथै योजनाविद्, विषयविज्ञ र सरोकारवालाको समेत सुझाबलाई आत्मसात गरि तयार गरिएको छ।

### १.५.३.५ मस्यौदा प्रस्तुति, सुझाव संकलन तथा आवधिक योजनाको अन्तिम प्रतिवेदन तयारी

वस्तुस्थिति विश्लेषण, योजना तर्जुमा कार्यशाला गोष्ठीको निष्कर्ष, विषयक्षेत्र योजना तर्जुमा समितिको छलफल र परामर्शबाट प्राप्त जानकरी र विषय क्षेत्रगत रुपमा सम्बन्धित विषय विज्ञले तयार गरेको विषयगत क्षेत्र योजनालाई एकीकृत गरी आवधिक योजनाको अन्तिम प्रतिवेदन तयार गरिन्छ | माथि उल्लेख गरिए बमोजिम आवधिक योजनाको मस्यौदा प्रतिबेदन तयारी पश्चात उक्त प्रतिबेदनउपर बिषयक्षेत्रगत समिति तथा निर्देशक समिति र कार्यपालिका सदस्य एबम सबै बिषयगत शाखा प्रमुखसँग अन्तरक्रिया, छलफल तथा पृष्ठपोषण कार्यक्रम सम्पन्न गरी प्राप्त सुझाब समेतलाई समाबेश गरी आवधिक योजनाको अन्तिम मस्यौदा प्रतिबेदन तर्जुमा तथा पेस गरिएकोछ |


# परिच्छेद २

# गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धीको समीक्षा

## २.१. गाउँपालिकाको परिचय

सिदिङ्वा गाउँपालिका नेपालको संविधान वमोजिम गठन भएका कोशी प्रदेशभित्रका १३७ वटा स्थानीय तहहरुमध्ये पूर्वी नेपालको हिमाली जिल्ला ताप्लेजुङको पूर्वी दक्षिणमा पर्ने ताप्लेजुङ जिल्लाको ९ वटा पालिका मध्ये एक हो। यो गाउँपालिकाका साविकको कालिखोला, सादेवा, आंखोप, साव्लाखु, लिम्बुदिन, मेहेले, र सुरुमखिम गा.वि.स समेत गरी सातवटा गाउँ विकास समितिहरुको भूभागलाई समेटेर गठन गरिएको हो। परम्परागत रुपमा लिम्बु समुदायमा कुनै व्यक्तिको विवाह तथा मृत्यु हुँदा बन्दुक पड्काउने चलन रहेको छ । बन्दुक पड्काउन वा वारुद बनाउन चाहिने कोइलाको लागि प्रयोग गरिने बनस्पतिलाई लिम्बु भाषामा "सिदिङ्" (अडेरी काँडा) भनिन्छ र "वा" भन्नाले "छ" भन्ने हुन्छ । यो काँडा यहाँको डाँडामा अत्यन्त बढीमात्रामा पाइने हुनाले उक्त काँडा सिदिङ्वा नामबाट चिनियो (आङ्बुआङ्, बालचन्द्र २०५८) । यसै ऐतिहासिक ठाँउको नामबाट यस गाउँपालिकाको नाम **"सिदिङ्वा गाउँपालिका"** नाम रहेको हो ।

गाउँपालिकालाई प्रशासनिक रुपले भूगोल र जनसङ्ख्या समेतका आधारमा ७ वटा वडामा विभाजन गरिएको छ जसमा साविकको कालिखोलाको वडा नं. १ देखि वडा नं. ९ का भूभागहरु समेटी वडा नं. १ कायम गरिएको छ भने साविकको सादेवा गाविसको वडा नं. १ देखि वडा नं. ९ का भूभागहरु समेटी वडा नं. २ कायम गरिएको छ। यसैगरी साविकको आंखोप गाउँ विकास समितिका वडा नं. १ देखि ९ का भूभागहरु समेटेर वडा नं. ३ कायम गरिएको छ। साविकको साव्लाखु गाउँ विकास समितिको सबै वडा भूभाग समेटी हालको वडा नं. ४ कायम गरिएको छ। साविकको लिम्बुदिन गाउँविकास समितिका वडा नं. १ देखि ९ को सबै भूभाग समेटी हाल वडा नं. ५ कायम गरिएको छ। साविकको मेहेले गाउँ विकास समितिको वडा नं. १ देखि वडा नं. ९ का भूभागहरु समेटी को बडा नं. ६ कायम गरिएको र साविकको सुरुमखिम गाउँ विकास समितिको वडा नं. १ देखि वडा नं. ९ का भूभागहरु समेटी हालको वडा नं. ७ कायम गरिएको छ। हाल गाउँपालिकाको केन्द्र साब्लाखुमा रहेको छ।



गाउँपालिका कोशी प्रदेशस्थित ताप्लेजुङ जिल्लाको दक्षिण पूर्वी गाउँपालिका हो। दुर्गम तर मनोरम धरातलीय बनोट, उच्च भू-भाग, खोला नाला र समथर बेसी र लालीगुराँसको घना जङ्गलले यस गाउँपालिकाको पर्यटकीय आकर्षण बढाएको पाइन्छ। प्राचीन समयमा तेनाहाङ राजाको दरबार, प्रसिद्ध धार्मिक स्थल गौखुरी धाम, सिदिङ्वा डाँडालगायत ऐतिहासिक तथा धार्मिक स्थलले यस गाउँपालिकाको परिचयलाई फराकिलो बनाएको छ।


## २.२ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

सिदिङ्वा गाउँपालिका २७ डिग्री १६ मिनेट ४४ सेकेण्ड उत्तरि अक्षांशदेखि २७ डिग्री २६ मिनेट ३२ सेकेण्ड उत्तरी अक्षांशसम्म र ८७ दिग्री ४९ मिनेट ५२ सेकेण्ड देखि पूर्वी देशान्तरदेखि २६ डिग्री ३२ मिनेट देशान्तरसम्म फैलिएको छ। यस गाउँपालिकाको जम्मा क्षेत्रफल २०५.९९ वर्ग किलोमिटर रहेको छ। गाउँपालिकाको पूर्व र दक्षिणमा पाँचथर जिल्लाको याङवरक गाउँपालिका, पश्चिम र उत्तरमा ताप्लेजुङ जिल्लाको सिरिजंघा गाउँपालिका रहेको छ। गाउँपालिकालाई ७ वटा वडामा विभाजन गरिएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको जम्मा घरधुरी २४७६ रहेको छ भने जम्मा जनसङ्ख्या १०९७९ मध्ये पुरुष ५५३१ र महिला ५४४८ रहेको छ। हिमाली जिल्लामा पाइने समशितोष्ण मनसुनी हावापानी पाइन्छ।

यस गाउँपालिकाको औसत तापक्रम न्यूतम १०° र अधिकतम ३८° सेन्टिग्रेटसम्म रहने गरेको पाइएको छ । यस गाउँपालिकामा वार्षिक औसत वर्षा ११०-१५० मि.मी. सम्म हुने गर्दछ । गाउँपालिकाको राजनीतिक र प्रशासनिक विभाजनलाई देहाएबमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।

यस गाउँपालिकामा लिम्बू जातिको बाहुल्यता रहेको छ। लिम्बू जातिको अलावा यहाँ ब्राह्मण, क्षेत्री, राई, गुरूङ, भुजेल, शेर्पा, तामाङ, कामी, दमाई लगायत जातजातिको बसोवास तथा छुट्टाछुट्टै भाषा र संस्कृति रहेको छ। गाउँपालिका बिभिन्न किसिमका धर्म र संस्कृति मान्ने जातजाति र भाषा भाषीको बसोवासस्थल पनि हो। बिभिन्न जातजातिहरूको रहनसहन, भेषभूषा आदिको विविधताले गर्दा यस गाउँपालिकाले विशिष्ट महत्व बोकेको छ। भौगोलिक रूपमा दुर्गम भएतापनि भौगोलिक विविधता, प्रशस्त पानीको स्रोत, घना जङ्गल, चरन क्षेत्रको कारण कृषि, पशु र पर्यटनको प्रशस्त सम्भावना बोकेको गाउँपालिका यीनै सम्भाव्यताको व्यावसायिकीकरण गर्दै समृद्ध हुने सम्भावना रहेको देखिन्छ।

पहाडी र उच्च पहाडी भू-भागमा फैलिएको यो गाउँपालिका समुन्द्र सतहबाट ८०० मिटर (सालबोटे) देखि ४,६०० मिटर (तिम्बुङ् पोखरी) सम्म फैलिएको छ। यस गाउँपालिकाको कूल क्षेत्रफल (२०५.९९ वर्ग किलोमिटर) मध्ये निम्नानुसारको भूउपयोगको अवस्था रहेको छ ।




***तालिका २ : भूउपयोगको अवस्था***

| भूमीको प्रकार | क्षेत्रफल (वर्ग किमि) | प्रतिशत |
|---|---|---|
| बाँझो जमिन | ८.४४ | ४.१० |
| बसोवास क्षेत्र | ०.८१ | ०.३९ |
| खेती गरिएको जमिन | ३५.६७ | १७.३२ |
| वन क्षेत्र | ११७.२५ | ५६.९२ |
| घाँसे जमिन | ४.८३ | २.३४ |
| ताल | ०.०९ | ०.०४ |
| नदि नाला | ०.८४ | ०.४१ |
| झाडी क्षेत्र | ३८.०५ | १८.४७ |
| **जम्मा** | २०५.९९ | १००.०० |


*Source: Land Resource Mapping Project (LRMP), 1996, नापी विभाग*

गाउँपालिकाको राजनीतिक र प्रशासनिक विभाजनलाई देहाएबमोजिमको तालिकामा प्रस्तुत गरिएको छ,-

| | |
|---|---|
| प्रदेश | संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको कोशी प्रदेश |
| नाम | सिदिङ्वा गाउँपालिका |
| अक्षांश | २७ डिग्री ११ मिनेट उत्तरी अक्षांशदेखि २७ डिग्री १७ मिनेट उत्तरी अक्षांश |
| देशान्तर | ८७ डिग्री ४९ मिनेट ५२ सेकेण्ड पूर्वी देशान्तरमा देही ८७ डिग्री ०४ मिनेट ०४ सेकेण्ड पूर्वी देशान्तर सम्म |
| समुन्द्री सतहवाट उचाई | ८०० मि. देखि ४४०० मि. सम्म |
| जिल्ला | ताप्लेजुङ |
| केन्द्र | साब्लाखु |
| वडा संख्या | ७ |

| | |
|---|---|
| सीमाना | पूर्व र दक्षिणमा पाँचथर जिल्लाको याङवरक गाउँपालिका, पश्चिम र उत्तरमा ताप्लेजुङ जिल्लाको सिरिजंघा गाउँपालिका |
| प्रतिनिधिसभा निर्वाचन क्षेत्र | १ |
| प्रदेश सभा निर्वाचन क्षेत्र | २ |

## २.३ प्राकृतिक तथा साँस्कृतिक सम्पदा




यस गाउँपालिकामा साधारणतया उपोष्ण किसिमको हावापानी पाइन्छ। यस गाउँपालिकाको अधिकतम तापक्रम २६.१ डिग्री सेल्सियस र न्यूनतम १२.३ डिग्री सेल्सियस मापन गरिएको छ। यस गाउँपालिकामा बार्षिक कुल औसत बर्षा ११४ मि.मि. सम्म मापन गरिएको छ। यस गाउँपालिकामा सिवाखोला तावाखोला यम्फाखोला ढङ्ढङ्गे खोला फावाखोला सुवाखोला चावाखोला कालीखोला छाँगेखोला इन्द्रावती र काबेली खोला रहेका छन्। गाउँपालिका वन सम्पदाको दृष्टिकोणले पनि समृद्ध मानिन्छ। यस गाउँपालिकामा निजी, सामुदायिक, सरकारी र कबुलियति वनहरू रहेका छन्। गाउँपालिकामा १८ वटा सामूदायिक वन रहेका छन् जसबाट ५०० घरधुरी लाभान्वित रहेका छन्। गाउँपालिकाको हावापानी र भौगोलिक विविधताका कारण पनि यहाँको वन र वनसम्पदामा विविधता पाइन्छ।

| वनको नाम | वडा नं. | समेटेको घरधुरी | क्षेत्रफल (हे.) | संचिति दर( क्यू.मि./हे) | वन पैदावरको वार्षिक उत्पादन | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | काठ (क्यू.फि.) | दाउरा (भारी) | जडिबुटी (केजी) |
| गौथले सामुदायिक वन | १ | ४८ | २८६ | ० | ० | ० | ० |
| तिम्बुङ पोखरी महिला सा.व. | १ | २६ | २९० | ० | ० | ० | ० |
| मिचिधिम सामुदायिक वन | १ | १८ | २५० | ० | ० | ० | ० |
| कालीखोला महिला सा.व. | १ | २१ | २८० | ० | ० | ० | ० |
| मुर्मिसे वनपाला | २ | ३२ | ९ | ० | ० | १०० | ० |
| सिदिंवा डाम सामुदायिक वन | २ | ११७ | ५०० | ० | ० | २०० | ० |
| मुर्मिसे सिरिस घारी | २ | ३० | ६ | ० | ० | १०० | ० |
| लसुने टिउरे सामुदायिक वन | ३ | ३०० | २० | ० | ० | ० | ० |
| वनपाला सामुदायिक वन | ३ | १५० | ७६ | ० | ० | ० | ० |
| वनपाला सामुदायिक वन | ४ | ३० | ६ | ० | ० | १०० | ० |
| तेर्से भुसपाते सामुदायिक वन | ५ | ३६८ | १२० | ० | ० | १००० | १००० |
| कुनाबोटे सामुदायिक वन | ६ | ० | ५ | ० | ० | ० | ० |
| तयागु देवी स्थान सा.व. | ६ | ० | ५ | ० | ० | ० | ० |
| बाँफेनी सामुदायिक वन | ६ | ० | ४ | ० | ० | ० | ० |
| सल्लेरी साझेदारी वन | ६ | ० | ७ | ० | ० | ० | ० |
| कालि पोखरी | ७ | ० | २५ | ० | ० | ० | ० |
| रातमाटे | ७ | ० | २० | ० | ० | ० | ० |
| बाम्भेनी | ७ | ५० | १५० | ० | ० | ५० | ० |
| **जम्मा** | | **११९०** | **२०५९** | **०** | **०** | **१५५०** | **१०००** |

*स्रोत : संस्थागत सर्वेक्षण, २०७६*

गाउँपालिकामा धार्मिक सामाजिक तथा साँस्कृतिक विविधता भएपनि सामाजिक सहिष्णुता कायम रहेको हुँदा उक्त विविधताले हरेक कार्यमा सकारात्मकता प्रदान गरेको छ। यस गाउँपालिकामा याक्थुङ/लिम्बु क्षेत्री राई विश्वकर्मा तामाङ ब्राह्मण-पहाड गुरुङ याक्खा नेवार मिजार परियार मगर वान्तवा साङपाङ अन्य आदि जातजातिहरुको समेत बसोबास रहेको छ। धार्मिक हिसाबले हिन्दु, किराँत, बौद्ध तथा ईसाई धर्मावलम्बीहरुको बसोबास रहेको छ। धान नाच यस गाउँपालिकामा लिम्बु समुदायद्वारा नाचिने एक प्रमुख र परम्परागत नृत्य हो। पञ्चेबाजा, नौमति बाजा, च्याब्रुङ जस्ता बाजागाजाहरु जन्म, विवाह तथा मृत्यु संस्कारमा प्रयोग गर्ने गरिन्छ। साथै लिम्बु समुदायमा विवाह तथा मृत्यु संस्कारमा बन्दुक पड्काउने प्रचलन समेत रहेको छ।

गाउँपालिकाका प्रमुख जल सम्पदाको रुपमा सिवाखोला तावाखोला यम्फाखोला ढड्ढङ्गे खोला फावाखोला सुवाखोला चावाखोला कालीखोला छोँगेखोला इन्द्रावती र काबेली खोला रहेका छन। घरधुरी सर्वेक्षण २०७६ अनुसार यस क्षेत्रमा पानीका मुहान १० झरना ३ जलकुण्ड १ र खोला ११ रहेका छन्। गाउँपालिकामा हालसम्म कुनै किसिमको वहुमूल्य खनिज भएको आधिकारिक विवरण पत्ता लागेको छैन। भौगर्भिक रुपमा यस क्षेत्रमा जिन्क,टिन,फलाम जस्ता धातुजन्य खनिज पदार्थ हुन सक्ने सम्भावना रहेको छ।

| संरक्षित पानीमुहान, जमिन र भौतिक संरचनाको नाम | वडा नम्बर | रहेको स्थान | संरक्षित पानी मुहान, जमिन, खेतवारी र संरचना | |
|---|---|---|---|---|
| | | | इकाई | परिमाण |
| अमिनि धारा | २ | सिदिङ्वा | १ | ५००० |
| छाडे खोला पानी मुहान | ३ | छाँङगे | ० | ० |
| मार्से धारा | ४ | साब्लाखु | १ | ४ |
| सिस्ने खोला खानेपानी मुहान | ५ | जाडे | १ | ० |
| हरियो थुम्कि खानेपानी मुहान | ५ | मावा खोला | १ | ० |
| थोत्रे खोला खानेपानी मुहान | ५ | थात्रे खोला | १ | ० |
| ल्याइल्यागे पानी मुहान | ५ | ल्याइगल्यागे | १ | ० |
| फिदिम खाने पानी | ६ | फिदिम | १ रोपनी | ० |
| छिरुवा खाने पानी | ६ | छिरुवा खोल्सी | ३ रोपनी | ० |
| ओछालो खाने पानी | ६ | ओछाली खोल्सी | | ० |

## २.४ जनसाङ्ख्यिक अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार सिदिङ्वा गाउँपालिकाको कूल परिवार सङ्ख्या २४७६ र कुल जनसङ्ख्या १०,९७९ रहेको छ जसमा पुरुष ५१.३७ र महिला ४९.६३ प्रतिशत रहेका छन्। यसरी हेर्दा लैङ्गिक अनुपात १०१.५२ पुरुष प्रति १०० महिला रहेको छ। गाउँपालिकाको जनघनत्व ९३ रहेको छ।

गाउँपालिकाको ५ वर्ष उमेर समूह तथा लिङ्ग अनुसारको जनसङ्ख्याको विवरण तालिका १ मा प्रस्तुत गरिएको छ।

| जनसङ्ख्या | पुरुष जनसङ्ख्या | महिला जनसङ्ख्या |
|---|---|---|
| ९५ माथि | ४ | १ |
| ९०-९४ | ३ | २ |
| ८५-८९ | १३ | २१ |
| ८०-८४ | ४७ | ३५ |
| ७५-७९ | ८३ | ६६ |
| ७०-७४ | ११२ | ११४ |
| ६५-६९ | १६४ | १५८ |
| ६०-६४ | २२३ | १८९ |
| ५५-५९ | ३०५ | २६१ |
| ५०-५४ | २८२ | २९३ |
| ४५-४९ | २२४ | २८४ |

| जनसङ्ख्या | पुरुष जनसङ्ख्या | महिला जनसङ्ख्या |
|---|---|---|
| ४०-४४ | २६७ | २७९ |
| ३५-३९ | २९५ | ३१७ |
| ३०-३४ | ३७४ | ३५५ |
| २५-२९ | ४७९ | ४४९ |
| २०-२४ | ५४३ | ५३० |
| १५-१९ | ६३१ | ६१८ |
| १०-१४ | ५४४ | ५३२ |
| ५-९ | ४८६ | ४६७ |
| ०-४ | ४५२ | ४७७ |

गाउँपालिकाको सबैभन्दा धेरै जनसङ्ख्या १५-४४ वर्ष उमेर समूहमा रहेको छ। गाउँपालिकाको ०-१९ बर्ष उमेर समूहमा झन्डै एक चौथाई जनसङ्ख्या रहेको छ। यसरी हेर्दा गाउँपालिकामा जनसाङ्ख्यिक लाभाँशको अवस्था रहेको छ।

वडागत रुपमा वडा नं. १-७ मा पुरुष जनसङ्ख्या क्रमशः ३२८, ४८९, १११५, ९९५, ७८२, १००४ र ८९८ रहेको छ भने महिला जनसङ्ख्या क्रमशः ३२५, ४७६, १११६, ९७५, ७६३, ९९६ र ७९७ रहेको छ। यसरी हेर्दा सबैभन्दा बढी जनसङ्ख्या वडा नम्बर ५ मा रहेको छ भने सबैभन्दा कम जनसङ्ख्या वडा नम्बर १ मा रहेको छ।

गाउँपालिकाको वैवाहिक स्थिति हेर्दा ३५.९ प्रतिशत जनसङ्ख्या अविवाहित रहेको छ। ३५.९ अविवाहित प्रतिशत विवाहित जनसङ्ख्यामध्ये ३२ प्रतिशत महिला विवाहित रहेका छन्। गउँपालिकाको एकल (विधुर/विधवा) जनसङ्ख्या ४.४ रहेको छ। ०.२ प्रतिशतले पारपाचुके गरेका छन् भने ०.५ प्रतिशत छुट्टिएका छन्।

| वैवाहिक स्थिति | कुल | पुरुष | महिला |
|---|---|---|---|
| अविवाहित | ३५.९ | ३९.७ | ३२.० |
| विवाहित | ५९.० | ५४.४ | ६१.६ |
| एकल (विधुर/विधवा) | ४.४ | ३.२ | ५.७ |
| पारपाचुके | ०.२ | ०.३ | ०.१ |
| छुट्टिएको | ०.५ | ०.४ | ०.५ |

गाउँपालिकामा १११६ जन्मेका बच्चाहरुमध्ये ७२१ जनाको जन्मदर्ता भएको देखिन्छ भने ३९५ को जन्मदर्ता नभएको अवस्था छ। पहिलोपटक विवाह गर्दाको उमेरको बारेमा अध्ययन गर्दा २७६९ पुरुषमध्ये १०-१४ बर्षमा ८६, १५-१७ बर्षमा २६९, १८-२० बर्षमा ७४०, २०-२४ बर्षमा ७७३, २५-२९ बर्षमा ६३५, ३०-३४ बर्षमा १८०, ३५-३९ बर्षमा ५६, ४०-४४ बर्षमा १७ पुरुष, ४५-४९ बर्षमा ९ र ५० बर्षमा २ पुरुषले बिवाह गरेको देखिएको छ। त्यसैगरी बिवाह गर्ने उमेरका ३०६१ महिलामध्ये १०-१४ बर्षमा २१४, १५-१७ बर्षमा ७३४, १८-२० बर्षमा ९४५, २०-२४ बर्षमा ५५२, २५-२९ बर्षमा २००, ३०-३४ बर्षमा ८६, ३५-३९ बर्षमा १७, ४०-४४ बर्षमा ६ महिलाले बिवाह गरेको देखिएको छ। यसरी हेर्दा सबै महिलाले

३५-३९ बर्षभित्रमा बिवाह गरिसकेका छन् भने २० बर्षपछी बिवाह गर्ने महिलाको सङ्ख्या घट्दो क्रममा रहेको छ।

## २.५ आर्थिक विकासको अवस्था

२०७४ को आधार तथ्याँकलाई हेर्दा गाउँपालिकाको गरिबीको दर १२.६ प्रतिशत रहेको छ जुन राष्ट्रिय औषतभन्दा माथि रहेको छ। ताप्लेजुङ जिल्लाको १० वर्ष र सोभन्दा माथिका व्यक्तिले गणनाको समय देखि अघिको १२ महिना सम्म आर्थिक काम गरेको अवधि (महिना) अनुसारको जनसङ्ख्याको अवस्था हेर्दा ३ महिनाभन्दा कम ९.९०%, ३ महिना वा सोभन्दाबढी तर ६ महिनाभन्दा कम १५.४३%, ६ महिना वा सोभन्दा वढी ४८.५४%, कुनै पनि आर्थिक काम नगरेका २६.१२ % रहेको छ। १० वर्ष र सोभन्दा माथिका व्यक्तिको आर्थिक क्रियाकलापमा संलग्नता अनुसारको जनसङ्ख्याको अवस्था हेर्दा आर्थिक रुपमा सक्रिय ५४.३६% र आर्थिक रुपमा निस्क्रिय २७.६९% रहेको छ।

१० वर्ष र सोभन्दा माथिका व्यक्तिले पछिल्लो १२ महिनामा मूख्य आर्थिक कामको संस्थागत क्षेत्र अनुसारको जनसङ्ख्या देहाएबमोजिमको तालिकामा दिइएको छ।

| आर्थिक कामको संस्थागत क्षेत्र | कुल | पुरुष | महिला |
|---|---|---|---|
| सरकारी | ३.९ | ५.३ | २.४ |
| वित्तीय | १.०९ | १.१ | १.०४ |
| गैरवित्तीय | ३२.७ | ३५.३ | २९.७ |
| गैर नाफामूलक | ०.४ | ०.६ | ०.३ |
| घरायसी क्षेत्र | ६१.८ | ५७.६ | ६६.५ |

१० वर्ष र सोभन्दा माथिका व्यक्तिले पछिल्लो १२ महिनामा कुनै पनि आर्थिक काम नगर्नु वा ६ महिनाभन्दा कम समय काम गर्नुको कारण अनुसारको जनसङ्ख्या देहाएबमोजिमको तालिकामा दिइएको छ।

| आर्थिक काम नगर्नुको कारण | कुल | पुरुष | महिला |
|---|---|---|---|
| विद्यार्थी | ३४.६ | ४४.१ | २८.२ |
| घरायसी काम | २३.१ | १०.९ | ३१.३ |
| घरायसी कर्म | ७.६ | ६.१ | ८.६ |
| वृद्ध | ८.१ | ८.१ | ८.० |
| अपाङ्गता भएको | १.९ | २.४ | १.६ |
| पेन्सन | १.५ | २.५ | ०.८ |
| सामाजिक कार्य | ०.३ | ०.५ | ०.१ |
| अन्य | २२.५ | २४.९ | २१.० |

### २.५.१ कृषि तथा खाद्य सुरक्षाः-

सिदिङ्वा गाउँपालिकामा बर्षभरी मकै, धान, गहुँ,आलु, कोदो, दालहरु (मास, भटमास, मस्याड, सिमी, बोडी, केराउ, गहत) अदुवा, चिया, अलैची, तरकारी, सुन्तला, जुनार जस्ता मुख्यबालीहरु लगाइन्छ। गाउँपालिकाबाट निकासी

हुने बाली तथा वनस्पतिहरुमा सुन्तलाजात फलफूल,ताजातरकारी, चिया, अलैची, आलु, अदुवा, चिराईतो, तेजपात, अम्रिसो पर्दछन्। गाउँपालिकाकाको जम्मा क्षेत्रफल २०५९ हे. मध्ये कुल खेतियोग्य जग्गा १२०७ हे. रहेको छ।

| | |
|---|---|
| गाई/गोरु | ७०८३ |
| भैंसी/रांगा | १५४० |
| बाखा | १२४५१ |
| बंगुर | २८०४ |
| भेडा | २९९ |
| कुखुरा | २२६७९ |

**श्रोतः राष्ट्रिय कृषिगणना २०७८ वेभ पेज** https://agricensusnepal.gov.np

गाउँपालिकामा हालसम्म एकपटक किसान सूचीकरण गरिएको छ। त्यसैगरी प्र. म. रोजगार कार्यक्रमबाट ५० दिन रोजगारी प्राप्त गर्ने जनसङ्ख्या ३०० रहेको छ।

### २.५.२ पर्यटन तथा संस्कृतिः-

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार गाउँपालिकामा याक्थुङ/लिम्बु ३२.४८ प्रतिशत, क्षेत्री २५.१९ प्रतिशत, राई १९.१७ प्रतिशत, विश्वकर्मा ४.५७ प्रतिशत, तामाङ ४.३५ प्रतिशत, ब्राह्मण पहाड ३.६२ प्रतिशत, गुरुङ १.८ प्रतिशत, याक्या १.९९ प्रतिशत, नेवार १.५६ प्रतिशत, मिजार १.३९ प्रतिशत, परियार १.१ प्रतिशत, मगर ०.९७ प्रतिशत, वान्तवा ०.२१ प्रतिशत, साङपाङ ०.०९ प्रतिशत, र अन्य ०.४० प्रतिशत रहेका छन्। गाउँपालिकाको कुल जनसङ्ख्यामा हिन्दु ४२.४० प्रतिशत, बौद्ध ७.६ प्रतिशत, किरात ४४.९३ प्रतिशत, क्रिश्चियन ५.०५ प्रतिशत रहेका छन्। प्रमुख मातृभाषा अनुसार जनसङ्ख्याको अवस्था हेर्दा नेपाली ५४.३५ प्रतिशत, याक्थुङ/लिम्बु २५.६२ प्रतिशत, तामाङ ३.४४ प्रतिशत, राई ५.०८ प्रतिशत, बान्तवा ४.०९ प्रतिशत, गुरुङ ०.९७ प्रतिशत, थुलुङ ०.६९ प्रतिशत, याक्खा १.२० प्रतिशत र साङ्पाङ २.२९ प्रतिशत रहेका छन्।

सिदिङ्वा गाउँपालिकाका प्रमुख पर्यटकीय स्थलहरु सिदिङ्वाधाम, ढङ्ढङ्गे झरना, तिम्बुङ्क पोखरी, चमेरु गुफा टावरडाँडा छाँगे झरना आदि हुन्। तिम्बुङ्क पोखरी र सिदिङ्वाधाम ताप्लेजुङ जिल्लाको सदरमुकामबाट ६ कोष टाढा साविकको कालिखोला गाविसमा पर्दछ। एक अग्लो स्थानको रुपमा चिनिएको सो ठाउँबाट सूर्योदय र सूर्यास्त भएको मनोरम दृश्य हेर्न सकिन्छ। यसलाई व्यापक प्रचार प्रसार गर्न सकिएमा पर्यटकहरु भित्र्याउन सकिने अवस्था रहेको छ।

गाउँपालिकाका प्रमुख पर्यटकीय स्थलहरु देहाएबमोजिम रहेका छन्।

| क्र.सं. | पर्यटकीय स्थलको नाम | अवस्थित वडा | महत्व | वार्षिक पर्यटक आगमन |
|---|---|---|---|---|
| १ | तिम्बुङ्क पोखरी | | पवित्र धार्मिक स्थल | ४००० |
| २ | सिदिङ्वाधाम | | गापाको नामकरण | २००० |
| ३ | चमेरु गुफा | | पर्यटकीय स्थल | १००० |

| | | | | |
|---|---|---|---|---|
| ४ | ढङ्ढङ्गे झरना | | पर्यटकीय स्थल | २०० |
| ५ | टावरडाँडा | | पर्यटकीय स्थल | २०० |
| ६ | छाँगे झरना | | पर्यटकीय स्थल | २५०० |

### २.५.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्तिः-

यस गाउँपालिकामा घरेलु तथा साना उद्योगहरु दर्ता भएर सञ्चालन हुदै आएका छन्। विशेषगरी मिल, स्थानीय कच्चा पदार्थमा आधारित राडीपाखी, मह उत्पादन, हस्तकलाका सामानमा ढाका कपडा तयार गर्ने घरेलु उद्योगहरु सञ्चालन भएका छन। यस गाउँपालिका भित्र २०८० सम्म दर्ता भएका घरेलु तथा साना उद्योगहरुको विवरणको अध्ययन गर्दा साना उद्योग २, घरेलु उद्योग २, वडा नम्बर १ मा लघु र ठूला उद्यम एक/एकवटा गरी ५ वटा उद्योग दर्ता रहेका छन्।

गाउँपालिकाको १० वर्ष र सोभन्दा माथिका व्यक्तिले गणनाको समय देखि अघिको १२ महिना सम्म गरेको आर्थिक क्रियाकलापको औद्योगिक क्षेत्र अनुसारको जनसङ्ख्या तालिका ... मा दिइएको छ।

| **औद्योगिक क्षेत्र** | **कुल** | **पुरुष** | **महिला** |
|---|---|---|---|
| कृषि | ८२.३० | ८३.४ | ८१ |
| खानी | ०.१ | ०.१ | ०.०३ |
| निर्माण | १.०७ | १.३ | ०.९ |
| बिजुली | ०.१ | ०.१ | ०.१ |
| पानी | ०.०५ | ०.१ | ० |
| निर्माण | २.७ | २.७ | २.६ |
| थोक व्यापार | ६.४ | ५.१ | ८ |
| यातायात | ०.३ | ०.६ | ०.०३ |
| आवास | ०.२ | ०.२ | ०.२ |
| जानकारी | ०.१ | ०.१ | ०.१ |
| वित्त | ०.१ | ०.१ | ०.०३ |
| घरजग्गा व्यापार | ०.०२ | ० | ०.०३ |
| पेशाविद्हरू | ०.१ | ०.१ | ०.०३ |
| व्यवस्थापक | ०.१ | ०.०३ | ०.१ |
| सार्वजनिक प्रशासन | ०.१ | ०.६ | ०.१ |

| औद्योगिक क्षेत्र | कुल | पुरुष | महिला |
|---|---|---|---|
| शिक्षा | २.९ | ३.३ | २.५ |
| मानवस्वास्थ्य | ०.५ | ०.३ | ०.७ |
| कला | ०.०५ | ०.१ | ० |
| अन्य सेवा | १.८ | १.३ | २.३ |
| घरायसी क्रियाकलाप | ०.७ | ०.२ | १.३ |
| बाह्य संघसंस्था एवम् यसका अङ्गहरुका क्रियाकलापहरु | ०.१ | ०.०३ | ०.१ |
| उल्लेख नभएको | ०.०३ | ०.०३ | ०.०३ |

यस अनुसार सबैभन्दा बढी कृषि उद्योगमा ८१.० प्रतिशत जनसङ्ख्या रहेको छ जसमा पुरुष ८२.३० प्रतिशत र महिला ८३.४ प्रतिशत रहेका छन्। त्यसपछि क्रमशः थोक तथा खुद्रा व्यापार र शिक्षा क्षेत्र रहेका छन्। घरेलु तथा साना उद्योग कार्यालयबाट प्राप्त तथ्याँक अनुसार गाउँपालिकामा औपचारिक रुपमा दर्ता उद्यम, उद्यमी र चुक्ता पुँजीको विवरण तालिका ... मा दिइएको छ।

| | |
|---|---|
| जम्मा दर्ता उद्यम | ५ |
| जम्मा दर्ता उद्यमी | ५ |
| कूल चुक्ता पूँजी | |

### २.५.४ आम्दानी, रोजगारी र वित्तीय सेवाः-

१० वर्ष र सोभन्दा माथिका अक्सर आर्थिक रुपमा सक्रिय व्यक्तिहरुको रोजगारीको अवस्था अनुसारको जनसङ्ख्या हेर्दा रोजगार ५८.५५% र बेरोजगार ०.४५% रहेका छन्। गाउँपालिकाको १० वर्ष र सोभन्दा माथिका व्यक्तिले गणनाको समय देखि अघिको १२ महिना सम्म गरेको आर्थिक क्रियाकलापको पेशा अनुसारको जनसङ्ख्या तालिका ३ मा प्रस्तुत गरिएको छ।

| आर्थिक क्रियाकलापको पेशा | कुल | पुरुष | महिला |
|---|---|---|---|
| सशस्त्र बल | ०.०२ | ०.०३ | ० |
| व्यवस्थापक | १.५२ | १.७१ | १.३ |
| पेशाविद्हरू | ३.०३ | ३.४३ | २.५६ |
| प्राविधिक तथा सहायक पेशाविद्हरू | ०.५० | ०.४० | ०.६१ |
| कार्यालय सहायकहरू | ०.४७ | ०.५४ | ०.३८ |
| सेवा तथा वस्तु बिक्री गर्ने कामदारहरु | १.९० | १.८० | २.०१ |
| कृषि वन र माछापालन कार्यमा दक्ष कामदारहरु | ७८.६१ | ७९.८३ | ७७.१६ |
| शिल्पकला तथा कारिगरी र यस सम्बन्धी व्यापार गर्ने कामदारहरु | १.८४ | २.५४ | ०.९९ |

| | | | |
|---|---|---|---|
| कारखाना तथा यन्त्र प्रचालक र जडान गर्ने कामदारहरु | ०.४२ | ०.७४ | ०.०३ |
| सामान्य वा प्राथमिक पेशाका कामदारहरु | ११.७० | ८.९७ | १४.९५ |

१० वर्ष र सोभन्दा माथिका व्यक्तिले गणनाको समय देखि अघिको १२ महिना सम्म गरेको आर्थिक क्रियाकलापहरुको औद्योगिक क्षेत्रको रुपमा कृषि, खानी, निर्माण, बिजुली, पानी, निर्माण, थोक व्यापार, यातायात, आवास, जानकारी, वित्त, घरजग्गा व्यापार, पेशाविद्हरू, व्यवस्थापक, सार्वजनिक प्रशासन रहेको छ।

१० वर्ष र सोभन्दा माथिका व्यक्तिले गणनाको समय देखि १२ महिना अगाडि सम्म गरेको मुख्य आर्थिक काम गर्दा रोजगारीको संलग्नता अनुसारको जनसङ्ख्या हेर्दा ६९.९२ प्रतिशतको आफ्नै खाता रहेको छ। यस अनुसारको जनसङ्ख्याको वितरण देहाएबमोजिम रहेको छ।

| रोजगारीको संलग्नता | कुल | पुरुष | महिला |
|---|---|---|---|
| कामदार | १०.८४ | ११.० | १०.६५ |
| रोजगारदाता | ०.२२ | ०.१४ | ०.३१ |
| आफ्नै खाता | ६९.२ | ७४.५१ | ६४.४४ |
| पारिवारिक आपूर्ति | १९.०१ | १४.३१ | २४.६२ |

### २.५.५ सहकारी:-

गाउँपालिकाले कृषि सहकारी संस्थालाई व्यावसायिक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्प्रेरित गरेको छ। खेतिपाति र पशुपालनमा कृषकहरूलाई उत्प्रेरित गर्ने उद्देश्यले कृषक समूह गठन कार्यविधि तर्जुमा भएको छ। चालू आर्थिक वर्षमा माथिल्लो र तल्लो भेगका कृषकहरूलाई समेट्ने उद्देश्यले १२ लाखको लागतमा तरकारी पकेट क्षेत्र सञ्चालन गरिएको छ। किसान सूचीकरणको कार्यले पूर्णता पाएको छ भने आगामी दिनमा किसान परिचय पत्र वितरण गर्ने गरी तयारी गरिएको छ।

## २.६ सामाजिक विकासको अवस्था

बि सं २०७८ को जनगणना अनुसार सिदिङ्वा गाउँपालिकामा ५७१ जिवीत जन्मेका बच्चाहरुमध्ये ७२१ (६४.६%) ले जन्मदर्ता गराएका छन् भने ३९५ (३५.४%) ले जन्मदर्ता गराएका छैनन्। गाउँपालिकामा शारीरिक अपाङ्गता भएको जनसंख्या ३९.० प्रतिशत रहेको छ। तिमध्ये महिलाहरुको प्रतिशत ३८.९ छ भने पुरुषहरुको प्रतिशत ३९.१ रहेको छ। गाउँपालिकाको अपाङ्गताको प्रकारअनुसार जनसंख्या तालिकामा दिइएको छ।

| अपाङ्गताको प्रकार | कुल | पुरुष | महिला |
|---|---|---|---|
| शारीरिक अपाङ्गता | ३९.० | ३९.१ | ३८.९ |
| न्यून दृष्टियुक्त | १२.४ | १०.५ | १४.३ |
| दृष्टिविहीन | ५.० | ५.३ | ४.८ |

| | | | |
|---|---|---|---|
| बहिरोपन | ९.३ | ९.८ | ८.७ |
| मनोसामाजिक अपाङ्गता | २.३ | ३.० | १.६ |
| न्यून श्रवणशक्ति | ९.३ | ९.८ | ८.७ |
| बहिरोपन एवम् दृष्टिविहीन | २.३ | ३.० | १.६ |
| मानसिक वा मनोसामाजिक | ९.७ | ११.३ | ७.९ |
| बौद्धिक अपाङ्गता | १.२ | १.५ | ०.८ |
| आनुवंशीय रक्तश्राव (हेमोफेलिया) | ०.८ | ०.८ | ०.८ |
| अटिजम् | ० | ० | ० |
| बहुअपाङ्गता | ८.९ | ६.० | ११.९ |

### २.६.१ स्वास्थ्य तथा पोषणः-

सिदिङ्वा गाउँपालिकामा गाउँपालिकास्तरको स्वास्थ्य चौकी ७ र सामुदायिक स्वास्थ्य इकाई २ रहेको छ। गाउँपालिकालाई पूर्ण खोप गाउँपालिका घोषणा गरिएको छ। गाउँपालिकाले ५ शैय्याको पालिका स्तरीय अस्पताल प्रस्ताव गरेको छ। हाल प्राथमिक स्वास्थ्य केन्द्र साब्लाखुबाट भिडियो एक्स-रे, ल्याब, प्रसुति लगायतका सेवा उपलब्ध हुँदै आएको छ। गाउँपालिकास्तरका मेहेले स्वास्थ्य चौकी, साब्लाखु स्वास्थ्य चौकी र सामूदायिक स्वास्थ्य इकाईमा पनि गुणस्तरीय सेवा सञ्चालन हुँदै आएको छ। सादेवा स्वास्थ्य चौकीमा बर्थिङ्ग सेवा सञ्चालनमा ल्याइएको छ।

### २.६.२ शैक्षिक विकासः-

गाउँपालिकाको कूल साक्षरता दर ८०.४४ प्रतिशत रहेको छ जसमध्ये पुरुष साक्षरता दर ८६.०४ प्रतिशत र महिला साक्षरता दर ७४.७१ प्रतिशत रहेको छ। गाउँपालिकाको ५ वर्ष वा सोभन्दा माथिका व्यक्तिको साक्षरताको अवस्था अनुसारको जनसंख्या तालिकामा दिइएको छ।

| साक्षरता | कुल | पुरुष | महिला |
|---|---|---|---|
| पढ्न र लेख्न दुवै जानेको | ८०.४४ | ८६.०४ | ७४.७१ |
| पढ्न मात्र जानेका | ०.१३ | ०.१८ | ०.६ |
| पढ्न र लेख्न दुवै नजानेको | १९.४२ | १३.८८ | २५.०८ |

गाउँपालिकाको ५ वर्ष वा सोभन्दा माथिका व्यक्तिले उत्तीर्ण गरेको शैक्षिक तह अनुसारको जनसंख्याको अवस्था हेर्दा विद्यालय गएका **७९६८** जनामध्ये **२७०७** प्राथमिक तह र **१५३९** उच्च माध्यमिक तह उत्तीर्ण गरेको बाहेक अन्य तह उत्तीर्ण गर्नेको सङ्ख्या उल्लेख्य रहन सकेको छैन।

| तह | सङ्ख्या |
|---|---|
| पूर्व बालविकास | **२२१** |
| प्राथमिक तह | **२७०७** |
| निम्न माध्यमिक तह | **१८५३** |
| उच्च माध्यमिक तह | **१५३९** |
| एसएलसी | **६२८** |
| प्रविणता | **७९२** |
| स्नातक तह | **१७२** |
| स्नाकोत्तर सरह वा सोभन्दा बढी | **५६** |
| **जम्मा** | **७९६८** |

५ देखि २५ वर्षसम्म एस.एल.सी./एस.ई.ई. तहभन्दा मुनीको शैक्षिक तह उत्तीर्ण गरेको शैक्षिक तहअनुसार जनसंख्याको अवस्था हेर्दा २.२६ प्रतिशत कहिले पनि विद्यालय नगएको, २८.८० प्रतिशत कम्तीमा एकपटक विद्यालय गएको र ६८.९४ प्रतिशत हाल अध्ययनरत देखिएको छ।

| उत्तीर्ण गरेको शैक्षिक तह | कुल | पुरुष | महिला |
|---|---|---|---|
| हाल अध्ययनरत | ६८.९४ | ६८.६९ | ६९.२० |
| कम्तीमा एकपटक विद्यालय गएको | २८.८० | २८.७९ | २८.८१ |
| कहिले पनि विद्यालय नगएको | २.२६ | २.५२ | १.९९ |

१० जोड २ वा सोसरह वा उच्च तह उत्तीर्ण गरेकाको अध्ययनको क्षेत्रअनुसारको जनसंख्याको अवस्था हेर्दा सबैभन्दा बढी शिक्षा विषय अध्ययन गर्ने **५८.७** प्रतिशत जनसङ्ख्या रहेको छ। त्यसपछि क्रमशः व्वस्थापन र मानविकी छ। गाउँपालिकामा प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थी सङ्ख्या अत्यन्त न्यून रहेको छ।

| अध्ययनको क्षेत्र | कुल | पुरुष | महिला |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| मानविकी तथा सामाजिकशास्त्र | १०.७ | ११.७ | ९.७ |
| व्यवस्थापन | १६.३ | १६.५ | १६ |
| शिक्षा | ५८.७ | ५५.५ | ६२ |
| विज्ञान तथा प्रविधि | १.४ | २.७ | ० |
| स्वास्थ्य/चिकित्साशास्त्र | १.६ | १.४ | १.८ |
| इन्जिनियरिङ्ग | १.५ | २.१ | ०.८ |
| कानून | ०.१ | ०.२ | ० |
| कृषि | ०.८ | ०.४ | १.२ |
| वन | ०.३ | ०.२ | ०.४ |
| पशुविज्ञान/पशुचिकित्सा/मत्स्यपालन | ०.३ | ०.६ | ० |
| कम्प्युटर/सूचना प्रविधि | ०.८ | १.२ | ०.४ |
| अन्य | ०.५ | ०.८ | ०.२ |

### २.६.३ खानेपानी तथा सरसफाईः-

गाउँपालिकामा खानेपानीको स्रोत अनुसार परिवार सङ्ख्या हेर्दा कुल २४७६ परिवारमध्ये १६८८ परिवारले घरपरिसर भित्रको धारा/पाइप, ७३४ परिवारले घरपरिसर बाहिरको धारा/पाइप, १ परिवारले खुला इनार/कुवा, ३१ परिवारले मूल धारालाई मुख्य स्रोतको रुपमा प्रयोग गर्दछन्।

| खानेपानीको स्रोत | परिवार सङ्ख्या |
|---|---|
| धारा/पाइप (घरपरिसर भित्र) | १६८८ |
| धारा/पाइप(घरपरिसर बाहिर) | ७३४ |
| ट्युबवेल/हाते पम्प | ० |
| ढाकिएको इनार/कुवा | १ |
| खुला इनार/कुवा | ४ |
| मूल धारा | ३१ |
| खोला/झरना | २ |
| जार/बोतल | ७ |

| | |
|---|---|
| अन्य | ९ |

परिवारले प्रयोग गर्ने शौचालयको प्रकार अनुसार परिवार सङ्ख्याको अवस्था हेर्दा २४७६ परिवारमध्ये २१६४ परिवारले फ्लस भएको (सेप्टिक ट्याङ्क) शौचालय, २६८ परिवारले साधारण खाल्डे र १८ परिवारले फ्लस भएको (सार्वजनिक ढल) शौचालय प्रयोग गर्दछन्।

| शौचालयको प्रकार | परिवार सङ्ख्या |
|---|---|
| फ्लस भएको (सार्वजनिक ढल) | १८ |
| फ्लस भएको (सेप्टिक ट्याङ्क) | २१६४ |
| साधारण | २६८ |
| सार्वजनिक | ०५ |
| चर्पी नभएको | २१ |

### २.६.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणः-

गाउँपालिकाको लिङ्ग र उमेर समूहअनुसार परिवारमूलीको संख्या हेर्दा कुल २४७६ परिवारमध्ये ४०८ परिवार मूली महिला रहेका छन्। सो मध्ये १५-१९ बर्ष उमेर समूहमा ३ र २०-२९ बर्ष उमेर समूहमा ४४ परिवार मूली महिला रहेका छन्। यो सङ्ख्या उल्लेख्य रुपमा त्यसपछिमात्र बढ्न गएबाट ढल्किंदो उमेरमा मात्र महिलालाई परिवारमूलीको हसियत दिने गरिएको देखिन्छ। पुरुष परिवारमूलीको तुलनामा भने यो सङ्ख्या न्यून हो।

| उमेर समूह | पुरुष मूली | महिला मूली |
|---|---|---|
| ७० माथि | १९० | ५९ |
| ६०-६९ | ३५४ | ९१ |
| ५०-५९ | ५३२ | ८८ |
| ४०-४९ | ४१५ | ५५ |
| ३०-३९ | ३७६ | ६७ |
| २०-२९ | १९३ | ४४ |
| १५-१९ | ७ | ३ |
| १४ मुनी | १ | १ |

बालबालिकाको बसोबासको अवस्था हेर्दा बाबु र सौतेनी आमासँग बसोबास गर्ने बालबालिका ०.६ प्रतिशत आमा र सौतेनी बाबुसँग बसोबास गर्ने ०.१ प्रतिशत, अन्य नातेदारसँग २.३ प्रतिशत, रोजगारदातासँग ० बसोबास गरेका छन् बाँकी बालबालिक आमा वा बाबुसँग बसोबासगर्ने गरेका छन्।

| बालबालिकाको बसोबास | कुल | पुरुष | महिला |
|---|---|---|---|
| आमा र बाबु | ८७.२० | ८७.६० | ८६.९० |
| आमा मात्र | ७.८ | ७.९ | ७.७ |
| बाबु मात्र | १.७ | १.७ | १.७ |
| बाबु र सौतेनी आमा | ०.६ | ०.६ | ०.७ |
| आमा र सौतेनी बाबु | ०.१ | ०.२ | ०.०५ |
| अन्य नातेदार | २.३ | २ | २.६ |
| रोजगारदाता | ० | ० | ० |
| अन्य | ०.१ | ०.०५ | ०.२ |
| उल्लेख नभएको | ०.०५ | ० | ०.१ |

अचल सम्पत्तिमा महिलाको स्वामित्व अनुसार परिवार संख्याको अवस्था हेर्दा २४७६ परिवारमध्ये २११९ परिवारमा महिलाको स्वामित्वमा घरजग्गा नभएको देखिन्छ। १४१ परिवारमा मात्र महिलाको स्वामित्वमा घरजग्गा रहेको छ। १६९ परिवारमा मात्र महिलाको स्वामित्वमा जग्गा मात्र रहेको छ भने १४ परिवारमा मात्र महिलाको स्वामित्वमा घर मात्र रहेको छ। प्रतिशतका आधारमा सो सङ्ख्या तालिका ... मा दिइएको छ।

| महिला स्वामित्व | प्रतिशत |
|---|---|
| घर मात्र भएको | ०.६ |
| जग्गा मात्र भएको | ६.८ |
| घर र जग्गा दुवै भएको | ५.७ |
| घर र जग्गा दुवै नभएको | ८५.६ |
| उल्लेख नभएको | १.३ |

### २.६.५ युवा, खेलकुद तथा कलाः-

चालू आ. व. मा खेलकूदको विकास गर्न विभिन्न खेलहरूका लागि खेलकूद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भारलाई निरन्तरता प्रदान गर्ने, गाउँपालिका खेलकूद विकास समितिको

क्षमता विकास, थप व्यवस्थित र चलयमान बनाउने, वैदेशिक रोजगारबाट फर्केका युवाहरूले आर्जन गरेको ज्ञान र सीप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रमसँग आबद्ध गर्ने, युवा रोजगारी न्यूनीकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सीप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने, बिपन्न, गरिब र सुकुम्वासी परिवारका युवाहरूलाई सीपमूलक तालिमहरु जस्तोकी; इलेक्ट्रोनिक्स सामग्री मर्मत, प्लम्बिङ्ग, इलेक्ट्रिसियन, ब्यूटी पार्लर, होटल म्यानेजमेन्ट, ब्यावसायिक पशुपालन तथा तरकारी खेती जस्ता तालिमहरू प्रदान गरी गरिबी न्यूनीकरण र जिविकोपार्जनमा सहजीकरण गर्ने कार्यक्रम तय गरिएको छ।

## २.७ पूर्वाधार तथा शहरी विकासको अवस्था

### २.७.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणः-

घरको स्वामित्व अनुसार परिवार संख्याको अवस्था हेर्दा २४७६ घरपरिवारमध्ये आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने घरपरिवार ९७.१० प्रतिशत रहेका छन्। भाडामा बसोबास गर्ने १.३ प्रतिशत छन् भने संस्थागत ०.२ प्रतिशत रहेका छन्।

लक्षित समूहका लागि गाउँपालिकाले आयआर्जनको कार्यक्रमहरू अघि बढाएको छ। सुरक्षित नागरिक आवास कार्यक्रम तथा विपन्न नागरिक आवास कार्यक्रममार्फत फुसको छाना विस्थापन गरी ५० जना घरपरिवारलाई टिनको छाना तथा दलित विपन्न परिवारलाई नागरिक आवास कार्यक्रम मार्फत १० जना घरपरिवारलाई सुरक्षित घर निर्माण कार्य भएको छ।

घरको जगको बनोट अनुसार परिवार संख्याको अवस्था हेर्दा माटोको जोडाई भएको ईँटा/ढुङ्गा हुने घरपरिवार सबैभन्दा बढी ९६.४ प्रतिशत रहेका छन्। सिमेन्टको जोडाई भएको ईँटा/ढुङ्गा र ढलान पिल्लर सहितको जग भएको सुरक्षित आवास भएका परिवार ०.३ वा सोभन्दा कम प्रतिशत मात्र छन्।

| जगको बनोट | प्रतिशत |
|---|---|
| माटोको जोडाई भएको ईँटा/ढुङ्गा | ९६.४ |
| सिमेन्टको जोडाई भएको ईँटा/ढुङ्गा | १.७ |
| ढलान पिल्लर सहितको | ०.३ |
| काठ/बाँसको खम्बा गाडेको | १.५ |
| अन्य | ०.२ |

गाउँपालिकामा घरको बाहिरी गारो माटोको जोडाई भएको ईँटा/ढुङ्गा प्रमुख रुपमा रहेको छ। यो सङ्ख्या ९३.८ प्रतिशत रहेको छ। सिमेन्टको जोडाई भएको ईँटा/ढुङ्गा बाहिरी गारो १.५ प्रतिशतमात्र रहेको छ।

| घरको बाहिरी गारो | प्रतिशत |
|---|---|
| माटोको जोडाई भएको ईँटा/ढुङ्गा | ९३.८ |
| सिमेन्टको जोडाई भएको ईँटा/ढुङ्गा | १.५ |

| | |
|---|---|
| काठ/फल्याक | १.७ |
| बाँसजन्य सामग्री | २.७ |
| काचो ईँटा | ० |
| जस्ता/टिन/च्यादर | ०.३ |
| प्रिफ्याब | ० |
| अन्य | ०.०४ |

घरको छानोको बनोट अनुसार परिवार संख्या तालिका ... मा दिइएको छ जस अनुसार जस्ता/टिन/च्यादरको छानो ८७.८० प्रतिशत रहेको छ। त्यसपछि क्रमशः खर/पराल/छवालीको छानो, सिमेन्ट ढलान छानो, टायल/खपडा/झिँगटीको छानो र काठ/फल्याकको छानो रहेको छ।

| छानोको बनोट | प्रतिशत |
|---|---|
| जस्ता/टिन/च्यादर | ८७.८० |
| सिमेन्ट ढलान | ०.६ |
| खर/पराल/छवाली | १०.५ |
| टायल/खपडा/झिँगटी | ०.६ |
| ढुङ्गा/स्लेट | ० |
| काठ/फल्याक | ० |
| माटो | ० |
| अन्य | ०.४ |


घरको भुइँको बनोट अनुसार परिवार संख्या तालिका ... मा दिइएको छ जस अनुसार माटो ९४.६ प्रतिशत रहेको छ। त्यसपछि क्रमशः सिमेन्ट ढलान, काठको फल्याक/बाँस, ईँटा/ढुङ्गा र सेरामिक टायल रहेको छ।

| भुइँको बनोट | प्रतिशत |
|---|---|
| माटो | ९४.६ |
| काठको फल्याक/बाँस | २.३ |
| ईँटा/ढुङ्गा | १.०१ |
| सेरामिक टायल | ०.२ |
| सिमेन्ट ढलान | १.७ |
| अन्य | ०.१ |

### २.७.२ सडक, पुल तथा यातायातः-

गाउँपालिकामा २०७४ साल पूर्व सडक पहुँच पुगेको थिएन। हाल सबै वडामा सडकको पहुँच पुगेको छ। गाउँपालिकाको बिभिन्न वस्तीमा सर्वयाम गाडी चल्ने सडक पूर्वाधार विस्तार भएको छ।

यस गा.पा. भित्र हाल संचालनमा रहेका सडक यातायात पूर्वाधार र ६ मिटर चौडाई भएको ३ वटा सडक रहेका छन् ।५०२ कि.मि. कच्ची सडक निर्माणाधीन अवस्थामा रहेको ।३१ वटा झो.पु तथा ३ वटा पक्कि पुल निर्माण भैसकेका छन् । यातायातको हिसावले सबै वडाहरु सडक संजालसंग जोडिएका । २८ वटा विभिन्न पर्यटकीय र धार्मिक क्षेत्रहरुलाई समेट्ने पैदल मार्गहरु रहेका छन् जसको कूल लम्बाई ३२१ किलोमिटर रहेको छ ।




| वडा नं. | सडकको नाम | जोडिने बस्तीहरू | | लम्बाई (की.मी.) | प्रकार | लाभान्वित जनसङ्ख्या |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | | | |
| १ | तिम्बुङ पर्यटकीय मोटर बाटो | साब्लाखु | कालीखोला | ३ | कच्ची | २५० |
| २ | सिल्सिले दिसिङ मोटर बाटो | सिल्सिले | कालीखोला | ९ | कच्ची | १८०० |
| २ | जनता आवि हुदै फलैचा डांडा | सिखरेक | ओडेर | ३ | कच्ची | ८०० |
| २ | सिद्धेश्वर मावि हुदै लोक्मवा जाल्पा मोटर बाटो | वडा कार्यालय | बार डांडा | १ | कच्ची | १५० |
| २ | जनता आविदेखि सिदिङ्वा गापा जोडने मोटर बाटो | सिखरेक | सावा खोला | १३० | कच्ची | १८५० |
| ३ | सिदिङ्वा तिम्बुङ पोखरी पर्यटकीय मोटर बाटो | थारपु डांडा | मेहेले | २२ | कच्ची | ७००० |
| ३ | सिदिङ्वा गापादेखि सिल्सिले पार्चथर हुदै सिक्किम जोडने बाटो | साब्लाखु | सिल्सिले | १० | कच्ची | २५०० |
| ४ | कञ्चनजंघा जाने पर्यटकीय क्षेत्र मोटर बाटो | थार्पु | आङखोप | २७ | कच्ची | २२०० |
| ४ | कार्तिक लिम्बुदेन | थार्पु | मेहेले | ३० | कच्ची | २२०० |
| ४ | खडका गाउँ स्वादिन सल्लेरी | साब्लाखु | लिम्बुदेन | ४ | कच्ची | १२०० |
| ४ | रातो माटो जीवन डांडा | रातो माटो | जीवन डांडा | ३ | कच्ची | ६०० |
| ४ | कावेली बार डांडा साब्लाखु | कावेली | सालबोट | २ | कच्ची | ३०० |
| ४ | सल्लेरीदेखि हेल्थ पोष्टसम्म | सल्लेरी | हेल्थ पोष्ट | ३ | कच्ची | २०० |
| ५ | साब्लाखु लिम्बुदिन मेहेले हुदै कञ्चनजंघा वेश क्याम्प क्षेत्रीय सडक | साब्लाखु | मेहेले | २५ | कच्ची | ५००० |
| ५ | साब्लाखु लिम्बदिन मेहेले | साब्लाखु | मेहेले | २० | कच्ची | ३००० |
| ५ | खडका गाउँ भञ्ज्याङ | साब्लाखु | लिम्बुदिन | १० | कच्ची | २००० |
| ५ | चुडथुङग ऐखेदिन | चुडथुङग | ऐखेदिन | ५ | कच्ची | १००० |
| ६ | सा लि मे सु | थार्पु | सुरनम्खिम | २० | कच्ची | २००० |
| ६ | आमेसा खोवाङ | आमेद | कञ्चन भन्जयाङ | १२५ | कच्ची | १६०००० |
| ६ | हप्पुखोला मेहेले सुरनम्खम हुदै कञ्चनजंघा | आम्बेगुदिन | याम्फुदिन | २५ | कच्ची | २५००० |
| ७ | आ मे स खे याम्फुदिन कञ्चनजंघा ग्रामीण | आम्बेगुदिन | याम्फुदिन | २५ | कच्ची | १०००० |
| ७ | मेहेले सुरुमखिम | मेहेले | सुरुमखिम | ० | कच्ची | १००० |
| जम्मा | | | | ५०२ | | २३००५० |

*स्रोत : समूह छलफल तथा जानकार व्यक्ति अन्तरवार्ता, २०७६*

गाउँपालिकामा हाल तालिका ..... अनुसारका पुलहरु रहेका छन्,-

| पुलको प्रकार | वडा नम्बर | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | |
| काठेपुल | | | | | | | ४ | ४ |
| झोलुङ्गेपुल | ७ | ८ | ११ | ७ | ९ | १२ | १० | ६४ |
| स्टिलपुल | | | | | | | | |
| पक्कीपुल | | | | | | | | ३ |
| **कुल जम्मा** | | | | | | | | |

| वडा नं. | पुलको नाम | पुल भएको खोला वा खोल्सीको नाम | जोडिने वस्तीहरू | | झोलुङ्गे/काठे/ट्रष्ट/पक्की | लम्बाई (मि.) | अवस्था | निर्मित साल |
|---|---|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | | | |
| १ | डोवन | डोवन | श्यामत | बमे | झोलुङ्गे | ६५ | ठिकै | २०६३ |
| १ | कालीखोल | कालीखोल | षेतिबर | आकाशे | झोलुङ्गे | ७० | ठिकै | २०६० |
| १ | देवी खोल | जौबारी | षेतिबर | चौतारी | झोलुङ्गे | १० | ठिकै | २०७५ |
| १ | दमै चौतारी | कालीखोल | जौबारी | अकाशे | झोलुङ्गे | ७२ | ठिकै | २०६७ |
| १ | सेपा मार्वादी | चावा | कालीखोल | तेम्बोक | झोलुङ्गे | ८३ | ठिकै | २०७२ |
| १ | तिते डाडा | इवा | चावाटार | पाँचथर | झोलुङ्गे | ७९ | ठिकै | २०७३ |
| १ | हुर्कवारी | इवा | ताप्लेजुङ | पाँचथर | झोलुङ्गे | ५३ | जिर्ण | २०४८ |
| २ | ओडारे | इवा | ओडारे | फलाईचा | झोलुङ्गे | ६० | ठिकै | २०६८ |

## २.७.३ विद्युत् तथा वैकल्पिक ऊर्जा:-

गाउँपालिकाका सबै वडामा विद्युतको पहुँच छैन । २०७८ सम्मको तथ्याँक अध्ययन गर्दा वडा नम्बर १ देखि ७ सम्म विद्युत पुगेको परिवार क्रमशः १५९७ परिवारमा विद्युतको पहुँच नपुगेको देखिएको छ। यसरी हेर्दा ६४.५ प्रतिशत परिवारमा विद्युतको पहुँच पुगेको देखिन्छ।

राष्ट्रिय जनगणना २०७८ बमोजिम खाना पकाउने इन्धनका आधारमा काठ/दाउरा, एल.पि.ग्याँस, विद्युत, गोबर/गुइँठा र बायो ग्याँस प्रयोग गर्ने घरपरिवार सङ्ख्या क्रमशः ९७.६, २.३, ०.१, ०, र ०.०४ रहेको छ। बत्ति बाल्न बिद्युत, सोलार, मट्टितेल, बायो ग्याँस र अन्य इन्धन प्रयोग गर्ने घरपरिवार सङ्ख्या क्रमशः ६४.५, ३४.४, ०.८, ०.०४ र ०.३ रहेको छ।

## २.७.४ सूचना, सञ्चार तथा प्रविधि:-

गाउँपालिकाको सूचना तथा अभिलेख व्यवस्थापनका लागि सूचना तथा अभिलेख केन्द्र स्थापना गरी दस्तावेजहरू व्यवस्थित र सुरक्षित राखे र एकीकृत तथ्याङ्क संकलनमा जोड दिइ तथ्याङ्क संकलनमा एकरूपता ल्याउने नीति लिने, गाउँ कार्यपालिका तथा सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरूलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गर्ने, गाउँपालिकाको पार्श्वचित्र (Profile) लाई अद्यावधिक गर्ने, विद्यालयस्तरमा शिक्षण सिकाइको सुदृढीकरणका लागि सूचना प्रविधिको सीप प्रदान गर्ने, गाउँपालिकाको वेवसाइट अद्यावधिकलाई निरन्तरता दिने, आगामी आर्थिक वर्षबाट भुक्तानी प्रक्रियालाई व्यवस्थित तथा सहज बनाउनका लागि EFT System लागू गर्ने लगायतका कार्य गाउँपालिकाको आगामी आर्थिक बर्षका कार्यक्रम रहेका छन्।

## २.८ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन


### २.८.१ वन तथा जैविक विविधताः-

सिदिङ्वा गाउँपालिका वन सम्पदाको दृष्टिकोणले धेरै धनी मानिन्छ। यस गाउँपालिकाको कूल क्षेत्रफल मध्ये २०५९ हेक्टर क्षेत्रफलमा बनजङ्गल फैलिएको छ । यस गाउँपालिकामा निजी, सामुदायिक, सरकारी र कबुलियत वनहरू रहेका छन्। गाउँपालिकामा १८ सामूदायिक वन रहेका छन् जसले ११९० घरधुरीलाई प्रत्यक्ष फाईदा पुर्याएको छ। यस गाउँपालिकाको हावापानी र भौगोलिक विविधताका कारण यहाँको वन र वनसम्पदामा विविधता पाइन्छ। गाउँपालिकामा बिभिन्न प्रजातिका गुराँसहरु पाइन्छन्। त्यसैगरी यहाँको वनमा साल, सल्ला, देवदार, चाँप, कटुस, ओखर, गुराँस, पिपल, चिलाउने, वर, बाँस, सिमल, उत्तीस, पलाँस लगायतका वनस्पतिहरु पाउन सकिन्छ।

| वनको नाम | वडा नं. | समेटेको घरधुरी | क्षेत्रफल ( हे.) | संचिति दर( क्यू.मि./हे) | वन पैदावरको वार्षिक उत्पादन | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | काठ (क्यू.फि.) | दाउरा (भारी) | जडिबुटी (केजी) |
| गौथले सामुदायिक वन | १ | ४८ | २८६ | ० | ० | ० | ० |
| तिम्बुङ पोखरी महिला सा.व. | १ | २६ | २९० | ० | ० | ० | ० |
| मिचिधिम सामुदायिक वन | १ | १८ | २५० | ० | ० | ० | ० |
| कालीखोला महिला सा.व. | १ | २१ | २८० | ० | ० | ० | ० |
| मुर्मिसे वनपाला | २ | ३२ | ९ | ० | ० | १०० | ० |
| सिदिंवा डाम सामुदायिक वन | २ | ११७ | ५०० | ० | ० | २०० | ० |
| मुर्मिसे सिरिस घारी | २ | ३० | ६ | ० | ० | १०० | ० |
| लसुने टिउरे सामुदायिक वन | ३ | ३०० | २० | ० | ० | ० | ० |
| वनपाला सामुदायिक वन | ३ | १५० | ७६ | ० | ० | ० | ० |
| वनपाला सामुदायिक वन | ४ | ३० | ६ | ० | ० | १०० | ० |
| तेर्से भुसपाते सामुदायिक वन | ५ | ३६८ | १२० | ० | ० | १००० | १००० |
| कुनाबोटे सामुदायिक वन | ६ | ० | ५ | ० | ० | ० | ० |
| तयागु देवी स्थान सा.व. | ६ | ० | ५ | ० | ० | ० | ० |
| बाँफेनी सामुदायिक वन | ६ | ० | ४ | ० | ० | ० | ० |
| सल्लेरी साफेदारी वन | ६ | ० | ७ | ० | ० | ० | ० |
| कालि पोखरी | ७ | ० | २५ | ० | ० | ० | ० |
| रातमाटे | ७ | ० | २० | ० | ० | ० | ० |
| बाम्भेनी | ७ | ५० | १५० | ० | ० | ५० | ० |
| **जम्मा** | | **११९०** | **२०५९** | **०** | **०** | **१५५०** | **१०००** |

*स्रोत : संस्थागत सर्वेक्षण, २०७६*

### २.८.२ भू-संरक्षण तथा जलाधार व्यवस्थापनः-




पहाडी जिल्लाको रुपमा रहेकोले गाउँपालिकामा पहिरो, बाढीको तथा भू-क्षय संवेदनशील रहेको छ। गाउँपालिकामा खोलाले जग्गा, सडक पूर्वाधारको कटान भैरहेको तथा अन्य बाँध र नदी नियन्त्रण आयोजनामा कमी रहेको बृक्षारोपण तथा सो को संरक्षण नभएको स्पर निर्माण संरक्षण नभएको खेती योग्य जमीनको ह्रास भएको भूक्षय, कटान र गल्छीमा बृद्धि जस्ता समस्या रहेका छन्। यसका लागि गाउँपालिकाले सिमसार तथा जलाधार क्षेत्रको विकास र संरक्षणका कार्यक्रमहरु लागू समेत गरेको छ।

### २.८.३ महामारी तथा विपद् व्यवस्थापनः-

विपद् व्यवस्थापनका लागि सुरक्षा निकायतर्फ गाउँपालिकाको साब्लाखु प्रहरी चौकीमा १५ जना प्रहरीको दरबन्दी रहेको छ र हाल कार्यरत ५ जना रहेको अवस्था छ । वर्षातको समयमा अतिवृष्टिका कारण नदी र नालाहरुमा सावीकको भन्दा वढी मात्रामा पानी परी वहाव तिव्र रुपमा आउनाले बाढी पहिरो आउँछ। बाढी पहिरोबाट समय समयमा विभिन्न गाउँपालिका प्रभावित हुने गरेको छ। विगतका १० वर्षमा बाढी पहिरो भूक्षयबाट वार्ड नं. ७ सुरुमखिम, वार्ड नं. ६ मेहेले, वार्ड नं. ३ आङखोपको बुङरुङ छन भने आगलागीबाट साब्लाखु र लिम्बुदिन क्षेत्र बढी प्रभावित भएको जिल्ला विपद् व्यवस्थापन समितिको तथ्याङ्कले देखाएको छ। वि.सं. १९९०, २०४५, २०७२ सालको भुकम्पमा गाउँपालिकामा निकै नै जनधनको क्षति भएको तथ्याङ्कले देखाएको छ। गाउँपालिकामा जंगली जनावर बाँदरको आतंक समेत रहेको छ भने वर्षा यामको समयमा चटयाङ्गवाट पनि जनधनको क्षति हुने गरेको पाइन्छ। जिल्ला विपद् व्यवस्थापन समितिको तथ्याङ्कले साब्लाखुलाई विपद् सङ्कटासन्न गाउँपालिकाको रुपमा देखाएको छ भने गाउँपालिकाको विपद् व्यवस्थापन कोषको मौजुदा स्रोत परिचालन क्षमता बार्षिक बजेट रु ३१ लाख रहेको र हाल रु पाँच लाख रहेको देखाएको छ। सोही समितिको प्रतिवेदन अनुसार गाउँपालिकामा विपद् खोज तथा उद्धार सामग्रींमा Back Hoe loeder १ थान, टेन्ट ठूलो १ थान, कम्बल र बेल्चा २०/२० थान रहेको देखाएको छ। घरधुरी सर्वेक्षण २०७६ तथा पालिका पार्श्वचित्र अनुसार १५४ घरपरिवार जोखिमको दृष्टिकोणले अति संवेदनशील स्थानमा बसोबास गरेको पाइन्छ । पहिरो, नदि कटान, र अति भिरालोमा रहेको र सोबाट प्रभावित हुने घरधुरी क्रमशः ४५, ७, २५, गरि जम्मा ७७ घरपरिवार रहेका छन्। यसरी हेर्दा गाउँपालिकाको शतप्रतिशत घरधुरी कुनै न कुनै विपद्बाट प्रभावित रहेको देखिन्छ।

## २.९ संस्थागत व्यवस्था तथा सुशासन

सिदिङ्वा गाउँपालिकाको आफ्नै वेभसाइटमा सूचना प्रकाशन गर्ने गरिएको छ। सार्वजनिक खरिदमा वार्षिक खरिद योजना तयार गर्ने गरिएको छ। जिन्सी सामान व्यवस्थापनमा महालेखा नियन्त्रकको कार्यालयबाट जारी गरिएको सार्वजनिक सम्पत्ति व्यवस्थापन सूचना प्रणाली (PAMS) प्रयोग गरिएको छ। कार्यालयमा सूचना अधिकारी र नागरिक वडापत्रको व्यवस्था गरिएको छ। सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई कार्यक्रम, सूचनापाटीको समेत ब्यवस्था गरिएको छ।

### २.९.१ सेवा प्रवाहः-

गाउँपालिकाको आफ्नै वेभसाइटमा सूचना प्रकाशन गर्ने गरिएको छ। कार्यालयमा सि.सि. क्यामरा जडान गरिएको छ। सार्वजनिक खरिदमा वार्षिक खरिद योजना तयार गर्ने गरिएको छ। जिन्सी सामान व्यवस्थापनमा महालेखा नियन्त्रकको कार्यालयबाट जारी गरिएको सार्वजनिक सम्पत्ति व्यवस्थापन सूचना प्रणाली (PAMS) प्रयोग गरिएको छ। कार्यालयमा सूचना अधिकारी र नागरिक वडापत्रको व्यवस्था गरिएको छ। सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई कार्यक्रम, सूचनापाटी, को ब्यवस्था गरिएको छ।

### २.९.२ श्रोत परिचालनः-

आ.व. २०८०/०८१ का लागि आयतर्फ संघीय सरकारबाट सशर्त अनुदान चालुतर्फ रु. १६ करोड ९८ लाख र पुँजिगततर्फ शसर्त अनुदान रु. ८७ लाख, पुँजीगत बिशेष अनुदान ८० लाख, पुँजीगत समपुरक अनुदान ८० लाख, वित्तीय समानीकरण अनुदान रु. ९ करोड ७५ लाख र राजस्व बाँडफाँडबाट रु. ७७ लाख ६० हजारा रहेको छ। त्यसैगरी प्रदेश सरकारबाट सशर्त अनुदान चालुतर्फ रु. ५० लाख ७५ हजार र सशर्त अनुदान पुँजिगततर्फ रु. १,००,०० लाख, वित्तीय समानीकरण अनुदान रु. ५९.६९ लाख, समपुरक अनुदान रु. १,००,०० लाख र राजस्व बाँडफाँडबाट रु. ५ लाख रहेको छ।

आन्तरिक स्रोततर्फ आ.व. २०७९/०८० को आन्तरिक आय रु. २९ लाख ६९ हजार रहेको छ। यसरी गाउँपालिकाले कुल जम्मा ३७ करोड ७६ लाख ३० हजार स्रोत बिभिन्न शीर्षकमा परिचालन गरेको छ।

# परिच्छेद-३
# सोच तथा विकासको अवधारणा

## ३.१ पृष्ठभूमिः

नेपालको संविधानको धारा ५९ को उपधारा (१) मा संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था उल्लेख भएको छ। त्यसैगरी धारा २३२ को उपधारा (१) मा संघ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था उल्लेख छ। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्धेश्य लिएको छ। यसै परिवेशमा आय वृद्धि, गुणस्तरीय मानवपुँजी निर्माण र आर्थिक जोखिमहरूको न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्ममा अतिकम विकसित मुलुकबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने, वि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्यलाई हासिल गर्ने, उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने नेपाल सरकारको लक्ष्य पुग्ने र सामाजिक न्याय सहितको समृद्ध प्रदेश निर्माण गर्ने कोशी प्रदेश सरकारको लक्ष्यसँग तादाम्यता कायम गर्ने र गाउँपालिकामा उपलब्ध साधनस्रोतको अत्युत्तम प्रयोग गरी गाउँपालिका समृद्धीको मार्ग तयार गर्नेगरी यो आवधिक योजनाको सोच, लक्ष्य, उद्धेश्य, रणनीति तथा कार्यनीति र कार्यक्रम तय गरिएको छ।

## ३.२ विद्यमान सम्भावना र अवसरहरुः-

### क) कृषिमा उन्नत प्रविधिको प्रयोगः-

गाउँपालिकामा धान, गहुँ, मकै, कोदो, जौ, फापर, सिमी, अलैंची, उखु, अदुवा, बेसार, सुन्तला एभोकाडो, आदि वालीहरुको उत्पादन भईरहेको छ। यस क्षेत्रमा व्यवसायिक तरकारी खेतीका लागि उपयुक्त हावापनी पाईने भएकोले यस गाउँपालिकामा कृषिका अन्य उत्पादनको व्यवसायीकरण तथा बजारीकरणबाट गाउँपालिकाको विकासमा फड्को मार्न सम्भव छ। यान्त्रिकीकरण तथा प्रविधिमा आएको आमूल परिवर्तन उपयोग गरी गाउँपालिकाको आर्थिक विकासको गतिलाई तिव्रता दिन सकिन्छ। खास गरी गाउँपालिकामा वढी सम्भावनाको रुपमा देखिएको जटिबुटी, तरकारी, अलैंची, चिया, उखु, कफी, चिउरी, आलु लगायतको उत्पादनलाई जोड्न सकिन्छ।

### ख) पर्यटनमार्फत विकासः-

गाउँपालिकामा पर्यटन विकासको सम्भावना प्रचुर मात्रामा रहेको छ । यहाँ रहेका सिदिङ्वाधाम, टावरडाँडा, तिम्बुङ पोखरी, छाँगे झरना, ढङढङ्गे झरना, लगायत धार्मिक, साँस्कृतिक, प्राकृतिक स्थलहरु पर्यटन विकासको प्रमुख सम्भावना भएका क्षेत्रहरु हुन्। यस क्षेत्रमा रहेका पर्यटकीय सम्भावना बोकेका स्थलहरुको पूर्वाधार विकास, प्रचारप्रसार, पर्यटन उद्योग र मानसिकता विकास, उद्यमशील शोचको लागि प्लेटफर्म र स्टार्टअप कोषको व्यवस्था गरी पर्यटन विकास गर्न सकिन्छ। यसबाट स्थानीय स्तरमा नै रोजगारी वृद्धि गर्न सकिन्छ।

### ग) प्राकृतिक श्रोत तथा साधनः-

गाउँपालिकामा पाईने न्यानो तथा ठण्डा समसितोष्ण हावापानीले गर्दा उत्पन्न हुने जैविक विविधताले यस क्षेत्रलाई सम्भावनायुक्त बनाएको छ। वनक्षेत्र गाउँपालिकाको प्रमुख सम्भावनाको क्षेत्र हो। सरकार-किसान-निजी क्षेत्रको साझेदारीले कृषि वनको विकास, बाँझो र हैसियत बिग्रेको वन गरिब किसानलाई फलफुल उत्पादनका लागि दिने नीति लिए वनलाई गरिबी निवारणको लागि प्रयोग गर्न सकिन्छ। डिभिजन वन कार्यालयको समन्वयमा ढलापडा काठको व्यवस्थापन र सहर निर्यात गरी आयआर्जन र देशब्यापी काठको मागलाई सम्बोधन गर्न सकिन्छ। गाउँपालिकामा उद्योगको लागि चाहिने कच्चा पदार्थको लागि बॉस, लोक्ता, अल्लो, खोटो उत्पादन वन क्षेत्रबाट गर्न सकिन्छ।

### घ) घरेलु र साना उद्योगको विकासः-

स्थानीय वस्तुको प्रयोग गरी अचार, सस, बेकरी, लाहा उत्पादन र प्रशोधन, टपरी बनाउने, नास्पाती प्रशोधनबाट जाम बनाउने, तेजपातको तेल उत्पादन उद्योग, पशुपन्छीको दाना उत्पादन गर्ने, दुग्धजन्य, ढाका, मुडा, नाङ्लो, डोको, कुर्सी, कुचो लगायत सहरी क्षेत्रमा माग बढी रहेका सामानहरुको घरेलु उद्योग स्थापना गर्न सकिन्छ।

### ङ) दक्ष जनशक्ति उत्पादन र परिचालनः-

शिक्षा, स्वास्थ्य र उद्मशीलता जस्ता मानवपूँजी निर्माणका पूर्वाधारमा लगानी गरी युवा जनशक्तिलाई थप ज्ञान र सीप दिलाउन सकिएमा यस गाउँपालिकामा आवश्यक पर्ने दक्ष जनशक्तिको परिपूर्ति भई आर्थिक विकासमा थप योगदान पुग्ने देखिन्छ। यसबाट गाउँपालिकामा हुने आर्थिक गतिविधि समेत बढ्ने सम्भावना देखिन्छ। प्राविधिक र जीविकामूखी शिक्षा, परामर्श र अवसरको अभावका कारण उत्पादनशिल जनशक्ति विशेष गरी ठूलो सङ्ख्यामा युवाहरु विदेश तथा शहर पलायन हुने गरेका छन्। यसका साथै आन्तरिक तथा वाह्य श्रम बजारमा प्राविधिक सीपयुक्त मानव संसाधनको अत्यधिक माग रहेको छ। गाउँपालिकाको विकासका साझेदार सरकारी, गैर सरकारी, सहकारी र निजी क्षेत्रको लगानी तथा साझेदारीमा स्थानीय मानवीय शक्तिलाई दक्ष र सीपयुक्त बनाउन सकिने अवसर गाउँपालिकाको लागि रहेको छ।

### च) संस्थागत क्षमता तथा सुशासन अभिवृद्धिः-

स्थानीय लोकतन्त्रको प्रवर्द्धन गरी मानवीय छनोटलाई विस्तार गर्न सकिन्छ। विकास र नीति निर्माणमा जनताको प्रत्यक्ष सहभागिता गराउने गरी संस्थागत ब्यवस्था गर्न सकिने अवसर छ। सिमित बाहेक ठूलो शिक्षित जनशक्ति लोकतन्त्रमा विश्वास गर्ने हुनाले लोकतान्त्रिक संस्था तथा मञ्चलाई प्रयोग गर्न सक्ने अवसर छ। यस सम्बन्धी उपलब्ध संवैधानिक तथा कानूनी व्यवस्था. औजार तथा रणनीतिहरुको राजनीतिक, प्रशासनिक र नागरिकस्तरबाट समेत परिपालना गर्न सके सहभागितामूलक विकासको अवधारणा अनुसार विकास कार्यलाई दिशानिर्देश गरी अपेक्षित परिणाम तथा प्रभावकारिता हासिल गर्न सकिन्छ।

### छ) रैथाने सीप र प्रविधिको विकास तथा विस्तारः-

गाउँपालिकामा बिभिन्न जातजाति, भाषा, धर्म, संस्कृति र भौगोलिक क्षेत्र अनुसार स्थानीयवासीहरुमा रैथाने परम्परागत ज्ञान, सीप, र प्रविधिहरु प्रचलनमा रहेको छ। यस्तो ज्ञान, सीप र प्रविधि सरकारको लगानी र प्रयासबिना नै पुस्तान्तर हुने गरेको छ। उक्त सीप तथा प्रविधि हस्तान्तरणबाट उच्च माग भएका र साँस्कृतिक अपनत्व झल्किने बस्तु र सेवाको निकासी गरी जनताको जीवनस्तर उकास्न सकिने अवसर छ।

### ज) पशुपालनः-

गाई, भैंसी, बाख्रा, बंगुर/सुँगुर, कुखुरा, भेडा पालनको लागि उपयुक्त हावापानी भएकोले गाउँपालिकामा विविध पशुपालनको सम्भावना रहेको देखिन्छ। हाल जीविको पार्जनको रुपमा रहको पशुपालनलाई व्यवसायिक गरी जनताको जीवनस्तर उकास्न सक्ने अवसर समेत छ। यसका लागि गाउँपालिकामा पशुपन्छी शाखामार्फत लगानी तथा सेवा प्रवाहको व्यवस्था गर्न सकिन्छ। साथै संघीय पकेट क्षेत्र विकास कार्यक्रमसँग समन्वय तथा स्थानीय पकेट क्षेत्र विकास कार्यक्रम समेत बनाउन सकिने अवसर छ।

### (झ) जडिबुटी खेति तथा व्यवसायीकरणः-

जडिवुटी खेतिका लागि अनुदान सहायता तथा प्राविधिक ज्ञान हस्तान्तरण गरी वनमा मात्र हुने उच्च माग र मूल्यका जडिबुटीको व्यवसायीकरण गर्न सकिएमा स्थानीयवासीको आर्थिक विकासमा मनग्य फाइदा लिन सकिने अवस्था छ। उपयुक्त हावापानी र उचाईका कारण जडिबुटीमा लगानी गर्न सकिन्छ।

### (ञ) सहकारी र वित्तीय क्षेत्र विकासः-

राज्यको तीन खम्बे अर्थनीति रहेको हुँदा सहकारी क्षेत्रलाई कृषि, उद्योग, वित्तीय सेवा प्रवाह, पशुपालन, सार्वजनिक सेवा प्रवाह, सामाजिक उर्जाको उपयोग, बचत र लगानीमा वृद्धि गर्न सकिने सम्भावना भएतापनि नियमनको दायरामा ल्याउनुपर्ने छ।

## ३.३ प्रमुख समस्या तथा चुनौतीः-

यस गाउँपालिकाको विगतको विकास प्रयास र उपलब्धीहरु एवम् वस्तुस्थिति विवरण तथा सहभागितात्मक छलफलबाट पहिचान गरिएका समस्या तथा चुनौती देहाएबमोजिम रहेका छन्,-

### क) सिँचाईको अभावः-

सिदिङ्वा गाउँपालिकामा वर्षैभरि सिंचाई उपलव्ध हुने खालका २४ वटा सतही कुलो उपलव्ध रहेका देखिन्छ । यी सिंचाईका पूर्वाधारबाट ५८२३ हेक्टर जमिन सिंचित हुने गरेको र ७५६ घरपरिवार लाभान्वित हुने गरेको छ । निर्माण भएका र संचालनमा आएका अधिकांश सिंचाईका कुलो सतही र कच्ची प्रकारका छन् । हाल संचालनमा रहेको यी कुलोहरु लम्बाईको आधारमा ४७१ किमी लामो छ जुन समय सापेक्ष मर्मत सुधार आवश्यकता छ । सिँचाईंमा तीनतहका सरकारको एकीकृत कार्यक्रम नहुँदा यी संचालित सिंचाईलाई व्यवस्थित गर्ने समस्या देखिएको छ।

### ख) यातायातको अभावः-

सिदिङ्वा गाउँपालिकाको सदरमुकाम साब्लाखु भन्ज्याङबाट पालिकाको ७ वटै वडामा पुग्ने सडक सञ्जालको ट्याक खोलिसकिएको अवस्था छ । सबै वडाहरुमा पालिका सदरमुकाम देखि वडासम्म सडक सञ्जालले छोएको भएता पनि स्थानीय वडा भित्र अझै पनि सडकको पहुँच छैन । स्थानीय बासिन्दाहरु सडकसम्म पुग्न अझै पनि १ घण्टाको बाटो हिड्नु पर्ने बाध्यता रहेको छ । निर्माणाधिन र नयाँ ट्याक भएकोले खोलिएका सडकहरु १२ महिना सञ्चालन हुने अवस्थामा छैन । जिल्ला सदरमुकाम तथा अन्तरजिल्ला जोड्ने सडकको अवस्था अत्यन्तै नाजुक रहेको छ । सडक पूर्वाधारको रुपमा भएको सबै सडकहरु कच्ची रहेको, नाली तथा अन्य सडक संरचनाहरु नभएकोले बर्षायाममा प्रायः अन्य वडाहरु सम्पर्क विहिन हुने अवस्थामा रहेको छ । स्थानीय सवारी साधनहरु पनि पर्याप्त नभएकोले एक ठाँउबाट अर्को ठाँउमा जान आउन पैदल यात्रामै भर पर्नु पर्ने देखिन्छ ।

### ग) शिक्षाको समस्याः-

जनगणना २०७८ को सिदिङ्वा गाउँपालिकाको कूल साक्षरता दरको स्थिति ८०.४४ प्रतिशत रहेको देखिन्छ । पुरुष साक्षरताको तुलनामा महिला साक्षरता दर कमजोर देखिएको छ । निरक्षरताको अवस्था हेर्दा पुरुषको तुलनामा महिलाहरु बढि निरक्षर रहेको अवस्था छ । गाउँपालिका क्षेत्रभित्र रहेका कुल ३९ विद्यालय तथा ८ बालविकास केन्द्रहरुको अवस्था अझैपनि नाजुक रहेको छ । विद्यालयहरुमा ७ पक्की भवन हुनु र बाँकी ८८ वटा विद्यालय भवन कच्ची नै रहनु पनि शैक्षिक गुणस्तरमा अझै सुधार गर्नु पर्ने देखिन्छ । विद्यालयमा शैक्षिक गुणस्तर कायम गर्न आवश्यक अपाङ्ग विद्यार्थी श्रोत कक्षा, एकिकृत पाठ्यक्रम इन्टरनेट सुविधा र छुट्टै प्रधानाध्यापक दरवन्दीको स्थिति कुनै पनि विद्यालयमा नरहेको देखिन्छ । अझै पनि विद्यालयहरुमा बालमैत्री शिक्षण विधिको प्रयोग नहुनु, विद्यालय सुधार गुरुयोजना नबन्नु, बाल क्लव गठन र भएका विद्यालय सुधार गुरुयोजना अद्यावधिक नहुनुले पनि गुणस्तर शिक्षामा प्रश्न चिन्ह रहेको देखिन्छ ।

### घ) बेरोजगारीः-

औद्योगिक क्षेत्र विकास हुन नसक्नु, नयाँ उद्योगहरू स्थापना नहुनु, कृषिमा आधुनिकीकरण नहुनु, पुँजी र प्राकृतिक स्रोत र साधनको विवेकपूर्ण प्रयोग गर्न नसक्नु, व्यावसायिक, प्राविधिक शिक्षा, खुलाद्वार नीतिभन्दा सामान्य शिक्षालाई जोड दिँदा जनसङ्ख्यामा उपयुक्त सीपको कमीले गर्दा दीर्घकालीन र शिक्षित बेरोजगार बढाउनु, जुत्ता भाँडाकुँडा कृषि औजार घरेलु सामान सुकुल बाँसका सामान आदिलाई विदेशबाट आयातीत आधुनिक सामानहरूले विस्थापित गर्नाले घरेलु उद्योग लोप भएर जानु जस्ता कारणले गाउँपालिकामा बेरोजगारीको समस्या बढ्दै गएको छ।

### ङ) परम्परागत र जीवन निर्वाहमुखी कृषिः-

कृषि क्षेत्र परिणाम र उपलब्धीमूलक नहुनुमा परम्परागत, निर्वाहमुखी कृषि प्रणालीबाट बाहिर आउन नसक्नु नै मुख्य समस्या हो। समाज परिवर्तनसँगै बजारमुखी र उत्पादन बिक्री आम्दानीबाट चल्ने गर्छ तर निर्वाहमुखी परम्परागत ढाँचाबाट कृषि पेशा गर्ने प्रवृत्तिलाई त्यागेर जमीनले कस्तो उत्पादन दिन्छ र कस्तो उत्पादनले बजार लिन्छ भनी अध्ययन गरेर कृषि उत्पादन गर्न सकिएको छैन। माटोको परीक्षण, मलखाद र खेतको निदानबिना

नै विषादीको प्रयोग जस्ता कारणले कृषिमा लागत बढ्ने र उत्पादन घट्ने गरेको छ। उच्च प्रविधिको प्रयोग गरेर उत्पादन गर्ने र उत्पादनलाई बजारसँग जोड्ने प्रक्रिया स्मार्ट कृषि प्रणाली कार्यक्रमका रुपमा नेपाल सरकारले अघि सारेको छ तर यसको प्रभाव गाउँपालिकामा छेन।

### च) कृषि बजारको अभावः-

भण्डारणको अभाव, स्तरीकरण श्रेणीकरणको अभाव, मध्यस्तकर्ताहरुको प्रधानता, नापतौलका साधानको एकरुपता नहुनु, भिन्न गुणस्तर, कमजोर बजार व्यवस्थापन, विज्ञापन तथा सूचनाको अभावका कारण कृषि बजार अभाव रहेको छ। बजारमा विदेशी वस्तुको आधिपत्य र स्वदेशी उत्पादन ओझेलमा परेको छ। अधिकांश किसानहरू विस्थापित हुन बाध्य छन् र आफ्नो परिवारलाई समर्थन गर्न मामूली कामहरू गर्न बाध्य छन्। कृषिमा युवालाई आकर्षित गराउन सकिएको छैन। कृषकले उत्पादनको लागत मूल्य भन्दापनि तल झरेर बिक्री गर्न संघर्ष गर्नुपरेको छ। सरकारले भारतबाट तरकारी आयातमा कुनै प्रतिबन्ध लगाएको छैन, यसले नेपाली किसानलाई नोक्सान पुर्याएको छ।

### छ) स्वास्थ्य सेवा र औषधी उपचारको अभावः-

सिदिङ्वा गाउँपालिका भित्र करिव ११ वटा स्वास्थ्य संस्था रहेको छ । जसमध्ये ८ वटा स्वास्थ्य चौकी, एउटा सामुदायिक स्वास्थ्य इकाइ र अन्य २ वटा रहेको छ । यी संस्थाहरुमा कूल ५५ स्वास्थ्यकर्मीहरुको स्वीकृत दरवन्दी रहेकोमा ३७ जना कार्यरत देखिन्छ । पालिकाको सदरमुकामको स्वास्थ्य चौकी साबलाखु सामुदायिक स्वास्थ्य चौकीमा जम्मा १ शैया र प्रसुति सेवा नहुनुले पनि स्वास्थ्य स्थितिको अवस्था कस्तो छ भन्न सकिन्छ । पालिका भरि ७ शैयाको अवस्थाले पनि समग्र स्वास्थ्य स्थिति वर्थिङ्ग सेन्टर आदिको अवस्था नजरअन्दाज गर्न सकिन्छ । न्युनतम स्वीकृत दरबन्दी अनुसार स्वास्थ्य सेवामा कर्मचारी नहुँदा यसबाट हुने समस्या अद्यावधिक छदैछ । स्वास्थ्य संस्थामा पहुँचको आधारमा हेर्दा ५२.३ प्रतिशत भन्दा बढी घरपरिवारलाई स्वास्थ्य संस्थामा पुग्न २ घण्टा भन्दा बढी समय लाग्ने गरेको देखिन्छ ।

### ज) सामाजिक समस्याः-

महिलाले घरभित्रका काममा सीमित हुनुपर्ने, परिवारमै परनिर्भर रहनुपर्ने देशब्यापी समस्याको केही अवशेष गाउँपालिकामा समेत देखिन्छ। घरधन्दा, मेलापात र घरभित्रको काममा सिमित हुनु पर्ने अवस्था रहेकोले पनि महिला घरबाहिरको काममा कम देखिन्छन् ।

### झ) विकासको प्राथमिकता र श्रोत विनियोजन कुशलताको अभावः-

बाटोघाटो बनाउनुलाई मात्र विकासको परिभाषामा राखिँदा मानव विकासको पाटो ओझेलमा परेको छ। विकासमा प्राथमिकता अनुसार श्रोत साधनको व्यवस्था गर्न नसक्नु संघ, प्रदेशर स्थानीय सरकारको कमजोरीको रुपमा रहेको छ। संघ र प्रदेशका योजना समेत समन्वयविहिन रहेका छन्।

### ञ) संघ र प्रदेशको स्रोतमा अत्यधिक निर्भरताः-

गाउँपालिकाको आन्तिरक आयमा स्रोत न्यून रहेको र संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण, शसर्त, विशेष र समपुरक अनुदान र बजेटमा विकास निर्माण कार्यहरु गर्नुपर्ने अवस्था रहेको छ। राजस्वको आन्तरिक श्रोतहरुको पहिचान गर्नको लागि गाउँपालिकाले राजस्व अभिवृद्धि गरी स्व-निर्भरतातिर उन्मुख हुन सकेको छैन।

### ट) अपर्याप्त सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारको विकासः-

सडक, स्वास्थ्य चौकी, अस्पताल, शिक्षण संस्था लगायतका पूर्वाधार सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक देखिन्छ। शिक्षण संस्थाहरुमा थप कक्षा कोठा, ल्याब र छात्रावास निर्माण, घेरावार, खेलमैदानहरु व्यवस्थित गर्न जरुरी देखिन्छ। गाउँपालिकाको सेवा प्रवाह नियमित, गुणस्तरीय, भरपर्दो र सेवाग्राही सन्तुष्टिमा खरो उत्रिन जरुरी छ। खानेपानी, सरसफाई, सिंचाई तथा अन्य पूर्वाधार अपर्याप्त रहेको छ। कृषि हाटवजार व्यवस्थापन, कृषि उपज सङ्कलन केन्द्र, शित भण्डार निर्माण, पर्यटकीय पूर्वाधारहरुको विकास अपेक्षित हुन सकेको छैन।

### ठ) न्यून आन्तरिक रोजगारी सिर्जना र श्रम तथा प्रतिभा पलायनः-

गाउँपालिकाको सम्भावनाको अध्ययन गरी रोजगारी सिर्जना गर्ने गरी काम गर्न सकिएको छैन। फलस्वरुप उत्पादनशील श्रमशक्ति र प्रतिभाशाली जनशक्ति विदेश तथा शहर पलायन भइरहेको छ। वैदेशिक रोजगारीको सामाजिक तथा आर्थिक लागतको रुपमा पारिवारिक बिखण्डन र घाइते र मृतकको सङ्ख्या दिनहुँ बढ्दो क्रममा रहेको छ। यसैगरी लैङ्गिक, वर्गीय, जातीय तथा क्षेत्रीय असमानता बढ्दा Gini coefficient र palma Ratio बढ्दो क्रममा रहेको छ। लक्षित वर्गको पहुँच तथा अवसरमा कमी तरमारा हावी हुने शासनको परिणाम स्वरूप असमानतामा कमी आउन सकेको छैन।

### ड) पुरातन तथा भाग्यवादी सोच र संस्कारः-

कर्मलाई भन्दा भाग्यलाई विश्वास गर्ने र अकस्मात हुने चमत्कारमा विश्वास गर्ने जनमानसको सोचमा परिवर्तन आउन सकेको छैन। यसबाट विकास कार्यमा सहभागिता र अपनत्व आउन सकेको छैन भने काम र नतिजामुखी सोचको अभाव रहेको छ। अविकासमा सरकारलाई दोष थोपर्ने आम प्रवृत्तिले दिगो विकासमा स्थानीयकरण हुन सकेको छैन।

### ढ) कठीन भू-बनोट र छरिएर रहेका बस्तीहरुः-

सिमित बजार र सुविधायुक्त स्थानबाहेक गाउँपालिकाका धेरैजसो वस्तीहरु छरिएर रहेका छन्। त्यस्ता वस्तीहरुमा सेवा सुविधा र विकासको प्रवाह कठिन भएको छ। यसले विकासको लागत बढाएको छ। छरिएर रहेका वस्तीहरुलाई एकीकृत वस्ती विकासको कार्यमा व्यवहारिक नीति, योजना, कार्यक्रम र सहयोगको अभाव रहेको छ।

## ३.४ निर्देशक सिद्धान्त

सिदिङ्वा गाउँपालिकाको आवधिक योजना तर्जुमा प्रक्रियाले यस गाउँपालिकामा बसोबास गर्ने सबै जनसमुदायको सामाजिक, आर्थिक, सास्कृतिक र वातावरणीय अवस्थामा उल्लेखनीय परिवर्तन ल्याउने उद्देश्य राखेको हुँदा योजना तर्जुमा प्रक्रियाको लागि निर्देशक सिद्धान्तहरू देहाएबमोजिम तय गरिएको छ,-

- दिगो विकास लक्ष्य २०७२-२०८७ प्राप्ति तथा सो को स्थानीयकरण,
- समृद्ध नेपाल; सुखी नेपालीको राष्ट्रिय लक्ष्य,
- मानव विकास र सम्भावनाको पूर्ण उपयोग,
- गरिबी निवारण र असमानता न्यूनीकरण,
- स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाई, विद्युत, सञ्चार र यातायात जस्ता सेवालाई सर्वव्यापी (Universal) बनाउने र यी गतिविधिहरूमा प्रत्येक व्याक्ति र समुदायको सहज पहुँच पुर्याउने,
- स्वस्थ्य तथा सुरक्षित वातावरण, स्वच्छ हावापानी, यथेष्ट पोषण (खाद्यपदार्थ) तथा आवासमा प्रत्येक व्यक्ति र समुदायको पहुँच स्थापित गर्ने,
- स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाई, विद्युत, सञ्चार, यातायात, मानवअधिकार, सामाजिक न्याय र शासन पद्धति सुधारका प्रयासहरूमा सरकारी, गैरसरकारी, निजीक्षेत्र तथा अन्तर्राष्ट्रिय साझेदारहरूको सहकार्य गर्ने,
- पछाडी पारिएका दलित, जनजाती, गरिब, एकल महिला, अपाङ्ग र पिछडावर्गको सेवामा पहुँच वृद्धि गर्न अवरोध पुर्याउने कारक तत्वहरु पत्ता लगाई सो को सम्बोधन गर्ने गरी कार्यक्रम निर्धारण गर्ने,
- सामाजिक एवम् सांस्कृतिक अवस्थामा असर पुर्याउने प्रचलनमा रहेका कारक तत्व तथा जोखिमहरूको पहिचान गरी निराकरण गर्ने,
- सहभागितामुलक प्रक्रियाबाट प्राथमिकता तथा लक्ष्यहरूलाई अन्तिम रूप दिने,
- सामाजिक न्याय एवम् सुरक्षा कायम गर्ने,
- विकासमा जनसहभागिता बढाउने,
- प्राकृतिक स्रोत र साधनको दिगो र कुशल व्यवस्थापन गर्ने,
- महिला सशक्तिकरण र लैङ्गिक न्याय कायम गर्ने।

## ३.५ दीर्घकालीन सोच

गाउँपालिकाको आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठीमा सहभागीहरु वीच गरिएको छलफल, विषयविज्ञको सुझाव तथा परामर्शका आधारमा तयार गरिएको विकासका सम्भावना, अग्रणी क्षेत्र, सिदिङ्वाबासीको चाहना समेतलाई प्रतिनिधित्व गर्नेगरी दीर्घकालीन सोच देहाएबमोजिम निर्धारण गरिएको छ,-

**"समृद्ध सिदिङ्वाको आधारः तिम्बुङपोखरी, सिदिङ्वाधाम र पूर्वाधार"**

सिदिङ्वा गाउँपालिकाको दीर्घकालीन सोचले यस पालिका क्षेत्रभित्र रहेको पर्यटकीय हिसाव महत्वपूर्ण क्षेत्रहरु जस्तैः तिम्बुङ पोखरी, सिदिङ्वाधाम आदि क्षेत्रहरुलाई प्रमुख धार्मिक महत्वको क्षेत्रको रुपमा उजागर भएको यथार्थलाई मध्य नजर गर्दै पालिकाको समुन्नतिको लागि धार्मिक पर्यटन, पर्यावरण र पर्यटनका लागि पदमार्गको महत्वलाई आत्मसाथ गर्ने वर्तमान अवस्थामा यिनै सम्पदाहरुको व्यापक प्रचार प्रसार तथा पूर्वाधार विकासले पालिकाको आर्थिक उन्नति हुने कुरामा पालिका विश्वस्त रहेको हो । यसका साथसाथै शिक्षा, स्वास्थ्य, पूर्वाधार, सहकारी, कृषि, पशुपालन, सञ्चार, विद्युत, खानेपानी सरसफाई, बस्ती विकास, सुशासन र सेवा प्रवाहमा सुधार, लोककल्याणकारी राज्यको अवधारणा, मानव विकास, सामाजिक-साँस्कृतिक र राजनीतिक विकास जस्ता विकासका बहुआयामिक पक्ष र उच्च र समतामूलक राष्ट्रिय आय (High and equitable national income), मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग (Development and full utilization of human capital potential), सर्वसुलभ तथा आधुनिक पूर्वाधार एवम् आवद्धता (Accessible and modern infrastructure and connectivity), उत्पादन र उत्पादकत्व (Production and productivity) जस्ता समृद्धिका पक्षमा जोड दिएको छ।

## ३.६ लक्ष्य

सिदिङ्वा गाउँपालिकाको समग्र विकासको लागि सरोकारवाला सम्पूर्ण पक्षहरुको राय सल्लाह, परामर्श र छलफलका माध्यबाट सहभागितामूलक रुपमा देहाएबमोजिम समष्टिगत लक्ष्य निर्धारण गरिएको छ,-

**"कृषिमा आधुनिकीकरण तथा व्यवसायिकीकरण, तिम्बुङपोखरी र सिदिङ्वाधाममा आधारभूत पूर्वाधारमा पहुँच सहित रोजगारी सृजना गर्दै सिदिङ्वाबासीको जीवनस्तरमा उल्लेख्य सुधार ल्याउने ।"**

## ३.६ उद्धेश्य

सिदिङ्वा गाउँपालिकाको दीर्घकालीन सोच र समष्टिगत लक्ष्यलाई मध्येनजर राख्दै देहाएबमोजिमका उद्धेश्यहरु तय गरिएको छ,-

- तिम्बुङपोखरी र सिदिङ्वाधाम जस्ता बहुचर्चित प्रख्यात धार्मिक पर्यटनको समग्र विकासका आयामबाट रोजगारीको सिर्जना गर्नु,
- गुणस्तरीय मानवपूँजीको निर्माण तथा नागरिकको जीवनको गुणस्तर कायम गर्नु,
- विकासका पूर्वाधार निर्माणमा दिगोपना कायम गर्नु,
- नागरिकको आयमा सुधार, उत्पादन र उत्पादकत्व वृद्धि, अनुसन्धान अन्वेषण र विकासद्वारा समृद्ध गाउँपालिकाको निर्माण गर्नु।

**३.७ परिमाणात्मक लक्ष्यहरुः-** गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य र उद्धेश्यका अधीनमा रही गाउँपालिकाको परिमाणात्मक लक्ष्यहरु देहाएबमोजिम तय गरिएको छ,-

| क्र.सं. | सूचक | एकाई | आ.व. २०८०/०८१ को अवस्था | आ.व. २०८५/०८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | जन्मेका बच्चाहरुमध्ये जन्मदर्ता भएका बच्चा | प्रतिशत | ६४.६० | १०० |
| २ | २० वर्षभन्दा कम उमेरमा विवाह गर्ने पुरुष | प्रतिशत | ९.७ | ० |
| ३ | २० वर्षभन्दा कम उमेरमा विवाह गर्ने महिला | प्रतिशत | २६.५ | ० |
| ४ | १० वर्ष र सोभन्दा माथिका व्यक्तिले ६ महिना वा सोभन्दा वढी आर्थिक काम गरेको | प्रतिशत | ५३.८० | ९० |
| ६ | १० वर्ष र सोभन्दा माथिका व्यक्तिले आर्थिक काम नगरेको | प्रतिशत | २९.३० | १० |
| ७ | १० वर्ष र सोभन्दा माथिका आर्थिक रुपमा सक्रिय जनसङ्ख्या | प्रतिशत | ७२.३० | ९० |
| ९ | १० वर्ष र सोभन्दा माथिका आर्थिक रुपमा निस्क्रिय जनसङ्ख्या | प्रतिशत | २७.७० | १० |
| १० | १० वर्ष र सोभन्दा माथिका प्रायः सक्रिय रहेको रोजगारी | प्रतिशत | ७७.६० | ९० |
| ११ | १० वर्ष र सोभन्दा माथिका प्राय सक्रिय नरहेको रोजगारी | प्रतिशत | २२.४० | १० |
| १२ | आर्थिक कामको संस्थागत क्षेत्रको रुपमा घरायसी क्षेत्र | प्रतिशत | ८३.५० | ७० |
| १३ | प्र. म. कृषि आधुनिकीकरण परियोजनाबाट अनुदान पाउने अनुदानग्राही | सङ्ख्या | १०० | २०० |
| १४ | प्रदेश सरकारबाट सञ्चालित कार्यक्रमबाट अनुदान पाउने अनुदानग्राही | सङ्ख्या | ५० | १०० |
| १५ | कुल खेतियोग्य जग्गा | प्रतिशत | ८.९६ | १० |
| १६ | किसान सूचीकरण | पटक | ० | १००० |
| १७ | प्र. म. रोजगार कार्यक्रमबाट ५० दिन रोजगारी प्राप्त गर्ने जनसङ्ख्या | सङ्ख्या | ५०० | ४००० |
| १८ | वार्षिक पर्यटक आगमन (आन्तरिक र बाह्य) | सङ्ख्या | ४००० | १०००० |
| १९ | साना उद्योग | सङ्ख्या | ३ | १० |
| २० | घरेलु उद्योग | सङ्ख्या | ४ | १० |
| २१ | लघु र ठूला उद्यम दर्ता भएको वडा | सङ्ख्या | ४ | १० |
| २२ | गा.पा. मा दर्ता लघु उद्यम | सङ्ख्या | ११ | ३० |
| २३ | गा.पा. मा दर्ता ठूला उद्योग | सङ्ख्या | ० | १० |
| २४ | आर्थिक क्रियाकलापको औद्योगिक क्षेत्र अनुसार कृषि क्षेत्रमा रहेको जनसङ्ख्या | प्रतिशत | ८२.३० | ७० |
| २५ | आर्थिक क्रियाकलापको औद्योगिक क्षेत्र अनुसार गैरकृषि क्षेत्रमा रहेको जनसङ्ख्या | प्रतिशत | १३.७ | ३० |

| क.सं. | सूचक | एकाई | आ.व. २०८०/०८१ को अवस्था | आ.व. २०८५/०८६ को लक्ष्य |
|---|---|---|---|---|
| २६ | गा.पा. मा औपचारिक रुपमा दर्ता उद्यम | सङ्ख्या | १८ | ३० |
| २७ | गा.पा. मा मा रहेका उद्यमी | सङ्ख्या | ३४ | १०० |
| २८ | उद्योगको कूल चुक्ता पूँजी रकम | लाख | ११० | २०० |
| २९ | आर्थिक रुपमा सक्रिय व्यक्तिहरुमा रोजगार जनसङ्ख्या | प्रतिशत | ९३.० | ९५ |
| ३० | आर्थिक रुपमा सक्रिय व्यक्तिहरुमा बेरोजगार जनसङ्ख्या | प्रतिशत | ७.० | ३ |
| ३१ | आर्थिक काम गर्दा रोजगारीको संलग्नता अनुसार आफ्नै खाता भएको जनसङ्ख्या | प्रतिशत | २१ | ५० |
| ३२ | अस्पताल | सङ्ख्या | ० | १ |
| ३३ | स्वास्थ्य चौकी | सङ्ख्या | ८ | ८ |
| ३४ | सामुदायिक स्वास्थ्य इकाई | सङ्ख्या | २ | ५ |
| ३५ | कूल साक्षरता दर | प्रतिशत | ८०.४० | ९० |
| ३६ | महिला साक्षरता दर | प्रतिशत | ७४.७० | ८० |
| ३७ | पढ्न र लेख्न दुवै नजानेको जनसङ्ख्या | प्रतिशत | १९.४० | ५ |
| ३८ | प्राथमिक तह उत्तिर्ण गरेको जनसङ्ख्या | प्रतिशत | ३३.६० | ३५ |
| ३९ | उच्च माध्यमिक तह उत्तीर्ण गरेको जनसङ्ख्या | प्रतिशत | १९.१० | ३५ |
| ४० | कहिले पनि विद्यालय नगएको जनसङ्ख्या | प्रतिशत | २.३ | १ |
| ४१ | अध्ययनको क्षेत्र विज्ञान तथा प्रविधि हुने विद्यार्थी | प्रतिशत | १.४ | १० |
| ४२ | सुरक्षित खानेपानीमा पहुँच प्राप्त परिवार | प्रतिशत | ६८.१० | ९० |
| ४३ | सुरक्षित खानेपानीमा पहुँच प्राप्त नभएको परिवार | प्रतिशत | ३२.९० | १० |
| ४४ | शौचालय नभएको परिवार | सङ्ख्या | ०.८४ | ० |
| ४५ | परिवार मूली महिला रहेको परिवार | प्रतिशत | १६.४७ | १६.४७ |
| ४६ | बाबु वा आमा वा दुबैसँग बसोबास नगर्ने बालबालिका | प्रतिशत | २.३ | - |
| ४७ | जम्मा परिवारमध्ये घर र जग्गा दुवै नभएको महिला | प्रतिशत | २.३ | १ |
| ४८ | आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने घरपरिवार | प्रतिशत | १२.८० | ५ |
| ४९ | परिवारमा विद्युतको पहुँच पुगेको घरपरिवार | प्रतिशत | ६४.५० | ९० |
| ५० | गा.पा. मा रहेको सामुदायिक वन | संख्या | १८ | |
| ५१ | सामुदायिक वनको उपभोक्ता समितिमा महिला | प्रतिशत | २० | ५० |
| ५२ | कुनै न कुनै विपद्बाट प्रभावित घरधुरी | सङ्ख्या | ४०० | ० |

## ३.८ रणनीति

सिदिङ्वा गाउँपालिकाको समष्टिगत दीर्घकालीन सोच, लक्ष्य र उद्धेश्य प्राप्तिको लागि देहाएबमोजिमका रणनीति तय गरिएको छः-

- तिम्बुङपोखरी र सिदिङ्वाधाम जस्ता बहुचर्चित प्रख्यात धार्मिक पर्यटनको समग्र विकासका आयामबाट रोजगारीको सिर्जना गर्नु,
- विकास प्रयासमा स्थानीय जनसहभागिता अभिबृद्धि गरी अपनत्व कायम गर्ने,
- कृषि, पशुपालन, पूर्वाधार, शिक्षा, स्वास्थ्य, सञ्चार, यातायात, सामाजिक सुरक्षा, जोखिम न्यूनीकरण क्षेत्रको विकासमा निजी क्षेत्रको अग्रणी भूमिका स्थापित गर्ने,
- रणनीतिक र प्रतिफलदायक पूर्वाधार निर्माणमा निजी क्षेत्रलाई प्रोत्साहन गर्न सार्वजनिक निजी साझेदारीको उपयुक्त मोडेलको प्रयोग गर्ने,
- सहकारी क्षेत्रमार्फत कृषि, पशुपालन, उद्योग, श्रमिक सामाजिक सुरक्षा, सञ्चार, शिक्षा, स्वास्थ्य जस्ता उद्योग तथा वस्तु र सेवाको सहज र सहुलियतपूर्ण वितरणको ब्यवस्था गर्ने,
- स्थानीय सरकारले सामाजिक न्याय, समानता, कमजोर र लक्षित वर्गलाई लोककल्याणकारी कार्यक्रमहरु तय गर्ने,
- विकासका पूर्वाधार विकासमा गाउँपालिकाको स्रोतको विवेकसम्मत प्रयोग गर्ने,
- संघ र प्रदेश सरकारबाट प्राप्त अनुदानका कार्यक्रमलाई विकासको आधार तयार गर्न लगानी गर्ने,
- संघ र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त, समपुरक र विशेष अनुदानको पूर्ण सदुपयोग हुनेगरी स्थानीय क्षमताको विकास गर्ने।

## ३.९ प्राथमिकताका क्षेत्रहरु

यस आवधिक योजना तर्जुमाका क्रममा देहाएबमोजिमका क्षेत्रलाई प्राथमिकता प्राप्त क्षेत्रको रुपमा लिइएको छ,-

- कृषि तथा पशुपन्छी,
- पर्यटन पूर्वाधार विकास,
- स्थानीय सीप र साधन प्रयोग गरी उद्योग स्थापना,
- सहकारी क्षेत्र विकास र स्थानीय लगानी प्रवर्द्धन,
- लघु, घरेलु तथा साना उद्योग विकास र विस्तार,
- शिक्षा पूर्वाधार विकास,

- खानेपानी तथा सरसफाई,
- स्वास्थ्य पूर्वाधार विकास,
- युवा, खेलकुद, तथा रोजगारी,
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण,
- सडक तथा यातायात पूर्वाधार,
- विद्युत तथा सञ्चार सेवा विस्तार,
- खानेपानी, सरसफाई र फोहरमैला व्यवस्थापन,
- विपद् व्यवस्थापन,
- वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकुलन, जलाधार तथा सिमसार क्षेत्रको संरक्षण,
- व्यवस्थित वस्ती विकास,
- सेवा प्रवाह सुधार तथा स्थानीय शासनप्रति जनविश्वास आर्जन,
- जनसहभागितामूलक योजना तथा नीति व्यवस्थापन,
- संस्थागत विकास र सुशासन।

## ३. १० लगानी, स्रोत अनुमान र बाँडफाँड

सिदिङ्वा गाउँपालिकामको यस आवधिक योजना कार्यान्वयनका क्रममा संघ, प्रदेश, गाउँपालिकाको आन्तरिक स्रोत, निजी क्षेत्र, सहकारी क्षेत्रको स्रोत प्राप्त हुने अपेक्षा गरिएको छ। योजना अवधिमा गाउँपालिकाको सञ्चित कोषमा रु ४० करोड आय प्राप्त हुने अपेक्षा गरिएको छ। सहकारी, निजी क्षेत्र, संघ र प्रदेश सरकारका योजनाको रकम भने गाउँपालिकाको सञ्चित कोषमा प्रप्त हुने छैन। तैपनि यस्तो लगानीले गाउँपालिका विकासका सूचकहरुमा सकारात्मक योगदान दिनेछन्।

**रकम रु. (हजारमा)**

| आय शीर्षक | २०७७/०७८ को यथार्थ आय | २०७८/०७९ को यथार्थ आय | २०७९/०८० को यथार्थ आय | २०८०/०८१ को अनुमान |
|---|---|---|---|---|
| क. आन्तरिक आय | ४३३५.५ | २९३६.२८ | २७६८.३१ | ७८३५० |
| ११३१३ सम्पत्ति कर | १०.७५ | ० | ० | २०० |
| ११३१४ भूमि कर (मालपोत) | ५६४.९४ | ३५९.२५ | ३२८.७४ | ३०० |

| | | | | |
|---|---|---|---|---|
| ११४५२ पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ० | ७७४.९ | ८९५.७२ | ० |
| ११६११ व्यवसायले भुक्तानी गर्ने | ० | २६ | ० | ० |
| ११६३१ कृषि तथा पशुजन्य वस्तुको कारोबारमा लाग्ने कर | १२.५ | १८.५ | ५४.२७ | ० |
| ११६९१ अन्य कर | ० | २१२.१२ | २३०.४३ | ३५० |
| १३४११ अन्य संस्थागत अन्तरिक अनुदान | २४०० | ० | ० | ० |
| १४२२४ परीक्षा शुल्क | ० | २२.१ | ३९ | १०० |
| १४२२५ यातायात क्षेत्रको आम्दानी | ० | ० | ० | १००० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | १४९.७ | २५१.५४ | २८ | ४०० |
| १४२४३ सिफारिस दस्तुर | ३८५.५८ | ४६५.५ | ८५१.१५ | ४०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ० | ० | ० | ३०० |
| १४२४९ अन्य दस्तुर | ७३४.१५ | ० | ० | ० |
| १४२५३ व्यवसाय रजिष्ट्रेशन दस्तुर | ६६.४ | ० | १८३.७ | ० |
| १४५२९ अन्य राजस्व (विविध) | ० | ८०६.३७ | ० | ० |
| १४६११ व्यवसाय कर | ० | ० | ८०.८९ | ३०० |
| १५१११ बेरुजु | ११.४८ | ० | ० | १०० |
| ३२१२२ वैंक मौज्जात | ० | ० | ० | ७४९०० |
| **ख. राजस्व बाँडफाँट** | **५३८४७.४६** | **५६२९४.७२** | **६५५८६.०१** | **७५१६१.८१** |
| ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | २४३.०३ | ४५१४.६३ | ० | २९५.५१ |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी (संघीय बाँडफाँट) | ० | ० | १२४६.३१ | १५.३५ |
| १४१५६ बाँडफाँट भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी (संघीय बाँडफाँट) | ० | ० | ० | ६०४.१४ |
| ११४११ बाँडफाँट भै प्राप्त हुने मूल्य अभिबृद्धि कर | ५०६४६.०७ | ३९१५५.९९ | ४५०११.३५ | ७१७२९.८ |

| | | | | |
|---|---|---|---|---|
| ११४२१ बाँडफाँट भै प्राप्त हुने अन्त शुल्क | ० | ११३९९.२१ | १६४५०.५७ | ० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सबारी साधन कर | २९५८.३६ | १२२४.९ | २८७७.७८ | २५१७ |
| **ग. वित्तीय हस्तान्तरण तथा अनुदान (संघ र प्रदेश अनुदान संयुक्त)** | **३१४४३९.४५** | **३३२१९५** | **३२६७७१.४८** | **३२३०४४** |
| १३३११ समानीकरण अनुदान | १०३५१८ | ११०७५६ | १०७३३१.५ | १०३४६९ |
| १३३१२ शसर्त अनुदान चालु | १९८५१२.५४ | १७२१६८ | १७५८५१.९८ | १७४८७५ |
| १३३१३ शसर्त अनुदान पूँजीगत | ० | १४७७१ | २०९२७ | १८७०० |
| १३३१५ बिशेष अनुदान पूँजीगत | ० | १२००० | १२६६१ | ८००० |
| १३३१६ समपूरक अनुदान चालु | १२४०८.९१ | ० | ० | १८००० |
| १३३१७ समपूरक अनुदान पूँजीगत | ० | २२५०० | १०००० | ० |
| **जम्मा** | **३७२६२२.४** | **३९१४२६.०१** | **३९५१२५.८** | **४७६५५५.८** |

## ३.११ स्रोत साधनको बाँडफाँड तथा परिचालनका आधारहरु

गाउँपालिकाको समग्र स्रोत परिचालन, व्यवस्थापन एवम् काम कारवाहीमा कार्यकुशलता र प्रभावकारिता अभिवृद्धिको लागि प्राप्त तथा प्रादेशिक सरकार एवम् विकास साझेदारहरुबाट यस गाउँपालिकालाई प्राप्त हुने सबै प्रकारका अनुदान, आन्तरिक आय राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम लगायत गाउँपालिकाको सञ्चित कोषमा प्राप्त हुने सबै प्रकारका स्रोत साधनलाई एकीकृत र समन्वित गरी स्थानीय स्तरबाट नै गरिबी न्यूनीकरण र दिगो विकासको अवधारणालाई संस्थागत गर्ने कार्यमा सहयोग पुर्‍याउन नेपालको संविधानको भाग १७ को धारा २१८ ले दिएको अधिकार प्रयोग गरी गाउँपालिकाले 'स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि तर्जुमा गरी आवधिक योजनाको लागि परिचालन हुने स्रोतहरुको बाँटफाँट र व्यवस्थापन गर्नुपर्ने प्रस्ताव गरिएको छ।

गाउँपालिकामा समृद्धिको आधार निर्माण गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रबीचको सहकार्य तथा परिपूरक भूमिका एवम् संघ, प्रदेश र स्थानीय तहबीचको सहकार्यबाट अर्थतन्त्रमा उल्लेखनीय परिपूरकता ल्याउने गरी स्रोत अनुमान गरिएको छ। आवधिक योजनाले निर्धारण गरेका रुपान्तरणका सम्शाहकका क्षेत्रमा आवश्यक स्रोत साधनको बाँडफाँट गरिएको छ। राष्ट्रिय रणनीति बमोजिम पहिचान गरिएका विषय क्षेत्रमा रणनीतिक हस्तक्षेप गरी लगानीको उच्चतम प्रतिफल हासिल हुने अपेक्षा गरिएको छ। आवधिक योजनाले लिएको आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न सार्वजनिक लगानीलाई कृषि तथा वन औद्योगिक पूर्वाधार निर्माण, प्रोत्साहन र सहजीकरण सहित औद्योगिक उत्पादन, विद्युत उत्पादन, प्रसारण तथा वितरण, पूर्वाधार निर्माण जस्ता लगानीमा केन्द्रित गरिएको छ। निजी क्षेत्रको लगानी, रोजगारी सिर्जना, अर्थतन्त्रको औद्योगीकरण र आधुनिकीकरण, उर्जा

उत्पादन, पर्यटन, व्यापार, यातायात र सञ्चार क्षेत्रमा लक्षित हुने अनुमान गरिएको छ। कृषि उत्पादनमूलक क्षेत्र, साना तथा मझौला उद्योग र ग्रामीण तथा सामाजिक विकासमा निजी, सहकारी तथा सामुदायिक क्षेत्र परिचालित हुने विश्वास लिईएको छ। मानवपूँजी निर्माण र सो को उच्चतम उपयोगले उत्पादकत्व अभिवृद्धि, उच्च आयको आधार निर्माण र सुखको अनुभूति हुने अपेक्षा गरिएको छ। साथै, पर्यावरण संरक्षण, सभ्य र न्यायपूर्ण समाज निर्माण तथा सुशासन, लोकतन्त्र र राष्ट्रिय एकतालाई थप सुदृढ बनाउने गरी सार्वजनिक, निजी तथा सहकारी र सामुदायिक क्षेत्रको स्रोत परिचालनको अनुमान र सो को बाँटफाँट गरिएको छ।

## ३.१२ स्थानीय गौरबको आयोजनाको विवरण

आवधिक योजना अबधिमा कार्यान्वयन शुरु गरी आर्थिक बर्ष ०८६/०८७ सम्ममा पूर्ण सम्पन्न गर्ने र सिदिङ्वा गाउँपालिकाको आर्थिक सामाजिक जीवनमा परिवर्तन ल्याउने गरी यस आयोजनाको संचालन गर्ने गरी देहाय बमोजिमको स्थानीय गौरवको आयोजना प्रस्ताब गरिएको छ | यस आयोजनाको बिभिन्न खण्डमा निर्माण हुने संरचना र सोको प्रकृति अनुरुप सरकार र निजि क्षेत्रको लगानी गरिनेछ | सरकारको लगानीमा संघ, प्रदेश सरकारको लगानीको लागि आवश्यक समन्वय र अनुरोध गरिनेछ |

तालिका नं ३.१: गौरवको आयोजनाको विवरण

| क.सं. | **पालिका गौरवका आयोजना तथा कार्यक्रम** | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | |
|---|---|---|---|---|---|
| | | कूल लागत | संघ | प्रदेश | पालिका, अन्य |
| १ | लोकुम्बा मोटिटार मिचिम हुदै तिम्बुङ पोखरी सडक निर्माण | ३२५०० | २५००० | ५००० | २५०० |
| २ | सिदिङ्वा गाउँपालिका अस्पताल (५ शैया) | १३०० | १३०० | | |
| ३ | प्रशासनिक भवन (वहुउद्धेश्यीय ) | १००० | ६०० | | ४०० |
| ४ | तिम्बुङ पोखरी पर्यटन विकास योजना | २२०० | २२०० | | |
| ५ | जय प्रसाद स्मृति रंगशाला | ४०० | ३०० | | १०० |
| ६ | साब्लाखु देखि इन्द्रावति खोला थर्पु सडक कालोपत्रे गर्ने | ३२०० | २५०० | ५०० | २०० |
| | | ४०६०० | ३१९०० | ५५०० | ३२०० |

# परिच्छेद-४

# आर्थिक विकास

## ४.१ पृष्ठभूमिः

नेपालको संविधानले प्रत्येक नागरिकलाई खाद्य सुरक्षा र सम्प्रभुताको हकको व्यवस्था गरेको छ। यसैगरी कृषि तथा पशुपालन, पशु स्वास्थ्य, कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रणको एकल अधिकार गाउँपालिकाको हुनेगरी स्थानीय तहको अधिकार सूचीमामा समावेश गरिएको छ। यस परिवेशमा गाउँपालिकाको आर्थिक विकासमा कृषिको व्यावसायीकरण, लघु घरेलु साना र मझौला उद्योगहरूको विकास, पर्यटन, सहकारी क्षेत्रमार्फत बचत र लगानी तथा उद्योगको विस्तारमार्फत् उल्लेख्य उपलब्धी हासिल गर्न सकिने अवस्था रहेको छ।

## ४.२ कृषि विकास

### ४.२.१ पृष्ठभूमिः

नेपालको संविधानले खाद्य सुरक्षा र सम्प्रभूतालाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । त्यसकारण खाद्य तथा पोषण सङ्कट उत्पन्न हुनसक्ने अवस्थालाई ध्यानमा राख्दै खाद्यान्न, फलफूल, तरकारी र माछा-मासु उत्पादनमा आत्मनिर्भरताका लागि कृषिमा नीतिगत, संरचनागत र संस्थागत सुधारको आवश्यकता छ । गाउँपालिकालाई पोषणयुक्त र खाद्य सम्प्रभु घोषणा गर्नको लागि कृषि क्षेत्रमा उल्लेख्य मात्रामा लगानी बढाउन आवश्यक छ । कृषि विकासको लागि नेपालको संविधानका अधिकार सूची, दिगो विकास लक्ष्यलाई मार्गदर्शनको रूपमा लिनुपर्दछ। दिगो विकास लक्ष्य नम्बर २ ले लिएको शुन्य भोकमरीको लक्ष्य हासिल गर्नेगरी कृषिमा स्रोत र साधनको परिचालन गर्नु पर्नेछ। कृषि क्षेत्रको औद्योगीकरणका माध्यमबाट थप रोजगारी सिर्जना गरी आय-आर्जन, गरिबी निवारण तथा दिगो विकास लक्ष्यलाई सम्बोधन गरिनेछ ।

४.२.२ विद्यमान अवस्था, सम्भावना र अवसरः- कृषि विकासको लागि बिभिन्न अन्नबाली तथा नगदेबालीहरु लगाउनको लागि प्रशस्त मात्रामा जमिन रहेको छ। बाली उत्पादनका लागि सकारात्मक वातावरण रहेको छ। भूमि फसल उत्पादनमा वृद्धि हुने तथा उत्पादनलाई बिक्री गरी आम्दानी लिन सकिने जस्तै फर्सी, इस्कुस, सुन्तला, बन्दा, मुला आदी को उत्पादनबाट प्रशस्त आम्दानी लिन सकिने सम्भावना छ।

गाउँपालिकाको अधिकांश भू-भाग कृषि उत्पादनको हिसाबले उपयुक्त हुनाले कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बढाउन सकिने अवस्था छ। यस क्षेत्रमा कृषि प्रणाली परम्परागत र निर्वाहमूखी रहेको भएतापनि कृषिलाई आधुनिकीकरण गरी वैज्ञानिक खेती प्रणालीको विकास गर्न सकिन्छ। स्थानीय कृषि पकेट क्षेत्रको विकास गरी आर्थिक अवस्थामा सुधार ल्याउने, मौसमी तथा बेमौसमी तरकारी खेती, अलैंची, अम्लिसो, कफी, उखु, चिया, आलु, चिउरी, जडिबुटी तथा नगदेबाली खेती विस्तार गरी कृषकहरुको जीवनस्तरमा सुधार गर्ने सम्भावना रहेको छ। गाउँपालिकामा कृषि तथा वन पैदावारमा आधारित कच्चा पदार्थबाट सञ्चालन हुन सक्ने लघु तथा घरेलु उद्योगहरुको स्थापना गर्न सकिन्छ। कृषिजन्य कच्चा पदार्थमा आधारित उद्योगहरु सञ्चालन मार्फत रोजगारीको अवसर सिर्जना गर्ने अवसर समेत छ। कृषिको लागि सिंचाईका श्रोतका रुपमा खोलानाला प्रशस्त रहेका छन्।

**४.२.३ समस्या तथा चुनौतिहरुः-** गाउँपालिकामा किसानको उत्पादनको लागि बजारको अभाव रहेको छ। कृषि उत्पादनको बजार पहुँचको लागि सबै क्षेत्रमा यातायातको समेत अभाव रहेको छ। नगदे र अन्य बालीमा लाग्ने शत्रु जिवको नियन्त्रण गर्ने कार्यक्रमको अभाव रहेको छ। कृषकका लागि कृषि औजार र उपकरण व्यवस्था गर्न कठिनाई रहेको छ। कृषिको उत्पादन र उत्पादकत्व बढाउन सकिएको छैन। बैज्ञानिक भूमिसुधार रभू उपयोग नीति तर्जुमा गरी कार्यान्वयन गर्न सकिएको छैन। कृषि प्रणाली परम्परागत र निर्वाहमूखी रहेको छ। सिंचाई सुविधा पर्याप्त छैन भने स्थानीय स्तरमा कृषि मल, उपकरण र अन्य सामग्रीहरु समयमा उपलब्ध हुन सकेका छैनन्। खाद्य असुरक्षा बढ्दो छ। आयातमुखी संस्कृति बढ्दो छ। जैविक मल, उन्नत बीउ र आधुनिक प्रविधिको अभाव छ।

कृषि विकासको क्षेत्रको रुपान्तरणका लागि भएका अध्ययन, अनुसन्धान एवं नविनतम अभ्यासका नतिजाहरू किसान माझ ढिला पुग्ने गरेका छन्। खेतीयोग्य जमिन बाँझो राख्ने प्रवृति बढ्दै गएको छ भने युवाहरूको कृषिमा आकर्षण कम रहेको छ। नवीनतम सोचका साथ कृषिमा लगानी गर्न खोज्नेहरूलाई बिजनेस इन्कुवेशन सेन्टर तथा स्टार्ट अप अनुदानको व्यवस्था छैन। जलवायु परिवर्तनका नकारात्मक असर तथा जङ्गली जनावरहरू (बाँदर, दुम्सी, बँदेल, मृग, खरायो, निलगाई, काला, चितुवा आदि)ले जीउ, बालीनाली, पशुधनमा क्षति पुऱ्याउने गरेका छन्। अनियन्त्रित रासायनिक विषादीको प्रयोगले मानव स्वास्थ्य, तथा वातावरणमा असर पार्दै गएको छ। रासायनिक विषादीका विकल्पहरूको प्रयोग कमजोर छ।

### ४.२.४ लक्ष्य

कृषिमा व्यावसायिकरण, आधुनिकीकरण र विविधिकरण गरी खाद्य सुरक्षा र आयमा सुधार ल्याउने।

### ४.२.५ उद्देश्य

१. कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्वको वृद्धि गर्नु ।
२. कृषिलाई व्यावसायीकरणण गरी रोजगारी र आम्दानी वृद्धि गर्नु ।
३. गाउपालिकालाई कृषिमा आत्मनिर्भर बनाउनु ।

### ४.२.६ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. कृषिको आधुनिकीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने । | १. कृषि यन्त्र उपकरणमा अनुदान दिइनेछ।<br>२. कृषिमा प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ।<br>३. उन्नत जातको बिउ बिजनको लागि संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ।<br>४. कृषकलाई उच्च उत्पादन दिने कृषि उपज उपलब्ध गराईनेछ। |
| २. कृषि सहकारीमार्फत कृषि सेवाको विस्तार गर्ने । | १. कृषि ऋण तथा सामग्रीको लागि कृषि सहकारीसँग समन्वय गरिनेछ।<br>२. समूह जमानीमा किसानलाई लघु ऋणको व्यवस्था गरिनेछ।<br>३. मल बिउ तथा उपकरणको लागि कृषि सहकारीको उपयोग गरिनेछ ।<br>४. कृषि तथा बहुउद्धेश्यीय सहकारीमार्फत रासायनिक मलको ब्लेण्डिङ कारखाना स्थापना गर्न प्रोत्साहन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ५. सहकारी क्षेत्रसँगको सहकार्यमा स्वदेशमा नै उत्पादन गर्ने प्राथमिकतासहित गुणस्तरीय कृषि सामाग्रीको उपलब्धता सुनिश्तिता गरिनेछ ।<br>६. सहकारी मार्फत कृषकहरूले सेवाको माग गर्ने, योजना तयार गर्ने, उत्पादन क्षमता वृद्धि गर्ने र बजारीकरण गर्न सक्ने गरी संस्थागत क्षमता अभिवृद्धि गरिनेछ । |
| ३. कृषि शिक्षा तथा प्रसारमा जोड दिने। | १. कृषिलाई जीवन पद्धतिको रूपमा स्थापित गर्न कृषि शिक्षालाई विद्यालयस्तरदेखि नै समाहित गरी कृषि पेसालाई आकर्षित र मर्यादित बनाइनेछ ।<br>२. समग्र कृषि क्षेत्रको तथ्याङ्क सङ्कलन, विश्लेषण तथा प्रकाशन विश्वसनीय बनाइनेछ ।<br>३. कृषक सूचना र तथ्याँकको लागि कार्यालयको वेवसाईटलाई सुधार गरिनेछ।<br>४. बजार सूचना प्रणाली स्थापना तथा सञ्चालन गरिनेछ। |
| ४. कृषिमा निजी क्षेत्रको लगानी वृद्धि गर्ने । | १. सहकारी तथा निजी क्षेत्रको संलग्नतामा कृषि प्रशोधन तथा अन्य कृषिजन्य उद्योग स्थापना तथा विस्तारमा वित्तीय उत्प्रेरणा दिइनेछ ।<br>२. कृषि क्षेत्रमा लगानी वृद्धि गर्न सहुलियतपूर्ण दरमा कर्जा लगानी गरिनेछ ।<br>३. कृषि उत्पादन, प्रशोधन, भण्डारण तथा बजारीकरण प्रक्रियामा आवश्यक ऋणको व्यवस्था र बिमा सेवाको विस्तार गर्न बैंक तथा वित्तीय क्षेत्रसँग सहकार्य गरिनेछ । |
| ५. कृषि उत्पादनमा नमूना बन्ने। | १. वडालाई एक विकास एकाइ मानी सम्भाव्यताको आधारमा बाली, पशुपन्छी तथा मत्स्य पकेट क्षेत्रको विकास गरिनेछ ।<br>२. प्रत्येक वडामा नमुना अर्गानिक फर्म स्थापना गरिनेछ ।<br>३. एकीकृत कृषि खेती, सामूहिक तथा सहकारी खेती प्रणालीलाई प्रोत्साहित गरिनेछ ।<br>४. नदी किनार र सडक किनारका क्षेत्रहरूमा फलफूल तथा अन्य उपयुक्त बालीको खेती प्रवर्द्धन गरिनेछ । |

## ४.२.७ विस्तृत कार्यक्रम

| क.सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | लगानी तथा खर्च जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १. | उत्पादनमा आधारित कृषक प्रोत्साहन कार्यकम | P1 | उत्पादनमा वृद्धि | २५ | ५ | ५ | ५ | ५ | ५ | प्रदेश |
| २. | उत्पादन वृद्धिको लागि अनुसन्धान कार्यक्रम | p2 | लागतमा कम गरी उत्पादन वृद्धि | ७ | २ | २ | १ | १ | १ | स्थानीय तह आफै |
| ३. | प्राङ्गारिक तथा व्यवसायिक खेती तालिम | P1 | परम्परागतबाट व्यवसायिक खेति प्रणालीमा परिर्वतन | २५ | ५ | ५ | ५ | ५ | ५ | प्रदेश |
| ४. | बजार प्रवर्द्धन तथा संकलन केन्द्र निर्माण आयोजना | p2 | बजार सुरक्षाको अनुभुति | ५० | | ० | १५ | १५ | २० | प्रदेश |
| ५. | फलफूल पकेट | p2 | | १० | | | | ५ | ५ | संघ |
| ६. | माटो परिक्षण प्रयोगशाला निर्माण | P1 | उपयुक्त बाली छनौट र माटोको अवस्था विश्लेषण | २५ | ५ | ५ | ५ | ५ | ५ | निजी क्षेत्र |
| ७. | नर्सरी व्यवस्थापन कार्यक्रम | P2 | घाँसबाली तथा फलफूली नर्सरी | १० | | ३ | ४ | 3 | | स्थानीय तह आफै |
| ८. | कृषि हाटको विकास | P1 | | ५० | १० | १० | १० | १० | १० | निजी क्षेत्र |
| ९. | कृषि यान्त्रिकीकरण साझेदारी | P2 | लागतमा कमि, उत्पादनमा वृद्धि | ७५ | १५ | १५ | १५ | १५ | १५ | स्थानीय र निजी क्षेत्र |
| १०. | जैविक मल विकास कार्यक्रम | P1 | प्राङ्गिक गाउँपालिका निर्माण | ५० | १० | १० | १० | १० | १० | स्थानीय र निजी क्षेत्र |
| ११. | तरकारी तथा कृषि उपज संकलन केन्द्र | p1 | | ७५ | १५ | १५ | १५ | १५ | १५ | स्थानीय र सहकारी क्षेत्र |
| | | | | ४०२.०० | ६७.०० | ७०.०० | ८५.०० | ८९.०० | ९१.०० | |

### ४.२.८ नतीजा खाका

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्ट्याईंको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | व्यवसायिक कृषि उत्पादनमा संलग्न कृषक बढेको हुने। | सङ्ख्या | १०० | २०० | २५० | ३०० | ३५० | ४०० | -गा. पा. वस्तुस्थिति विवरण-जि कृ का तथ्याँक | -व्यवसायिक कृषि उत्पादनमा आकर्षण बढेको। |
| असर | आर्थिक क्रियाकलापको औद्योगिक क्षेत्र अनुसार कृषि क्षेत्रमा रहेको जनसङ्ख्या स्थिर हुने। | प्रतिशत | ९१.६ | ९२ | ९२.५ | ९३ | ९३ | ९३ | -रा त का | - सेवा क्षेत्रतर्फ जनसङ्ख्या आकर्षित भएको हुने। |
| प्रतिफल | वार्षिक खाद्यान्न उत्पादन | मे. टन | ५० | १०० | १२० | १४० | १६० | १८० | - गा. पा. कृषि गणना -जि कृ का तथ्याँक | - प्राकृतिक विपद् नहुने। |
| | वार्षिक वचत खाद्यान्न विकी | मे.टन | ० | १ | २ | ३ | ४ | ५ | - गा. पा. कृषि गणना -जि कृ का तथ्याँक | - खाद्यान्न बचत हुने। |
| | प्रतिव्यक्ति वार्षिक खाद्यान्न उत्पादन | के. जी. | १०० | १२० | १४० | १६० | १८० | २०० | - गा. पा. कृषि गणना-जि कृ का तथ्याँक | - प्राकृतिक विपद् नहुने। |
| | नगदेवाली, मौसमी तथा बेमौसमी बालीको वार्षिक उत्पादन | मे.टन (००) | ५ | १२ | १४ | १६ | १८ | २० | - गा. पा. कृषि गणना | - सिँचाईको सुविधा हुने। |

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/ ०८२ | २०८२/ ०८३ | २०८३/ ०८४ | २०८४/ ०८५ | २०८५/ ०८६ | पुष्ट्याईंको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | -जि कृ का तथ्याँक | |
| | व्यवसायिक कृषि नर्सरी | सङ्ख्या | ० | १ | | २ | | ३ | - गा. पा. कृषि गणना<br>-जि कृ का तथ्याँक | - सिँचाईको सुविधा हुने। |
| | तरकारी वार्षिक उत्पादन | मे.टन (००) | १० | १६ | १७ | १८ | १९ | २० | -गा. पा. कृषि गणना<br>-जि कृ का तथ्याँक | - सिँचाईको सुविधा हुने। |
| | फलफुल वार्षिक उत्पादन | मे. टन | ५ | १६ | १७ | १८ | १९ | २० | - गा. पा. कृषि गणना<br>-जि कृ का तथ्याँक | - फलफुलमा किसान आकर्षण बढ्ने। |
| | उन्नत विउ, जैविक मल र विषादी प्रयोग गर्ने, आधुनिक कृषि प्रविधि प्रयोग गर्ने कृपक | प्रतिशत | ३ | ५ | ८ | १० | १२ | १५ | - गा. पा. कृषि गणना<br>-जि कृ का तथ्याँक | - अर्ग्यानिक खेतिमा आकर्षण बढ्ने। |
| | आधुनिक कृषि औजारहरु प्रयोग गर्ने कृषक | सङ्ख्या | ३ | ३ | ५ | ६ | ८ | १० | - गा. पा. कृषि गणना<br>-जि कृ का तथ्याँक | -कृषिमा यान्त्रिकीकरण हुने। |

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्ट्याईको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवसायिक एवम् आधुनिक तरिकाको खेतीले ओगटेको भूभाग | हेक्टर | २५ | ५० | ८० | १०० | १४० | १५० | - गा. पा. कृषि गणना<br>-जि कृ का तथ्यांँक | कृषिमा आधुनिकीकरण हुने। |
| | कृषि व्यवसायमा सहुलियत कर्जा, कृषि सामानमा अनुदान तथा यान्त्रिकीकरणमा पूँजीगत अनुदानवाट लाभान्वित कृपक | सङ्ख्या (००) | १० | १५ | ३ | ५ | ८ | १२ | - गा. पा. कृषि गणना<br>-जि कृ का तथ्यांँक | -कृषिमा आधुनिकीकरण हुने। |
| | सुचारु सामुदायिक खेती तथा करार खेतीले ओगटेको भूमि | हेक्टर | ० | १ | १.५ | २ | ३ | ४ | - गा. पा. कृषि गणना<br>-जि कृ का तथ्यांँक | - करार खेतिमा आकर्षण बढ्ने। |
| | विभिन्न क्षेत्रमा तालिम प्राप्त कृषक | सङ्ख्या | ५० | १५० | २०० | ३०० | ४०० | ५०० | - गा. पा. वस्तुस्थति विवरण | - कृषिमा दक्षता र विज्ञता बढ्ने। |
| | व्यवसायिक कृषि फार्म | सङ्ख्या | ३ | १५ | २० | ३० | ४० | ५० | - गा. पा. कृषि गणना | -कृषिमा आधुनिकीकरण हुने। |
| | प्रधानमन्त्री तथा कृषि आधुनिकीकरण परियोजना वाट लाभान्वित किसान | सङ्ख्या | ३० | ४० | ५० | १०० | १५० | २०० | - प्र म कृषि आ प तथ्यांँक | - संघसंग समन्वय हुने। |
| | सञ्चालनमा रहेको कृषि बजार, हाटवजार तथा कृषि थोकबजार | सङ्ख्या | ० | - | २ | - | - | ३ | - गा. पा. कृषि गणना | - बजारीकरण हुने। |

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्ट्याईंको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | -जि कृ का तथ्याँक | |
| | कृषि उपजहरु विक्रीका लागि नजिकको बजार क्षेत्रमा पुग्न लाग्ने समयावधी | घण्टा | २ | - | १ | - | - | १/२ | - गा. पा. कृषि गणना -जि कृ का तथ्याँक | - कृषिको बजारीकरण हुने। |
| | मौसमी, बेमौसमी तरकारी तथा नगदेवालीको विक्री | रु. करोड | ०.२ | ६ | ८ | ९ | १० | | - गा. पा. कृषि गणना -जि कृ का तथ्याँक | - आय बढ्ने। |
| | कृषि उपज सङ्कलन केन्द्र, | सङ्ख्या | - | - | १ | - | - | २ | - गा. पा. कृषि गणना -जि कृ का तथ्याँक | - कृषिको बजारीकरण हुने। |
| | कृषि वीमा सेवाबाट लाभान्वित कृषक | सङ्ख्या | - | ५ | १० | २० | ३० | ५० | - गा. पा. कृषि गणना -जि कृ का तथ्याँक | -जोखिम बाडफाँट हुने। |
| | कृषि पेशामा संलग्न जनसङ्ख्या | प्रतिशत | ५० | ५२ | ५४ | ५६ | ५७ | ५८ | - गा. पा. कृषि गणना -जि कृ का तथ्याँक | - कृषिमा आकर्षण बढ्ने। |

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्ट्याईंको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | आफ्नो उत्पादन तथा आयले वर्षभरी खान पुग्ने परिवार बढेको हुने। | प्रतिशत | २५ | ३० | ३५ | ४० | ४५ | ५० | - गा. पा. कृषि गणना<br>-जि कृ का तथ्याँक | - आय बढ्ने। |
| | कृषि सहकारी संस्था | सङ्ख्या | ० | - | - | ३ | - | ५ | - गा. पा. सहकारी तथ्याँक | - सहकारीमार्फत सामूहिकताको विकस हुने। |
| | कृषि सहकारीमा आवद्ध कृषक | सङ्ख्या | ० | ६५० | ७०० | ७५० | ८०० | १००० | - गा. पा. सहकारी तथ्याँक | - सहकारीमार्फत सामूहिकताको विकस हुने। |
| | किसान परिचयपत्रवाट लाभान्वित कृषकहरु | सङ्ख्या (००) | - | ७ | ८ | १० | १३ | १७ | - गा. पा. कृषि गणना | - वास्तविक किसानले सुविधा पाउने। |

## ४.३ पशुपन्छी विकासः-

### ४.३.१ पृष्ठभूमिः

ग्रामिण अर्थतन्त्र विकासको मेरुदण्डको रूपमा पशुपन्छी पालन क्षेत्र प्रमुख क्षेत्र हो। नेपालमा दुग्धजन्य खाद्यपदार्थ, माछा, मासु, ढुवानी, खेतिपाती जस्ता कार्यमा प्रमुख भूमिका निर्वाह गर्ने पशुपन्छीपालनको व्यावसायीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने लक्ष्य यस योजनाको रहेको छ। यस आवधिक योजनामा पशुरोगको लागि औषधी, पशुपन्छी उपजको उचित मूल्य र बजार पहुँचको व्यवस्था, पशु आहारको लागि वन र वातावरणको संरक्षण र विवेकसम्मत उपयोग जस्ता महत्वपूर्ण कृषि तथा पशुपन्छी सम्बन्धी लक्ष्य उद्धेश्य, रणनीति तय गरिनेछ। पशुपन्छी प्रजनन एवम् नस्ल सुधार, आहार तथा पोषण, पशु स्वास्थ्य र बजार प्रवर्द्धनमा गाउँपालिकाले नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ।

### ४.३.२ विद्यमान अवस्था, सम्भावना र अवसरः-

गाउँपालिकामा पशुपालनको क्षेत्रमा व्यवसायिक पशुपालनको लागि चरण क्षेत्रको अवस्था विद्यमान छ। चिज, घिउ, छुर्पी दुध लगायत सामग्री उत्पादन गर्ने कृषकको लागि सम्भावना छ। भेडा पालन बाट हुने उन राडी पाखी उत्पादन, ट्राउट माछा पालन, खसीं बाखापालनबाट उत्पादित वस्तुमा आत्मनिर्भर हुने अवसर छ। पशु नश्ल सुधार तथा उन्नत जातका पशुपालनको सम्भावना रहेको छ। व्यवसायिक पशुपालन, कुखुरा पालन, मौरी पालन तथा बेमौसमी तरकारी खेतीमार्फत आय आर्जन बढाउन सक्ने सम्भावना छ। युवाहरुलाई व्यवसायिक खेती, उच्च मूल्य उत्पादन तथा उन्नत जातका पशुपालनमा आकर्षित गरी स्वरोजगारको सिर्जना गर्न सकिन्छ।

सन्तुलित आहारको लागि एक वयस्क व्यक्तिलाई बार्षिक न्यूनतम दूध ९१ लीटर, मासु १४ किलोग्राम र अण्डा ४८ गोटा आवश्यक रहेकोमा हाल करिब दूधमा ९० केजी, माछा मासुमा २५ केजी र अण्डा ३० गोटा उपलब्धता देखिन्छ। कृत्रिम गर्भाधान लगायतका नश्ल सुधार, सन्तुलित आहारा, महामारी रोग नियन्त्रण तथा पशुपालनका असल अभ्यासको प्रवर्द्धनले उन्नत नश्लका गाईभैंसीको सङ्ख्या तथा उत्पादकत्वमा उल्लेख्य बृद्धि भएको छ। उन्नत जातका कुखुरा उत्पादनका कारण मासुजन्य उत्पादनमा उल्लेख्य बृद्धि भएको छ। भेडाको संख्या र ऊन उत्पादनको प्रवृत्ति क्रमश घट्दो अवस्थामा रहेको देखिन्छ भने विगत केही बर्षदेखि खसीबोका तथा राँगा भैसीको आयात न्यून रहेको देखिन्छ।

### ४.३.३ समस्या तथा चुनौतिहरुः-

पशुपालन व्यवसाय जीविकामूखी भएको छ। Mass scale मा व्यावसायिक पशुपालनमा जान उद्यमशील सोच र पूँजीको अभाव रहेको छ। वन जङ्गलको विनाश र अति संरक्षणका कानूनले पशु आहार जुटाउन कठिनाई भैरहेको छ। कृषि तथा पशु बीमा सम्बन्धी जनचेतना र सेवा प्रदायकको अभाव छ। कृषि तथा पशु प्राविधिक सेवा सुविधायुक्त क्षेत्रमा मात्र छ। युवा लक्षित व्यवसायिक कृषि कार्यक्रम सञ्चालन हुन सकेको छैन। उन्नत मल बीउ र प्रविधि कृषक सम्म सहज रुपमा पुयाई व्यावसायिक तथा जैविक कृषि विकास गर्न सकिएको छैन। कृषि तथा पशुपालनलाई आकर्षक र सम्मानित पेशाको रुपमा स्थापित गर्न सकिएको

छैन। बाली र पशु नश्ल विविधिकरणको अभाव छ। कृषि व्यवसायीकरण र औद्योगिकीरण गर्न सकिएको छैन। कृषिमा मानव-वन्यजन्तु द्वन्द्व बढ्दो छ।

उचित पालनपोषण तथा स्वास्थ्य व्यवस्थापनको अभावमा पशुपन्छीमा विभिन्न महामारी रोगहरु समस्या र चुनौतीको रुपमा देखा पर्ने गरेका छन्। यसले गर्दा दूध, फुल र माछा र मासुको उत्पादन एवं उत्पादकत्व स्तर न्यून रहेको छ। पशुपंक्षी तथा मत्स्य क्षेत्रको विकासका लागि आवश्यक पूर्वाधारहरु जस्तैः उन्नत नश्लका पशुपन्छी तथा मत्स्यको श्रोत केन्द्र पर्याप्त छैनन्। गुणस्तरीय पशु आहाराको उपलब्धता पर्याप्त छैन। पशु सेवा प्राविधिकहरुको सेवा ग्रामीण स्तरसम्म सर्वसुलभ हुन सकेको छैन। सर्वसुलभ बजार विस्तार एवम् विकास हुन सकेको छैन। उच्चस्तरीय क्षमता अभिवृद्धि सहितको जनशक्ति विकास गर्न सकिएको छैन। पशुपन्छी तथा मत्य क्षेत्रमा सरकारी र निजी क्षेत्रबाट पर्याप्त लगानी हुन सकेको छैन। व्यावसायिक पशुपन्छी तथा मत्स्य उत्पादन तथा प्रशोधनको लागि अत्यावश्यक पूर्वाधारहरु सडक, बिजुली, सिंचाई, यान्त्रिकीकरण पूर्वाधार प्रयाप्त विकास हुन सकेको छैन जसका कारण उत्पादन लागत बढ्ने र प्रतिस्पर्धी क्षमता कमजोर रहेको छ। पशुपन्छी तथा मत्स्यजन्य उत्पादनहरुमा जीवनाशक विषादी हानिकारक रसायन, हार्मोन, एन्टिबायोटिक्स तथा भेटेरिनरी औषधीको अनियन्त्रित र असन्तुलित रूपमा प्रयोग बढिरहेकाले जनस्वास्थ्यमा तथा वातावरणीय स्वास्थ्यमा असर पुगिरहेको छ।

### ४.३.४ लक्ष्य

व्यावसायिक पशुपालनको माध्यमबाट किसानको आयस्तर सुधार गर्ने।

### ४.३.५ उद्धेश्य

१. पशुपालनको माध्यमबाट उत्पादन तथा उत्पादकत्वको वृद्धि गर्नु।
२. पशुपालनमा व्यावसायीकरण गरी रोजगारी र आम्दानी वृद्धि गर्नु।
३. बजारको माग अनुसारको पशुजन्य उत्पादन बढाउनु।

### ४.३.६ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. कृषकको उत्पादनमा नाफाको सुनिश्चितता प्रत्याभूत हुने गरी पशुपन्छी तथा मत्स्य उत्पादन र उत्पादकत्व वृद्धिको माध्यमबाट आधारभूत खाद्य बस्तुहरूमा आत्मनिर्भर हुने। | १. पशुपन्छी मत्स्य नश्ल उन्मोचन/पञ्जिकरण प्रणालीको विकास गर्ने,<br>२. च्याउको जातीय विकास गरिनेछ।<br>३. एपिस मेलिफेरा र एपिस सेरेना जातको मौरीको वंश सुधार गरी र मौरीपालनमा असल अभ्यासको विस्तारबाट उत्पादन वृद्धि एवम् रोजगारी सिर्जना गरिनेछ।<br>४. गुणस्तरीय मत्स्यबीजको उत्पादन गुणस्तर नियमन तथा आपूर्ति सुनिश्चितता गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २. पशुपन्छी तथा मत्स्य व्यवसायलाई नाफामूलक व्यवसायका रुपमा रुपान्तरण गर्न लगानीमैत्री वातावरण सिर्जना गर्ने। | १. निजी सरकारी साझेदारीमा उन्नत नश्लका पशुपन्छी तथा मत्स्य विस्तार गरिनेछ।<br>२. पशु आहारा प्रवर्द्धन, पशुपन्छी तथा माछाको आहाराको गुणस्तर परीक्षण सहित गुणस्तरीय दाना तथा दाना पदार्थको आपूर्ति प्रणालीलाई व्यवस्थित बनाईनेछ।<br>३. पशुपन्छी तथा मत्स्य रोगहरूको निदान तथा उपचार सेवा, रोग नियन्त्रण गरिनेछ।<br>४. खोरेत, पि.पि.आर, रेबिज, स्वाइन फिवर, रानिखेत, लम्पी स्किनजस्ता रोगको रोकथामका लागि जैविक प्रविधिको प्रयोगका साथै नेपाल सरकार र प्रदेश सरकारसँग सहकार्य गरिनेछ।<br>५. पशुपन्छीका परजीवीजन्य, संक्रामक र जुनोसिस तथा जलवायु परिवर्तन संवेदनशील रोगहरूको नियन्त्रणको लागि नेपाल सरकार र प्रदेश सरकारसँग सहकार्य गरिनेछ।<br>६. दुध, अण्डा, माछामासुको उत्पादन लागत घटाइनेछ। |
| ३. पशुपन्छी तथा मत्स्य क्षेत्रमा बजार पूर्वाधार, नवप्रवर्तन, गुणस्तर नियमन तथा लगानी सुरक्षणको व्यवस्था गर्ने। | १. सार्वजनिक निजि सहकारी सहकार्यमा पशुपन्छी तथा मत्स्य बजार केन्द्र, कृषि तथा पशुसेवा केन्द्र, बीउविजन तथा कृषि सामग्रि केन्द्र, खाद्य गोदाम, दुग्ध सङ्कलन चिस्यान प्रशोधन केन्द्र, पशुबधशाला जस्ता आधारभूत पूर्वाधारहरू तयार गरिनेछ।<br>२. कृषकको लगानी सुरक्षण गर्न पशुपन्छी तथा मत्स्य बीमा कार्यक्रमलाई थप सुदृढ गरिनेछ।<br>३. युवा तथा उद्यमीहरूलाई स्टार्ट अप ग्रान्ट उपलब्ध गराइने छ।<br>४. कृषि बजार उपजहरूको बिक्रि वितरणमा अनलाइन एप्सहरू प्रयोग गरी सहजै किसान र उपभोक्ता जोड्ने व्यवस्था गरिनेछ।<br>५. पशुपन्छी तथा मत्स्यजन्य उत्पादनको निर्यात बजार पहिचान गरी ती बजारले माग गरेको परिमाण, नियमितता र गुणस्तर अनुसारको उत्पादन, ग्रेडिंग, प्रशोधन, प्याकेजिंग, लेबलिंग र ब्राण्डींग गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ। |
| ४. जलवायु परिवर्तनको असरबाट पशुपालन र मत्स्य विकासलाई उत्थानशील बनाउने। | १. कृषि, पशुपन्छी मत्स्य तथा घाँसेबालीबमा आनुवांशिक रुपले प्रतिरोधी प्रजातीको प्रयोग गरिनेछ।<br>२. भौगोलिक परिवेश र सम्भाब्यताका आधारमा पशुपन्छी तथा मत्स्य क्षेत्रमा किसान मैत्री जलवायू अनुकुलित प्रविधिको विकास र विस्तार गरिनेछ।<br>३. जलवायु अनुकूलन र पोषण सुरक्षाको लागि स्थानीय/रैथाने बाली तथा नश्लहरूको संरक्षण गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४. बिशेष गुण भएका स्थानीय/रैथाने जातहरू प्रयोग गरी जातीय विकास तथा अनुसन्धान कार्यक्रम सञ्चालन गरिनेछ।<br>५. प्रतिकुल मौषमबाट हुन सक्ने क्षति न्यूनीकरण गर्न मौसम सम्बन्धी पूर्व जानकारी किसानहरूलाई दिइनेछ। |
| ५. उद्यमी किसानलाई सहयोग गर्ने। | १. सहुलियत कर्जा सेवाको विस्तारको साथै लगानीको लागि आवश्यक पर्ने विषयमा विशेष छुट र प्रोत्साहन गरिनेछ ।<br>२. बजार प्रणालीका मध्यस्तकर्तालाई गाउँपालिकामा दर्ता गरी उनीहरूको कार्य र अतिरिक्त नाफालाई नियमन र व्यवस्थित गरिनेछ।<br>३. दूध, अण्डा तथा मासुको उपलब्धता बढाउन नश्ल सुधार कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।<br>४. व्यावसायिक पशुपालनलाई सहयोग पुग्नेगरी चरन क्षेत्र विकास गरिनेछ। |

### ४.३.७ विस्तृत कार्यक्रम

| क.सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | लगानी तथा खर्च जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | उन्नत जातको पशुपालन प्रवर्द्धन कार्यक्रम (गाई, भैसि, भेडा, बंगुर, कुखुरा, माछा) | P1 | आय आर्जनमा वृद्धि | ७५ | १५ | १५ | १५ | १५ | १५ | स्थानीय प्रदेश र निजी क्षेत्र |
| २ | चरन खर्क सुधार तथा प्रत्येक वडामा घाँस, नर्सरी स्थापना कार्यक्रम | p2 | सामुदायिकमा पशु आहार सुधार | २० | | | १० | ५ | ५ | संघ |
| ३ | कृतिम गर्भधारण कार्यक्रम | p2 | पशुमा नश्ल सुधार | २० | | | ५ | ५ | १० | स्थानीय तह आफै |
| ४ | दुग्धजन्य पदार्थ (डेरी) प्रशोधन केन्द्र स्थापना कार्यक्रम | P2 | कृषकको आय आर्जनमा वृद्धि | २० | | १० | १० | | | स्थानीय प्रदेश र निजी क्षेत्र |
| ५ | पशु प्राविधिकको व्यवस्थापन र पशुपन्छी स्वास्थ्य सेवा शिविर कार्यक्रम | P1 | पशु स्वास्थ्यमा सुधार | १५ | ३ | ३ | ३ | ३ | ३ | प्रदेश |
| ६ | नमुना पशुपालन फर्म निमार्ण गर्ने | P1 | कृषकको आय आर्जनमा वृद्धि | ५० | १० | १० | १० | १० | १० | संघ |
| | | | | | | | | | | |
| | | | | २००.०० | २८.०० | ३८.०० | ५३.०० | ३८.०० | ४३.०० | |

### ४.३.८ नतीजा खाका

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्ट्याईको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | व्यवसायिक कृषिवाट प्रदान भएको प्रत्यक्ष रोजगारी बढेको हुने। | सङ्ख्या | १० | ५० | ८० | १५० | २०० | २५० | -रा.त.का. तथ्याँक | - कृषि तथा पशुपालनमा रोजगारी बढ्ने। |
| असर | आर्थिक क्रियाकलापको औद्योगिक क्षेत्र अनुसार कृषि क्षेत्रमा रहेको जनसङ्ख्या स्थिर हुने। | प्रतिशत | ९१.६ | ९२ | ९२.५ | ९३ | ९३ | ९३ | - रा.त.का. तथ्याँक | - सेवा क्षेत्रतर्फ जनसङ्ख्या आकर्षित भएको । |
| प्रतिफल | व्यवसायिक पशुपालन फर्महरु | सङ्ख्या | ५ | १० | ३० | ८० | ९० | १०० | - गा. पा. कृषि गणना<br>-जि कृ का तथ्याँक | -पशुपालन व्यावसायिक हुने। |
| | पशुपन्छी वीमा सेवावाट लाभान्वित कृषक | सङ्ख्या | ५० | १२५ | १५० | १७५ | २०० | २५० | - गा. पा. कृषि गणना<br>-जि कृ का तथ्याँक | - जोखिम कम हुने। |
| | नश्ल सुधार तथा प्राथमिक उपचार केन्द्र | सङ्ख्या | १ | - | - | - | - | - | - गा. पा. कृषि गणना | - उत्पादन बढ्ने। |
| | पशुपन्छीपालन सम्बन्धी उपलब्ध प्रविधि (खोप, कृत्रिम प्रजनन, क्यासट्रेसन) उपयोग गर्ने कृषक | प्रतिशत | २५ | ५० | ७५ | १०० | १२५ | १५० | - गा. पा. कृषि गणना | - रोग नियन्त्रण गर्नुपर्ने। |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | -जि कृ का तथ्याँक | |
| | सुचारु कृत्रिम गर्भाधान केन्द्र | सङ्ख्या | १ | - | - | - | - | - | - गा. पा. कृषि गणना | - उत्पादन बढ्ने। |
| | दुध उत्पादन (वार्षिक) | मे. टन | १० | २३ | २५ | २७ | २९ | ३० | - गा. पा. कृषि गणना -जि कृ का थ्याँक | - बजार अभाव हुनसक्ने। |
| | वार्षिक दुध विक्री | रु. करोड | ०.१३ | ०.१५ | ०.२ | ०.२५ | ०.३ | ०.४ | - गा. पा. कृषि गणना -जि कृ का तथ्याँक | - बजार अभाव हुनसक्ने। |
| | खसी बोका, राँगा भैसी, बङ्गुर, सुंगुरको वार्षिक विक्री | रु. करोड | - | १ | १.५ | २ | ३ | ४ | - गा. पा. कृषि गणना -जि कृ का तथ्याँक | - बजार अभाव हुनसक्ने। |
| | चालु अवस्थाका व्यवसायिक कुखुरापालन फर्महरु | सङ्ख्या | - | ३ | ४ | ५ | ६ | ७ | - गा. पा. कृषि गणना -जि कृ का तथ्याँक | - बजार अभाव हुनसक्ने। |
| | पशुजन्य संक्रामक रोग विरुद्ध खोप लगाएका पशुपन्छीहरु | सङ्ख्या (,०००) | ८.८ | १० | १२ | १४ | १५ | १७ | - गा. पा. कृषि गणना -जि कृ का तथ्याँक | - रोग नियन्त्रण हुने। |

## ४.४ सिंचाई

### ४.४.१ पृष्ठभूमिः

सिँचाई कृषिको उत्पादन र उत्पादकत्वसँग प्रत्यक्ष सम्बन्धित विषय हो। कृषियोग्य भूमिमा बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याई कृषिको उत्पादकत्व बढाउन सिँचाइको दिगो व्यवस्था गर्न आवश्यक हुन्छ। परम्परागत सिँचाई प्रणालीको मर्मत सम्भार र नयाँ प्रविधिमा आधारित सिँचाई प्रणालीको माध्यमबाट सिञ्चित कृषि क्षेत्रको विस्तार गर्ने यस आवधिक योजनाको रणनीति रहेको छ। सिँचाई पूर्वाधार निर्माणमा साना सिँचाई आयोजनामा स्थानीय तहबाट लगानी परिचालन गर्ने राष्ट्रिय योजनाको लक्ष्य रहेकोले सो को व्यवस्था मिलाउन आवश्यक छ । सिँचाई प्रणालीको निर्माण पछीको मर्मत-सम्भार, व्यवस्थापन एवम् सञ्चालनमा उपभोक्ता समुदायको सक्रिय सहभागिता थप सुदृढ गर्नुपर्ने आवश्यकता रहेको छ । सिँचाइको थप पूर्वाधार विकास र सम्पन्न सिँचाइ प्रणालीको सुदृढीकरण गरी व्यवस्थित बनाउन लगानी वृद्धि गर्न आवश्यक छ ।

### ४.४.२ विद्यमान अवस्था, सम्भावना र अवसरः

सिँचाई कुलोको व्यवस्था, सिँचाईको लागि पाइपको उपलब्धता, प्लास्टिक पोखरी निर्माणमा संघ प्रदेश र स्थानीय सरकारका कार्यक्रमहरु, पानीको स्रोतको पर्याप्तता, पूवाखोला, भोटखोला, खोसङ्गा खोला, ताङ्माया-खोला, सदुवा खोला, गुराँसे खोला लगायत पानीका प्रशस्त स्रोतरु रहेका छन्। सिंचाईको ब्वस्था गरी स्थानीय कृषि उत्पादन र उत्पादकत्व बढाउन सकिन्छ। यातायातको विस्तारसँगै सिंचाई पूर्वाधार विकास गर्न सहज भएको छ। परम्परागत कुलोहरुको मर्मत सम्भारमा सानो लगानीले समेत सिंचाई सुविधा बढाउन सकिन्छ। कृषि उत्पादन र उत्पादकत्व बढाई व्यवसायिकरण गर्न सिंचाई सुविधा उपलब्ध गराउन सकिन्छ। सिँचाईमा कृषक उपभोक्ताको पहुँच र सहभागिता बढ्दै गएको छ। सिँचाईमार्फत उत्पादन बढाई युवा पुस्तालाई कृषिमा आकर्षित गर्न सकिने अवस्था छ।

### ४.४.३ समस्या तथा चुनौतिहरुः-

सम्पूर्ण खेतियोग्य जमिनमा सिँचाई पुग्न सकेको छैन।सुख्खा तथा खडेरीको समस्या रहेको छ। जलाधार क्षेत्रको संरक्षणको व्यवस्थित प्रयास हुन सकेको छैन। गाउँपालिकामा सञ्चालित नहरमा निरन्तर पानी नआउने समस्या रहेको छ।

न्यून बजेट बिनियोजन हुने हुनाले पुराना सिँचाई कुलोहरुको मर्मत सम्भार हुन सकेको छैन। नयाँ प्रविधिमा आधारित सिंचाई आयोजना विस्तार हुन सकेका छैनन्। जटिल भौगोलिक बनावटले सिंचाई आयोजनाको लागत महंगो पर्ने गरेको छ। सिँचाई आयोजना तोकिएको समय र लागतमा सम्पन्न नहुने समस्या छ। सिंचाई पूर्वाधार विकास लगानीको प्राथमिकता पर्न सकेको छैन। सिँचाईका कार्यक्रममा दोहोरोपना छ भने संघ प्रदेश र स्थानीय तहबीच समन्वयको अभाव छ।

### ४.४.४ लक्ष्य

दिगो र सहभागपतामूलक सिँचाई प्रणालीद्वारा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।

### ४.४.५ उद्धेश्य

१. सिँचाई आयोजना सञ्चालनमा दिगोपना कायम गर्नु।
२. सिँचाई प्रणालीलाई सहभागितामूलक तुल्याउने।

### ४.४.६ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. सिँचाई आयोजना पहिचान, अध्ययन तथा छनौट गर्दा अध्ययनमा जोड दिने। | १. सिंचाई आयोजनाको विकास र निर्माण गर्दा प्राविधिक, सामाजिक, आर्थिक तथा वातावरणीय पक्षको अध्ययनका आधारमा पहिचान तथा छनौट गरिनेछ ।<br>२. सामाजिक न्याय, सन्तुलित विकास, वातावरणीय सन्तुलन, बाली विविधीकरण, व्यवसायीकरण र बढी आर्थिक प्रतिफल दिने कुरालाई ध्यानमा राखी सिंचाइ आयोजनाको छनौट गरिनेछ ।<br>३. गाउँपालिका, जल उपभोक्ता समिति तथा स्थानीय समुदायसमेतको सहयोगमा आयोजनाको अध्ययन गरी कार्यान्वयन गरिनेछ ।<br>४. भौगोलिकताको आधारमा उपयुक्त सिंचाई आयोजनालाई प्राथमिकता दिइनेछ ।<br>५. सूचना, शिक्षा र संचारका विधिको माध्यमबाट उपभोक्तालाई आयोजना छनौटकै चरणदेखि प्रत्यक्ष सहभागी गराइनेछ । |
| २. उपभोक्ता समितिलाई जिम्मेवार र जवाफदेही बनाउने | १. सिँचाई आयोजनामा स्रोत परिचालन तथा जनसहभागितामा परिचालन गरी दिगोपना कायम गर्ने बनाइनेछ।<br>२. आयोजना कार्यान्वयनका हरेक चरणमा उपभोक्ता समितिको प्रत्यक्ष सहभागिता र लगानीमा जोड दिदै मर्मत र संचालनको जिम्मेवारी क्रमिक रुपमा उपभोक्ता समितिलाई हस्तान्तरण गरिनेछ ।<br>३. आयोजना निर्माण स्थानीय सरकार उपभोक्ता समितिको लागत सहभागितामा सञ्चालन गरिनेछ।<br>४. सिंचाइ प्रणालीको मर्मत, संभार सञ्चालन गर्ने गरी उपभोक्ता समितिलाई हस्तान्तरण गरिनेछ। |
| ३. गरीबि न्युनीकरण एवम् महिला विकासमा योगदान गर्ने। | १. सिचाइ योजना तथा कार्यक्रम संचालन क्षेत्रमा गरिवी न्यूनिकरणमा थप मद्दत पु-याउने खालका एकीकृत वाली तथा जल व्यवस्थापन, जीविकोपार्जन (Livelihood), लघुऋण (Micro Credit), व्यावसायिक सीप अभिबृद्धि जस्ता कार्यक्रमहरुलाइ प्राथमिकता दिइ कार्यान्वयन गरिनेछ।<br>२. महिला सशक्तिकरणका लागि सिंचाइसँग सम्बन्धित स्रोत-साधन, अवसर तथा सूचना माथि महिलाहरुको पहुँच बढाइनेछ ।<br>३. सिंचाइसँग सम्बन्धित तालिम कार्यक्रमहरुमा महिलाहरुको सीप तथा व्यावसायिक दक्षता अभिवृद्धि र वृत्ति विकासको लागि जोड दिइनेछ । |

### ४.४.७ विस्तृत कार्यक्रम

| क.सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | लगानी तथा खर्च जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अपेक्षित उपलब्धी | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | गापाको सवै वडामा सञ्चालन हुदै गरेको सिंचाईको आयोजना मर्मत सुधार तथा स्तरोउन्नति गर्ने । | P1 | कृषि उत्पादन बढ्ने | ६० | ३० | ३० | | | | संघ/ प्रदेश/स्थानीय समपुरक |
| २ | अलैची सिचाई योजनाको लागि गापाबाट अनुदान प्रदान गर्ने । | P1 | कृषि उत्पादन बढ्ने | ५० | | | २५ | २५ | | संघ/ प्रदेश/स्थानीय समपुरक |
| | | | | ११० | ३० | ३० | २५ | २५ | ० | |

## नतीजा खाका

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्टयाईको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | व्यवसायिक कृषिवाट प्रदान भएको प्रत्यक्ष रोजगारी बढेको हुने। | सङ्ख्या | १० | ५० | १०० | २०० | ३०० | ३५० | -रा.त.का. तथ्याँक | - कृषि तथा पशुपालनमा रोजगारी बढ्ने। |
| असर | खेतीयोग्य जमिन मध्ये सिञ्चित भूमिको क्षेत्रफल बढेको हुने। | हेक्टर | २९५.९३ | ३०० | ४०० | ५०० | ६०० | १००० | | |
| प्रतिफल | वर्षाको आकाशे पानीमा निर्भर भूमि | हेक्टर | ४०० | ३५० | ३०० | २०० | | १०० | | |
| | खोला तथा मुहानहरुबाट सिंचित भूमि | हेक्टर | ५० | ८० | १२० | १५० | १८० | २०० | | |
| | वर्षभरी नियमित सिंचित क्षेत्र | हेक्टर | २९५.९३ | | | | | | | |
| | सिंचाइका लागि निर्मित नहरको कूल लम्बाइ | किमि | ४१७ | ५०० | ७०० | १००० | १२०० | १५०० | | |
| | स्तरोन्नति तथा मर्मत सम्भार भएका पानी कुलो | सङ्ख्या | २४ | ३० | ४० | ५० | ८० | १०० | | |
| | सिंचाइका लागि प्रयोगमा आएको आकासेपानी संकलन तथा प्लाष्टिक पोखरी | सङ्ख्या | १० | ८ | ५ | ४ | ३ | १ | | |
| | प्रयोगमा आएका सिँचाई प्रविधि (सतह, पोखरी, ड्रिप, स्पिङक्लर) को स्तरोन्नति | सङ्ख्या | २४ | ४० | ६० | ८० | १०० | १५० | | |

## ४.५ पर्यटनः

### ४.५.१ पृष्ठभूमिः

पर्यटन क्षेत्र गाउँपालिका विकासका लागि उच्च सम्भावना बोकेको क्षेत्र हो। अद्वितीय प्राकृतिक एवम् सांस्कृतिक सम्पदा र विविधताको कारण यस क्षेत्रमा गाउँपालिकाको तुलनात्मक लाभ रहेको छ। खासगरी, पहाडी प्राकृतिक सुन्दरता, महत्त्वपूर्ण धार्मिक पर्यटकीय गन्तव्य तथा मौलिक साँस्कृतिक सम्पदाले गाउँपालिकाको पर्यटन क्षेत्रमा प्रचुर सम्भावना बोकेको छ। यी स्थल र सम्पदाको संरक्षण, प्रवर्द्धन र विविधीकरण गर्दै पर्यटकीय स्थलको रूपमा विकास गरी स्थानीयबासीको आयआर्जनको आधारको रूपमा यस क्षेत्रलाई विकास गर्ने नीति यस आवधिक योजनाको हुनेछ। पर्यटन प्रवर्द्धनको माध्यमबाट रोजगारीका अवसर वृद्धि, गरिबी निवारण र जनताको जीवनस्तरमा सुधार ल्याई समृद्धिको लक्ष्य हासिल गर्न यस क्षेत्रको महत्त्वपूर्ण योगदान रहने विश्वास गरिएको छ।

### ४.५.२ विद्यमान अवस्था, सम्भावना र अवसरः

गाउँपालिकामा परम्परागत आस्थाका पर्यटन क्षेत्रहरु रहेका छन्। धार्मिक स्थलहरु, रमणीय क्षेत्रहरुपर्याप्त मात्रामा रहेका छन्। छाँगे झरना (आङखोप वडामा) तिम्बुङ पोखरी (कालीखोला), चमेरु गुफा (सुरुमखिम), ढङ्ढङ्गे झरना (लिम्बुदिन), टावरडाँडा (साब्लाखु) र सिदिङ्वाधाम जस्ता विभिन्न धार्मिक एबम् पर्यटकीय सम्भावना र २५ थरीका लालीगुराँस हुनु पनि  गाउँपालिकाको पर्यटकीय आकर्षणको सम्भावनाको क्षेत्र हो।

बलियो, स्थायी सरकारको रुपमा स्थानीय सरकारलाई संवैधानिक र राजनीतिक आधार मिलेसँगै पर्यटन क्षेत्रलाई समृद्धिको मुख्य सम्वाहकको रुपमा उच्च प्राथमिकतामा राख्न सक्ने आधार तयार भएको छ। विगतको लामो समयदेखि पर्यटन क्षेत्रले भरपर्दो सेवा उद्योगको रूपमा स्थापित भएको छ। गाउँपालिका भौगोलिक तथा जैविक विविधतामा धनी रुपमा चिनिन्छ। निजी क्षेत्र र समुदायको पर्यटन क्षेत्रमा चासो र लगानी वृद्धि हुँदै गएको पनि छ।पर्यटकीय आकर्षकको रुपमा रहेका पदमार्ग तथा गन्तव्यहरुको पुनर्निर्माण तथा विकासका कार्यहरु अगाडी बढिरहेका छन्। ग्रामीण पर्यटनलाई आय तथा रोजगारीका अवसरहरुसँग जोड्दै आर्थिक वृद्धि र विकास गरी गरिवी न्यूनीकरण गर्न आवश्यक नीति योजनाहरु क्रमशः अगाडी वढ्दै लगिएको छ। मुख्य पर्यटकीय केन्द्रहरुको प्रचार प्रसार वृद्धि मार्फत समृद्धिको आधार तयार गर्ने काम भएको छ। गाउँपालिकामा बन्जी जम्पिङ्ग, रक क्लाइम्बिङ्ग, जिप लाईन, धार्मिक पर्यटन, बिदा पर्यटन, साँस्कृतिक पर्यटन, पदमार्ग पर्यटनको सम्भावना रहेको छ।

### ४.५.३ समस्या तथा चुनौतिहरुः-

पर्यटकीय क्षेत्रहरुको संरक्षण हुन सकेको छैन। गाउँपालिकामा भएका लालीगुराँसको ब्रान्डिङ्ग तथा प्रचारप्रसारको अभाव छ। भाषा लिपिको धर्म संस्कृतिको संरक्षणको व्यवस्थित प्रयास भएको छैन।

पर्यटन क्षेत्रबाट हुने समग्र आम्दानी बढाई पईटन क्षेत्रमा रहेका नागरिकको जीवनस्तर उकास्नु चुनौतीपूर्ण रहेको छ। पर्यटकीय गन्तव्यस्थल तथा सम्पदाको संरक्षण, सुरक्षा तथा पूर्वाधारको विकास हुन सकेको छैन। स्थानीय उत्पादन र पर्यटन व्यवसायको एकरुपता कायम गर्न सकिएको छैन। यातायात क्षेत्र भरपर्दो

र नियमित हुन सकेको छैन। पर्यटकका लागि न्यूनतम मापदण्डका होटल तथा रेष्टुरेन्टहरु पर्याप्त मात्रामा छैनन्। पर्यटकीय क्रियाकलापमा विविधिकरण गर्न सकिएको छैन। पर्यटन क्षेत्रका साझेदारहरुसँग कुशल तथा प्रभावकारी समन्वय गरी पर्यटन पूर्वाधार विकासमा पर्याप्त लगानी वढाउन सकिएको छैन। निजी क्षेत्रले पर्यटन क्षेत्रमा गरेको लगानीको प्रतिफल सुनिश्चित हुन सकेको छैन। पर्यटकहरुको वैज्ञानिक र पूर्ण अभिलेख राख्ने र पर्यटकीय स्थलहरुमा सूचना, सञ्चार तथा प्रविधिको प्रयोग गर्न सकिएको छैन।

### ४.५.४ लक्ष्य

गाउँपालिकालाई आकर्षक पर्यटकीय गन्तब्यको रुपमा विकास गरी रोजगारी र आयआर्जनमा सुधार गर्ने।

### ४.५.५ उद्धेश्य

१. पर्यटकीय गन्तव्यको विकास गर्नु।
२. पर्यटनमार्फत रोजगारी सिर्जना गर्नु।

### ४.५.६ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. गाउँपालिकाको संस्कृति र सांस्कृतिक सम्पदाहरूलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने। | १. प्राकृतिक सुन्दरता, अध्यात्म, प्राचीन ज्ञान र दर्शनको प्रचार प्रसार गरिनेछ।<br>२. रैथाने सांस्कृतिक केन्द्रहरू, जैविक विविधता र अनुपम भौगोलिक अवस्थितिको विकास गरिनेछ।<br>३. जस्ता विशिष्ट प्रकृतिका पर्यटकीय गन्तव्य र उपजहरूले सिर्जना गरेका अवसरहरूको उपयोग गरिनेछ।<br>४. पर्यटकीय गन्तव्यहरूमा भरपर्दो सुरक्षा र आकस्मिक उद्धारको लागि सरोकारवाला निकायसँग समन्वय गरिनेछ। |
| २. पर्यटकीय क्षेत्रहरूको विकास तथा पर्यटन उपजहरूको उत्पादनमा जोड दिने। | १. नयाँ पर्यटकीय गन्तव्यहरूको पहिचान, विकास र प्रवर्द्धन गरिनेछ।<br>२. चलचित्र पर्यटन, खेल पर्यटन, कृषि पर्यटन, साहसिक पर्यटन, स्वास्थ्य पर्यटनको प्रवर्द्धन गरिनेछ।<br>३. निजी क्षेत्र, स्थानीय सरकार र प्रदेश सरकारको सहकार्यमा पर्यटकीय उच्च सम्भावना भएका क्षेत्रहरूमा हिलस्टेशनको निर्माण गरिनेछ। |
| ४. पर्यटन क्षेत्रमा दक्ष तथा सीपयुक्त जनशक्ति विकास गर्ने। | १. विद्यमान पर्यटन व्यवसायमा संलग्न मानव श्रोतलाई दक्ष, सीपयुक्त र अन्तर्राष्ट्रिय पर्यटन बजारमा प्रतिस्पर्धा गर्न सक्ने गरी तालिम र अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. भूगोल र संस्कृति अनुसारका 'खुल्ला सांस्कृतिक सङ्ग्रहालय' जस्ता पर्यटकीय उपज निर्माण गरिनेछ।<br>३. पर्यटन व्यवसायमा संलग्न मानव श्रोतलाई तालिम तथा क्षमता विकासको लागि नेपाल सरकारसँग सहकार्य गरिनेछ |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४. नयाँ पदमार्गको विकास गरिनेछ। |

### ४.५.७ विस्तृत कार्यक्रम

| क.सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | लगानी तथा खर्च जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | **कूल लागत** | **पहिलो वर्ष** | **दोश्रो वर्ष** | **तेश्रो वर्ष** | **चौथो वर्ष** | **पाँचौ वर्ष** | |
| १ | होमस्टे सञ्चालन तथा व्यवस्थापन सुधार तालिम | p2 | पर्यटनबाट आयआर्जन | २० | | | ६ | ६ | ८ | प्रदेश |
| २ | पर्यटन क्षेत्र प्रचार प्रसार (रुमेला महोत्सव) | P1 | पर्यटनबाट आयआर्जन | ४० | २० | ५ | ५ | ५ | ५ | प्रदेश, स्थानीय तह आफै |
| ३ | पर्यटन सुचना केन्द्र | P2 | पर्यटनबाट आयआर्जन | ३० | | १० | १० | १० | | निजी क्षेत्र |
| ४ | पर्यटकीय पदमार्ग सिदिङवाधाम देखि तिम्बुङपोखरीसम्म | P2 | पर्यटनबाट आयआर्जन | ६०० | | २०० | २०० | | २०० | संघ प्रदेश स्थानीय |
| ५ | भ्यू पोईन्ट पर्यटकीय क्षेत्र विकाश गर्ने | p2 | पर्यटनबाट आयआर्जन | ५०० | ३०० | २०० | | | | संघ प्रदेश स्थानीय |
| ६ | पर्यटकिय क्षेत्रको संरक्षण तथा स्तरोन्नति र व्यवस्थापन | | पर्यटनबाट आयआर्जन | १०० | | २५ | २५ | २५ | २५ | |
| ७ | धार्मिक पर्यटकिय क्षेत्रको संरक्षण र प्रवर्द्धन (चमेरुगुफा, सिदिङ्वाधाम, तिम्बुङ पोखरी आदी) | | पर्यटनबाट आयआर्जन | २० | | | १० | १० | | |
| ८ | फन पार्क / सिदिङ्वाधाममा भ्यू | P1 | पर्यटनबाट आयआर्जन | २० | | | १० | १० | | संघ प्रदेश स्थानीय |

| क.सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | लगानी तथा खर्च जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | **कूल लागत** | **पहिलो वर्ष** | **दोश्रो वर्ष** | **तेश्रो वर्ष** | **चौथो वर्ष** | **पाँचौ वर्ष** | |
| | पोइन्ट स्थापना तथा सञ्चलान | | | | | | | | | |
| | | | | १३३० | ३२० | ४४० | २६६ | ६६ | २३८ | |

## ४.५.८ नतीजा खाका

| **क.सं.** | **नतीजा सूचक** | **एकाई** | **आधार वर्ष (२०८०/०८१) सम्म अवस्था** | **२०८१/०८२** | **२०८२/०८३** | **२०८३/०८४** | **२०८४/०८५** | **२०८५/०८६** | **पुष्ट्याईंको आधार** | **जोखिम पक्ष र अनुमान** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | गरिबीको दर घटेको हुने | प्रतिशत | १२.६ | १० | ८ | ६ | ४ | ३ | - रा.त.का. तथ्यांक | - पर्यटनले गरिबी निवारणमा योगदान दिने। |
| **असर** | वार्षिक पर्यटक आगमन (आन्तरिक र बाह्य) उल्लेखनीय रुपमा बढ्ने। | सङ्ख्या (,०००) | १० | १३ | १४ | १६ | २० | २५ | - गा. पा. पर्यटन तथ्यांक | - पर्यटनले गरिबी निवारणमा योगदान दिने। |
| **प्रतिफल** | धार्मिक तथा सांस्कृतिक पर्यकीय स्थानको व्यवस्थापन | सङ्ख्या | २५ | ४० | ८० | १५० | २०० | ३०० | - गा. पा. पर्यटन तथ्यांक | -पर्यटकीय पूर्वाधार बढ्ने। |
| | स्तरोन्नति गरिएका पर्यटकीय सम्पदा | सङ्ख्या | ७ | १० | १५ | २० | २५ | ३० | - गा. पा. पर्यटन तथ्यांक | --पर्यटकीय पूर्वाधार बढ्ने। |
| | पदमार्गको लम्बाइ (कूल) | कि.मि. | ४७१ | ४७१ | | | | ४७१ | - गा. पा. पर्यटन तथ्यांक | -पर्यटकीय पूर्वाधार बढ्ने। |

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्ट्याईको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्थित होमस्टे तथा पर्यटकीय गाउँ | सङ्ख्या | १० | | | | | | - गा. पा. पर्यटन तथ्याँक | -पर्यटकीय पूर्वाधार बढ्ने। |
| | व्यवस्थित वनभोज, उद्यम, पार्क | सङ्ख्या | १ | १ | १ | | १ | | - गा. पा. पर्यटन तथ्याँक | -पर्यटकीय पूर्वाधार बढ्ने। |
| | तालिम प्राप्त टुर गाइड | सङ्ख्या | - | १० | १० | १० | १० | १० | - गा. पा. पर्यटन तथ्याँक | -पर्यटकीय पूर्वाधार बढ्ने। |
| | तालिम प्राप्त कुक वेटर | सङ्ख्या | - | | १० | १० | १० | १० | - गा. पा. पर्यटन तथ्याँक | -पर्यटकीय पूर्वाधार बढ्ने। |
| | पर्यटनमा आधारित उद्योग व्यवसायहरु | सङ्ख्या | - | | | ५ | | १० | - गा. पा. पर्यटन तथ्याँक | -पर्यटकीय पूर्वाधार बढ्ने। |
| | बर्षभरी भ्रमण गर्ने वाह्य पर्यटक | सङ्ख्या | - | ५० | १५० | २०० | ५०० | १००० | - गा. पा. पर्यटन तथ्याँक | -पर्यटन आगमन बढ्ने। |
| | भ्रमण गर्ने पर्यटकहरुको औसत वसाई | दिन | ३ | ७ | १० | १० | १५ | १५ | - गा. पा. पर्यटन तथ्याँक | -पर्यटन आगमन बढ्ने। |
| | पर्यटकको औषत दैनिक खर्च | रु. हजार | ०.५ | १.५ | १.५ | २ | ३ | ३ | - गा. पा. पर्यटन तथ्याँक | -पर्यटनबाट आय बढ्ने। |

## ४.६ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिः

४.६.१ पृष्ठभूमिः नेपालको संविधानले अर्थतन्त्रको विकासका लागि उद्योगधन्दा र स्रोत-साधनको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने र राष्ट्रिय हित अनुकूल आयात व्यवस्थापन र निर्यात प्रवर्द्धनका क्षेत्रमा वैदेशिक पुँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै औद्योगिक पूर्वाधार विकासमा प्रोत्साहन र परिचालन गर्ने नीति लिइएको छ। समग्र उद्योग क्षेत्रको विकासमा निजी क्षेत्रको नेतृत्वदायी भूमिका रहने र सरकारले प्रभावकारी उत्प्रेरक, नियामक र सहजकर्ताको भूमिका निर्वाह गर्ने राष्ट्रिय नीतिलाई स्थानीय सरकारले समेत अनुशरण गरिरहेको छ। औद्योगीकरणका लागि स्थानीय श्रम, सीप र कच्चा पदार्थमा आधारित साना उद्योगको संरक्षण गरी निजी क्षेत्रको लगानी भित्र्याउन लगानीमैत्री वातावरण तयार गर्नुपर्नेछ। यसैगरी, उद्योगमा नयाँ प्रविधि प्रयोग गरी उत्पादन लागत कम गर्दै उत्पादन र उत्पादकत्व वृद्धि र रोजगारीका अवसर सिर्जना गर्नुपर्ने भएको छ।

देशमा ब्यापार घाटा बढिरहेको सन्दर्भमा आन्तरिक रूपमा पूर्वाधारको विकास र व्यापार तथा लगानीको वातावरण सिर्जना गर्ने जिम्मवारी स्थानीय तहको हुन गएको छ। संविधानले राष्ट्रिय हित अनुकूल निर्यात प्रवर्द्धन तथा आयात व्यवस्थापनका क्षेत्रमा वैदेशिक पुँजी तथा प्रविधिको लगानी आकर्षित गर्ने नीति लिनुका साथै आन्तरिक व्यापारमा कुनै प्रकारको अवरोध गर्न नपाइने कुराको प्रत्याभूति गरेको छ। व्यापारमा खासगरी स्थानीय मागको विस्तार, वस्तु र सेवाको स्वच्छ प्रतिष्पर्धा, एकाधीकारको अन्त्यको लागि गाउँपालिकाले कार्यक्रम अगाडि बढाउनुपर्ने जरुरी छ।

दुर्गम तथा ग्रामीण क्षेत्र लगायत नागरिकको दैनिक जीवनयापनमा अत्यावश्यक वस्तु तथा सेवाको सहज र निर्बाध आपूर्ति सुनिश्चित गर्नु स्थानीय सरकारको दायित्व हो। नेपालको संविधानले उपभोक्ताको हकको सुनिश्चतता गर्न प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक र गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हकको व्यवस्था गरेको छ। साथै, कालोबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना, प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको पूर्ण अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हकहित संरक्षण गर्ने राज्यको नीति रहेको छ। स्थानीय उपभोक्ता हकहित संरक्षण ऐन निर्माण, आपूर्ति व्यवस्थामा सुधार गरी उपभोक्ताको हक-हित संरक्षण र प्रवर्द्धन गर्दै गुणस्तरीय वस्तु र सेवामा पहुँच पुऱ्याउनु आवश्यक छ। गाउँपालिकाको दुर्गम क्षेत्रका नागरिकको खाद्यान्न माथिको पहुँच सुनिश्चित गर्न खाद्यान्नको आपूर्ति ढुवानी र अनुगमन कार्यलाई प्राथमिकता दिनु जरुरी छ।

४.६.२ विद्यमान अवस्था, सम्भावना र अवसरः गाउँपालिकामा विद्युत गृह सञ्चालनमा आएको छ। कूटानी पिसानी मिल, ढाका कपडा उद्योग, दुग्ध डेरी, चिया उद्योग पनि सञ्चालनमा आएको छ। त्यसैगरी वर्कसप, सिलाई कटाई व्यवसाय, ज्वैलरी, किराना, होटल, औषधी, ब्यूटी पार्लर लयगायतका सञ्चालनमा आएका छन्।

नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको खुला र उदार अर्थतन्त्रको नीति रहेको छ। लगानीमैत्री वातावरण सिर्जना हुने गरी स्थानीय नीतिगत, कानूनी, संरचनागत तथा प्रक्रियागत सुधारको सुरुआत हुनु, सूचना तथा सञ्चार प्रविधिको विस्तार हुँदै जानु यस क्षेत्रको अवसरका रुपमा रहेका छन्। ऊर्जाको

उपलब्धता बढ्दै जानु, वन, शिक्षा, स्वास्थ्य एवम् पर्यटन क्षेत्रलाई उद्योगसँग आबद्ध गरी विस्तार गर्ने प्रचुर सम्भावना हुनु, युवाको उद्योग व्यवसायप्रति आकर्षण बढ्दै जानु गाउँपालिकाको औद्योगिक विकासमा सहभागी गराउने सम्भावना बढ्दै जानु थप अवसरका रूपमा रहेका छन् ।

व्यापार क्षेत्रमा अन्तरदेशीय र क्षेत्रीय अन्तरआबद्धता सम्बन्धी पूर्वाधारमा व्यापक लगानी हुँदै गएको छ। वस्तु तथा सेवाको उत्पादनमा गुणस्तर र प्रतिस्पर्धी क्षमता वृद्धि हुँदै गएकोले ठूलो अवसरको रूपमा लिइएको छ। दर्ता तथा लगानीमा सहजता, लगानीमा स्वतन्त्रता, विविधिकरणका कारण व्यापरमा तुलनात्मकलाभ समेत रहेको छ।

आपूर्तिको क्षेत्रमा खाद्य तथा पोषण सचेतनाको अभिवृद्धि भई स्थानीय उत्पादनको माग र महत्त्व अत्यधिक रूपमा बढदै गएको छ। तीनै तहका सरकार आपूर्ति अनुगमनमा क्रियाशील रहेका छन्। विद्युत उत्पादनमा वृद्धि र आपूर्तिमा नियमितता कायम भएको छ। उपभोक्ता सचेतनामा अभिवृद्धि भई वस्तु तथा सेवाको गुणस्तरप्रति चासो राख्न थालेका छन्। निजी क्षेत्रको आपूर्ति प्रणालीमा अग्रणी भूमिका देखिएको छ।

**४.६.३ समस्या तथा चुनौतिहरुः-** गाउँपालिकामा रहेको जलविद्युत उद्योगको ब्यवस्थापनमा लापरबाही भएको छ। ब्यवसायबाट उत्पादित सामानको बजार पहुँच नहुँदा किसानमा उत्पादन प्रोत्साहन न्यून रहेको छ। चिया उद्योगको अभाव रहेको छ। ब्यवसायमा अनौपचारिक र दर्ता नभएको क्षेत्र ठूलो रहेको छ। मासु प्रशोधनको अभाव छ। उद्यमका लागि ज्ञान, सीप पूँजी र प्रविधिको अभाव रहेको छ। उत्पादनमूलक क्षेत्रमा लगानी अभाव रहेको छ।

उद्योग क्षेत्रमा निजीक्षेत्रको लगानी आकर्षित गर्नु, आर्थिक उदारीकरण, विश्वव्यापीकरण र बहुपक्षीय व्यापार सम्झौताबाट सिर्जित चुनौती तथा अवसरको विश्लेषण गरी व्यापार र लगानीका क्षेत्रमा प्राथमिकता र आवश्यकता निर्धारण गर्न चुनौती रहेका छन्। औद्योगिक पूर्वाधारको विकास गर्नु, उत्पादित वस्तु एवम् सेवाको गुणस्तर कायम गर्नु, स्थानीय औद्योगिक उत्पादनको लेबलिङ र ब्राण्डिङको माध्यमबाट निर्यात वृद्धि गर्नु, संघसँगको सहकार्यमा बौद्धिक सम्पत्तिको संरक्षण र प्रवर्द्धन गर्नु चुनौतिपूर्ण रहेको छ। उत्पादनशील क्षेत्रका उद्योगमा कच्चा पदार्थको आपूर्ति गर्नु पनि चुनौतीको रुपमा रहेका छन् ।

व्यापारको क्षेत्रमा उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि गरी व्यापार क्षेत्रमा संरचनागत परिवर्तन गर्नु, सस्तो श्रम र कच्चा पदार्थको अधिकतम उपयोग गरी प्रतिस्पर्धी वस्तु तथा सेवा उत्पादन वृद्धि गर्नु प्रमुख चुनौतीका रुपमा रहेका छन्। व्यापारलाई प्रतिस्पर्धी र व्यापक गराउन देशगत र वस्तुगत व्यापार विविधीकरण तथा वस्तुको प्रमाणीकरण, लेबलिङ्ग, ब्राण्डिङ्ग गरी गुणस्तरीयता अभिवृद्धि गर्नु यस क्षेत्रका थप चुनौती रहेका छन् ।

आपूर्ति क्षेत्रमा नियमित र प्रभावकारी रूपमा बजारको अनुगमन गरी व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्नु, कृत्रिम अभाव, चुहावट, अस्वभाविक मूल्यवृद्धि, कार्टेलिङ र सिण्डिकेट अन्त्य गरी प्रतिस्पर्धा कायम गर्नु, खाद्य वस्तु, अत्यावश्यक औषधि तथा स्वास्थ्य उपकरण र पेट्रोलियम पदार्थको सहज आपूर्ति तथा खाद्य सुरक्षाको प्रत्याभूति बनाइराख्नु यस क्षेत्रका प्रमुख चुनौती रहेका छन् । दुर्गम एवम् विकट भौगोलिक क्षेत्रमा अत्यावश्यक खाद्यान्नमाथि पहुँच अभिवृद्धि गर्नु थप चुनौतीका रूपमा रहेका छन् ।

### ४.६.४ लक्ष्य

उद्योग र व्यवसायको विकासमार्फत गाउँपालिकाबासीको आयआर्जन र जीवनस्तरमा सुधार ल्याउने।

### ४.६.५ उद्धेश्य

१. उद्योग व्यवसायको तीव्रतर विकास गर्नु।
२. आपूर्ती प्रणालीलाई बजारको स्वचालित प्रणालीमा आवद्ध गरी अति बिपन्न र गरिबलाई आधारभुत आवश्यकताका वस्तु उपलब्ध गराउनु।

### ४.६.६ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. औद्योगिक पूर्वाधारहरूको तिव्रतर विकास तथा पूर्ण उपयोग, मझौला तथा साना उद्योगहरूको प्रवर्द्धन गर्ने | १. औद्योगिक पूर्वाधार निर्माण (औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र, औद्योगिक ग्राम, औद्योगिक पहुँच मार्ग तथा प्रशारण लाइन आदि) को लागि नेपाल सरकारसँग सहकार्य गरिनेछ।<br>२. उद्योगमा हदवन्दी भन्दा बढी जग्गालाइ औद्योगिक प्रयोजनका लागि उपयोग गर्न नेपाल सरकारसँग सहकार्य गरिनेछ।<br>३. तुलनात्मक लाभ भएका वस्तु तथा सेवाको पहिचान तथा वस्तु विकास गर्न एक वडा एक विशिष्ट उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ। |
| २. उद्यमशील कार्यसंस्कृति, आधुनिक प्रविधि र स्वच्छ उर्जाको प्रयोगको माध्यमबाट उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने । | १. अध्यक्ष नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ।<br>२. Farm To Factory कार्यक्रम सञ्चालन गरी स्थानीय कच्चा पदार्थ र उद्योगसम्मको श्रृङ्खला कायम गरिनेछ।<br>३. साना किसान, सहकारी तथा साना तथा घरेलु उद्योगले उत्पादन गर्ने प्राथमिक तथा अर्धप्रशोधित वस्तु स्वदेशी मझौला तथा ठूला उद्योगले प्रयोग गर्ने गरी मूल्य श्रृंङ्खला विकास गरिनेछ।<br>४. स्थानीय स्टार्ट अप उद्यम कर्जा कोष, सिप तथा प्रविधि हस्तान्तरण लगायतका कार्यक्रम मार्फत नवप्रवर्तनलाई प्रोत्साहन तथा आधुनिक प्रविधिको अनुकरण गरिनेछ।<br>५. निजी क्षेत्रसँगको सहकार्यमा कार्यस्थलमा आधारित रोजगारमुलक प्रशिक्षण कार्यक्रम (Apprenticeship Program ) सञ्चालन गरिनेछ।<br>६. उद्योग क्षेत्रका लागि आवश्यक दक्ष तथा सिपयुक्त औद्योगिक जनशक्ति उत्पादन गरी रोजगारीमा आवद्ध गर्दै लगिनेछ।<br>७. औद्योगिक विकासका लागि प्रोत्साहन प्याकेजको व्यवस्था गरिनेछ। |
| ३. व्यापार क्षेत्रलाई प्रतिष्पर्धी र स्वच्छ बनाई बजार प्रणालीको | १. नेपाल सरकारले स्थापना गरेका व्यापारजन्य पूर्वाधारको पूर्ण क्षमतामा संचालन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| कार्यदक्षता हासिल गर्ने। | २. स्थानीय क्षेत्रबाट निर्यात सम्भावना भएका वस्तुको पहिचान गरी ठूलो परिमाणमा उत्पादन (Mass Production) का लागि सहजीकरण गरिनेछ।<br>३. विद्युतीय हाटबजार तथा Apps को निर्माण गरी महिला उद्यमी एवम् लघु, घरेलु तथा साना उद्योगबाट उत्पादित वस्तुको आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धन गरिनेछ।<br>४. परम्परागत हस्तकलाजन्य वस्तु उत्पादन सम्बन्धी सिपको अभिलेखीकरण, हस्तान्तरण र पुस्तान्तरणको लागि सीप विकास तालिम संचालन गरिनेछ। |
| ४. आपूर्ती प्रणालीलाई आम जनताको पहुँचमा पुर्याई कृत्रिम अभाव र मूल्यवृद्धि नियन्त्रण गर्ने। | १. गाउँपालिकाका विकट एवम् दुर्गम क्षेत्रमा अत्यावश्यक वस्तु तथा सेवाको योजनाबद्ध आपूर्ति व्यवस्था गरिनेछ।<br>२. प्राकृतिक प्रकोप तथा विपद्को समयमा अत्यावश्यक वस्तु तथा सेवाको आपूर्तिको सुनिश्चितता गरिनेछ।<br>३. सार्वजनिक, निजी र सहकारी क्षेत्रबाट आवश्यक वस्तु तथा सेवाको नियमित आपूर्ति गरिनेछ।<br>४. गाउँपालिकाको बजार अनुगमन संयन्त्रलाई प्रभावकारी बनाई कालोबजारी र ठगी नियन्त्रण गरिनेछ।<br>५. प्रत्येक उपभोक्ताको गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हकको सुनिश्चितता गरिनेछ।<br>६. उपभोक्ता हकको न्यायिक उपचार एवम् क्षतिपूर्तिको सुनिश्चितता गरिनेछ। |

### ४.६.६ विस्तृत कार्यक्रम

| क.सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | लगानी तथा खर्च जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | उद्योग ग्राम स्थापना | p2 | उत्पादकत्व र आयमा वृद्धि | ८० | | | २५ | २५ | ३० | संघ |
| २ | गुराँसको जुस प्रसोधन, ब्रान्डीङ्ग तथा बजारीकरण | P2 | रोजगार र आयमा वृद्धि | २५ | | २५ | | | | निजी क्षेत्र |
| ३ | उद्यमशीलता विकास तालिम | P1 | उद्यमशिलता र उद्यमी सृजना | २५ | ५ | ५ | ५ | ५ | ५ | स्थानीय तह आफै |
| ४ | ब्यावसायीहरुलाई सहुलियत कर्जामा ब्याज अनुदान | P2 | उद्यमशिलता विकास तथा उद्यमी प्रोत्साहन | ७५ | १५ | १५ | १५ | १५ | १५ | संघ र प्रदेश |
| ५ | अल्लोको कपडा उत्पादन तालिम | P1 | रोजगार तथा आयआर्जन | १५ | ५ | ५ | ५ | | | स्थानीय तह आफै |
| ६ | स्थानीय उत्पादनमा आधारित कृषि उपज जस्तैः वेसार, अदुवा को ब्रान्डीङ्ग तथा बजारीकरण | P1 | स्थानिय स्रोत सधानको प्रयोग तथा आयआर्जन | १५ | ५ | ५ | | | ५ | प्रदेश |
| ७ | जडिबुटीजन्य व्यवसायिक खेति प्रर्वधन कार्यक्रम | P1 | स्थानिय स्रोत सधानको प्रयोग तथा आयआर्जन | १५ | | ५ | ५ | ५ | | स्थानीय तह आफै |
| | | | | २५० | ३० | ६० | ५५ | ५० | ५५ | |

## ४.६.७ नतीजा खाका

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्ट्याईंको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | गरिबीको दर घटेको हुने | प्रतिशत | १२.५ | १२.२ | १२ | ११.५ | ११ | १०.५ | - रा.त.का. तथ्यांक | - गरिबी निवारणमा योगदान गर्ने। |
| असर | रोजगारीमा गैरकृषि क्षेत्रको योगदान बढेको हुने। | प्रतिशत | १० | १४ | १७ | २० | २३ | २५ | - रा.त.का. तथ्यांक | - औद्योगिकरण हुने। |
| प्रतिफल | स्थानीय सीप शैली, प्रविधिमा प्रतिफल आधारित उद्योग व्यवसाय | सङ्ख्या | - | १० | १० | ५ | ५ | ५ | - गा. पा. औद्योगक गणना | - रैथाने सीपको संरक्षण हुने। |
| | गाउँपालिकामा दर्ता र नियमित नवीकरण भई संचालित उद्योग व्यवसायहरु | सङ्ख्या | १८ | २० | २५ | २५ | ३० | ३५ | - गा. पा. औद्योगक गणना | - उद्योगको परिमाणात्मक विकास हुने। |
| | स्थानीय हस्तकलामा आधारित उद्योग व्यवसाय | सङ्ख्या | - | ५ | ५ | १० | १५ | २० | - गा. पा. औद्योगक गणना | - रैथाने सीपबाट आयआर्जन हुने। |
| | निकासीजन्य कच्चा पदार्थको उपलब्धता | मे. टन | - | २ | ५ | ७ | १० | १५ | - गा. पा. औद्योगक गणना | - कच्चा पदार्थबाट आय बढ्ने। |
| | स्थानीय स्तरमा उपलब्ध जडिबुटीमा आधारित उद्योग व्यवसाय | सङ्ख्या | - | २ | ४ | १० | १५ | २० | - गा. पा. औद्योगक गणना | - जडिबुटी उद्योगबाट आयआर्जन बढ्ने। |

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्ट्याईंको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | उद्यम श्रृजना, व्यवसायिक विकास सम्बन्धी तालिम प्राप्त उद्यमीहरु | सङ्ख्या | ३३ | ४० | ४५ | ६० | ७० | ८० | - गा. पा. औद्योगक गणना | - उद्यमशीलता बढ्ने। |
| | सीपमूलक व्यवसायिक तालिम प्राप्त गर्ने व्यक्तिहरु | सङ्ख्या | - | ३० | ५० | ७० | १०० | २०० | - गा. पा. औद्योगक गणना | - उद्यमशीलता बढ्ने। |
| | महिलाद्वारा सञ्चालित उद्योग व्यवसाय | सङ्ख्या | - | १० | १० | २० | २० | २५ | - गा. पा. औद्योगक गणना | - महिला उद्यमशीलता बढ्ने। |
| | औद्योगिक ग्राम | सङ्ख्या | ० | १ | | | | | - रा.त.का. तथ्क | - औद्योगिकरण हुने। |
| | बौद्धिक सम्पत्ति संरक्षण अन्तर्गत आधिकारिक निकायमा दर्ता भई ब्राण्डिङ गरिएका जडीवुटी, हस्तकला तथा अन्य व्यवसायहरु | सङ्ख्या | ० | १ | २ | २ | २ | २ | - गा. पा. औद्योगक गणना | - जडिबुटी ब्रान्डिङ्ग हुने। |
| | तरकारी, फलफूल, खाद्यान्न बजार केन्द्र | सङ्ख्या | | १ | १ | १ | १ | १ | - गा. पा. औद्योगक गणना | - बजारीकरण हुने। |
| | उत्पादनहरुको नियमित आपूर्ति तथा विक्री वितरणका लागि बजार केन्द्रहरु | सङ्ख्या | | १ | १ | १ | १ | | - गा. पा. औद्योगक गणना | - बजारीकरण हुने। |
| | मूल्यसूची सहित संचालित पसल व्यवसाय | सङ्ख्या | - | १० | १० | १० | १० | १० | - गा. पा. औद्योगक गणना | - बजारीकरण हुने। |
| | उद्योग, व्यापार व्यवसायहरुमा भएको कूल लगानी | रु. लाखमा | ३०.७ | | | | | | - गा. पा. औद्योगक गणना | - लगानी बढ्ने। |

## ४.७ सहकारीः

४.७.१ पृष्ठभूमिः नेपालको संविधानले सार्वजनिक र निजी क्षेत्रका साथै सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने मार्गदर्शन तीनै तहका सरकारलाई दिएको छ। सहकारी क्षेत्रले छरिएर रहेको श्रम, सीप, प्रविधि र पुँजीलाई एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गर्न सक्दछ । वित्तीय पहुँच अभिवृद्धि, महिला सशक्तीकरण, नेतृत्व विकास तथा क्षमता विकास, सामाजिक एकीकरण, उद्यमशीलता प्रवर्द्धन र गरिबी न्यूनीकरणमा यस क्षेत्रको महत्त्वपूर्ण योगदान रहेको छ । यस क्षेत्रमा प्राप्त उपलब्धीको सम्बर्द्धन गर्दै सहकारी आन्दोलनको स्वस्थ विकासलाई प्रोत्साहित गर्नु वाञ्छनीय भएको छ ।

४.७.२ विद्यमान अवस्था, सम्भावना र अवसरः वित्तीय पहुँचका लागि गाउँपालिकाको ग्रामिण क्षेत्रमा लक्ष्मी सनराइज वैक र **सहकारी संस्था** सञ्चालनमा रहेका छन्। सस्तो व्याजदरमा उत्पादनमूल क्षेत्रमा सहकारी मार्फत ऋण सुविधा परिचालन गरिएको छ। गाउँपालिकामा "क" वर्गको वाणिज्य बैंकले वैङ्किङ्ग सुविधा प्रदान गरिरहेको छ। Mobile तथा online बैकिङ सुविधा मार्फत नागरिकले जुनसुकै समयमा बैकिङ कारोबारमा आवद्ध हुन सकेका छन्। बैकमार्फत ऋण तथा विमा सुविधा प्राप्त भैरहेको छ।

स्थानीय तहको अधिकार सूचीमा सहकारी विषय समावेश भएकोले गाउँपालिकाले नियमन तथा प्रवर्द्धनका कार्य सम्पादन भई यस क्षेत्रको विकासमा थप योगदान पुग्ने अवस्था सिर्जना भएको छ। सहकारी अभियानको स्थानीय तहदेखि संघसम्मै संरचना निर्माण भएको छ। कृषिको मूल्य शृङ्खलामा सहकारी संस्थालाई परिचालन गर्ने वातावरण तयार हुनु, सहकारी आन्दोलनमा महिला तथा विपन्न वर्गको सहभागिताबाट सशक्तीकरण र गरिबी निवारण गर्ने माध्यमको रूपमा स्थापित हुँदै जानु, सहकारी क्षेत्रबाट परिचालित बचत तथा ऋण सदस्यको प्राथमिकतानुसार आय-आर्जन, रोजगारी सिर्जना, आकस्मिक आवश्यकता, उपभोग जस्ता क्रियाकलापमा उपयोग गर्न सकिने अवस्था विद्यमान रहनु यस क्षेत्रका प्रमुख अवसरको रूपमा रहेका छन् ।

४.७.३ समस्या तथा चुनौतिहरुः- वित्तीय साक्षरता र सचेतनाको अभाव रहेको छ। वित्तीय पहुँचमा असमानता कायमै छ। आवश्यकता अनुसार लगानी गर्न बचतको अभाव रहेको छ। सहकारी क्षेत्र बचत तथा ऋणको कारोबारमा मात्र केन्द्रित हुँदा उत्पादनशील क्षेत्रमा लगानी अभाव रहेको छ।

सहकारी संघ-संस्थाको सङ्ख्यात्मक विस्तारभन्दा गुणात्मक विकास गरी समुदायमा आधारित र सदस्य केन्द्रित बनाउनु, सहकारीमैत्री नीतिहरूको प्रवर्द्धन गर्नु, सहकारीलाई ग्रामीण विपन्न समुदायसम्म विस्तार गर्नु, संविधानले निर्दिष्ट गरेअनुसार सहकारीलाई मुलुकको समृद्धिको आधारको रूपमा स्थापित गर्नु, सहकारी संस्थामा स्वनियमनलाई सुदृढ तुल्याउँदै सुशासन कायम गराउनु, सहकारी आन्दोलनका प्रतिनिधिमूलक संघ तथा प्रवर्द्धन र नियमनमा संलग्न निकायबीच प्रभावकारी समन्वय कायम गर्नु, महिला तथा सीमान्तकृत वर्गमा सहकारीको पहुँच अभिवृद्धि गर्दै गरिबी निवारणतर्फ केन्द्रित गर्नु, यस क्षेत्रबाट परिचालन हुने बचत तथा ऋणको सुरक्षाका लागि नीतिगत र संस्थागत प्रबन्ध मजबुत तुल्याउनु, सहकारी क्षेत्रमा ऋण ग्रस्तता अन्त्य गर्नु, विपन्न समुदायलाई आर्थिक सुरक्षाको प्रत्याभूति दिने माध्यमका रूपमा विकास गर्नु, सहकारी मार्फत परिचालित पुँजीलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्नु, उत्पादन र रोजगारीका क्षेत्रमा सहकारीको

योगदान अभिवृद्धि गर्नु र सहकारी संघ-संस्थाको नियमनलाई थप प्रभावकारी बनाउनु यस क्षेत्रका प्रमुख चुनौतीका रूपमा रहेका छन् ।

### ४.७.४ लक्ष्य

सहकारीता मार्फत बचत, लगानी, स्थानीय स्रोतको परिचालन गरी जनताको जीवनस्तरमा सुधार ल्याउने।

### ४.७.५ उद्देश्य

१. सहकारी क्षेत्रमा सुशासन कायम गर्नु।
२. सहकारी क्षेत्रमा संलग्न घरपरिवार तथा जनशक्तिको क्षमता विकास गर्नु।
३. सहकारी क्षेत्रलाई उत्पादनको केन्द्रको रुपमा विकास गर्नु।

### ४.७.६ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. सहकारी क्षेत्रमा क्षमता विकास गर्ने। | १. उद्यमशीलता विकास तालिम सञ्चालन गरिनेछ ।<br>२. विद्यालयको स्थानीय पाठ्यक्रममा सहकारी विषय समावेश गरिनेछ ।<br>३. सहकारी शिक्षा तथा तालिम सञ्चालन गर्ने विभिन्न संस्था तथा निकायसँग सहकार्य गरिनेछ।<br>४. सहकारी व्यवस्थापन, लेखा व्यवस्थापन, सहकारी सचेतना जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।<br>५. सहकारी शिक्षा कोषको प्रयोग गरी वित्तीय साक्षरता, सहकारी शिक्षा, तालिम र क्षमता अभिवृद्धिका कृयाकलापहरू विस्तार गरिनेछ । |
| २. सहकारी क्षेत्रको नियमनमा कडाई गर्ने । | १. सहकारी संघसंस्थामा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा नियमन गरी नेपाल सरकारका निकायमा प्रतिवेदन गरिनेछ।<br>२. संघ, प्रदेश र स्थानीय एकल तथा संयुक्त रूपमा अनुगमन प्रणाली विकास गरिनेछ ।<br>३. सहकारी तथा गरिबी निवारण सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (CoPoMIS) को प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>४. सहकारी मापदण्ड पालना र बचत सुरक्षा सम्बन्धमा नियमित अनुगमन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ३. सहकारी मार्फत शिक्षा, स्वास्थ्य, कृषि, यातायात, उद्योग र रोजगारीको विकास गर्ने। | १. युवा तथा श्रमिकद्वारा सञ्चालित एवम् अन्य सहकारी संघ-संस्थालाई आयोजना सञ्चालनका लागि बीउ पुँजी तथा पुँजीगत अनुदान उपलब्ध गराइनेछ ।<br>२. सहकारी मार्फत कर्जा तथा बिमा सम्बन्धी क्रियाकलापलाई सहजीकरण गरिनेछ ।<br>३. कृषिलाई आधुनिकीकरण र व्यवसायीकरण गर्न साना किसानहरूलाई सहकारीमा आवद्ध गराइनेछ ।<br>४. सहकारी मार्फत कर्जा तथा बिमा सम्बन्धी क्रियाकलापलाई सहजीकरण गरिनेछ ।<br>५. सहकारीमार्फत विद्यालय, स्वास्थ्य संस्था र उद्योग खोल्न प्रोत्साहित गरिनेछ। |

## ४.७.७ विस्तृत कार्यक्रम

| क.सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | लगानी तथा खर्च जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | सहकारी सचेतना तालिम कार्यक्रम | p2 | क्षमता अभिवृद्धि तालिम | २१ | ५ | ५ | ५ | ३ | ३ | स्थानीय तह आफै |
| २ | सामूहिक धितो जमानीमा समूहमा ऋण परिचालन | P1 | बित्तित क्षमता विकाश | २१ | ५ | ५ | ५ | ३ | ३ | स्थानीय तह आफै |
| ३ | सहकारी लेखा तथा व्यवस्थापन तालिम | p2 | बित्तित क्षमता विकाश | २१ | ५ | ५ | ५ | ३ | ३ | स्थानीय तह आफै |
| | | | | ६३ | १५ | १५ | १५ | ९ | ९ | |

## ४.७.८ नतीजा खाका

| क.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्ट्याईको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | गरिबीको दर घटेको हुने | प्रतिशत | १२६. | १० | ८ | ६ | ४ | ३ | - रा.त.का. तथ्यौंक | - सहकारीले गरिबी निवारणमा योगदान। |
| **असर** | कृषि सहकारीमा आवद्ध कृषक बढेको हुने | सङ्ख्या | ६०० | ६५० | ७०० | ७५० | ८०० | १००० | - गा. पा. सहकारी सर्वेक्षण | - बचत तथा ऋणमा बढी आकर्षण हुन सक्ने। |
| **प्रतिफल** | वचत तथा ऋण समेतको कूल सहकारी संस्था | सङ्ख्या | | | | | | | - गा. पा. सहकारी सर्वेक्षण | - बचत तथा ऋणमा बढी आकर्षण हुन सक्ने। |

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्टयाईंको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिलाद्वारा सञ्चालित सहकारी संस्था | सङ्ख्या | २ | ५ | १० | १५ | ३० | ५० | - गा. पा. सहकारी सर्वेक्षण | - सहकारी नियमन नहुन सक्ने। |
| | सहकारी संस्थामा आवद्ध सदस्यहरु | सङ्ख्या | | ५० | ७५ | १०० | १५० | २०० | - गा. पा. सहकारी सर्वेक्षण | - सदस्य बढ्ने। |
| | सहकारी संस्थाको ऋण कर्जाबाट उद्योग, व्यापार व्यवसाय सञ्चालन गर्नेहरु | सङ्ख्या | | २ | ५ | ८ | १० | १५ | - गा. पा. सहकारी सर्वेक्षण | - बचत तथा ऋणमा बढी केन्द्रत हुन सक्ने। |
| | सहकारी संस्थाबाट भएको कूल कर्जा लगानी वृद्धि | रु. लाख | | २ | ५ | ८ | १० | १५ | - गा. पा. सहकारी सर्वेक्षण | - कर्जा अनुत्पादक हुनसक्ने। |
| | सहकारी संस्थामा सङ्कलित कुल निक्षेप | रु. लाख | | ५ | १० | | | | - गा. पा. सहकारी सर्वेक्षण | - बचत बढ्ने। |

## ४.८ श्रम तथा रोजगारीः-

४.८.१ पृष्ठभूमिः नेपालको संविधानले रोजगारी र श्रमको हकलाई मौलिक हकको रूपमा स्थापित गर्नुका साथै दक्ष र व्यावसायिक श्रमशक्तिको विकास गर्ने, श्रमिक र उद्यमीबीच सुसम्बन्ध कायम गर्ने, वैदेशिक रोजगारबाट आर्जित पुँजी, सीप, प्रविधि र अनुभवको स्वदेशमा उपयोग गर्ने र सबैका लागि मर्यादित कामको अवसर सुनिश्चित गर्ने नीति लिएको छ । गुणस्तरीय मानव संसाधनको विकास मार्फत श्रमको उत्पादकत्व अभिवृद्धि गरी राष्ट्रिय अर्थतन्त्रलाई सबल बनाउन उत्पादनको क्रियाशील साधनको रूपमा श्रमको महत्त्वपूर्ण भूमिका रहन्छ । अन्तर्राष्ट्रिय श्रम संगठनको अभिसन्धि १६९ ले मर्यादित र सुरक्षित रोजगारी र श्रमको उत्पादकत्वको प्रत्याभूति गरेको छ । गाउँपालिकामा रहेका युवा श्रमशक्तिको लागि रोजगारमूलक शिक्षाको उपलब्धता, ज्ञान, सीप, पूँजी प्रविधिको लागि सार्वजनिक निजी सहकारी तथा अन्तर सरकार समन्वयको ब्यवस्था गर्नु आवश्यक भएको छ।

४.८.२ विद्यमान अवस्था, सम्भावना र अवसरः श्रम, सामाजिक सुरक्षा र रोजगार सम्बन्धी नयाँ कानूनहरू जारी भएका छन्। योगदानमा आधारित सामाजिक सुरक्षामा रोजगारदाता र श्रमिकको सहभागिता बढ्दै गएको छ। प्राविधिक शिक्षा तथा सीपमूलक तालिमप्रति सरोकारवाला पक्षहरुको चासो बढ्दै गएको छ। न्यूनतम पारिश्रमिकको कानूनी व्यवस्था रहेको छ। संघ सरकारको बालश्रम निवारण गुरूयोजना कार्यान्वयनमा आएकोले स्थानीय सरकारलाई मार्गदर्शन प्राप्त भएको छ। गाउँपालिकामा रोजगार सूचना केन्द्रको शाखा विस्तार भएको छ।

४.८.३ समस्या र चुनौतीः श्रम तथा रोजगारीको हकको कार्यान्वयन गर्नु, उत्पादनशील क्षेत्रमा रोजगारीका अवसर पहिचान र सिर्जना गर्नु, अनौपचारिक क्षेत्रको रोजगारीलाई औपचारिक क्षेत्रको दायरामा ल्याउनु, श्रम निरीक्षण र नियमनलाई प्रभावकारी बनाउनु, श्रम बजारको माग अनुरूप सीपयुक्त श्रमशक्तिको विकास गर्नु, शिक्षालाई व्यावहारिक र रोजगारमूलक बनाई उद्यमशीलता विकास गर्नु, असल श्रम सम्बन्धको विकास र श्रमको उत्पादकत्व वृद्धि मार्फत आर्थिक विकासका सम्भावनाहरूलाई फराकिलो बनाउनु मुख्य चुनौतीका रूपमा रहेका छन् ।

### ४.८.४ लक्ष्य

गाउँपालिकामा रोजगारी सिर्जना गरी बेरोजगारी दरमा कमी ल्याउने ।

### ४.८.५ उद्देश्य

१. उत्पादनशील र मर्यादित रोजगारीका अवसर विस्तार गर्नु ।
२. बालश्रम लगायत सबै प्रकारका श्रम शोषण अन्त्य गर्नु ।
३. वैदेशिक रोजगारीलाई गाउँपालिकाको विकासमा उपयोग गर्नु ।

### ४.८.६ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
| --- | --- |
| १. गाउँपालिकामा न्यूनतम रोजगारीको प्रत्याभूति गर्ने कार्यक्रम लागू गर्ने। | १. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।<br>२. श्रमको सम्मान गर्ने अभियान सञ्चालन गरिनेछ।<br>३. श्रमिकको हकहित तथा कार्यस्थलमा हुने सबै प्रकारका विभेदलाई अन्त्य गरिनेछ ।<br>४. निजी क्षेत्रको सहकार्यमा श्रम विनिमय केन्द्रको स्थापना गरी सञ्चालन र नियमन गरिनेछ ।<br>५. प्रभावकारी रोजगार व्यवस्थापनका लागि विभिन्न तहका सरकारबीच समन्वय र सहकार्य गरिनेछ ।<br>६. गाउँपालिकाले गर्ने विकास खर्चलाई रोजगारी सिर्जनासँग आबद्ध गरिनेछ । |
| २. रोजगार सम्बन्धी तथ्याँकलाई व्यवस्थित गर्ने। | १. गाउँपालिकाको रोजगार सूचना केन्द्र श्रमशक्ति र बेरोजगारको तथ्याँक संकलन गरिनेछ ।<br>२. रोजगार सम्बन्धी महत्त्वपूर्ण अभिलेख डिजिटलाइज गरी गाउँपालिकाको वेबसाइटमा समेत राख्ने व्यवस्था मिलाइनेछ ।<br>३. सम्पूर्ण श्रमिकहरूलाई पञ्जीकृत गरी सामाजिक सुरक्षाको दायरामा ल्याइनेछ ।<br>४. बाँधा तथा बलपूर्वक लगाइने श्रमलाई निर्मूल पारिनेछ ।<br>५. अनौपचारिक क्षेत्रको तथ्याँक लिई औपचारिक क्षेत्रमा रूपान्तरण गर्न प्रोत्साहन गरिनेछ ।<br>६. भारतमा रोजगारीका लागि जाने कामदारको तथ्याँक सुरक्षित गरिनेछ । |
| ३. रोजगारी सिर्जनाको लागि तीन तहका सरकार, निजी र गैरसरकारी क्षेत्रबीच समन्वय गर्ने । | १. रोजगारी सिर्जना सम्बन्धी तीनै तहका सरकारका कार्यक्रम एकीकृत रुपमा सञ्चालन गरिनेछ ।<br>२. बैदेशिक रोजगारमा जाने युवालाई सीप विकास तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. निजी क्षेत्रको रोजगारीलाई शोषणरहित र मर्यादित रुपमा विकास गरिनेछ।<br>४. वैदेशिक रोजगारको लागि जानेहरूको पूर्व अभिलेख राखी त्यसलाई सुरक्षित व्यवस्थित एवम् मर्यादित गरिनेछ । |

## ४.८.७ विस्तृत कार्यक्रम

| क.सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | लगानी तथा खर्च जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | वेरोजगारहरुलाई रोजगारी सृजना | P1 | रोजगारी सिर्जना | ७० | १५ | १५ | १५ | १५ | १० | संघ |
| २ | वेरोजगारहरुलाई दक्ष बनाउन प्राविधिक सिप विकास तालिम | P1 | रोजगारी सिर्जना | ५० | १० | १० | १० | १० | १० | प्रदेश |
| ३ | सहुलिएत कर्जा वितरण कोष | p2 | रोजगारी सिर्जना | ५० | १० | १० | १० | १० | १० | संघ |
| ४ | युवा स्वरोजगार कार्यक्रम | p2 | रोजगारी सिर्जना | १०० | २० | २० | २० | २० | २० | प्रदेश, स्थानीय तह आफै |
| | | | | २७० | ५५ | ५५ | ५५ | ५५ | ५० | |

## ४.८.८ नतीजा खाका

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्ट्याईको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | १० वर्ष र सोभन्दा माथिका प्रायः सक्रिय रहेको रोजगारी बढेको हुने | प्रतिशत | ७९.९ | ८१ | ८५ | ८७ | ९० | ९३ | -रा.त.का. तथ्याँक | - रोजगारीमा बृद्धि हुने। |
| असर | १० वर्ष र सोभन्दा माथिका व्यक्तिले ६ महिना वा सोभन्दा वढी आर्थिक काम गरेको हिस्सा बढ्ने। | प्रतिशत | ७०८. | ७३ | ७६ | ८० | ८५ | ९० | -रा.त.का. तथ्याँक | - रोजगारीमा बृद्धि हुने। |
| प्रतिफल | सिटिइभिटीबाट प्राविधिक, सीपमूलक, व्यवसायिक तालिम लिएका दक्ष जनशक्ति | सङ्ख्या | - | १० | १५ | २० | २५ | २५ | - गा. पा. रोजगार तथ्याँक | -रोजगारी वृद्धि हुने। |

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्ट्याईको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | परम्परागत तरिका, औजार र उपकरणको आधुनिकीकरणमा संलग्न जनशक्ति | सङ्ख्या | - | १० | १० | १० | १० | १० | - गा. पा. रोजगार तथ्याँक | -रैथाने सीपबाट रोजगारी बढ्ने। |
| | रोजगारीका आधारमा गाउँगाउँपालिकाले प्रदान गर्ने सेवा सुविधाबाट लाभान्वित उद्योग व्यवसायीहरु | सङ्ख्या | - | १० | २० | २० | २० | २० | - गा. पा. रोजगार तथ्याँक | - उद्योग प्रवर्द्र हुने। |
| | बालश्रम एवं न्यून ज्यालादरर श्रम शोषणवाट प्रभावित | सङ्ख्या | - | १० | ८ | ५ | ३ | १ | - गा. पा. रोजगार तथ्याँक | - बालश्रममुक्त गा. पा. निर्माण हुने। |
| | वैदेशिक रोजगारीका लागि तालिम प्रदान गर्ने संस्थाहरु | सङ्ख्या | ० | २० | ३० | ४० | ५० | १०० | - गा. पा. रोजगार तथ्याँक | -विप्रेषण बढ्ने। |
| | विप्रेषणलाई आयमूलक क्षेत्रमा परिचालन गर्ने घरपरिवार सङ्ख्या | सङ्ख्या | - | २० | ४० | ५० | १०० | १५० | - गा. पा. रोजगार तथ्याँक | -विप्रेषणबाट गरिबी निवारण हुने। |
| | वैदेशिक रोजगारीबाट फर्की स्वदेशमा उद्योग, व्यवसाय गर्ने | सङ्ख्या | - | १० | २५ | ५० | ७५ | १०० | - गा. पा. रोजगार तथ्याँक | -बै रो को सीप प्रविधि प्रयोग हुने। |
| | विप्रेषण सम्बन्धी वित्तीय साक्षरता कार्यक्रमबाट लाभान्वित जनसङ्ख्या | सङ्ख्या | - | १०० | १५० | २०० | ३०० | ४०० | - गा. पा. रोजगार तथ्याँक | -विप्रेषण बढ्ने। |

# परिच्छेद ५
# सामाजिक विकास

## ५.१ शिक्षा

### ५.१.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रुपमा राखिएको छ जसमा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने, प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने, अपाङ्ता भएका र आर्थिक रूपले बिपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने व्यवस्था रहेको छ। दिगो विकास लक्ष्य नम्बर ४ ले गुणस्तरीय शिक्षामा सबैको पहुँचलाई जोड दिएको छ । ज्ञानमा आधारित समाजको माध्यमबाट मुलुकको दिगो शान्ति र समृद्धिका लागि शिक्षालाई महत्त्वपूर्ण माध्यमको रूपमा स्वीकार गर्रिंदै आएको छ । शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक तथा रोजगारमूलक बनाउँदै शिक्षामा राज्यको लगानी अभिवृद्धि गर्दै निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति समेत नेपालको संविधानले अवलम्बन गरेको छ ।

### ५.१.२ अवसर र सम्भावना

शिक्षालाई मौलिक हकको रूपमा व्यवस्था गरिएकोले सहभागिता र पहुँचमा वृद्धि गरी गुणस्तर सुधार गर्न सकिने अवसर सिर्जना भएको छ। गाउँपालिकाको साक्षरता दरमा राष्ट्रिय जनगणना २०६८ को तुलनामा वृद्धि भएको छ। विद्यालय तहको खुद भर्नादर र लैङ्गिक समता सूचकाङ्कमा सुधार देखिनुका साथै महिला साक्षरता दर र समावेशी सहभागितामा सुधार भएको छ। प्राविधिक शिक्षालाई हरेक स्थानीय तहसम्म सर्वसुलभ गराउने तथा प्राविधिक उच्च शिक्षालाई प्रवर्द्धन गर्दै रोजगारीका अवसरमा वृद्धि गर्ने नेपाल सरकारको नीति रहेको छ। शिक्षाको अधिकार तीनवटै तहका सरकारको साझा अधिकार क्षेत्रको रूपमा रहेकोले समन्वयात्मक लगानी बढाउन सकिने अवसर छ। प्राविधिक शिक्षामा विद्यार्थीको आकर्षण बढेकोले रोजगारमुखी शिक्षाको नीति जारी गर्नसक्ने अवसर सिर्जना भएको छ। गुणस्तरीय शैक्षिक वातावरण सिर्जना गर्दै खोज र अनुसन्धानमा आधारित उच्च शिक्षाको विकास नसक्ने अवसर छ।

### ५.१.३ समस्या र चुनौती

विद्यालय शिक्षालाई सर्वसुलभ बनाउने, गुणस्तरको सुनिश्चितता सहित सार्वजनिक शिक्षा प्रतिको आकर्षण अभिवृद्धि गर्न सकिएको छैन। विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्न सकिएको छैन। शैक्षिक सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्न सकिएको छैन। विद्यालयको भौतिक पूर्वाधार सहितको आकर्षक सिकाइ वातावरण विकास गर्न सकिएको छैन। शिक्षण सिकाइ पद्धतिलाई व्यावहारिक, बालमैत्री एवम् प्रविधिमा आधारित बनाउने, उद्यमशील, समालोचनात्मक र अन्वेषणकारी नागरिक तयार गर्ने कार्य गर्न सकिएको छैन। विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालयमा ल्याउन सकिएको छैन भने कक्षा

छाड्ने दर शून्यमा झारी अपेक्षित सिकाई उपलब्धि हासिल गर्न सकिएको छैन। प्राविधिक उच्च शिक्षाको अवसर विस्तार गर्दै ज्ञान र प्रविधिमा आधारित स्थानीय अर्थतन्त्र विकास गर्न सकिएको छैन। शिक्षकलाई शिक्षण सिकाईको ज्ञान,सीप, पूँजी र प्रविधिमा निपुण बनाउन सकिएको छैन।

### ५.१.४ लक्ष्य

सबै नागरिकलाई सस्तो, शुलभ, गुणस्तरीय र वैज्ञानिक शिक्षाको माध्यमद्वारा मानव पूँजीको निर्माण गर्ने।

### ५.१.५ उद्देश्य

१. बिद्यालय जाने बालबालिकालाई विद्यालयमा भर्ना, माद्यामिक र उच्च माद्यामिक शिक्षामा बिद्यालय छाड्ने दरमा सुधार गर्नु,

२. प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासमा लगानीमार्फत बजारको माग बमोजिमको जनशक्ति विकास गर्नु,

३. वैज्ञानिक, जीवनोपयोगी र जीविकामूखी शिक्षाको विस्तार गरी जीवनको गुणस्तर र गुणस्तरीय मानव पूँजीको निर्माण गर्नु।

४. शिक्षामा सूचना प्रविधिको प्रयोग बढाउनु।

### ५.१.६ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. संघ, प्रदेश र स्थानीय तह र गैरसरकारी क्षेत्रका कार्यक्रममा समन्वय कायम गरी विद्यालय भर्ना र टिकाउदरमा सुधार ल्याउने । | १. विद्यालय दिवा खाजा कार्यक्रमलाई अनुगमनको माध्यमद्वारा पोषिलो खाजा वितरण गर्ने प्रतिष्पर्धामा आधारित बनाइनेछ।<br>२. गैरसरकारी क्षेत्रका कार्यक्रमलाई गाउँपालिकाको समन्वयमा अघि बढाइनेछ।<br>३. किशोरकिशोरी सम्बाद तथा गुनासो व्यवस्थापनको माध्यमद्वारा विद्यालय छाड्नुको कारण पत्ता लगाई निदान गरिनेछ।<br>४. विद्यालयमा नियमित अभिभभावक बैठक गर्ने, अभिभावक शिक्षक संघलाई उपयोग गरी विद्यालय भर्ना र टिकाउदरमा सुधार ल्याइनेछ। |
| २. प्रारम्भिक बालविकास तथा आधारभूत र माद्यामिक शिक्षा निः शुल्क र अनिवार्य गर्ने । | १/ निजी विद्यालय शुल्कको छड्के र नियमित अनुगमन गरिनेछ।<br>२/ सामुदायिक विद्यालयले शुल्क लिएको पाईएमा कारबाही गरिनेछ।<br>३/ न्यून आय भएका गरिब विद्यार्थीलाई आवासीय विद्यालय स्थापनाको लागि गाउँपालिकामा रहेका कम्तिमा २ वटा विद्यालयलाई आवासीय विद्यालयको रुपमा विकास गरिनेछ। |
| ३/ प्राविधिक र व्यावसायिक शिक्षामा निजी लगानी आकर्षित गर्ने। | १/ गाउँपालिकामा कम्तिमा एउटा बहुप्राविक शिक्षालय निर्माण गरिनेछ।<br>२/ प्राविधिक शिक्षामा लगानी गर्न चाहने निजी क्षेत्रलाई सेवा प्रवाहमा सहजता, जग्गा प्राप्तिमा सहजीकरण गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३/ स्थानीय लगानी सम्मेलन गरिनेछ।<br>४/ साविकमा गाउँपालिकामा बसोवास गरी हाल सहरी क्षेत्रमा उद्योगी, व्यापारी तथा गैरआवासीय नेपालीबाट लगानीको लगानी आह्वान गरिनेछ। |
| ४/ माद्यामिक र उच्च माद्यामिक शिक्षामा आइसिटि को प्रयोग गरी सबैको पहुँच पुर्याउने । | १/ विद्यालय शिक्षाको ऐच्छिक विषयमा प्राविधिक र व्यावसायिक शिक्षालाई समावेश गरिनेछ।<br>२/ विद्यालयमा विज्ञान प्रयोगशाला र ***ICT Lab*** को ब्यवस्था गरिनेछ।<br>३/ विद्यालयमा इ-लाइब्रेरीको स्थापना गरिनेछ।<br>४/ सबै विद्यालयहरुमा इन्टर-याक्टिभ स्मार्टबोर्डको ब्यवस्था गरिनेछ।<br>५/ शिक्षक र प्रति विद्यार्थी ल्यापटप उपलब्ध गराउने नमूना कार्यक्रम लागू गरिनेछ।<br>६/ प्रत्येक वडामा आइसिटि हवको निर्माण गरिनेछ। |
| ५/ एक वडा एक प्राविधिक धार विद्यालय निर्माण गर्ने। | १/ एक वडा एक प्राविधिक धार विद्यालयको लागि संघ सरकारसँग समन्वय गरिनेछ।<br>२/ गाउँपालिकामा प्राविधिक धार सञ्चालन गर्ने विद्यालयलाई सहजीकरण र साझेदारी गरिनेछ।<br>३/ प्राविधिक र व्यावसायिक शिक्षा अध्ययन गर्ने युवालाई न्यून ब्याज दरमा ऋण प्रवाह गर्न सहकारी संस्थासँग समन्वय गरिनेछ।<br>४/ गाउँपालिकाको बार्षिक बजेटमा युवा लक्षित सीपमूलक तालिम कार्यक्रम राखिनेछ। |
| ५/ हरेक विद्यालयलाई वैज्ञानिक शिक्षाको प्रवर्द्धन गर्नेगरी रुपान्तरण गर्ने। | १/ हरेक विद्यालयमा विज्ञान प्रयोगशाला ब्यवस्था गर्न संघ, प्रदेश र स्थानीय तह, गैरसरकारी संघसंस्थाबीच समन्वय गर्ने।<br>२/ परम्परागत शिक्षाकोसाटो वैज्ञानिक शिक्षा प्रदान गर्नेगरी विद्यालय क्षेत्र सुधारको कार्यक्रम लागू गर्ने।<br>३/ विद्यालयमा ***Science Technology Engineering Mathmematics (STEM)*** शिक्षा प्रणालीको प्रवर्द्धन गरिनेछ। |
| ६/ शिक्षकलाई गुणस्तरीय सिकाईको लागि सीपयुक्त बनाउने। | १. शिक्षक, कर्मचारी क्षमता विकासको कार्यक्रम लागू गरिनेछ ।<br>२. प्र. अ. तथा शिक्षक कार्यसम्पादनमा आधारित प्रोत्साहन लागू गरिनेछ।<br>३. शिक्षक तालिमलाई सेवाप्रवेश, पुनर्ताजगी तथा नियमित बनाइनेछ।<br>४. नयाँ शिक्षण पद्दति सम्बन्धी नियमित तालिम तथा प्रशिक्षणको लागि शिक्षा विकास तथा समन्वय इकाईसँग समन्वय गर्ने। |

| रणनीति | कार्यनीति |
|---|---|
| ७. विद्यालयको भौतिक तथा शैक्षिक वातावरण सुधार गर्ने। | १. विद्यालय घेराबार तथा सौन्दर्यकरण कार्यक्रम लागू गरिनेछ।<br>२. जीर्ण रहेका विद्यालय भवनलाई पुनर्निर्माण गरिनेछ।<br>३. सबै विद्यालयमा खानेपानी, शौचालयको निर्माण गरिनेछ।<br>४. विद्यालयमा अभिभावक र विद्यार्थीको संयुक्त पहलमा वृक्षारोपण कार्यक्रम राखी हरित सिकाई वातावरण विकास गरिनेछ। |
| ८. विद्यार्थीको संख्या र भौगोलिक क्षेत्र अनुसार विद्यालय नक्शाङ्कन गरी मर्ज गर्ने । | १. विद्यार्थी शिक्षक अनुपात र विद्यालयको गुणस्तर बढाउन सकिने |

## ५.१.७ विस्तृत कार्यक्रम

| क.सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अपेक्षित उपलब्धी | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | लगानी तथा खर्च जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | बहुप्राविधिक शिक्षालाय निर्माण | P1 | प्राविधिक शिक्षा बढ्ने | २५० | ५० | ५० | ५० | ५० | ५० | नेपाल सरकार |
| २ | एक विद्यालय एक स्मार्ट बोर्ड कार्यक्रम | P1 | शिक्षित मानव पूजी निर्माण हुने | २५० | ५० | ५० | ५० | ५० | ५० | नेपाल सरकार |
| ३ | विद्यालय पूर्वाधार विकास (भवन, घेराबार, धारा र शौचालय, वाल उद्यान) | P2 | | ३०० | ६० | ६० | ६० | ६० | ६० | स्थानीय |
| ४ | विद्यालयमा पुस्तकालय | P1 | | १०० | २० | २० | २० | २० | २० | संघ/ प्रदेश/स्थानीय र गैसस |
| ५ | विद्यालयमा विज्ञान प्रयोगशाला | P2 | वातावरणीय स्वच्छता कायम हुने | १०० | २० | २० | २० | २० | २० | संघ/ प्रदेश/स्थानीय र गैसस |
| ६ | विद्यालय ICT LAB कार्यक्रम | P2 | शिक्षित मानव पूजी निर्माण हुने | २०० | ४० | ४० | ४० | ४० | ४० | संघ/ प्रदेश/स्थानीय र गैसस |
| ७ | गाउँपालिकास्तरीय नमूना विद्यालय | P2 | | ५०० | १०० | १०० | १०० | १०० | १०० | संघ/ प्रदेश/स्थानीय |
| ८ | एक शिक्षक एक ल्यापटप | P2 | | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ/ प्रदेश/स्थानीय र गैसस |
| ९ | शिक्षक विद्यार्थी तथा अभिभावक अध्ययन अवलोकन भ्रमण | P2 | | २५ | ५ | ५ | ५ | ५ | ५ | नेपाल सरकार |
| १० | शिक्षक कर्मचारी क्षमता विकास तालिम | P2 | मानव संशाधन विकास हुने | २५ | ५ | ५ | ५ | ५ | ५ | गैसस |
| ११ | शिक्षक कर्मचारी प्र अ विद्यार्थी प्रोत्साहन कार्यक्रम | P2 | मानव संशाधन विकास हुने | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ/ प्रदेश/स्थानीय |

| क.सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अपेक्षित उपलब्धी | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | लगानी तथा खर्च जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १२ | अस्थायी शिक्षक सञ्चयकोष तथा उपदान कोष | P1 | मानव संशाधन विकास हुने | ७५ | १५ | १५ | १५ | १५ | १५ | स्थानीय |
| १३ | विद्यार्थी संख्याको आधारमा शिक्षक ब्यवस्था र विद्यालय मर्जर | P2 | मानव संशाधन विकास हुने | २५ | ५ | ५ | ५ | ५ | ५ | स्थानीय |
| १४ | क्याम्पस स्थापना | P1 | मानव संशाधन विकास हुने | ७०० | १५० | १५० | १५० | १५० | १०० | स्थानीय तह र शिक्षक |
| १५ | आवासीय विद्यालय स्थापना कार्यक्रम | P1 | शिक्षित मानव पूजी निर्माण हुने | ५० | १० | १० | १० | १० | १० | स्थानीय |
| १६ | विद्याथीसँग जनप्रतिनिधि | P1 | शिक्षित मानव पूजी निर्माण हुने | १० | २ | २ | २ | २ | २ | नेपाल सरकार |
| | | | | २६६० | ५४२ | ५४२ | ५४२ | ५४२ | ४९२ | |

## ५.१.८ नतीजा खाका

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८० /०८१) सम्म अवस्था | २०८१ /०८२ | २०८२/ ०८३ | २०८३/ ०८४ | २०८४/ ०८५ | २०८५/ ०८६ | पुष्ट्याईको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | कूल साक्षरता दर बढेको हुने। | प्रतिशत | ८०.४४ | ८२ | ८५ | ८८ | ९० | ९३ | - गा. पा. शिक्षा तथ्याँक | - शिक्षित नागरिक तयार हुने। |
| **असर** | कम्तीमा उच्च माध्यमिक तह उत्तीर्ण गरेको जनसङ्ख्या बढेको हुने। | प्रतिशत | २२ | २५ | ३० | ३५ | ४० | ४५ | - गा. पा. शिक्षा तथ्याँक | - शिक्षित नागरिक तयार हुने। |
| **प्रतिफल** | १५ मिनेटको दुरीमा आधारभूत तहको विद्यालयमा पहुँच हुने घरधुरी | प्रतिशत | २० | ३८ | ३८ | ३८ | ३८ | ३८ | - गा. पा. शिक्षा तथ्याँक | - शिक्षामा पहुँच बढ्ने। |
| | विद्यालय वाहिर ५-१५ वर्ष उमेर समूहका बालवालिका | प्रतिशत | ०.५ | ०.५ | ० | ० | ० | ० | - गा. पा. शिक्षा तथ्याँक | - शिक्षामा पहुँच बढ्ने। |
| | छात्रवृत्ती पाउने विद्यार्थी | सङ्ख्या | ७०० | १००० | १२०० | १५०० | १५०० | २००० | - गा. पा. शिक्षा तथ्याँक | - शिक्षामा पहुँच बढ्ने। |
| | दिवा खाजा खुवाउने विद्यालय | सङ्ख्या | २१ | ५०० | १००० | १५०० | २००० | ३००० | - गा. पा. शिक्षा तथ्याँक | - शिक्षामा पहुँच बढ्ने। |
| | नियमित अध्ययन गर्ने अवसर नमिलेका विद्यार्थीका लागि माध्यामिक तह सम्मको खुल्ला शिक्षा वा अनौपचारिक दिने विद्यालय | सङ्ख्या | ० | २० | ५० | ७५ | १०० | १५० | - गा. पा. शिक्षा तथ्याँक | - शिक्षामा पहुँच बढ्ने। |

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८० /०८१) सम्म अवस्था | २०८१ /०८२ | २०८२/ ०८३ | २०८३/ ०८४ | २०८४/ ०८५ | २०८५/ ०८६ | पुष्ट्याईंको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत तह (कक्षा ८) सम्मको खूद भर्नादर | प्रतिशत | ९७ | १०० | १०० | १०० | १०० | १०० | - गा. पा. शिक्षा तथ्याँक | - शिक्षित नागरिक तयार हुने। |
| | आधारभूत तह (कक्षा ८) सम्मको उत्तिर्ण दर | प्रतिशत | ९४ | १०० | १०० | १०० | १०० | १०० | - गा. पा. शिक्षा तथ्याँक | - शिक्षित नागरिक तयार हुने। |
| | माध्यामकि तह (९-१२) को खूद भर्नादर | प्रतिशत | ८५ | १०० | १०० | १०० | १०० | १०० | - गा. पा. शिक्षा तथ्याँक | - शिक्षित नागरिक तयार हुने। |
| | कक्षा १२ को निरन्तरता दर | प्रतिशत | ६० | ७० | ८० | ९० | ९५ | ९८ | - गा. पा. शिक्षा तथ्याँक | - शिक्षित नागरिक तयार हुने। |
| | कक्षा ८ सिकाइ उपलब्धी दर | प्रतिशत | ५६ | ६० | ६५ | ७० | ७५ | ८० | - गा. पा. शिक्षा तथ्याँक | - शिक्षित नागरिक तयार हुने। |
| | कक्षा ८ को निरन्तरता दर | प्रतिशत | ९८ | | | | | १०० | - गा. पा. शिक्षा तथ्याँक | - शिक्षित नागरिक तयार हुने। |
| | बालमैत्री सिकाइ विधि अवलम्बन गर्ने विद्यालय | प्रतिशत | १०० | | | | | | - गा. पा. शिक्षा तथ्याँक | - शिक्षित नागरिक तयार हुने। |

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८० /०८१) सम्म अवस्था | २०८१ /०८२ | २०८२/ ०८३ | २०८३/ ०८४ | २०८४/ ०८५ | २०८५/ ०८६ | पुष्ट्याईंको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विषयगत तालिम प्राप्त शिक्षक | प्रतिशत | ७५ | | | | | १०० | - गा. पा. शिक्षा तथ्याँक | - शिक्षित जनशक्ति तयार हुने। |
| | प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | सङ्ख्या | ० | | | | | १० | - गा. पा. शिक्षा तथ्याँक | - शिक्षित नागरिक तयार हुने। |
| | सिटिइभिटिवाट सम्वर्द्धनमा सञ्चालित प्राविधिक विद्यालय | सङ्ख्या | ० | | | १ | | | - गा. पा. शिक्षा तथ्याँक | - शिक्षित नागरिक तयार हुने। |
| | सामुदायिक विद्यालयमा प्राविधिक धार अध्यायपन गराउने विद्यालय | सङ्ख्या | ० | | | | १ | | - गा. पा. शिक्षा तथ्याँक | - शिक्षित नागरिक तयार हुने। |
| | वालमैत्री आधारभूत पूर्वाधार र सुविधा ( भवन, चर्पी, खानेपानी, खेलकुद मैदान, घेरावार, फर्निचर) उपलब्ध विद्यालय | सङ्ख्या | ५ | | | | | ३८ | - गा. पा. शिक्षा तथ्याँक | - शिक्षा पूर्वाधार विकास हुने। |
| | वालवालिकामैत्री, अपाङ्गता मैत्री र भूकम्प प्रतिरोधात्मक संरचना भएको विद्यालय | सङ्ख्या | ४ | | | | | | - गा. पा. शिक्षा तथ्याँक | - शिक्षा पूर्वाधार विकास हुने। |
| | आइसिटि सेवा उपलब्ध विद्यालय | सङ्ख्या | २ | | | | १० | | - गा. पा. शिक्षा तथ्याँक | - शिक्षा पूर्वाधार विकास हुने। |

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८० /०८१) सम्म अवस्था | २०८१ /०८२ | २०८२/ ०८३ | २०८३/ ०८४ | २०८४/ ०८५ | २०८५/ ०८६ | पुष्ट्याईंको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कम्प्युटर प्रयोगशाला भएका विद्यालय | सङ्ख्या | ५ | ७ | ८ | १२ | १४ | १८ | - गा. पा. शिक्षा तथ्याँक | - शिक्षा पूर्वाधार विकास हुने। |
| | व्यवस्थित विज्ञान प्रयोगशाला भएका विद्यालय | सङ्ख्या | ६ | | | | | | - गा. पा. शिक्षा तथ्याँक | - शिक्षा पूर्वाधार विकास हुने। |
| | सेनीटरी प्याड सहित नर्स सेवा उपलब्ध विद्यालय | सङ्ख्या | १ | १० | २० | २५ | ३० | ३८ | - गा. पा. शिक्षा तथ्याँक | - शिक्षा पूर्वाधार विकास हुने। |
| | उच्च शिक्षामा अध्ययनरत विद्यार्थी | प्रतिशत | २ | १० | २० | ५० | ८० | ९० | - गा. पा. शिक्षा तथ्याँक | - शिक्षित नागरिक तयार हुने। |
| | वालक्लव क्रियाशील भएका विद्यालय | सङ्ख्या | १० | १२ | १४ | २० | २५ | ३८ | - गा. पा. शिक्षा तथ्याँक | - शिक्षित नागरिक तयार हुने। |
| | आधारभूत तहमा स्थानीय मातृभाषामा पठनपाठन गर्ने विद्यालय | सङ्ख्या | ० | १ | १० | १२ | १४ | २० | - गा. पा. शिक्षा तथ्याँक | - शिक्षित नागरिक तयार हुने। |
| | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमवाट लाभान्वित विद्यालय | सङ्ख्या | ६ | २० | ४० | ६० | १०० | २०० | - गा. पा. शिक्षा तथ्याँक | - शिक्षा पूर्वाधार विकास हुने। |

## ५.२ स्वास्थ्य र पोषण

### ५.२.१ पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने मौलिक हकको व्यवस्था गरेको छ। दिगो विकास लक्ष्य नम्बर ३ मा स्वस्थ मानव पूँजी निर्माणको लक्ष्य रिएको छ। देश विकासमा स्वस्थ र उत्पादनशील नागरिकको महत्त्वलाई दृष्टिगत गरी यस क्षेत्रमा लगानी वृद्धि मार्फत गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवामा समतामूलक पहुँच सुनिश्चित गर्नु स्थानीय सरकाकरको समेत दायित्व हो । स्वास्थ्य क्षेत्रलाई निजी क्षेत्रको प्रतिष्पर्धधात्मक क्षेत्रको रुपमा विकास गर्नुका साथै सेवामूलक क्षेत्रमा रूपान्तरण गर्दै लैजानु पर्ने आवश्यकता छ । नागरिकलाई स्वस्थ बनाउन आधुनिक चिकित्सा, आयुर्वेदिक, प्राकृतिक, होमियोपेथिक चिकित्सा क्षेत्र, स्वास्थ्य सुशासन र अनुसन्धानमा लगानी बढाउन आवश्यक देखिएको छ । यस आवधिक योजनामा स्वास्थ्य सेवालाई जनताको घरदैलोसम्मै पुऱ्याउन गाउँपालिकाको नेतृत्वदायी र निजी तथा सहकारी क्षेत्रको परिपूरक भूमिका रहनेछ ।

### ५.२.२ अवसर

नेपालको संविधानले स्वास्थ्य सेवा सम्बन्धी अधिकारको सूची संघ, प्रदेश र स्थानीय तहबीच बाँडफाँट गरेको छ। नेपाल सरकारले स्वास्थ्य बिमा कार्यक्रम कार्यान्वयनमा ल्याएको छ। गाउँपालिकाले आफ्नै स्रोतको प्रयोग गरी स्वास्थ्यमा लगानी वृद्धि गर्दै कार्यक्रम सञ्चालन गरेको छ। सूचना प्रविधि, औषधी तथा उपकरणहरूको उपलब्धताको लागि स्थानीय सरकारको आफ्नै स्रोत विनियोजन गर्ने गरिएको छ। पूर्वाधारको विकाससँगै नागरिकहरूमा चेतना तथा चासो निरन्तर बढ्दै गएको छ। समुदायस्तरसम्म स्वास्थ्य सञ्जालको विस्तार भएको छ। महिला स्वास्थ्य स्वयम्सेविका, आमा समूह, सामुदायिक स्वास्थ्य इकाई लगायतका संरचना गाउँपालिकासम्म फैलिएको छ।

### ५.२.३ समस्या र चुनौती

स्वास्थ्यमा सबै नागरिकको समतामूलक पहुँच, निःशुल्क गुणस्तरीय आधारभूत स्वास्थ्य सेवालाई सबै स्थानीय तहबाट सर्वसुलभ रूपमा उपलब्ध गराउन सकिएको छैन। अति विपन्न र जोखिममा परेका नागरिकलाई उच्च प्राथमिकतामा राख्दै स्वास्थ्य सेवा उपलब्ध गराउने कार्यमा समेत जनगुनासो छ। स्वास्थ्य उपचारमा उच्च रहेको व्यक्तिगत खर्च घटाउन सकिएको छैन। गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरु अपर्याप्त रहेको छ। स्वास्थ्य बिमामा सबै नागरिकलाई आवद्ध गर्न सकिएको छैन। स्वास्थ्यकर्मीलाई गाउँपालिकामा टिकाउन सकिएको छैन। स्वास्थ्य शाखामारफत वितरण गर्ने औषधीको समयसमयमा अभाव देखिने गरेको छ। निजी क्लिनिकबाट वितरण हुने औषधी तथा औषधीजन्य सामग्रीको प्रभावकारी व्यवस्थापन तथा नियमन गर्न सकिएको छैन। सुरक्षित मातृत्व, जटिल रोगको निःशुल्क उपचार, रोगको रोकथाम गर्नेगरी सचेतना जगाउने कार्यमा अझै कमजोरी रहेको छ।।

### ५.२.४ लक्ष्य

स्वास्थ्य सेवालाई सस्तो, सुलभ र गुणस्तरीय बनाई गुणस्तरीय मानव पूँजीको निर्माण गर्ने।

### ५.२.५ उद्देश्य

१. सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्दै स्वास्थ्य क्षेत्रलाई सेवामूलक क्षेत्रको रूपमा रूपान्तरण गर्नु ।

२. तीन तहको सरकार, गैरसरकारी र निजी क्षेत्रको समन्वयमा स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउने ।

३. गाउँपालिको स्वास्थ्य सेवा क्षमतालाई पर्याप्त र गुणस्तरीय बनाउने।

### ५.२.६ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक विधिद्वारा गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्ने । | १. एवम् निजी तथा गैरसरकारी क्षेत्रसँगको सहकार्यमा घुम्ती स्वास्थ्य सेवा कार्यक्रमको कार्यविधि बनाई कार्यान्वयन गरिनेछ ।<br>२. निजी तथा गैरसरकारी संस्थासँगको सहकार्यमा समुदायमा आधारित पुनर्स्थापनात्मक तथा प्रवर्द्धनात्मक सेवालाई विकास र विस्तार गरिनेछ ।<br>३. खोप सेवालाई नियमित गरिनेछ ।<br>४. नागरिक चेतनाका कार्यक्रममार्फत प्रतिकारात्मक, प्रवर्द्धनात्मक र पुनर्स्थापनात्मक स्वास्थ्य सेवालाई प्रवर्द्धन गरिनेछ। |
| २. आयुर्वेद, प्राकृतिक चिकित्सा, युनानी र आम्ची तथा अन्य चिकित्सा पद्धतिको स्थानीस्तरमा विकास र विस्तार गर्ने । | १. रैथाने र परम्परागत रुपमा चलि आएको चिकित्सा पद्धतिको प्रवर्द्धन गरिनेछ।<br>२. औषधीजन्य जडिबुटीको संरक्षण, खोज तथा विस्तार गरिनेछ।<br>३. प्राकृतिक चिकित्सा, वैकल्पिक तथा अन्य चिकित्सा पद्धति तथा सेवाहरूलाई सूचीकरण गरिनेछ।<br>४. गाउँपालिकामा आयुर्वेद, योग, ध्यान, प्रणायाम, मनोपरामर्श सेवा केन्द्रको स्थापना गरिनेछ। |
| ३. सबै नागरिकलाई स्वास्थ्य बीमामा आवद्ध गराई जनस्वास्थ्य र आधारभूत स्वास्थ्य बाहेकका विशेषज्ञ र विशिष्टिकृत स्वास्थ्य सेवा स्वास्थ्य बीमामार्फत प्रदान गर्ने व्यवस्था गर्ने | १. गाउँपालिकाबासी सबैलाई स्वास्थ्य बिमामा आवद्ध हुन प्रेरित गरिनेछ।<br>२. स्वास्थ्य बिमाको न्यूनतम प्रिमियम तिर्न नसक्नेलाई गाउँपालिकाकाले प्रिमियम तिर्ने व्यवस्था गरिनेछ।<br>३. जटिल रोगमा रिफरल अस्पतालको सेवा लिन जाने क्षमता नभएका गरिब वर्गलाई सो को लागि भाडाको व्यवस्था गरिनेछ। |
| ४. स्वास्थ्य चौकी / आधारभूत स्वास्थ्य सेवा इकाई मापदण्ड अनुसार निर्माण तथा सञ्चालन गर्ने। | १. स्वास्थ्य चौकी/आधारभूत स्वास्थ्य सेवा इकाई लगायत गाउँपालिकाका स्वास्थ्य संस्थाको औषधी, शैय्या, सुविधा, न्यूनतम पूर्वाधारको मापदण्ड जारी गरी पूर्वाधार विकासको लागि बजेट विनियोजन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | २. स्वास्थ्य चौकी / आधारभूत स्वास्थ्य सेवा इकाई गाभिने तथा आवश्यकता अनुसार विस्तार गरिनेछ।<br>३. स्वास्थ्य चौकी / आधारभूत स्वास्थ्य सेवा इकाईको दरबन्दी तथा स्वास्थ्यकर्मीको सङ्ख्या र प्रकारको पुनरावलोकन गरिनेछ। |
| ५. स्वास्थ्यमा निजी तथा गैरसरकारी क्षेत्रबीच सहकार्य तथा साझेदारी गर्ने । | १. स्वास्थ्य सेवामा सरकारी, निजी तथा गैरसरकारी क्षेत्रको स्रोतलाई एकीकृत रुपमा परिचालन गर्न समन्वय गरिनेछ।<br>२. सरकारी, निजी, सामुदायिक एवम् सहकारी क्षेत्रलाई समेट्दै स्वास्थ्य सेवालाई सर्वसुलभ बनाइनुको साथै नियमन गरिनेछ ।<br>३. स्वास्थ्य प्रयोगशालाबाट सिर्जना हुने फोहोर र औषधीजन्य फोहोरको उचित व्यवस्थापनको लागि नियमनका साथै निरन्तर अनुगमन गरिनेछ । |
| ६. स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउने। | १. मानसिक स्वास्थ्य सेवाको पहुँचको विस्तार गरिनेछ ।<br>२. आँखा, नाक, कान, घाँटी तथा मुख सम्बन्धी स्वास्थ्य सेवालाई विकास र विस्तार गरिनेछ ।<br>३. विपद् तथा महामारीको क्रममा हुने स्वास्थ्य समस्यालाई तत्काल सम्बोधन गरिनेछ।<br>४. साधन सम्पन्न तालिम प्राप्त चिकित्सक र स्वास्थ्यकर्मीको टोली विकास गर्न संघ र प्रदेशसँग समन्वय गरिनेछ। |
| १०. बहुक्षेत्रीय पोषण योजनाको समन्वय र साझेदारी मार्फत प्रभावकारी रूपमा कार्यान्वयन गर्ने । | १. बहुक्षेत्रीय पोषण योजना (दोस्रो) ले परिलक्षित गरे अनुरूप स्थानीय तहमा गठित पोषण सम्बद्ध संयन्त्रलाई पोषण सुधार योजना सहित सुदृढ बनाइनेछ।<br>२. पोषण-विशेष तथा पोषण संवेदनशील कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिनेछ ।<br>३. कुपोषण न्यूनीकरण गर्न गुणस्तरीय एवम् स्वास्थ्यवर्द्धक खाद्य पदार्थको पहुँच र उपभोग बढाउँदै स्वस्थ बानी-व्यवहारलाई प्रवर्द्धन गरिनेछ । |

### ५.२.७ विस्तृत कार्यक्रम

| क.सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अपेक्षित उपलब्धी | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | लगानी तथा खर्च जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | बर्थिङ्ग सेन्टर व्यवस्थापन | P1 | स्वस्थ मानव पूँजी निर्माण हुने | ५० | १० | १० | १० | १० | १० | संघ/ प्रदेश/स्थानीय विशेष अनुदान |
| २ | स्वास्थ्य चौकी पूर्वाधार विकास कार्यक्रम | P1 | | २५० | ५० | ५० | ५० | ५० | ५० | संघ/ प्रदेश/स्थानीय |
| ३ | नर्सिङ कर्मचारीहरुलाई SBA तालिम सञ्चालन | P1 | पूर्वाधार विकास हुने | १५ | ३ | ३ | ३ | ३ | ३ | संघ/ प्रदेश/स्थानीय |
| ४ | स्वास्थ औजार /उपकरण खरिद | P1 | क्षमता विकास हुने | २०० | ४० | ४० | ४० | ४० | ४० | प्रदेश/स्थानीय |
| ५ | स्वास्थ्य सम्बन्धी समुदायमा जनचेतना | P1 | पूर्वाधार विकास हुने | ५ | १ | १ | १ | १ | १ | संघ/ प्रदेश/स्थानीय |
| ६ | म.सा.स्वा.स्वयं. सं हरुको क्षमता विकास तालिम | P1 | स्वस्थ मानव पूँजी निर्माण हुने | २५ | ५ | ५ | ५ | ५ | ५ | स्थानीय |
| ७ | स्वास्थ्य संस्थामा किशोर किशोरीमैत्री कक्ष सञ्चालन | P1 | क्षमता विकास हुने | ३ | १ | १ | १ | | | स्थानीय |
| ८ | सुत्केरी आमाहरुलाई पोषिलो खाना कार्यक्रम | P1 | स्वस्थ मानव पूँजी निर्माण हुने | ५० | १० | १० | १० | १० | १० | संघ/ प्रदेश/स्थानीय |
| ९ | टोलटोलमा स्वास्थ्य परीक्षण (जेष्ठ नागरिक र अशक्त) कार्यक्रम | P1 | स्वस्थ मानव पूँजी निर्माण हुने | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ/ प्रदेश/स्थानीय |
| १० | स्वास्थ्य विमा कार्यक्रम सञ्चालन | | स्वस्थ मानव पूँजी निर्माण हुने | २० | ४ | ४ | ४ | ४ | ४ | |
| | | | | ६४३ | १२९ | १२९ | १२९ | १२८ | १२८ | |

### ५.२.८ नतीजा खाका

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्टयाईंको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच हुने | प्रतिशत | ५० | ५५ | ६० | ६५ | ६८ | ७० | - रा.त.का. तथ्यांँक | - मृत्युदरमा कमी आउने। |
| असर | विरामी पर्दा सर्वप्रथम स्वास्थ्य सेवामा पहुँच पुगेको जनसङ्ख्या बढेको हुने। | प्रतिशत | ५० | ५५ | ६० | ६५ | ७० | ७५ | - रा.त.का. तथ्यांँक | - स्वास्थ्य सेवामा पहुँच बढ्ने। |
| प्रतिफल | नजिकको स्वास्थ्य संस्थामा (स्वास्थ्य चौकी / प्राथमिक स्वास्थ्य केन्द्र / अस्पताल) पुग्न लाग्ने औषत समय | घण्टा | | १ | १ | १ | १ | १ | - गा. पा. स्वास्थ्य सेवा तथ्यांँक | - स्वास्थ्य सेवामा पहुँच बढ्ने। |
| | गाउँघर क्लिनिकको सङ्ख्या | सङ्ख्या | ९ | १० | ११ | १२ | १३ | १४ | - गा. पा. स्वास्थ्य सेवा तथ्यांँक | - स्वास्थ्य सेवामा पहुँच बढ्ने। |
| | सञ्चालनमा रहेको गाउँपालिका स्तरीय अस्पताल (वा जिल्ला अस्पताल) मा उपलब्ध शैया सङ्ख्या | सङ्ख्या | ५ | १० | १५ | २० | २५ | ३० | - गा. पा. स्वास्थ्य सेवा तथ्यांँक | - स्वास्थ्य सेवामा पहुँच बढ्ने। |

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्ट्याईको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | घुम्ती लगायत स्वास्थ्य शिविर | पटक | १ | १ | १ | १ | १ | १ | - गा. पा. स्वास्थ्य सेवा तथ्याँक | - स्वास्थ्य सेवामा पहुँच बढ्ने। |
| | सवै प्रकारका खोप लिएका बालबालिका | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | - गा. पा. स्वास्थ्य सेवा तथ्याँक | - रोग प्रतिरोध बढी स्वस्थ नागरिक तयार हुने। |
| | आधारभूत स्वास्थ्य सेवा उपलब्ध भएका वडाहरु | सङ्ख्या | ४ | ६ | ६ | ६ | ६ | ६ | - गा. पा. स्वास्थ्य सेवा तथ्याँक | - स्वास्थ्य सेवामा पहुँच बढ्ने। |
| | स्वास्थ्य संस्थामा प्रसुति गराउने गर्भवती महिला | सङ्ख्या | - | १० | २० | २५ | ३० | ३५ | - गा. पा. स्वास्थ्य सेवा तथ्याँक | सुरक्षित मातृत्व हुने। |
| | प्रसुति सेवा उपलब्ध भएका स्वास्थ्य संस्थाहरु | सङ्ख्या | ३ | ४ | ५ | ५ | ५ | ६ | - गा. पा. स्वास्थ्य सेवा तथ्याँक | सुरक्षित मातृत्व हुने। |
| | मातृमृत्यु दर (प्रतिलाख जीवित जन्ममा) | सङ्ख्या | - | ० | ० | ० | ० | ० | - गा. पा. स्वास्थ्य सेवा तथ्याँक | - शिसु स्वास्थ्य सुधार हुने। |
| | झाडापखालाको सङ्क्रमण दर (प्रति हजारमा) | सङ्ख्या | - | | | | | | - गा. पा. स्वास्थ्य सेवा तथ्याँक | - स्वस्थ नागरिक तयार हुने। |

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्ट्याईंको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्वाप्रश्वासको सङ्क्रमण दर प्रति हजारमा | सङ्ख्या | - | | | | | | - गा. पा. स्वास्थ्य सेवा तथ्याँक | - स्वस्थ नागरिक तयार हुने। |
| | स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी | सङ्ख्या | -३७ | | | ५५ | | | - गा. पा. स्वास्थ्य सेवा तथ्याँक | - जनशक्ति उपलब्धता बढ्ने। |
| | भिटामिन ए प्राप्त गर्ने बालबालिका | प्रतिशत | - | | | | | | - गा. पा. स्वास्थ्य सेवा तथ्याँक | - शिसु स्वास्थ्य सुधार हुने। |
| | नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | सङ्ख्या | - | | | | | | - गा. पा. स्वास्थ्य सेवा तथ्याँक | - शिसु स्वास्थ्य सुधार हुने। |
| | शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | सङ्ख्या | - | | | | | | - गा. पा. स्वास्थ्य सेवा तथ्याँक | - शिसु स्वास्थ्य सुधार हुने। |
| | ५ वर्ष मुनीको वाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | सङ्ख्या | - | | | | | | - गा. पा. स्वास्थ्य सेवा तथ्याँक | - शिसु स्वास्थ्य सुधार हुने। |
| | कूल प्रजनन दर (प्रति महिला शिशु जन्म) | दर | - | | | | | | - गा. पा. स्वास्थ्य सेवा तथ्याँक | -सुरक्षित मातृत्व हुने। |
| | परिवार नियोजनका साधनको प्रयोग दर | प्रतिशत | -३० | ४० | ५० | ६० | ७० | ८० | - गा. पा. स्वास्थ्य सेवा तथ्याँक | -सुखी परिवार हुने। |

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्ट्याईको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्वास्थ्य वीमामा आवद्ध जनसङ्ख्या | प्रतिशत | - | | | | | | - गा. पा. स्वास्थ्य सेवा तथ्याँक | -स्वास्थ्य सुरक्षा बढ्ने। |
| | आधारभुत सुविधा (खानेपानी, शौचालय, वर्थिङ्ग वार्ड र परामर्श केन्द्र आदि) उपलब्ध स्वास्थ्य संस्था | सङ्ख्या | ५ | | | | | | - गा. पा. स्वास्थ्य सेवा तथ्याँक | - स्वास्थ्य पूर्वाधार बढ्ने। |
| | योग, ध्यान तथा वैकल्पिक प्राकृतिक चिकित्सा (आयुर्वेदिक, होमियोप्याथिक, युनानी, अक्कुपञ्चर, आम्ची) उपचार पद्धति सञ्चालन गर्ने संस्था | सङ्ख्या | - | | | १ | | | - गा. पा. स्वास्थ्य सेवा तथ्याँक | - स्वस्थ नागरिक तयार हुने। |
| | सामुदायिक संस्थाको सहभागितामा सञ्चालित आरोग्य केन्द्र, योगा केन्द्र तथा व्यायामशाला | सङ्ख्या | - | | | | १ | | - गा. पा. स्वास्थ्य सेवा तथ्याँक | - स्वस्थ नागरिक तयार हुने। |

## ५.३ खानेपानी तथा सरसफाई

### ५.३.१ पृष्ठभूमि

खानेपानी तथा सरसफाई सेवालाई नेपालको संविधानले मौलिक हकको रूपमा व्यवस्था गरेको छ । दिगो विकास लक्ष्यको लक्ष्य नम्बर ६ ले खानेपानी तथा सरसफाई सम्बन्धी स्पष्ट लक्ष्यहरू निर्धारण गरेको छ । गाउँपालिकाको ६८.२० प्रतिशत जनसङ्ख्या हाल स्वच्छ खानेपानीको पहुँचमा रहेका छन्। सरसफाईतर्फ पनि हालैका वर्षहरूमा उल्लेख्य प्रगति भएको छ । यसबाट, सरुवा रोगहरुको प्रसार रोक्न, बाल मृत्युदर कम गर्न तथा सरदर आयु वृद्धि गर्न सहयोग पुगेको छ।

### ५.३.२ अवसर र सम्भावना

परिवर्तित सन्दर्भमा समुदाय स्तरमा आयोजना पहिचान, तर्जुमा र कार्यान्वयनबाट उत्तरदायित्व वृद्धि गर्ने अवसर विद्यमान छ। जीवनशैलीमा आएको सुधारसँगै गुणस्तरयुक्त खानेपानी र सरसफाई सेवाको बढ्दो माग बढ्दै गएको छ। नदीनाला, तालतलैया तथा जलाशय लगायत अन्य वातावरणीय स्वच्छताका विषयमा जनचेतनामा सकारात्मक परिवर्तन आएको छ। सामुदायिक, गैरसरकारी संघसंस्था र सहकारी क्षेत्रको सहयोग र सहभागिता बढ्दो छ।

### ५.३.३ चुनौती

विभिन्न प्राकृतिक तथा मानवजन्य कारणले पानीका स्रोतहरूमा आएको ह्रासका कारण पानीको उपलब्धतामा कमी आएको छ । अपेक्षा अनुरूप खानेपानी सेवालाई सुरक्षित, भरपर्दो र दिगो बनाउन सकिएको छैन । मानव बस्तीको पानीका मूहानमा अतिक्रमणसँगै बस्ती, नदीनाला, जलाशय तथा वातावरण प्रदूषित हुँदै गएका छन् । नेपालको संविधानद्वारा प्रदत्त खानेपानी तथा सरसफाईको अधिकार अनुरूप सबैलाई स्वच्छ र सुरक्षित खानेपानीको आपूर्ति व्यवस्था गर्न सकिएको छैन। जलवायु परिवर्तनको असरबाट खानेपानी तथा सरसफाईका संरचनालाई बचाउन कठीन भएको छ। खानेपानी र सरसफाईको सेवा प्रवाहमा निजी क्षेत्रको आकर्षण बढ्न सकेको छैन। उपयुक्त उपायद्वारा मानव सिर्जित मलमूत्र लगायतका औद्योगिक र कृषिजन्य फोहोर पानीको सङ्कलन र प्रशोधन गरी उचित व्यवस्थापन गर्नु यस क्षेत्रका प्रमुख चुनौतीका रुपमा रहेका छन्।

### ५.३.४ लक्ष्य

आधारभूत खानेपानी तथा सरसफाई सेवाको पहुँचमार्फत स्वस्थ नागरिक उत्पादन गर्ने।

### ५.३.५ उद्देश्य

१. खानेपानी र सरसफाई सेवालाई पर्याप्त, सुरक्षित र सर्वसुलभ बनाउने।

२. खानेपानी र सरसफाई सेवामा सबै नागरिकको पहुँच पुर्याई वातावरणीय स्वच्छता कायम गर्नु।

३. स्वच्छ खानेपानीको सुनिश्चितता गर्ने र स्वच्छ सफा हराभरा गाउँपालिकाको विकास गर्नु।

### ५.३.६ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. खानेपानी र सरसफाई सेवामा तथ्याँकको संकलन गर्ने। | १. आधारभूत खानेपानी तथा सरसफाई सेवाबाट टाढा रहेको समुदायको तथ्याँक संकलन गरी तथ्याँकधार तयार गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | २. तथ्याँकको आधारमा आधारभूत खानेपानी तथा सरसफाई सेवा नपुगेको समुदायलाई उच्च प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिनेछ।<br>३. "एक घर, एक धारा" को नेपाल सरकारको कार्यक्रमसँग समन्वय कायम गरिनेछ। |
| २. खानेपानी र सरसफाई सेवामा साझेदारी र सहकार्य गर्ने। | १. निजी क्षेत्रको सहकार्यमा प्रत्येक वडामा शौचालयहरू निर्माण गरिनेछ ।<br>२. परम्परागत पानी पोखरी, ढुंगेधारा र मूलको संरक्षण गर्न कार्यक्रम सञ्चालन गरी भौगोलिक र प्राकृतिक स्वरूपको समेत जगेर्ना गरिनेछ ।<br>३. सबै घरमा शौचालय बनाउन लागत साझेदारीको ढाँचा अवलम्बन गरिनेछ।<br>४. फोहोर पानी व्यवस्थापनमा निजी लगानी आकर्षित गर्न परियोजनाहरूमा सम्भाव्यता न्यून परिपूरक कोषको व्यवस्था गर्दै लगिनेछ ।<br>५. तीनै तहको सरकार, गैसस तथा नागरिक समाजका कार्यक्रममार्फत खानेपानी तथा सरसफाई सेवामा गुणात्मक परिवर्तन ल्याइनेछ। |
| ३. स्वच्छ खानेपानी मुलको संरक्षण गर्ने। | १. खानेपानीको मूलको खोजी र पहिचान गरिनेछ।<br>२. मूहानको घेराबारा गरिनेछ।<br>३. खानेपानी टयाङ्कीलाई निरन्तर सरसफाई र संरक्षण गरिनेछ।<br>४. मूहान संरक्षण र दिगोपनाको लागि उपभोक्ता समिति गठन, बैठक, मिटर जडान तथा वितरण प्रणाली व्यवस्थित गरिनेछ। |
| ४. फोहोर पानीको व्यवस्थापन गर्ने । | १. बजार क्षेत्रका बस्तीमा ढल प्रणालीको विस्तार गरिनेछ।<br>२. लेदोजन्य र हानीकारक रसायन नभएको पानीलाई करेसाबारीमा प्रयोग गर्न कार्यक्रम सञ्चालन गरिनेछ।<br>३. फोहोर पानीको निष्काशनको योजना तयार गरिनेछ। |

### ५.३.७ विस्तृत कार्यक्रम

| क.सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अपेक्षित उपलब्धी | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | लगानी तथा खर्च जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | एक घर एक धारा कार्यक्रम | P1 | स्वस्थ मानव पूँजी निर्माण हुने | ५०० | १५० | १०० | १०० | १०० | ५० | संघ/प्रदेस/स्थानीय/गैसस |
| २ | मुहान तथा सिमसार संरक्षण कार्यक्रम | p2 | स्वस्थ मानव पूँजी निर्माण हुने | ७५ | १५ | १५ | १५ | १५ | १५ | संघ/प्रदेस/स्थानीय/निजी क्षेत्र |
| ३ | वडास्तरीय सार्वजनिक शौचालय | p2 | स्वस्थ मानव पूँजी निर्माण हुने | ३५ | १० | १० | ५ | ५ | ५ | संघ/प्रदेस/स्थानीय/निजी क्षेत्र |
| ४ | मुख्य बजार ढल व्यवस्थापन | p2 | स्वस्थ मानव पूँजी निर्माण हुने | ३५ | १० | १० | ५ | ५ | ५ | संघ/ प्रदेश/स्थानीय विशेष अनुदान |
| | | | | ६४५ | १८५ | १३५ | १२५ | १२५ | ७५ | |

### ५.३.८ नतीजा खाका

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्मको अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्ट्याईको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | स्वच्छता र सरसफाई सेवा उपलब्ध घरधुरी (निजी क्षेत्र तथा गाउँपालिकावाट सेवा सञ्चालन) बढेको हुने। | प्रतिशत | ७९ | ८० | ८२ | ८५ | ८८ | ९० | -गा. पा. खानेपानी तथा सरसफाई तथ्याँक | -स्वस्थ मानव पूँजी तयार हुने। |
| असर | सुरक्षित खानेपानीमा पहुँच भएको जनसङ्ख्या बढेको हुने। | प्रतिशत | ८८ | ८९ | ९० | ९१ | ९२ | ९३ | -गा. पा. खानेपानी तथा सरसफाई तथ्याँक | -स्वस्थ मानव पूँजी तयार हुने। |
| प्रतिफल | निजी पाइपलाइन धारा जडान भएका घरधुरी | प्रतिशत | ७९.४ | | | | | | -गा. पा. खानेपानी तथा सरसफाई तथ्याँक | -स्वस्थ मानव पूँजी तयार हुने। |
| | कुवा, मुल, ढुङ्गेधाराको पानी उपभोग गर्ने घरघुरी | प्रतिशत | १.३ | | | | | ० | -गा. पा. खानेपानी तथा सरसफाई तथ्याँक | -स्वस्छ खानेपानी उपलब्ध हुने। |
| | नदी, खोला, कुलोको पानी उपभोग गर्ने घरधुरी | प्रतिशत | १० | | ० | | | | -गा. पा. खानेपानी तथा सरसफाई तथ्याँक | -स्वस्छ खानेपानी उपलब्ध हुने। |
| | खानेपानीका लागि नजिकको धारा, कुवा वा पानीको श्रोतमा पुग्न लाग्ने औषत समयावधि | घण्टा | ०.१ | | | | | | -गा. पा. खानेपानी तथा सरसफाई तथ्याँक | -स्वस्छ खानेपानी उपलब्ध हुने। |

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्मको अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्ट्याईको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | खुल्ला दिसामुक्त घोषणा गरिएका वडा | सङ्ख्या | ६ | | १ | | | | -गा. पा. खानेपानी तथा सरसफाई तथ्याँक | -दिगो सरसफाई र स्वच्छता कायम हुने। |
| | शौचालय नभएका तथा खुल्ला क्षेत्रमा शौच गर्ने घरघुरी | परिवार | १२ | ६ | ४ | | | ० | -गा. पा. खानेपानी तथा सरसफाई तथ्याँक | -दिगो सरसफाई र स्वच्छता कायम हुने। |
| | स्वच्छ (प्यान भएको) शौचालय भएका घरधुरी | प्रतिशत | ८६.७ | | | | | १०० | -गा. पा. खानेपानी तथा सरसफाई तथ्याँक | -दिगो सरसफाई र स्वच्छता कायम हुने। |
| | खाल्डे शौचालय भएको घरधुरी | प्रतिशत | १२.५ | | ५ | | | ० | -गा. पा. खानेपानी तथा सरसफाई तथ्याँक | -दिगो सरसफाई र स्वच्छता कायम हुने। |

## ५.४ युवा तथा खेलकुद

### ५.४.१ पृष्ठभूमि

गाउँपालिकाको विकासमा युवा सहभागिता अभिवृद्धि गर्नु आवश्यक छ। नेपालको संविधानले युवाको सर्वाङ्गीण विकास, सशक्तीकरण र युवा उद्यमशीलताका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्ने मार्गदर्न गरेको छ। दिगो विकास लक्ष्य नम्बर ८ ले मर्यादित कामको लक्ष्य राखेको छ। युवाको शारीरिक तन्दुरुस्ती, सामाजिक, मानसिक र संवेगात्मक पक्षको सन्तुलित विकासमा खेलकुदको महत्त्वपूर्ण भूमिका रहन्छ । खेलकुदले राष्ट्रिय एकता सुदृढ गर्ने र अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय पहिचान स्थापित गर्ने काम समेत गरेको छ। यस सन्दर्भमा स्थानीय तहदेखि नै खेलकुदको संस्थागत विकास एवम् पूर्वाधार निर्माण गरी "सबैका लागि खेलकुद" अभियानलाई सार्थकता दिन आवश्यक छ ।

### ५.४.२ अवसर सम्भावना

युवा लक्षित नीति, योजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। बजारको माग र जनशक्तिको आपूर्तिबीच सामञ्जस्यता कायम गर्न सकिएको छैन। युवा विकासको लागि ठोस योजना समेत छैन। युवा शक्ति विदेश पलायन हुने, विभेद, कु-रीति र अन्ध-विश्वासजन्य चिन्तन तथा अभ्यास समाजमा विद्यमान रहने समस्या छन्। खेलकुद विकासका लागि पर्याप्त पूर्वाधार तथा खेल सामग्रीको अभाव रहेको छ। खेलाडी तथा प्रशिक्षकहरूलाई नियमित तथा गुणस्तरीय प्रशिक्षणको व्यवस्था गर्न सकिएको छैन। खेलाडीहरुको मनोबल उच्च बनाई जीविकोपार्जनको आधारको रूपमा खेलकुदलाई स्थापित गर्न सकिएको छैन। युवा क्षमताको विकास गर्नु, युवा प्रतिभा पलायनलाई रोक्नु, युवा लक्षित जीवनोपयोगी, प्राविधिक र व्यावसायिक शिक्षा सर्वसुलभ रूपमा उपलब्ध गराउनु, युवामा सकारात्मक सोचको निर्माण गरी स्वयम्सेवी संस्कृतिको विकास र श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्नु, वित्तीय स्रोतमा युवाको सहज पहुँच सुनिश्चित गर्नु चुनौतिको रुपमा रहेको छ।

### ५.४.३ समस्या र चुनौती

युवाको अवसरका रुपमा विकासका लागि संवैधानिक व्यवस्था भएको छ। युवा विकासमा राजनैतिक इच्छाशक्ति वृद्धि भएको छ। जनसाङ्ख्यिक लाभको अवस्था विद्यमान रहेका छन्। खेलकुद विकासका लागि पर्याप्त पूर्वाधार तथा खेल सामग्रीको अभाव रहेको छ। खेलाडीहरुको मनोबल उच्च बनाई जीविकोपार्जनको आधारको रूपमा खेलकुदलाई स्थापित गर्न सकिएको छैन। खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने र अन्तर्राष्ट्रिय क्षेत्रमा सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा लिइएको छ। उच्च भूभाग र साहसिक खेलकुद विकासका प्रचुर सम्भावना रहेका छन्। खेलकुद गतिविधिमा निजी क्षेत्रको सहभागिता क्रमशः वृद्धि हुँदै गएको छ। खेलकुद पर्यटन प्रवर्द्धनको प्रचुर सम्भावना रहेको छ ।

### ५.४.४ लक्ष्य

अनुशासित, सक्षम खेलाडी र उद्यमशील, जिमेम्वार युवा शक्तिको विकास र परिचालन मार्फत गाउँपालिकाको विकासको आधार तयार गर्ने।

### ५.४.५ उद्देश्य

१. युवामा दक्षता र क्षमताको विकास गरी उद्यमशील, रोजगारमूलक र स्वरोजगार विकास गर्नु ।

२. खेलकुद पूर्वाधारको विकास, विस्तार र स्तरोन्नति गर्नु ।

३. युवालाई आत्मनिर्भर, स्वावलम्बी र चरित्रवान बनाउनु ।

### ५.४.६ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. युवा र खेलकुद विकासका पूर्वाधार निर्माण गर्ने। | १. युवालाई तालिम र प्रशिक्षणको व्यवस्था गरिनेछ।<br>२. अध्यक्ष/उपाध्यक्ष कप तथा बिभिन्न प्रतियोगितात्मक खेलको आयोजना गरिनेछ।<br>३. खेलमैदान, कभर्ड हलको निर्माण तथा व्यवस्थापन गरिनेछ।<br>४. गाउँपालिकाको तर्फबाट उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरुलाई सम्मान गरिनेछ। |
| २. युवालाई उद्यम र व्यवसाय सञ्चालनमा प्रोत्साहन गर्ने । | १. युवामा उद्यमशीलता विकासको लागि सीपमूलक तालिम, बिउपूँजी अनुदान उपलब्ध गराइनेछ।<br>२. युवामा उद्यमशीलता विकासको लागि स्टार्टअप पूँजीको लागि नेपाल सरकारसँग समन्वय गरिनेछ।<br>३. वैदेशिक अध्ययन तथा रोजगारीबाट आर्जन भएको ज्ञान, सीप, प्रविधि, पुँजी र अनुभवको *Inventory* तयार गरी उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गरिनेछ ।<br>४. सार्वजनिक-निजी साझेदारीको माध्यमबाट युवा लक्षित उद्यम व्यवसायको प्रवर्द्धन गरिनेछ।<br>५. बैंक तथा वित्तीय संस्थाबाट भएको ऋण लगानीमा उद्मशील र रोजगारी सिर्जना गर्न सक्ने युवालाई सहुलियत कर्जामा ब्याज अनुदान दिइनेछ। |
| ३. तीन तहको नीति निर्माण र कार्यान्वयनमा युवाको समावेशी र सार्थक सहभागिता सुनिश्चित गर्ने । | १. गाउँपालिकामा युवा नवप्रवर्तन केन्द्र स्थापना गरिनेछ।<br>२. गाउँपालिकामा नमूना युवा संसदको अभ्यास गरिनेछ।<br>३. युवा क्लबलाई शासकीय अभ्यासको Virtual forum उपलब्ध गराइनेछ।<br>४. गाउँसभाबाट निर्माण हुने नीतिमा युवा सरोकार तथा चासो रहनेगरी सहभागिता गराइनेछ। |
| ४. युवामा स्वयम्सेवी संस्कृतिको विकास गर्ने । | १. सामाजिक कुरीति, अन्धविश्वास, विभेद र असमानता विरुद्ध युवा परिचालन गरिनेछ।<br>२. नेपाल स्काउट, रेडक्रस जस्ता संस्थामा युवालाई परिचालन गरी विपद् व्यवस्थापन तथा सामाजिक सुधारको क्षेत्रमा परिचालन गरिनेछ । |
| ५. खेलकुद पूर्वाधारको निर्माणको लागि सबै तहको समन्वय र सहकार्य गर्ने। | १. गाउँपालिकामा सुविधा सम्पन्न खेल मैदान निर्माण गरिनेछ ।<br>२. खेल पूर्वाधारको निर्माणको लागि संघ/ प्रदेश/ स्थानीय/ नागरिक समाज सहकार्य गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३. खेलकुद पूर्वाधार निर्माण तथा व्यवस्थापनमा सार्वजनिक-निजी साझेदारी गरिनेछ। |
| ६. खेल क्षेत्रको विविधिकरण तथा प्रवर्द्धन गर्ने। | १. स्थानीय स्तरदेखि नै खेलकुद प्रतियोगिता आयोजना गरी प्रतिभावान् खेलाडीको पहिचान तथा विकास गरिनेछ।<br>२. नियमित शारीरिक व्यायाम र योग सम्बन्धी क्रियाकलापलाई अभिवृद्धि गरिनेछ ।<br>३. आमनागरिकको रूचि तथा स्वास्थ्य प्रवर्द्धन गर्ने खेलको विकासका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४. साहसिक,पर्यटकीय, मनोरञ्जनात्मक र व्यावसायिक खेलकुदलाई प्रवर्द्धन गरिनेछ । |

## ५.४.७ विस्तृत कार्यक्रम

| क.सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | लगानी तथा खर्च जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अपेक्षित उपलब्धी | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | एक वडा एक खेल मैदान | p2 | स्वस्थ र गा पा लाई योगदान गर्नसक्ने युवा उत्पादन हुने | ७५ | १५ | १५ | १५ | १५ | १५ | संघ/प्रदेश/स्थानीय समपुरक साझेदारी |
| २ | बहुउद्धेशिय कबर्ड हल निर्माण | p2 | स्वस्थ र गा पा लाई योगदान गर्नसक्ने युवा उत्पादन हुने | २४० | ४० | ५० | ५० | ५० | ५० | निजी क्षेत्र |
| ३ | खेलाडी उत्पादन खेल प्रशिक्षण तथा सामग्री वितरण कार्यक्रम | p2 | स्वस्थ र गा पा लाई योगदान गर्नसक्ने युवा उत्पादन हुने | ५० | १० | १० | १० | १० | १० | निजी क्षेत्र |
| | | | | **३६५** | **६५** | **७५** | **७५** | **७५** | **७५** | |

### ५.४.८ नतीजा खाका

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्ट्याईंको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | १० वर्ष र सोभन्दा माथिका प्रायः सक्रिय रहेको रोजगारी बढेको हुने। | प्रतिशत | ७२.३० | ८१ | ८५ | ८७ | ९० | ९३ | -रा.त.का. तथ्याँक | -रोजगारी बढ्ने। |
| असर | व्यवसायिक सीप विकास तालिम तथा प्राविधिक शिक्षा हासिल गरेको युवा बढेको हुने। | सङ्ख्या | - | ४० | ५० | ६० | ७० | ८० | -रा.त.का. तथ्याँक | -क्षमता विकास हुने। |
| | व्यवसायिक सीप विकास तालिम लिएपछी स्वरोजगारीमा आवद्धता (तालिम प्राप्त गर्ने कूल सङ्ख्याका) बढेको हुने। | सङ्ख्या | - | ४० | ५० | ६० | ७० | ८० | -गा. पा. युवा खेलकुद तथ्याँक | -क्षमता विकास हुने। |
| प्रतिफल | शिक्षित युवा वेरोजगारी (एसइइ वा सो भन्दा माथिको शिक्षा आर्जन) | सङ्ख्या | - | | | | | | -गा. पा. युवा खेलकुद तथ्याँक | -वेरोजगारी घट्ने। |
| | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगार सेवा केन्द्रवाट लाभान्वित युवा | सङ्ख्या | - | | | | | | -गा. पा. युवा खेलकुद तथ्याँक | -युवा स्वरोजगार बढ्ने। |
| | युवा स्वरोजगार कोष अन्तर्गतको कर्जावाट लाभान्वित युवा | सङ्ख्या | - | | | | | | -गा. पा. युवा खेलकुद तथ्याँक | -युवा स्वरोजगार बढ्ने हुने। |

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्ट्याईंको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवसायिक युवा खेलाडी | सङ्ख्या | - | | | | | | -गा. पा. युवा खेलकुद तथ्याँक | -सामाजिक एकतामा युवा सहभागिता बढ्ने। |
| | खेल अभ्यास प्रशिक्षण केन्द्र (कवर्डहल) | सङ्ख्या | - | | | | | | -गा. पा. युवा खेलकुद तथ्याँक | -खेलकूद पूर्वाधार बढ्ने। |
| | खेलकुद मैदानहरु | सङ्ख्या | -७ | | | | | १० | -गा. पा. युवा खेलकुद तथ्याँक | -खेलकूद पूर्वाधार बढ्ने। |
| | गाउँगाउँपालिका स्तरीय खेलकुद प्रतियोगिता | सङ्ख्या | २ | | | | | ४ | -गा. पा. युवा खेलकुद तथ्याँक | -खेलकूद पूर्वाधार बढ्ने। |
| | राष्ट्रिय अन्तर्राष्ट्रिय खेलमा प्रतिनिधित्व गर्ने खेलाडीहरु | सङ्ख्या | - | | | | | | -गा. पा. युवा खेलकुद तथ्याँक | -सामाजिक एकतामा युवा सहभागिता बढ्ने। |

## ५.५ लैङ्गिक समानता, महिला सशक्तीकरण तथा लक्षित वर्ग

### ५.५.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ३८ मा महिलाको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ। यस हकले लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्प सहित महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक लगायत मौलिक हकको प्रत्याभूत गरेको छ । बालबालिकाको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरी बाल बचाउ, बाल संरक्षण, बालविकास र बाल सहभागिता जस्ता विषयहरू समेटी सर्वाङ्गीण विकासको प्रत्याभूत गरेको छ। त्यसैगरी दिगो विकास लक्ष्यमा लैङ्गिक समानता तथा बालिका सशक्तिकरणको विषय समावेश गरिएको छ। महिलाको क्षमता, श्रम, सीप र सिर्जनालाई विकास प्रक्रियामा लगाई संविधानको मर्म अनुरूप सामाजिक समानता कायम गर्ने कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको छ। अपाङ्गता भएका व्यक्तिको नागरिक, राजनैतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सहितको सम्मानजनक जीवनयापनको अधिकारलाई कानूनले संरक्षण र प्रवर्द्धन गरेको छ। दिगो विकास लक्ष्यले अपाङ्गतामैत्री विद्यालय लगायतका सार्वजनिक स्थलमा सुरक्षित, समावेशी र सर्वसुलभ पहुँचको विषय समावेश गरेको छ।

### ५.५.२ अवसर र सम्भावना

स्थानीय तहमा लैङ्गिक उत्तरदायी शासन पद्धति संस्थागत भएको छ। नीति, योजना तथा कार्यक्रमहरूमा सामाञ्जस्यता कायम गर्ने काम गरिएको छ। पारिवारिक र सामाजिक मूल्य, मान्यता र लैङ्गिक भूमिकामा परिवर्तन आइरहेको छ। महिलामाथि हुने सबै किसिमका हिंसा, विभेद र शोषणको अन्त्य गर्नमा सबैको ऐक्यबद्धता कायम भएको छ। नेपालको संविधानले समानताको हक सुनिश्चित गरेको छ। स्थानीय शासनमा महिलाको राजनैतिक सहभागिता उत्साहजनक रहन गएको छ भने लैङ्गिक उत्तरदायी बजेट प्रणाली संस्थागत गर्ने विषय अगाडि आएको छ। समाजको मूल्य, मान्यता र व्यवहारमा क्रमशः सकारात्मक परिवर्तन हुँदै जानु यस क्षेत्रका अवसर हुन्। राज्यबाट बालबालिकाको शिक्षा र स्वास्थ्यमा विशेष जोड दिइनु, बालबालिकाको संरक्षण सम्बन्धी विषय तीन तहको सरकारको अधिकार क्षेत्रभित्र पर्नु, सरकार, संघ-संस्था र नागरिक समाजबीच समन्वय, सहयोग, सहजीकरण र सहकार्यमा अभिवृद्धि हुनु र बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनको सवालमा सरोकारवालाहरूमा सचेतना र सहकार्य वृद्धि हुँदै गएको छ। अपाङ्गता भएका व्यक्तिको लागि सेवा-सुविधा र सामाजिक सुरक्षाको व्यवस्था हुनु, राज्यद्वारा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, समावेशी शिक्षा नीति, भौतिक संरचना, सञ्चार सेवा र सुविधालाई पहुँचयुक्त बनाउने सम्बन्धी मापदण्ड लगायत अपाङ्गता सम्बन्धी विशेष कानून तथा नीतिको तर्जुमा भएको छ भने स्थानीय तहमा समेत माग भएको छ।

### ५.५.३ समस्या र चुनौती

बैधानिक र कानूनी अधिकार स्थापित भएतापनि महिलामाथि हुने व्यवहारगत विभेद हट्न सकेको छैन। अशिक्षा, हानिकारक अभ्यास, लैङ्गिक विभेद तथा हिंसालाई बढावा दिने सामाजिक संरचना कायमै छ। परम्परागत र पुरुषप्रधान सोच, मूल्य, मान्यता, प्रथा, परम्पराले जरा गाडेको छ। महिला तथा बालिकाहरूमाथि घरेलु, यौनजन्य तथा लैङ्गिकतामा आधारित हिंसा विद्यमान रहेका छन्। जोखिम तथा सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पूर्णरूपमा संरक्षण, पुनर्स्थापना, सशक्तीकरण र स्वावलम्बी बनाउन सकिएको छैन। तीन तहका सरकार तथा गैरसरकारी क्षेत्रबाट सञ्चालन हुने कार्यक्रममा समन्वयको कमी रहेको छ। बाल

अधिकारको संरक्षण र प्रवर्द्धन प्रभावकारी रूपमा गर्नु, शिक्षा, स्वास्थ्य, मनोरञ्जन, बालसहभागिता र बालमैत्री वातावरणको विकास गर्नु पनि चुनौतिको रुपमा रहेको छ। सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको लागि पूर्वाधार, आवश्यकता अनुसार सेवा-सुविधा तथा उपकरणको व्यवस्थापन गर्नु, दुर्गम ग्रामीण स्थानमा सहज सेवा-सुविधाको व्यवस्थापन र सबै भौतिक संरचनालाई अपाङ्गतामैत्री बनाउनु, पूर्ण अशक्त, अति अशक्त र बौद्धिक अपाङ्गता भएका व्यक्तिको लागि सहयोगी व्यक्ति र पुनर्स्थापनाको व्यवस्था गर्नु र सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको लागि शिक्षा, स्वास्थ्य, तालिम र आवश्यकता अनुसार रोजगारी उपलब्ध गराउनु चुनौतीको रूपमा रहेको छ।

### ५.५.४ लक्ष्य

महिलालाई समान विकासको अवसर सहित जीवनस्तरमा सुधार गर्ने।

### ५.५.५उद्देश्य

१. सामाजिक न्याय र समावेशीकरणको सुनिश्चितता गर्नु।
२. दलित, जनजति, आदिवासी, अपाङ्गता भएका व्यक्ति तथा महिला सशक्तिकरण गर्नु।
३. समावेशी र सहभागितामूलक स्थानीय शासनको विकास गर्नु।

### ५.५.६ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. लक्षित वर्गको नेतृत्व विकास गरी शासनमा आवाज र प्रतिनिधित्व स्थापित गर्ने। | १. शासनका संयन्त्रमा समावेशी विकासको व्यवस्था गरिनेछ।<br>२. उपभोक्ता समितिमा ३३ प्रतिशत महिला नराखे गाउँपालिकामा सम्झौता नगर्ने गरी कार्यविधिमा सुधार गरिनेछ।<br>३. लक्षित वर्गको नेतृत्व विकासको लागि हरेक समिति र मञ्चमा अग्राधिकार हुनेगरी स्थानीय कानूनमा सुधार गरिनेछ।<br>४. कार्यपालिकामा प्रतिनिधित्व गर्ने अपाङ्ग, महिला, दलित, आदिवासी जनजातीले आफ्नो जाती र वर्ग विशेषको निर्णयमा विशेषाधिकार प्रयोग गर्न पाउने ब्यवस्था गरिनेछ। |
| २. लक्षित वर्गको क्षमता विकास तथा पहुँचमा अभिवृद्धि गर्ने। | १. महिला सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. लक्षित बर्गको क्षमता विकास तालिम गोष्ठी आयोजना गरिनेछ।<br>३. महिलाको श्रम र समयको बचत गर्ने प्रविधिको प्रयोगमा जोड दिइनेछ ।<br>४. लैङ्गिक समानता प्राप्तिमा पुरुषको सहभागिता सुनिश्चित गरिनेछ ।<br>५. सार्वजनिक निकायलाई लैङ्गिक संवेदनशील तुल्याउन कार्यक्रम सञ्चालन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ३. शासनमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको पहुँच र सहभागिता वृद्धि गरिनेछ। | १. ज्येष्ठ नागरिकलाई सम्मान गरिनेछ।<br>२. अपाङ्गता भएका व्यक्तिको पहिचान, परिचयपत्र तथा जीविकोपार्जन कार्यक्रम सञ्चालन गरिनेछ।<br>३. अपाङ्गता भएका व्यक्तिको पहिचान गरिनेछ।<br>४. आयआर्जनका लागि साझेदारीमा लगानी गरिनेछ।<br>५. ज्येष्ठ नागरिकको लागि भेटघाट चौतारी निर्माण गरिनेछ। |
| ४. आर्थिक रूपले विपन्न र सामाजिक रूपले पछाडि परेका महिलालाई सशक्तीकरण र सामाजिक रूपान्तरण गर्ने । | १. महिलाको प्रजनन अधिकार सम्बन्धमा महिला तथा बालबालिका शाखाबाट कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य अधिकारलाई थप सुनिश्चित गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. शिक्षामा रहेको लैङ्गिक बिभेद कम गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४. विपन्न तथा ग्रामीण महिलाको लागि उपाध्यक्ष महिला उत्थान कार्यक्रम सञ्चालन गरिनेछ ।<br>५. महिला समूहद्वारा प्रवर्द्धित सहकारी संस्थालाई उत्पादनमूलक व्यवसाय तथा स्वरोजगारको क्षेत्रमा परिचालन गरिनेछ । |
| ५. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्य गर्ने । | १. महिलामाथि हुने सबै किसिमका हिंसा विरुद्ध नेपाल प्रहरीसँग सहकार्य गरिनेछ।<br>२. लैङ्गिक हिंसा, बोक्सीको आरोप, छाउपडी जस्ता कुरीति, कुप्रथा अन्त्यका लागि सचेतना अभिवृद्धि तथा सामाजिक अभियान सञ्चालन गरिनेछ ।<br>३. हिंसा पीडित तथा प्रभावित महिलाको लागि संघसँगको सहकार्यमा पुनर्स्थापना केन्द्र सञ्चालन गरिनेछ ।<br>४. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र विभेद रोकथाम एवम् नियन्त्रणको लागि स्थानीय न्यायिक समितिको समन्वयकारी भूमिकालाई प्रवर्द्धन गरिनेछ। |

### ५.५.७ विस्तृत कार्यक्रम

| क.सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अपेक्षित उपलब्धी | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | लगानी तथा खर्च जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | वडास्तरीय शिशु हेरचाह केन्द्र | p2 | सामाजिक समावेशीकरण हुने | ५०० | १०० | १०० | १०० | १०० | १०० | संघ/स्थानीय |
| २ | महिला सशक्तिकरण | P1 | सामाजिक समावेशीकरण हुने | २० | ४ | ४ | ४ | ४ | ४ | संघ/ स्थानीय |
| ३ | वडास्तरीय ज्येष्ठ नागरिक मिलन भवन | p2 | सामाजिक समावेशीकरण हुने | २५० | ५० | ५० | ५० | ५० | ५० | संघ/प्रदेस/स्थानीय |
| ४ | वडास्तरीय बाल उद्यान निर्माण | p2 | सामाजिक समावेशीकरण हुने | २५० | ५० | ५० | ५० | ५० | ५० | निजी क्षेत्र |
| ५ | दलित आदिवासी जनजाती संरक्षण कार्यक्रम | P1 | सामाजिक समावेशीकरण हुने | ७५ | १५ | १५ | १५ | १५ | १५ | संघ/प्रदेस/स्थानीय |
| | | | | १०९५ | २१९ | २१९ | २१९ | २१९ | २१९ | |

### ५.५.८ नतीजा खाका

| क.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्टयाईको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | लक्षित वर्गले परिवारको निर्णयमा प्रमुख भूमिका निभाएको परिवार बढेको हुने। | सङ्ख्या | - | ३० | ३५ | ४० | ४५ | ५० | -गा. पा. तथ्याँक | -पारिवारिक कलह र विद्वेष बढ्न सक्ने |
| **असर** | महिलाको औषत आयु बढेको हुने। | वर्ष | ७३ | ७४ | ७५ | ७६ | ७८ | ८० | -रा.त.का. तथ्याँक | -महिला मानता कायम हुने। |
| | बाबु वा आमासंग बसोबास गर्ने बालबच्चा बढेको हुने। | प्रतिशत | ९५ | ९६ | ९७ | ९८ | ९९ | ९९ | -रा.त.का. तथ्याँक | -बालबालिकाको विकास हुने। |
| | रोजगारमूलक क्षेत्रमा रहेका अपाङ्ता भएको जनसङ्ख्या बढेको हुने। | प्रतिशत | - | १० | १५ | २० | २५ | ३० | -रा.त.का. तथ्याँक | -अपाङ्गता भएका ब्यक्तिको आय वृद्धि हुने। |
| प्रतिफल | लक्षित वर्गका लागि वजेट विनियोजन (महिला वालवालिका, पिछडिएका, विपन्न वर्ग) | प्रतिशत | ३३ | | | | | | -रा.त.का. तथ्याँक | -सामाजिक समावेशीकरण हुने। |
| | रोजगारी, पेशा, व्यवसायमा महिलाको उपस्थिति | सङ्ख्या | ५०० | | | | | | -रा.त.का. तथ्याँक | -सामाजिक समावेशीकरण हुने। |
| | राष्ट्रपति महिला उत्थान कार्यक्रमवाट लाभान्वित महिला | सङ्ख्या | ० | | | | | | -गा. पा. लक्षित वर्ग तथ्याँक | -सामाजिक समावेशीकरण हुने। |
| | स्थानीय संस्थावाट सञ्चालित ज्येष्ठ नागरिक हेरचाह केन्द्र, | सङ्ख्या | ० | | | | | | -गा. पा. लक्षित वर्ग तथ्याँक | -सामाजिक समावेशीकरण हुने। |

| क.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्ट्याईंको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | दिवा सेवा केन्द्र वा क्लववाट लाभान्वित ज्येष्ठ नागरिक | | | | | | | | | |
| | सामाजिक सुरक्षावाट लाभान्वित जनसङ्ख्या | प्रतिशत | १७ | | | | | | -गा. पा. लक्षित वर्ग तथ्याँक | -सामाजिक समावेशीकरण हुने। |
| | अन्य क्षेत्रहरुमा वसाइसराई गर्ने घरपरिवार | सङ्ख्या | २० | | | | | | -गा. पा. लक्षित वर्ग तथ्याँक | -बसाई व्यवस्थित हुने। |
| | सम्पत्ति माथिको स्वामित्व भएका महिला | प्रतिशत | ३० | | | | | | -गा. पा. लक्षित वर्ग तथ्याँक | -लक्षित वर्गको क्षमता विकास हुने। |
| | व्यवसायिक सीपमूलक तालिम प्राप्त महिला | सङ्ख्या | २०० | | | | | | -गा. पा. लक्षित वर्ग तथ्याँक | -लक्षित वर्गको क्षमता विकास हुने। |
| | महिला उद्यमशीलता, क्षमता तथा सीप विकास कार्यक्रमका लागि वजेट व्यवस्था | रु. लाख | १२ | | | | | | -गा. पा. लक्षित वर्ग तथ्याँक | -लक्षित वर्गको क्षमता विकास हुने। |
| | कृषि, पशुपंक्षी, स्वास्थ्य, इन्जिनियरिङ लगायत क्षेत्रमा महिला प्राविधिक | सङ्ख्या | १५ | | | | | | -गा. पा. लक्षित वर्ग तथ्याँक | -लक्षित वर्गको क्षमता विकास हुने। |
| | महिला सहकारी संस्था | सङ्ख्या | २ | | | | | | -गा. पा. लक्षित वर्ग तथ्याँक | -लक्षित वर्गको क्षमता विकास हुने। |
| | महिला सहकारी संस्थामा आवद्ध सदस्य | सङ्ख्या | ६३० | | | | | | -गा. पा. लक्षित वर्ग तथ्याँक | -लक्षित वर्गको क्षमता विकास हुने। |

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्ट्याईको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला सञ्जाल तथा आमा समूहहरु | सङ्ख्या | ९ | | | | | | -गा. पा. लक्षित वर्ग तथ्याँक | -लक्षित वर्गको क्षमता विकास हुने। |
| | अपाङ्गता भएकाहरुको क्षमता अभिवृद्धि, सीप विकास र रोजगारी एवं शिक्षा, स्वास्थ्यमा रकम विनियोजन | रु. लाख | १.५ | | | | | | -गा. पा. लक्षित वर्ग तथ्याँक | -लक्षित वर्गको क्षमता विकास हुने। |
| | निःशुल्क शिक्षावाट लाभान्वित अपाङ्गता भएका वालवालिकाहरु | सङ्ख्या | ० | | | | | | -गा. पा. लक्षित वर्ग तथ्याँक | -शिक्षामा लक्षसत वर्गको पहाँच हुने। |
| | व्यवसायिक सीप तथा क्षमता विकास भएका अपाङ्गता | सङ्ख्या | ४ | | | | | | -गा. पा. लक्षित वर्ग तथ्याँक | -लक्षित वर्गको क्षमता विकास हुने। |
| | सुरक्षित तथा सम्मानजनक जीवन यापन गर्ने ज्येष्ठ नागरिक | सङ्ख्या | ४५० | | | | | | -गा. पा. लक्षित वर्ग तथ्याँक | -सामाजिक समावेशीकरण हुने। |
| | असहाय, अशक्त, वेवारिसे ज्येष्ठ नागरिकको सङ्ख्या | सङ्ख्या | - | | | | | | -गा. पा. लक्षित वर्ग तथ्याँक | -सामाजिक समावेशीकरण हुने। |
| | संचालनमा रहेको ज्येष्ठ नागरिक हेरचाह तथा दिवा सेवा केन्द्र | सङ्ख्या | ० | | | | | | -गा. पा. लक्षित वर्ग तथ्याँक | -सामाजिक समावेशीकरण हुने। |
| | संचालनमा रहेका ज्येष्ठ नागरिक क्लव | सङ्ख्या | ० | १ | २ | ३ | ५ | ७ | -गा. पा. लक्षित वर्ग तथ्याँक | -सामाजिक समावेशीकरण हुने। |
| | परिचय पत्र प्राप्त ज्येष्ठ नागरिक | सङ्ख्या | २०० | | | | | | -गा. पा. लक्षित वर्ग तथ्याँक | -सामाजिक समावेशीकरण हुने। |

| क.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्ट्याईंको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | लैङ्गिक हिंसा निवारण कोषमा जम्मा भएको रकम | रु. लाख | १.५ | | | | | | -गा. पा. लक्षित वर्ग तथ्याँक | -लक्षित वर्गमा लगानी हुने। |
| | वहुविवाह दर | प्रतिशत | - | | | | | | -गा. पा. लक्षित वर्ग तथ्याँक | -बहुविवाह कम हुने। |
| | एकल महिला सुरक्षा कोषमा जम्मा भएको रकम | रु. लाख | ० | | | | | | -गा. पा. लक्षित वर्ग तथ्याँक | -लक्षित वर्गमा लगानी हुने। |
| | हिंसापीडित महिलाको मनोसामाजिक परामर्श, उद्धार, राहत र कानुनी उपचारका लागि पुनर्स्थापना केन्द्र | सङ्ख्या | ० | | | | | | -गा. पा. लक्षित वर्ग तथ्याँक | -लक्षित वर्गमा स्वास्थ्य सुरक्षा कायम हुने। |
| | बाल विवाह (कूल जनसङ्ख्याको ) | प्रतिशत | - | | | | | | -गा. पा. लक्षित वर्ग तथ्याँक | -बालविवाह कम हुने। |
| | वालवालिका विरुद्ध हुने हिंसा, दुर्व्यवहार, वेचविखन, घरेलु हिंसा आदि घटना | सङ्ख्या | - | | | | | | -गा. पा. लक्षित वर्ग तथ्याँक | -हिंसा, दुर्व्यवहार, वेचविखन, घरेलु हिंसा कम हुने। |
| | वाल प्रतिनिधित्व भएका सार्वजनिक संस्था तथा समिति | सङ्ख्या | - | | | | | | -गा. पा. लक्षित वर्ग तथ्याँक | -सामाजिक समावेशीकरण हुने। |
| | क्रियाशील वालक्वल, वालसञ्जालहरु | सङ्ख्या | - | | | | | | -गा. पा. लक्षित वर्ग तथ्याँक | -सामाजिक समावेशीकरण हुने। |

## ५.६ भाषा, साहित्य, कला र संस्कृति

### ५.६.१ पृष्ठभूमि

नेपाललको संविधानले बिभिन्न भाषा, कला, साहित्य र संस्कृतिको जगेर्ना गरी राष्ट्रिय एकता मजबुत बनउने मार्गदर्शन गरेको छ। मानव जातिले सदियौंदेखि अपनाएको भाषा, कला, साहित्य, लोककला, गीतसंगित, संस्कार, बोल्ने, ब्यवहार गर्ने, रहनसहन, चालचलन, लवाई खवाई, लोकबाजा वा अन्य बानी ब्यहोराको समष्टि नै संस्कृति हो। यस्ता पहिचानका विषय सामाजिक एकताका प्रतिक हुन् र स्थानीय सरकारले यसको संरक्षणमा जोड दिनुपर्छ। सिदिङ्वा गाउँपालिकामा हिन्दु, बौद्ध, किरात, ईशाई संस्कृतिको सम्मिश्रण रहेको पाईन्छ। त्यसैगरी नेवार संस्कृति, गुरूङ्ग संस्कृति, खस संस्कृति, राई संस्कृति, लिम्बू संस्कृति आदि समेत पाईन्छ।

### ५.६.२ अवसर

नेपालको संविधानको धारा ३२ मा भाषा तथा संस्कृतिको हकलाई मदलिक हकको रुपमा ब्वस्था गरिएको छ जसमा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुने, प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुने र प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुने विषय उल्लेख छ। यस पृष्ठभूमिमा गाउँपालिका बिभिन्न संस्कृतिको साझा चौतारीको रुपमा रहेको छ। संघियता लागू भएपश्चात बिभिन्न जाति भाषा, कला, साहित्य र संस्कृतिको जगेर्ना गर्न गाउँपालिकाले केन्द्रकै मुख ताकिराख्नुपर्ने अवस्था छैन भने संघ र प्रदेश सरकारको स्रोत समेत लगानी हुने अवस्था छ। मानव बसोबासको बिभिन्न कालखण्डमा नेपालमा बसोबास गर्ने विभिन्न मानव समूदायका सांस्कृतिक अवशेषहरू आज हामीले विरासतका रूपमा पाएका छौं। त्यसैगरी हामी विभिन्न जाति र समूदायका पूर्खाहरूले सिर्जना र अवलम्वन गरेका परम्परागत सांस्कृतिक धरोहरहरूलाई पनि आ- आफ्नो पुख्यौली विरासतका रूपमा ग्रहण गरी निरन्तरता दिंदै आएका छौं। यसमा हालको नयाँ पुस्तासमेत संस्कृति जोगाउको लागि लागिपरेको देखिन्छ।

### ५.६.३ समस्या र चुनौति

सांस्कृतिक रुपले समृद्ध भएतापनि यसको वैज्ञानिक अनुसन्धान, अध्ययन एवं संरक्षण कार्यमा समय, श्रोत र साधन जुटाउन कठीन छ। विदेशी वा बाह्य संस्कृतिको अतिक्रमण रोक्नुपर्ने छ। आजको विश्वव्यापी विद्युतीय संचार माध्यमका कारण यस्ता प्रभाव कम गरी मौलिक स्वरूपलाई जोगाउनु अर्को चुनौती हो। संस्कृतिमा समयानुकुल परिवर्तन गरी रुढीबादी र हानीकारक अभ्यासलाई नियन्त्रण गर्ने चुनौतीसमेत रहेको छ। यस्ता कुराहरूलाई सुधार गर्दा त्यस जाति वा समूदायको परम्परागत संस्कृतिको एउटा पक्ष लोप हुन पनि सक्छ। भोलिको देशको भविष्य बालकको रहेकोले शिक्षा प्रणालीमा सुधार गरी बिद्यार्थीमा आफ्नो संस्कृतिको महत्व बोध गराउने र त्यसप्रति आस्था एवं निष्ठा जगाउने विषय चुनौतीपूर्ण बन्ने गरेको छ।

### ५.६.४ लक्ष्य

कला भाषा, साहित्य र संस्कृति र सम्पदाको जगेर्ना गरी सामाजिक तथा सांस्कृतिक एकतालाई मजबुत बनाउने।

### ५.६.५ उद्देश्यहरू

१. कला, भाषा, संस्कृति र लोकबाजाहरुको संरक्षण गर्नु।
२. साँस्कृतिक पुरातात्विक सम्पदाको संरक्षण र सम्वर्द्धन गर्नु।

### ५.६.६ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. कला, भाषा, संस्कृति र लोकबाजाहरुको प्रवर्द्धनमा युवा पुस्तालाई परिचालन गर्ने। | १. कला, भाषा, संस्कृति र लोकबाजाहरुको प्रवर्द्धनमा लाग्ने युवाहरुलाई अनुदान सहयोग गरिनेछ।<br>२. साहित्यिक सम्मेलन तथा लोक संस्कृति मेलाको आयोजना गरी उत्कृष्ट युवालाई पुरस्कृत गरिनेछ।<br>३. गाउँपालिकाको बिभिन्न भागमा रहेका राष्ट्रिय महत्वका सांस्कृतिक सम्पदाहरू बारे स्थानीय पाठ्यक्रममा समावेश गरी पठन-पाठनको व्यवस्था मिलाइनेछ।<br>४. विभिन्न जाति, समुदाय र संस्कृति बीचको सद्भाव र सहिष्णुतालाई व्यापक तुल्याउने विषयहरूलाई विभिन्न तहका शैक्षिक पाठ्यक्रममा समावेश गर्ने व्यवस्था मिलाइनेछ । |
| २. बिभिन्न जातजाती र समुदायका कला, भाषा, संस्कृति अध्ययन, पहिचान, संरक्षण र व्यवस्थापन गर्ने। | १. गुठीबाट सञ्चालित सम्पदाको गाउँपालिकामा अभिलेख राख्ने व्यवस्था गरिनेछ।<br>२. कुनै पनि धार्मिक पीठका परम्परागत रीतिरिवाज र परम्परा सञ्चालन गर्न सम्बन्धित समुदायका विशेषज्ञ एवम् सरोकारवाला समेत रहने ट्रष्टको व्यवस्था गरिनेछ।<br>३. तीर्थस्थल र सांस्कृतिक महत्वका स्थलहरूको परिचयात्मक विवरणको प्रचार प्रसार र जनचेतना अभिवृद्धि गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४. सर्वेक्षण र अध्ययन गरी बिभिन्न जातिहरूको इतिहास र लोकसंस्कृति सम्बन्धी आधिकारिक विवरण तयार गरिनेछ।<br>५. बिभिन्न जाति र समूदायका रीतिरिवाज र चाडपर्वहरूको विस्तृत अध्ययन गरी सम्बन्धी आधिकारिक विवरण तयार गरिनेछ।<br>६. भाषा र भाषिकाको अवस्था, इतिहास एवम् लिपि र प्रयोगकर्ता जातिहरू र समूदायको आधिकारिक विवरण तयार गरिनेछ।<br>७. बिभिन्न जाति तथा भाषाभाषिकाका लोकगीत, लोककथा, गाउँखानेकथा, उखानटुक्का, परम्परागत भजन लगायतका लोक साहित्यका विभिन्न विधाहरूको सर्वेक्षण र संकलन गरिनेछ।<br>८. जातीय मौलिक ज्ञान प्रणालीको जातिगत स्वामित्वको पहिचान र संरक्षणको व्यवस्था मिलाइनेछ।<br>९. बिभिन्न जातिका सांस्कृतिक रीतिरिवाज र परम्परा झल्काउने कार्यक्रम, टेलिफिल्म, भिडियोहरू बनाई विद्यालय एवम् समूदायमा प्रदर्शन गर्ने कार्यक्रमहरू संचालन गरिनेछ। |
| ३. लोक संस्कृति जगेर्ना गर्ने तथा नागरिक र सर्जकहरुलाई सम्मान गर्ने। | १. साहित्य एवम् लोक वार्ताका विज्ञ र संवाहकहरूको पहिचान गरी सूचीकृत गरिनेछ ।<br>२. कला, भाषा, संस्कृति र लोकबाजाहरुको संग्रहालयको स्थापना र सञ्चालनमानिजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।<br>३. सांस्कृतिक सहिष्णुताको वातावरण अभिवृद्धि लगायत सिर्जनात्मक कार्यमा योगदान पुयाउने संघ-संस्था एवम् व्यक्तिहरूको पहिचान गरी उचित पुरस्कार र सम्मानको व्यवस्था गरिनेछ।<br>४. साहित्य र संस्कृतिको क्षेत्रमा विशिष्ठ योगदान पुर्‍याउने प्रतिभाहरूलाई सम्मान गरी उनीहरूको योगदानलाई चीरस्थायी बनाउने कार्यलाई प्रोत्साहित गरिनेछ। |

### ५.६.७ विस्तृत कार्यक्रम

| क.सं. | आयोजना तथा कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | | | लगानी तथा खर्च जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्राथमिकता | अपेक्षित उपलब्धी | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | बहु-सास्कृतिक संग्राहलय निर्माण | p2 | कला, भाषा, साहित्य संस्कृतिको जगेर्ना हुने | १०० | २० | २० | २० | २० | २० | संघ/प्रदेश/स्थानीय/निजी क्षेत्र |
| २ | गुम्बा मन्दिर चुम्लुङ हिम माङ्हिम साकेला निर्माण | p2 | कला, भाषा, साहित्य संस्कृतिको जगेर्ना हुने | १०० | २० | २० | २० | २० | २० | संघ/प्रदेश/स्थानीय/निजी क्षेत्र |
| ३ | साहित्य गोष्ठी | p2 | कला, भाषा, साहित्य संस्कृतिको जगेर्ना हुने | ५० | १० | १० | १० | १० | १० | स्थानीय र निजी क्षेत्र |
| ४ | पुरातत्व खोज तथा संरक्षण | p2 | कला, भाषा, साहित्य संस्कृतिको जगेर्ना हुने | ५० | १० | १० | १० | १० | १० | स्थानीय र निजी क्षेत्र |
| ५ | स्थानीय लोकबाजा संरक्षण कार्यक्रम | p2 | कला, भाषा, साहित्य संस्कृतिको जगेर्ना हुने | ५० | १० | १० | १० | १० | १० | स्थानीय र निजी क्षेत्र |
| ६ | मातृभाषा पाठ्यसामग्री विकास | P2 | कला, भाषा, साहित्य संस्कृतिको जगेर्ना हुने | २० | ४ | ४ | ४ | ४ | ४ | स्थानीय |
| | | | | ३७० | ७४ | ७४ | ७४ | ७४ | ७४ | |

### ५.६.८ नतीजा खाका

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्टयाईको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | स्थानीय कला, भाषा र साहित्यमा संलग्न भई जीवनयापन गर्ने युवा जनसङ्ख्या बढेको हुने। | सङ्ख्या | - | २० | ३० | ४० | ५० | ६० | -गा. पा. कला, भाषा, साहित्य, संस्कृति तथ्याँक | -स्थानीय भाषा, साहित्य, संस्कृति सरक्षण हुने। |
| असर | स्थानीय कला, भाषा र साहित्यमा संलग्न युवा जनसङ्ख्या बढेको हुने। | सङ्ख्या | | ३०० | ८०० | १००० | १५०० | ३००० | -गा. पा. कला, भाषा, साहित्य, संस्कृति तथ्याँक | -स्थानीय भाषा, साहित्य, संस्कृति सरक्षण हुने। |
| प्रतिफल | स्थानीय कला, भाषा र साहित्यलाई पेशाको रुपमा ग्रहण गर्ने | सङ्ख्या | - | | | | | | -गा. पा. कला, भाषा, साहित्य, संस्कृति तथ्याँक | -स्थानीय भाषा, साहित्य, संस्कृति सरक्षण हुने। |
| | कला, संस्कृति, भाषा र साहित्यमा जिल्ला, प्रदेश र राष्ट्रको प्रतिनिधित्व गर्ने स्रष्टा | सङ्ख्या | - | | | | | | -गा. पा. कला, भाषा, साहित्य, संस्कृति तथ्याँक | -स्थानीय भाषा, साहित्य, संस्कृति सरक्षण हुने। |
| | संरक्षण गर्नुपर्ने स्थानीय संस्कृति तथा चाँडपर्व | सङ्ख्या | - | | | | | | -गा. पा. कला, भाषा, साहित्य, संस्कृति तथ्याँक | -स्थानीय भाषा, साहित्य, संस्कृति सरक्षण हुने। |
| | स्थानीय लोपोन्मुख भाषाहरु | सङ्ख्या | ९ | | | | | | -गा. पा. कला, भाषा, साहित्य, संस्कृति तथ्याँक | -स्थानीय भाषा सरक्षण हुने। |

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म | २०८१/ ०८२ | २०८२/ ०८३ | २०८३/ ०८४ | २०८४/ ०८५ | २०८५/ ०८६ | पुष्ट्याईंको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्थानीय संस्कृति, कला, सम्पदा र साहित्य सम्बन्धी भएका अध्ययन तथा अनुसन्धानहरु | सङ्ख्या | ० | | | | | | -गा. पा. कला, भाषा, साहित्य, संस्कृति तथ्याँक | -स्थानीय भाषा, साहित्य, संस्कृति सरक्षण हुने। |
| | स्थानीय भाषा, कला, संस्कृति झल्किने सामुदायिक सांस्कृतिक केन्द्र ( संग्रहालय) | सङ्ख्या | ० | | | ९ | | | -गा. पा. कला, भाषा, साहित्य, संस्कृति तथ्याँक | -स्थानीय भाषा, साहित्य, संस्कृति सरक्षण हुने। |

# परिच्छेद -६
# पूर्वाधार विकास

## ६.१ जलस्रोत, विद्युत र वैकल्पिक ऊर्जा

### ६.१.१ पृष्ठभूमि

जलस्रोत नेपालको प्रमुख प्राकृतिक सम्पदाको रुपमा रहेको छ। नेपालको संविधानले समेत जलस्रोतको बहुउपयोगमा जोड दिएको छ । जलस्रोतको समुचित व्यवस्थापन र विकास मार्फत जलविद्युत, सिँचाइ, खानेपानी पूर्वाधारको विकासलाई अगाडि बढाउन सकिन्छ । जलस्रोतको संरक्षण गर्दै यसको व्यवस्थापन र बहुउपयोगका लागि नीति र इमान्दार कार्यान्वयन जरुरी छ।

दिगो विकास लक्ष्य नम्बर ७ ले स्वच्छ ऊर्जाको विषय उठान गरेको छ। विद्युत र ऊर्जा विकासको अपरिहार्य पूर्वाधार समेत हो। आजको प्रविधियुक्त समाज सञ्चालनको लागि विद्युत अपरिहार्य छ। गाउँपालिकामा साना जलविद्युत आयोजना सञ्चालन भई वितरण भएको भएतापनि आन्तरिक मागलाई पूर्ण रुपमा सम्बोधन गर्न पर्याप्त छैन। दिगो विकासका लक्ष्य प्राप्तिका लागि दिगो ऊर्जाको अवधारणा, हरितगृह ग्यासबाट वातावरणमा पर्ने असर न्यूनीकरण तथा अनुकूलन मार्फत हरित अथर्तन्त्रलाई प्रवर्द्धन गर्नु आजको आवश्यकता हो।

नेपालको संविधानले वैकल्पिक ऊर्जाको विकास गरी आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति गर्ने नीति अङ्गीकार गरेको छ । दिगो विकास लक्ष्य बमोजिम स्वच्छ ऊर्जाको उपलब्धता हासिल गराउन वैकल्पिक ऊर्जाको प्रवर्द्धन र विकास गरी यस क्षेत्रलाई विकासको मूलप्रवाहमा ल्याउन जरुरी छ । त्यसैगरी लघु तथा साना जलविद्युत, बायोग्यास, सुधारिएको चुल्हो र सुधारिएको पानीघट्ट जस्ता आयोजनालाई प्रवर्द्धन गरिएको छ ।

### ६.१.२ अवसर र सम्भावना

संवैधानिक तथा दिगो विकास लक्ष्यको मार्गदर्शन विद्युत तथा स्वच्छ ऊर्जाको पहुँचका लागि हुनु अवसरको रुपमा रहेको छ। तीनै तहका सरकार नागरिकलाई स्वच्छ ऊर्जाको उपलब्धता गर्नको लागि प्रतिबद्ध रहेका छन्। संघ, प्रदेश र विकास साझेदारको यस क्षेत्रमा प्रतिबद्धता र सहभागिता बढ्दै गएको छ। वैकल्पिक ऊर्जा प्रविधिको प्रवर्द्धनमा वित्तीय संस्था तथा निजी क्षेत्रको सहभागिता र लगानी बढाउँदै रोजगारीका अवसरहरू सिर्जना गर्ने सम्भावना पनि रहेको छ। गाउँपालिका जलस्रोतमा समृद्ध तथा जलविद्युत उत्पादनको लागि भौगोलिक रुपले उपयुक्त रहेको छ। जलविद्युत आयोजनामा स्थानीय जनताको लगानी बढ्दै गएकोमा यस क्षेत्रमा स्थापना हुने आयोजनामा समेत प्राप्त हुने सम्भावना छ।

### ६.१.३ समस्या र चुनौती

परम्परागत ऊर्जा प्रविधि माथिको निर्भरतालाई कम गर्दै आधुनिक प्रविधिको पहुँच बढाउन सकिएको छैन। वैकल्पिक ऊर्जा प्रविधिवाट ऊर्जा उत्पादन, उपयोग र व्यवस्थापन गर्न सकिएको छैन। ऊर्जाको पहुँच नपुगेका वास्तविक लक्षित वर्ग तथा क्षेत्रमा पहुँच पुऱ्याउन सकिएको छैन। जलवायु परिवर्तनको असरलाई ध्यानमा राखी जलस्रोतको समुचित उपयोग गर्न सकिएको छैन। जलवायु परिवर्तनका नकारात्मक असरलाई न्यूनीकरण गर्ने

उपाय समयमै अवलम्बन गरी जोखिम व्यवस्थापन गर्ने कार्य चुनौतीपूर्ण छ। अध्ययन अनुसन्धानको लागि आवश्यक जनशक्ति र पूर्वाधारको विकास हुन सकेको छैन। जलस्रोतको व्यवस्थापन,विकास र उपयोग सम्बन्धमा अन्तरनिकाय एवम् समन्वय कमजोर रहेको छ। जनसङ्ख्या वृद्धि, सघन बस्ती बढ्नु तथा आर्थिक गतिविधिको विस्तारका कारण बढ्दै गएको विद्युतको माग पूरा गर्न सकिएको छैन। प्रसारण तथा वितरण प्रणाली विस्तार र सुदृढीकरण गर्न सकिएको छैन।

### ६.१.४ लक्ष्य

जलस्रोतको बहुउपयोग, केन्द्रिय प्रशासरण लाईनको विद्युत् विस्तार गर्ने ।

### ६.१.५ उद्देश्य

१. जलविद्युत् उत्पादनमा निजि क्षेत्रलाई प्रोत्साहन गर्नु ।
२. विद्युत सेवाको पहुँचमा विस्तार गर्नु ।

### ६.१.६ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. गरिब तथा बिपन्न वर्गका नागरिकलाई सोलार बितरण गर्ने | १. धुवाँमुक्त गाउँपालिका बनाउन सुधारिएको चुलो निर्माण अभियान सञ्चालन गरिनेछ।<br>२. जल विद्युत सम्भावना भएका क्षेत्रहरू पहिचान गरी जल विद्युत योजनाहरू तयार गरी विद्युत उत्पादन गरिनेछ।<br>३. सौर्य ऊर्जा, र सुधारिएको चुलोको प्रयोग मा जोड दिइनेछ।<br>४. धुवाँबाट हुन सक्ने मानव स्वास्थ्य र वातावरणमा पर्ने नकारात्मक असरहरु बारे जनचेतना मुलक कार्यक्रमहरू गाउँबस्तीमा सञ्चालन गरिनेछ। |
| २. विद्युत पहुँच वृद्धि गरी खपत बढाउने । | १. ग्रामीण विद्युतीकरणको लागि नेपाल विद्युत प्राधीकरण र नेपाल सरकारसँग सहकार्य गरिनेछ।<br>२. निजी क्षेत्रको सहभागितामा विद्युतबाट सञ्चालित सवारी साधनको प्रवर्द्धन गरिनेछ ।<br>३. विद्युत खपत कम हुने समयमा खेर जानसक्ने ऊर्जालाई उपयोग गर्न प्रोत्साहन गरिनेछ।<br>४. मिटर जडान कार्यक्रम सञ्चालन गरिनेछ। |
| ३. विद्युत उत्पादनमा निजी क्षेत्रको लगानी वृद्धि गर्ने । | १. जलविद्युत उत्पादन तथा वितरणमा लागानी गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।<br>२. बैकल्पिक ऊर्जामा अनुदान प्रदान गरी युवालाई आकर्षित गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ४. वैकल्पिक/नवीकरणीय ऊर्जाको विस्तार र बहुउपयोग प्रवर्द्धन गर्ने । | १. लघु तथा साना जलविद्युत, सौर्य ऊर्जा, जैविक ऊर्जा तथा वायु ऊर्जाको प्रवर्द्धन, विकास एवम् विस्तार गरिनेछ ।<br>२. सौर्य प्रणाली प्रवर्द्धन गरिनुका साथै सौर्य तथा वायु प्रणाली प्रवर्द्धन गरिनेछ ।<br>३. सौर्य रुफटप कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।<br>४. सुधारिएको चुलो, बायोब्रिकेट जस्ता किफायती जैविक ऊर्जा प्रविधि तथा विद्युतीय चुलो एवम् अन्य उपकरणको प्रवर्द्धन एवम् विस्तार गरिनेछ ।<br>५. वैकल्पिक ऊर्जाको विकासको लागि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँग समन्वय गर्ने। |
| ५. जलस्रोतको बहुआयामिक तथा समन्वयात्मक विकास गर्ने । | १. गाउँपालिकाका खोलानाला तथा नदीबाट पानीघट्ट, साना जलविद्युत तथा सिँचाईको विस्तार गर्ने।<br>२. योजनाबद्ध नदी नियन्त्रण तथा व्यवस्थापनको लागि गुरूयोजना तयार गरी कार्यान्वयन गरिनेछ ।<br>३. एकीकृत जलाधार व्यवस्थापनलाई प्राथमिकताका साथ अघि बढाई ऊर्जा, सिँचाई र कृषिमा उपयोग गरिनेछ ।<br>४. बायो-इन्जिनियरिङको कार्य तथा जल विपद् सम्बन्धी क्षमता विकास कार्य अगाडि बढाइनेछ ।<br>५. जोखिमयुक्त बाढी तथा पहिरो क्षेत्रको पहिचान एवम् लगत सङ्कलन गरी जोखिम नक्सा (Hazard Map) तयार गरिनेछ । |

### ६.१.७ विस्तृत कार्यक्रम

| क.सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | | लगानी तथा खर्च जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अपेक्षित उपलब्धी | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | नवीकरणीय ऊर्जा सोलार विवरण | P1 | विद्युतीकरण तथा विधुत् विस्तार हुने | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ/स्थानीय |
| २ | बिद्युतको केन्द्रीय प्रशारण लाईन वितरण | P1 | | १० | ४ | २ | २ | १ | १ | संघ |
| ३ | सडक वत्ती कार्यक्रम | p2 | | १० | ४ | ३ | | ३ | | संघ |
| | | | | ४५ | १३ | १० | ७ | ९ | ६ | |

### ६.१.८ नतीजा खाका

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्ट्याईको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | विद्युत सेवामा पहुँच प्राप्त घरधुरी बढेको हुने। | प्रतिशत | ६४.७ | ७० | ८० | ९० | ९५ | ९८ | -गा. पा. पूर्वाधार तथ्याँक | -दिगो पूर्वाधार विकास हुने। |
| असर | वैकल्पिक उर्जा प्रयोग गर्ने घरघुरी | प्रतिशत | - | ८०० | १००० | १५०० | १५०० | १५५० | -गा. पा. पूर्वाधार तथ्याँक | -दिगो पूर्वाधार विकास हुने। |

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्ट्याईको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | केन्द्रीय विद्युत लाइन प्रसारणवाट लाभान्वित घरधुरी | सङ्ख्या | १२०० | १२५० | १३०० | १३५० | १४०० | १४५० | -गा. पा. पूर्वाधार तथ्याँक | -दिगो पूर्वाधार विकास हुने। |
| | सोलार प्रणालीमा आवद्ध घरघुरी | सख्या | - | २०० | ३०० | ४०० | ५०० | ६०० | -गा. पा. पूर्वाधार तथ्याँक | -दिगो पूर्वाधार विकास हुने। |
| प्रतिफल | खाना पकाउन एलपि ग्याँस प्रयोग गर्ने घरघुरी | सङ्ख्या | १२० | १५० | १८० | २०० | २३० | २५० | -गा. पा. पूर्वाधार तथ्याँक | - उर्जाको दिगो र सुरक्षित प्रयोग हुने। |
| | सुधारिएको वा धुँवा रहित चुल्हो जडान भएका घरधुरी | सख्या | ८४० | ९०० | ९५० | १००० | १२०० | १३०० | -गा. पा. पूर्वाधार तथ्याँक | - उर्जाको दिगो र सुरक्षित प्रयोग हुने। |
| | खाना पकाउन एलपि ग्याँसको सट्टामा विद्युतीय ऊर्जा (इन्डक्सन) प्रयोग गर्ने घरधुरी | सख्या | ० | १० | २० | ३० | ४० | ५० | -गा. पा. पूर्वाधार तथ्याँक | - उर्जाको दिगो र सुरक्षित प्रयोग हुने। |
| | प्रतिव्यक्ति प्रतिवर्ष विद्युत उपभोग | किलोवाट घण्टा | १०० | २५० | २६० | २८० | ३०० | ३२० | -गा. पा. पूर्वाधार तथ्याँक | - उर्जाको दिगो र सुरक्षित प्रयोग हुने। |

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्ट्याईको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सडकको किनारा तथा सार्वजनिक स्थानमा जडित सडक बत्ती | सख्या | ० | १० | १५ | २० | २५ | ३० | -गा. पा. पूर्वाधार तथ्याँक | -दुर्घटना कम हुने। |
| | स्थानीय स्तरमा विद्युत उत्पादन | कि. वा | ३५ | १० | १२ | १५ | १८ | २१ | -गा. पा. पूर्वाधार तथ्याँक | - उर्जाको दिगो र सुरक्षित प्रयोग हुने। |
| | स्थानीय स्तरमा जलविद्युत र लघु जलविद्युतको उत्पादन गर्ने संस्था | सङ्ख्या | १ | २ | ३ | ४ | ५ | ६ | -गा. पा. पूर्वाधार तथ्याँक | - उर्जाको दिगो र सुरक्षित प्रयोग हुने। |

## ६.२ सडक, पूल, यातायात

नेपाल सरकारको दीर्घकालीन सोच २१०० ले सर्वसुलभ आधुनिक पूर्वाधार र सघन अन्तरआबद्धतालाई दीर्घकालीन लक्ष्यको रुपमा तोकेको छ। नेपालको संविधानले समेत पूर्वाधार सम्बन्धी नीतिलाई नेपाल सरकारको नीतिको रुपमा मार्गदर्शन गरेको छ। व्यापार, व्यवसाय तथा सेवालाई सहजीकरण गर्न सडक, पूल र यातायात क्षेत्रको अहम् भूमिका हुन्छ। यस आवधिक योजनाको दीर्घकालीन सोच प्राप्तिमा यातायातका क्षेत्रको अहम् भूमिका रहनेछ। यातायात प्रणालीको प्रभावकारी विकासका लागि यस क्षेत्रमा हुने लगानी, लगानीको प्राथमिकीकरण, सुरक्षित यातायात सेवा, न्यूनतम ढुवानी खर्च तथा दिगो संरचना निर्माण तथा योजनाबद्ध मर्मत-सम्भार हुन जरूरी छ। यसका लागि आयोजनाको सही पहिचान, छनोट, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन हुने गरी कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक देखिन्छ। सडक सञ्जाल विस्तार, हवाई यातायात, अन्तरदेशीय रेल, जल तथा अन्य यातायात समेतको साथै, आगामी दिनमा यातायात पूर्वाधार विकास तथा व्यवस्थापनका कार्यमा वातावरणमैत्री प्रविधि र वैकल्पिक इन्धनको प्रयोगलाई प्रोत्साहन गर्दै यस क्षेत्रको विकास गर्नु आवश्यक छ। गाउँपालिकाको भौगोलिक बनावटलाई ध्यानमा राख्दा पुल, केबलकार, रोप वे को सम्भाब्यता अध्ययन गरी अघि बढिनेछ।

### ६.२.२ अवसर र सम्भावना

नेपालको संविधानको अधिकारसूचीमा स्थानीय सडक, ग्रामीण सडक, कृषि सडकलाई स्थानीय सरकारको अधिकारको रुपमा ब्यवस्था गरेको छ। स्थानीय तहको नेतृत्वमा विकासको परिभाषामा सडक सञ्जाल र अन्तरआवद्धतालाई जोड दिएको देख्न सकिन्छ। स्थानीय सञ्चित कोषको व्यवस्था र संघ तथा प्रदेश सरकारको पूर्वाधारमा साझेदारीको कारण सडक, पूल र यातायात विकासमा सहज भएको छ। बजार प्रणालीमा आधारित व्यावहारिक तथा स्वचालित भाडादर प्रयोगमा आएको छ। सार्वजनिक यातायात सेवामा निजी क्षेत्रको लगानी आकर्षित भइरहनु अवसरका रूपमा रहेका छन्।

### ६.२.२ समस्या र चुनौती

बजेटको विनियोजन र सञ्चालन कुशलताको अभाव हुनु, ठेक्का व्यवस्थापनमा पर्याप्त पूर्व तयारी नहुनु, सडक विस्तारमा सडक सीमा विवाद तथा मुआब्जाको लागि स्थानीय जनताबाट अवरोध हुनु र अनुगमन र मूल्याङ्कनलाई नतिजासँग आबद्ध गर्न नसक्नु लगायतका समस्या र चुनौती समेत विद्यमान छन्। यातायातका पूर्वाधारको अपेक्षित एकीकृत विकास नहुनु, सडकप्रति सर्वसाधारणको अपनत्व अपेक्षाकृत नहुनु, आवश्यक पूर्वतयारी बिना आयोजना कार्यान्वयनमा लैजानु यस क्षेत्रका प्रमुख समस्या र चुनौती हुन्।

### ६.२.३ लक्ष्य

गाउँपालिकास्तरीय सडकहरू निर्माण तथा मर्मत सम्भार स्तरोन्नती गरी कृषि, पर्यटन र स्वास्थ्यमा टेवा पुयाउने ।

### ६.२.५ उद्देश्य

१. सडक सञ्जालको विकास तथा विस्तारद्वारा कृषि उत्पादनलाई बजारीकरण गर्नु।
२. सडक पूर्वाधारको विकासद्वारा पर्यटन प्रवर्द्धन गर्नु।

## ६.२.६ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| नयाँ सडकको निर्माण तथा पुराना सडको स्तरोन्नती गर्ने। | १. आवश्यक ठाउँमा नाली, Gabin wall, culvert, Retaining Wall निर्माण गरिनेछ जसले गर्दा सडकलाई दिगो रूपमा सञ्चालनमा मदत गर्दछ।<br>२. सञ्चालनमा रहेका सडकको मर्गत सम्भार तथा स्तरोन्नती गरिनेछ।<br>३. वन तथा वातावरण संरक्षण लाई ध्यानमा राख्दै सडक, पुल निर्माण गरी यातायातमा पहुँच पुयाइनेछ।<br>४. गाउँपालिकाको सदरमुकाम पुग्ने सडकलाई पिच गरिनेछ।<br>५. प्रत्येक वडा पुग्ने सडकलाई ग्राबेल गरिनेछ।<br>६. सहायक सडक तथा बाटोको स्तरोन्नती गरिनेछ। |
| १. पर्यटकीय र आर्थिक केन्द्रमा सडक सञ्जाल तथा पुलको विस्तार गर्ने। | १. गाउँपालिकाका मुख्य पर्यटकीय स्थलसम्म जाने पहुँचमार्गलाई पहिलो प्राथमिकता हुनेगरी सडक पूर्वाधार विकास गरिनेछ।<br>२. सडकको क्षेत्राधिकार (Right of Way) मा स्थानी नागरिकको अवरोधलाई समाधान गरिनेछ।<br>३. बर्षामा बाढीको कारण बन्द रहने सडक बिन्दु कम लागतमा पुल निर्माण गर्न स्रोत विनियोजन गरिनेछ।<br>४. अन्य स्थानबाट अलग्गिएका स्थान तथा बस्तीलाई पुलको संरचनाले जोड्न संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ।<br>५. स्थानीय तहको केन्द्रसम्म सडक पहुँच विस्तार र सुदृढ गर्ने संघीय कार्यक्रमसँग समन्वय गरिनेछ। |
| १. सडक तथा पूर्वाधारमा सरकारी स्रोतमाथिको निर्भरता घटाई लगानीका वैकल्पिक स्रोतहरू जुटाउने । | १. पूर्वाधार संरचना निर्माणमा सार्वजनिक-निजी साझेदारी अगाडि बढाइनेछ ।<br>२. सडक पूर्वाधारको संरक्षण र संवर्द्धनको लागि सडक प्रयोगकर्तालाई समेत सहभागी गराई स्रोत व्यवस्थापन गरिनेछ ।<br>३. संघ र प्रदेश सरकारको समपुरक र विशेष अनुदानलाई पूर्वाधार विकासमा अधिकतम उपयोग गरिनेछ।<br>४. गैरसरकारी क्षेत्रलाई बस्ती तथा टोलमा पहुँच स्थापित गर्ने कार्यमा परिचालन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २. सडक सुरक्षा तथा दुर्घटना नियन्त्रण गर्ने। | १. सडक सम्भार कार्यको लागि निश्चित समयसम्म सम्बन्धित ठेकेदारलाई जिम्मेवार बनाई नियमित अनुगमन गरिनेछ ।<br>२. स्थानीय जनतासँगको सहकार्यमा रैथाने ज्ञानको समेत प्रयोग गरी बायो-इन्जिनियरिङ लगायतका उपयुक्त पद्धतिलाई सतही भू-क्षय नियन्त्रण कार्यमा प्रभावकारी ढङ्गले लागू गरिनेछ।<br>३. गाउँपालिकाभित्रका सडकमा ट्राफिक प्रहरी र स्थानीय स्वयम्सेवीको सहकार्यमा सडक सुरक्षा जाँचको व्यवस्था गरिनेछ । |
| ३. प्राकृतिक प्रकोप तथा जलवायु प्रतिकूलताका कारण हुनसक्ने सम्भाव्य असर वा हानी नोक्सानीलाई न्यूनीकरण गर्ने । | १. पहिरो तथा आकस्मिक दुर्घटनाको कारण सडक बन्द हुने समयावधिलाई न्यूनतम राख्न वैकल्पिक उपायहरू अबलम्बन गरिनेछ ।<br>२. प्राकृतिक प्रकोप तथा जलवायु प्रतिकूलताका कारण हुन सक्ने असर तथा नोक्सानीलाई न्यूनीकरण गर्न सडक तथा पुल डिजाइन तथा निर्माणमा विशेष सतर्कता अपनाइनेछ । |
| ४. यातायात क्षेत्रलाई सेवामूलक र मर्यादित बनाउने। | १. यातायात क्षेत्रबाट हुने ठगि र बढी भाडा असुल्ने प्रवृत्तिलाई नियमन गरिनेछ ।<br>२. यातायात क्षेत्रमा प्रतिष्पर्धा बढाई सिन्डिकेट र कार्टेलिङ्ग अन्त्य गर्नमा गृह प्रशासनलाई सहयोग गरिनेछ ।<br>३. यातायात मजदुरलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन रोजगारदातालाई जिम्मेवार बनाइनेछ। |

## ६.२.७ विस्तृत कार्यक्रम

| क.सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | | लगानी तथा खर्च जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अपेक्षित उपलब्धी | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | अन्तरपालिका जोड्ने सडक स्तरउन्नति | p1 | अन्तरआबद्धता र सञ्जालीकरण बढ्ने | ६००० | १००० | १००० | १००० | १००० | २००० | संघ/ प्रदेश/स्थानीय समपुरक |
| २ | गाउँपालिका केन्द्र देखि वडा जोड्ने सडक स्तरोन्नति आयोजना | P2 | अन्तरआबद्धता र सञ्जालीकरण बढ्ने | १५०० | ३०० | ३०० | ५०० | २०० | २०० | संघ/ प्रदेश/स्थानीय समपुरक |
| ३ | पालिकामा वसपार्क निर्माण | P1 | अन्तरआबद्धता र सञ्जालीकरण बढ्ने | ७० | | | १० | ५० | १० | संघ/ प्रदेश/स्थानीय समपुरक |
| ४ | पालिकाको यातायात गुरुयोजना तयार गर्ने | P1 | अन्तरआबद्धता र सञ्जालीकरण बढ्ने | १५ | १५ | | | | | संघ/ प्रदेश/स्थानीय समपुरक |
| ५ | मटिटार कात्तिके थाम हुदै सिदिङ्वा जाने बाटो निर्माण तथा मर्मत गर्ने । | p2 | अन्तरआबद्धता र सञ्जालीकरण बढ्ने | २०० | ५० | ५० | ५० | २५ | २५ | संघ/ प्रदेश/स्थानीय समपुरक |
| ६ | पक्की पुल मर्मत | P1 | अन्तरआबद्धता र सञ्जालीकरण बढ्ने | १०० | २० | २० | २० | २० | २० | संघ/ प्रदेश/स्थानीय समपुरक |
| ७ | पक्की पुल निर्माण | P1 | अन्तरआबद्धता र सञ्जालीकरण बढ्ने | ४०० | १०० | १०० | १०० | १०० | | संघ/ प्रदेश/स्थानीय समपुरक |
| ८ | कालो पत्रे सडक तथा सडक स्तरोन्नति | P1 | अन्तरआबद्धता र सञ्जालीकरण बढ्ने | ६०० | | | ३०० | २०० | १०० | संघ/ प्रदेश/स्थानीय समपुरक |
| ९ | झोलुङ्गे पुल निमार्ण | p1 | अन्तरआबद्धता र सञ्जालीकरण बढ्ने | १२५ | २५ | २५ | २५ | २५ | २५ | संघ/ प्रदेश/स्थानीय समपुरक |
| १० | सडक नयाँ ट्र्याक खोल्ने | p2 | अन्तरआबद्धता र सञ्जालीकरण बढ्ने | २०० | ५० | ५० | ५० | ५० | | संघ/ प्रदेश/स्थानीय समपुरक |
| ११ | सडक मर्मत | | | २५० | ५० | ५० | ५० | ५० | ५० | |
| | | | | ९४६० | १६१० | १५९५ | २१०५ | १७२० | २४३० | |

## ६.२.८ नतीजा खाका

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्ट्याईंको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | ३० मिनेटको दुरीमा यातायात पहुँच भएको घरपरिवार बढेको हुने। | प्रतिशत | ५० | ६० | ८० | ८५ | ९० | ९५ | -रा.त.का. तथ्यॉक | -बृहत सञ्जालीकरण र अन्तर आवद्धताले गरिबी निवारणमा योगदान दिने। |
| असर | पर्यटकीय क्षेत्र तथा सदरमुकामको बजार क्षेत्रमा कृषिजन्य पदार्थहरुको सर्व सुलभ पहुँच हुने | प्रतिशत | १० | ४० | ५० | ६० | ८० | ९० | -रा.त.का. तथ्यॉक | -बृहत सञ्जालीकरण र अन्तर आवद्धताले गरिबी निवारणमा योगदान दिने। |
| प्रतिफल | कालोपत्रे सडकको लम्वाइ | किमि | ० | ७ | १० | १५ | २० | २५ | -गा. पा. पूर्वाधार तथ्यॉक | -बृहत सञ्जालीकरण र अन्तर आवद्धता बढ्ने। |
| | ग्राभेल सडकको लम्बाइ (सोलिङ) | किमि | ० | १० | २० | २५ | ३० | ३५ | -गा. पा. पूर्वाधार तथ्यॉक | -बृहत सञ्जालीकरण र अन्तर आवद्धता बढ्ने। |
| | धुले सडक लम्बाइ (नया ट्र्याक बाहक, | किमि | ० | १२ | २० | २५ | ३० | ३५ | -गा. पा. पूर्वाधार तथ्यॉक | -बृहत सञ्जालीकरण र अन्तर आवद्धता बढ्ने। |
| | आरसिसि ढलान भएका सडकको लम्वाई | किमि | ० | ५ | १० | १० | १० | १० | -गा. पा. पूर्वाधार तथ्यॉक | -बृहत सञ्जालीकरण र अन्तर आवद्धता बढ्ने। |
| | सहायक नदीमा झोलुङ्गे पुल | सङ्ख्या | ६५ | ७० | ८० | ९० | ९५ | १०० | -गा. पा. पूर्वाधार तथ्यॉक | -बृहत सञ्जालीकरण र अन्तर आवद्धता बढ्ने। |

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्ट्याईको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | शहरी सडकको मापदण्ड अनुसार निर्मित कूल सडकको लम्वाइ | किमि | ० | १० | १० | १० | १० | १० | -गा. पा. पूर्वाधार तथ्याँक | -बृहत सञ्जालीकरण र अन्तर आवद्धता बढ्ने। |
| | सडक फर्निचर, ट्राफिक चिन्ह सहितको व्यवस्थित सडकको लम्वाइ | किमि | | १० | | | | | -गा. पा. पूर्वाधार तथ्याँक | -दुर्घटना कम हुने। |
| | गाउँपालिका केन्द्रवाट वडा कार्यालय सम्म जोडिएको सडक | सङ्ख्या | ७ | १० | १० | १० | १० | १० | -गा. पा. पूर्वाधार तथ्याँक | -बृहत सञ्जालीकरण र अन्तर आवद्धता बढ्ने। |
| | सडक सञ्जालवाट नजोडिएका वस्तीहरु | सङ्ख्या | ७ | ५ | ३ | १ | | | -गा. पा. पूर्वाधार तथ्याँक | -सबै भूभागमा सन्तुलित विकास नहुन सक्ने। |
| | नजिकको पिच भएको पक्की सडकमा पुग्न लाग्ने औषत समयावधि | घण्टा | ५ | १ | ०.५ | | | | -गा. पा. पूर्वाधार तथ्याँक | -बृहत सञ्जालीकरण र अन्तर आवद्धता बढ्ने। |
| | सडक नालाको सडक लम्वाइ | किमि | ० | १० | १० | १० | | | -गा. पा. पूर्वाधार तथ्याँक | -फोहोर पानीको निकास हुने। |
| | वायो इन्जिनियरिङ प्रविधि र सडक छेउ वृक्षारोपण | किमि | ० | ५ | १० | १५ | | | -गा. पा. पूर्वाधार तथ्याँक | -दिगो पूर्वाधार विकास हुने। |
| | अन्तर स्थानीय तह सडक सञ्जाल सङ्ख्या | सङ्ख्या | ७ | १० | १० | १० | १० | | -गा. पा. पूर्वाधार तथ्याँक | -बृहत सञ्जालीकरण र अन्तर आवद्धता बढ्ने। |

## ६.३ सञ्चार तथा सूचना प्रविधि पूर्वाधार

### ६.३.१ पृष्ठभूमि

सूचना र सञ्चार प्रविधि नेपाली समाजलाई बिश्वसँग जोड्ने प्रमुख पूर्वाधार हो। नेपालको संविधानले पूर्ण प्रेस स्वतन्त्रता, वाक् तथा प्रकाशन स्वतन्त्रता, सञ्चार र सूचनाको हकलाई मौलिक हकको रूपमा उल्लेख गरेको छ । दिगो विकास लक्ष्यले सबैले धान्न सक्ने गरी इन्टरनेटको पहुँचमा उल्लेख्य वृद्धि गर्ने उल्लेख गरेको छ । हालको प्रविधिमा आधारित समाजमा सञ्चार तथा सूचना प्रविधि क्षेत्रलाई मर्यादित, व्यावसायिक, सक्षम र सबल बनाउने दायित्व र जिम्मेवारीका साथ अगाडि बढ्नुपर्ने खाँचो छ । सूचना प्रविधि तथा सञ्चारको अधिकतम उपयोग बढाउन सञ्चार र सूचना प्रविधि सम्बन्धी ज्ञान, सीप र क्षमताको विकास गरी सुशासन कायम गर्नु र सूचना प्रविधिलाई अर्थतन्त्रको महत्त्वपूर्ण हिस्साको रूपमा विकास गर्नु आजको आवश्यकता हो ।

### ६.३.२ अवसर र सम्भावना

नेपालको संविधानमा पूर्ण प्रेस स्वतन्त्रता, सञ्चार तथा सूचनाको हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरिएको छ। शिक्षा क्षेत्रको समग्र विकासको लागि सञ्चार तथा सूचना प्रविधिको प्रयोगमा विस्तार हुँदै गएको छ। सामाजिक सञ्जालको ब्यवपकताले ग्रामिण समाज समेत विश्वब्यापीकरणल हुन पुगेको छ। सूचना प्रविधिमा निजी क्षेत्रको लगानी वृद्धि हुँदै गएको छ। युवाहरुकफो आकर्षणको रुपमा यो क्षेत्र रहेको छ। अनौपचारिक रोजगारीका अवसर सिर्जना भएका छन्। मोबाइल प्रयोगकर्ताको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको छ। सूचना प्रविधिको प्रयोगले सेवा प्रवाहको लागतमा कमी आएको छ। डिजिटल साक्षरतामा वृद्धि हुँदै गएको छ भने विद्युतीय कारोबारमा वृद्धि हुन पुगेको छ। आमसञ्चारको क्षेत्रमा बढ्दो सूचना प्रविधिको प्रयोग यस क्षेत्रमा अवसरका रूपमा रहेका छन् ।

### ६.३.३ समस्या र चुनौती

सूचना प्रविधिको दुरुपयोग, साइबर अपराध, डिजीटल डिभाईड बढ्दै गइरहेकोले नियन्त्रण गर्नु चुनौतीपूर्ण छ। दूरसञ्चार सेवामा सबै नागरिकको पहुँच पुग्न नसक्दा डिजीटल डिभाईड बढ्दै गइरहेको छ। सूचना प्रविधिको विकास र साइबर सुरक्षाको लागि पर्याप्त संरचनागत व्यवस्थाको कमी रहेको छ। अन्तरदेशीय अपराधका घटनामा दोषीलाई कारबाही गर्न कठिनाई रहेको छ। सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग बढाउन सकिएको छैन। सूचना प्रविधि उद्योगबाट भएको रोजगारीलाई औपचारिक क्षेत्रको रुपमा गणना गर्न सकिएको छैन। कार्यक्षेत्रको अभावमा भ्रामक समाचारको नियमन एवम् नियन्त्रण गर्न र आमसञ्चारका माध्यमलाई मर्यादित र विश्वसनीय बनाउन सकिएको छैन। सामाजिक सञ्जालको वृद्धिसँगै यसमा दुरूपयोग बढ्दै गएको छ।

### ६.३.४ लक्ष्य

गाउँपालिकाका सबै नागरिकलाई सूचना प्रविधिको सुविधा पुर्याई समृद्को आधार तयार गर्ने।

### ६.३.५ उद्देश्य

१. गाउँपालिकामा सूचना प्रविधि विस्तार गरी सेवा प्रवाहमा सुशासन कायम गर्नु।

२. गाउँपालिकामा सूचना प्रविधिको पूर्वाधार निर्माण गर्नु तथा सूचना प्रविधि अभिलेखलाई ब्यवस्थित गर्नु।

### ६.३.६ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. शिक्षा र स्वास्थ्य क्षेत्रलाई प्रविधिमैत्री बनाउने। | १. सबै बिद्यालयमा ल्यापटपको प्रबन्ध गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. विद्यालय शिक्षामा सूचना प्रविधि विषयमा आकर्षण बढाइनेछ।<br>३. सहरी क्षेत्रका अस्पताल र सेवामूलक स्वास्थ्य संस्थाको सहकार्यमा telemedicine तथा online परामर्श र virtual doctor को ब्यवस्था गरिनेछ। |
| २. इन्टरनेट तथा ब्रोडब्यान्ड सेवाको विस्तार गर्ने। | १. गाउँपालिकामा ब्रोडब्यान्ड सेवा विस्तार गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।<br>२. भरपर्दो र गुणस्तरीय दूरसञ्चार सेवा लाई सुनिश्चित गर्न नेपाल टेलिकमसँग समन्वय गरिनेछ।<br>३. ग्रामीण दूरसञ्चार कोषको रकम गाउँपालिकामा लगानी गर्न नेपाल सरकरसँग समन्वय गरिनेछ । |
| ३. सेवा प्रवाहमा डिजीटल प्रविधिको प्रयोग गर्ने । | १. सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग गरी शीघ्र, कम खर्चिलो र पूर्वाग्रहरहित बनाइनेछ।<br>२. सूचना प्रविधिको प्रयोगद्वारा सुशासन कायम गरिनेछ।<br>३. सार्वजनिक तथा निजी सेवाहरू क्रमशः अनलाइन मार्फत प्रदान गर्नेगरी वेवसाइटको पुनर्संरचना गरिनेछ ।<br>४. साइबर सुरक्षा तथा गोपनीयता सम्बन्धी कार्य गर्न नेपाल प्रहरीको ब्यूरोसँग समन्वय स्थापना गरिनेछ ।<br>५. डिजिटल डिभाइड कम गर्नको लागि डिजिटल साक्षरता र सचेतना अभिवृद्धिलाई अभियानको रूपमा सञ्चालन गरिनेछ ।<br>६. सूचना प्रविधिको प्रयोग मार्फत स्थानीय भाषा, संस्कृति तथा मौलिकताको संरक्षण तथा प्रवर्द्धन गरिनेछ ।<br>७. डिजीटल कारोबारमा जोड दिनको लागि QR तथा mobile banking को प्रयोग गरिनेछ । |

## ६.३.७ विस्तृत कार्यक्रम

| क्र.सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | | लगानी तथा खर्च जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अपेक्षित उपलव्धी | कताकूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | सवै वडा र वस्तीमा इन्टरनेट सेवा विस्तार | | शहर गाउँ एउटा ग्लोबल भिलेज भइ सहजरुपमा संचारबाट एकअर्कामा जोडिनेछ | २५ | ५ | ५ | ५ | ५ | ५ | निजी क्षेत्र |
| | जम्मा | | | २५ | ५ | ५ | ५ | ५ | ५ | |

## ६.३.८ नतीजा खाका

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्ट्याईको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | इन्टरनेटमा पहुँच प्राप्त घरपरिवार बढेको हुने। | प्रतिशत | १० | ५० | ६० | ७० | ८० | ९० | -गा. पा. पूर्वाधार तथ्याँक | - आधुनिक प्रविधिमा पहुँच बढ्ने। |
| **असर** | मोबाइल फोन प्रयोगकर्ता (बाल बालिका बाहेक) बढेको हुने। | प्रतिशत | ९५ | ९६ | ९७ | ९८ | ९९ | १०० | -गा. पा. पूर्वाधार तथ्याँक | - अन्तर आवद्धता बढ्ने। |
| | ल्याण्डलाइन टेलिफोन वितरण बढेको हुने। | सङ्ख्या | १ | ५ | ८ | १५ | २० | २५ | -गा. पा. पूर्वाधार तथ्याँक | - अन्तर आवद्धता बढ्ने। |

| क.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्ट्याईको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | इण्टरनेट सेवा उपलब्ध हुन नसकेका क्षेत्र (घरधुरी) बढेको हुने। | प्रतिशत | ८० | ६५ | ६० | ५५ | ५० | ४५ | -गा. पा. पूर्वाधार तथ्यांक | - आधुनिक प्रविधिमा पहुँच बढ्ने। |
| | स्थानीय केवल नेटवर्क तथा इण्टरनेट सेवा प्रदायक संस्थाहरु | सङ्ख्या | - | १ | २ | २ | ३ | ३ | -गा. पा. पूर्वाधार तथ्यांक | - आधुनिक प्रविधिमा पहुँच बढ्ने। |
| | निःशुल्क इन्टरनेट सेवा वाइफाई उपलब्ध भएका क्षेत्रहरु | सङ्ख्या | - | ५ | १० | १५ | २० | २५ | -गा. पा. पूर्वाधार तथ्यांक | - आधुनिक प्रविधिमा पहुँच बढ्ने। |
| | विद्युतीय प्रणालीमा आधारित गाउँपालिकाका सेवाहरु (अनलाइन सेवा) | सङ्ख्या | ५ | १० | १५ | २० | २५ | ३० | -गा. पा. पूर्वाधार तथ्यांक | - सुशसन कायम हुने। |
| | विद्यालय लगायत सार्वजनिक भवन तथा कार्यालयहरुमा सुचारु इन्टरनेट सेवा | सङ्ख्या | ५ | ४५ | ५५ | ७५ | ८० | ८५ | -गा. पा. पूर्वाधार तथ्यांक | - आधुनिक प्रविधिमा पहुँच बढ्ने। |
| प्रतिफल | सार्वजनिक स्थल तथा कार्यालयहरुमा जडित सि.सि. क्यामेरा | सङ्ख्या | ० | ५ | ९ | १५ | २० | २५ | -गा. पा. पूर्वाधार तथ्यांक | - सुरक्षित गा. पा. बन्ने । |

## ६.४ भवन, आवास तथा बस्ती विकास

### ६.४.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ३७ मा आवासको हकलाई मौलिक हकको रूपमा अंगीकार गरी प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुने र कानून बमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको वासस्थानबाट हटाइने वा अतिक्रमण नगरिने उल्लेख छ। नेपालको संविधानले अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्न योजनाबद्ध व्यवस्थित बस्ती विकास गर्ने नीतिगत व्यवस्था समेत गरेको छ । गाउँपालिकाको विकट तथा विपद्को उच्च जोखिमयुक्त स्थानमा छरिएर बसेका घर परिवारलाई नजिकको सुरक्षित स्थानमा आर्थिक रूपले सबल हुने गरी एकीकृत बस्तीमा स्थानान्तरण गर्नुपर्ने अवस्था रहेको छ ।

पूर्वी नेपालको अवस्थिति भूकम्प लगायत बहुविपद् जोखिमयुक्त रहेकोले विपद् पूर्वतयारी कार्यलाई अभिवृद्धि गरी प्रभावकारी प्रतिकार्य र पुनर्लाभ हासिल गर्न तथा पुनर्स्थापना र पुनर्निमाण कार्यमा "बिल्ड ब्याक बेटर" को अवधारणा अनुसार भवन निर्माण गर्नु आवश्यक छ । वि.सं. २०७२ वैशाखको विनाशकारी भूकम्प र यसले पुऱ्याएको क्षतिलाई मध्यनजर गरी गाउँपालिकाको भवन नक्सापास मापदण्ड जारी गरी कार्यान्वयन गर्नु जरुरी छ। हाल रहेका भवनको जोखिम परीक्षण गरी आवश्यकता अनुसार सबलीकरण गर्नु उत्तिकै जरुरी रहेको छ । भवनको प्रचलित डिजाइन र निर्माण प्रविधिमा समयानुकूल परिमार्जन गर्दै जानु जरूरी रहेको छ ।

### ६.४.२ अवसर र सम्भावना

सुरक्षित र भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी जनचेतना जगाउन सकिएको छैन। सुरक्षित र व्यवस्थित भवन निर्माण नियम लागू गर्न सकिएको छैन। गुरुयोजना सहितको भविष्यको सहरको परिकल्पना गर्न सकिएको छैन। नेपाल सरकारबाट अति विपन्न, लोपोन्मुख र सीमान्तकृत जातजातिका लागि सुरक्षित नागरिक आवास र जनता आवास कार्यक्रम सञ्चालन भैरहेको छ जसकोलागि लाभग्राही छनोटको कार्य स्थानीय सरकारलाई दिईएको छ। २०७२ सालको विनाशकारी भूकम्प पश्चात् सुरक्षित आवास निर्माणमा जनचेतना बढ्दै गएको छ। निजी क्षेत्रबाट योजनाबद्ध आवास तथा जग्गा विकासमा लगानी बढीरहेको छ। पेसागत विविधतामा आएको परिवर्तन र विप्रेषणको कारण पारिवारिक आम्दानीमा भएको वृद्धिले शहरीकरणको आवश्यकता र सम्भावना बढ्नु प्रमुख अवसरका रूपमा लिन सकिन्छ ।

### ६.४.३ समस्या र चुनौती

भवन निर्माणमा समयानुकूल नयाँ प्रविधिहरूको प्रयोग गर्न सकिएको छैन। दिगो तथा वातावरणमैत्री नवीनतम भवन निर्माण प्रविधि प्रयोग गराउन सकिएको छैन। परम्परागत सीप, निर्माण प्रविधि तथा वास्तुकलाको जगेर्ना गर्न सकिएको छैन। विकट र विपद्को उच्च जोखिमयुक्त असुरक्षित स्थानमा छरिएर रहेका बस्तीलाई वैज्ञानिक भू-उपयोगमा आधारित रही एकीकृत बस्ती विकास गर्नमा बजेट र स्थानीय बासिन्दाको संवेग बाधक बनेको छ। स्थानीय निर्माण सामग्रीको प्रयोग गरी सुरक्षित तथा कम लागतका आवास निर्माण गर्न सकिएको छैन। न्यून आय, सीमान्तीकृत तथा विपद् जोखिममा रहेका वर्ग र शहरी गरीबका लागि आवास सुविधा उपलब्ध गराउन सकिएको छैन। सामूहिक आवासका कार्यक्रममा निजी क्षेत्रलाई आकर्षित गर्न सकिएको छैन। असुरक्षित बस्ती र कमजोर आवास संरचनाका कारण वर्षेनी ठूलो धनजनको क्षति घटाउन सकिएको छैन। सामूहिक आवास कार्यक्रममा जनमानसको आकर्षण बढ्न सकेको छैन भने अधिकारवादीहरु स्थानीय जनतालाई उक्साउने गरेको समेत देखिएको छ।

### ६.४.४ लक्ष्य

एकीकृत योजनाबद्ध बस्ती विकास, बलियो भवन संरचना तथा फुसको छानो विस्थापित गरी गर्ने ।

### ६.४.५ उद्देश्य

१. विपद् प्रतिरोधी भवन निर्माण अभ्यास लागू गर्नु।

२. सबै आय वर्गका निम्ति उपयुक्त, सुरक्षित, वातावरणमैत्री, सुलभ र उत्थानशील आवास निर्माण तथा स्तरोन्नति गर्नु ।

३. पूर्वाधार र सुविधाले युक्त एकीकृत बस्ती विकास गर्नु।

### ६.४.६ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. गाउँपालिकाका सेवा प्रदायक भवन यथाशीघ्र निर्माण गर्नु। | १. आगामी वर्षमा अस्पताल भवन निर्माण गरिनेछ।<br>२. आगामी वर्षमा गाउँपालिका भवन निर्माण गरिनेछ।<br>३. वडास्तरमामा खेल मैदान निर्माण गरिनेछ।<br>४. गाउँपालिको सार्वजनिक र भिड हुने स्थानमा सार्वजनिक शौचालय निर्माण गरिनेछ। |
| २. भौगोलिक रूपमा विकट, विकासको लागि बाधक, अपायक र विपद्को उच्च जोखिमयुक्त स्थानमा रहेका बस्तीहरूलाई निरुत्साहित गर्ने । | १. देशभरी रहेका भौगोलिक रूपमा विकट, विकासको लागि बाधक, अपायक र विपद्को उच्च जोखिमयुक्त बस्ती स्थानान्तरण गर्न संघ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।<br>२. आधारभूत सेवा-सुविधा सहितको एकीकृत बस्ती विकासमा जोड दिइनेछ । |
| ३. गाउँपालिका एकीकृत बस्तीको विकास गर्ने । | १. बसोबासको लागि नयाँ जग्गाको विकास गर्दा पूर्वाधार सेवाको निर्माण र वितरण व्यवस्था सकभर न्यूनतम लागतमा सम्पन्न गराउने उपयुक्त प्रविधि र डिजाइनलाई प्रोत्साहित गरिनेछ ।<br>२. सार्वजनिक-निजी साझेदारी लगायत लगानीका वैकल्पिक स्रोत पहिचान गरी न्यून लागत प्रविधि तथा स्थानीय निर्माण सामाग्री प्रयोग गरी न्यून लागतका आवास एकाइ तथा आवास निर्माण गरिनेछ । |
| ४. गरिब, दलित, बिपन्न, आदिवासी जनजाती | १. जनता आवास तथा फुसको छानो विस्थापित गर्ने नेपाल सरकारको कार्यक्रममा सहकार्य गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| समुदायको फुसको छानो विस्थापित गर्ने। | २. खर वा फुसको छानालाई जस्तापाताले प्रतिस्थापन गर्ने कार्यको लागि तथ्याँक संकलन गरिनेछ।<br>३. अति बिपन्न र गरिबीको दुष्चक्रमाम फसेका नागरिकको आवास निर्माण गरी हस्तान्तरण गरिनेछ। |
| ५. भवन निर्माण संहिता तथा कार्यविधि पालना गराउने। | १. नक्सापास बिना भवन बनाउन नपाईने नियम लागू गरिनेछ।<br>२. नक्सापास प्रणालीलाई सूचना प्रविधिमैत्री बनाइनेछ।<br>३. नयाँ निर्माण हुने भवनहरुलाई अनिवार्य रुपमा भुकम्प प्रतिरोधी बनाउने गरी नियम जारी गरनेछ।<br>४. भवन निर्माणलाई सम्पत्ति करको दायरामा ल्याइनेछ।<br>५. सरकारी भननलाई अपाङ्ग तथा लैङ्गिकमैत्री बनाइनेछ।<br>६. नयाँ भवन निर्माण गर्दा अनिवार्य शौचालय निर्माण गर्ने नियम जारी गरी सरफाई र स्वच्छतायुक्त गाउँपालिका निर्माण गरिनेछ। |

### ६.४.७ विस्तृत कार्यक्रम

| क.सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | | लगानी तथा खर्च जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अपेक्षित उपलब्धी | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | प्रहकी चौकी भवन निर्माण | p1 | पूर्वाधार विकास हुने | १०० | | ५० | ५० | | | संघ/ प्रदेश/स्थानीय विशेष |
| २ | वडा कार्यालयको भवन निर्माण | P2 | पूर्वाधार विकास हुने | २५० | ५० | ५० | ५० | ५० | ५० | स्थानीय |
| ३ | गा.पा. भित्रको फुसको छाना विस्थापन कार्यकम | p1 | सेवा प्रवाह हुने | ५० | १० | १० | १० | १० | १० | स्थानीय |
| ४ | सामुदायिक भवन | P2 | पूर्वाधार विकास हुने | १०० | २० | २० | २० | २० | २० | संघ/ प्रदेश/स्थानीय विशेष |
| ५ | भूमिहिन दलित, सुकुम्वासी लाई जग्गा उपलब्ध गराई ब्यावस्थित गर्ने। | p1 | पूर्वाधार विकास हुने | २५ | १० | १५ | | | | संघ/ प्रदेश/स्थानीय विशेष |
| | | | | **५२५** | **९०** | **१४५** | **१३०** | **८०** | **८०** | |

### ६.४.८ नतीजा खाका

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्ट्याईको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | दिगो बस्ती र आफ्नै स्वामित्वको सुरक्षित घरमा वसोवास गर्ने परिवार बढेको हुने। | प्रतिशत | ९४ | ९५ | ९६ | ९७ | ९८ | ९९ | -गा. पा. पूर्वाधार तथ्याँक | -दिगो विकास लक्ष्य हसिल हुने। |
| **असर** | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार दिगो रुपमा निर्माण भएका भवन तथा संरचना बढेको हुने। | प्रतिशत | - | ५० | ६० | ७० | ८० | ९० | -गा. पा. पूर्वाधार तथ्याँक | -दिगो पूर्वाधार विकास हुने। |

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्ट्याईको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल | एकीकृत भौतिक सेवा सुविधा उपलब्ध वजार क्षेत्र | सङ्ख्या | १ | २ | ३ | ४ | ५ | ६ | -गा. पा. पूर्वाधार तथ्याँक | -दिगो पूर्वाधार विकास हुने। |
| | सुविधा सम्पन्न उद्यान सहितको खुल्ला पार्क क्षेत्र | सङ्ख्या | - | १ | २ | ३ | ४ | ५ | -गा. पा. पूर्वाधार तथ्याँक | -दिगो पूर्वाधार विकास हुने। |
| | व्यवस्थित वसपार्क तथा वस स्टेशन | सङ्ख्या | - | १ | २ | २ | ३ | ३ | -गा. पा. पूर्वाधार तथ्याँक | -दिगो पूर्वाधार विकास हुने। |
| | वजार क्षेत्रमा वसोवास गर्ने जनसङ्ख्या | प्रतिशत | ८ | १० | १२ | १४ | १६ | १८ | -गा. पा. पूर्वाधार तथ्याँक | -सहरीकरण हुने। |
| | सुविधा सम्पन्न (खानेपानी, शौचालय, विजुली, सञ्चार) सामुदायिक भवन (महिला, ज्येष्ठ नागरिक भवन) तथा सभाहल | सङ्ख्या | १ | २ | ३ | ४ | ५ | ६ | -गा. पा. पूर्वाधार तथ्याँक | -दिगो पूर्वाधार विकास हुने। |
| | जोखिम क्षेत्रवाट स्थानान्तर गरिएका वस्तीहरु | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ | -गा. पा. पूर्वाधार तथ्याँक | -दिगो र सुरक्षित बस्ती विकास हुने। |
| | सुरक्षित तथा प्रवर्द्धन गरिएका आवास क्षेत्र तथा वस्ती (निजी क्षेत्रको समेत) | सङ्ख्या | - | २ | ४ | ६ | ८ | १० | -गा. पा. पूर्वाधार तथ्याँक | -दिगो र सुरक्षित बस्ती विकास हुने। |
| | जनता आवास कार्यक्रमवाट लाभान्वित घरपरिवार | सङ्ख्या | ५२ | ५५ | ५८ | ६५ | ७० | ७५ | -गा. पा. पूर्वाधार तथ्याँक | -दिगो र सुरक्षित बस्ती विकास हुने। |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन तथा संरचना | सङ्ख्या | - | ७ | १० | १२ | १४ | १६ | -गा. पा. पूर्वाधार तथ्याँक | -दिगो र सुरक्षित बस्ती विकास हुने। |

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्ट्याईको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी दक्ष जनशक्ति | सङ्ख्या | - | २० | ५० | ७५ | १०० | १५० | -गा. पा. पूर्वाधार तथ्याँक | -दिगो र सुरक्षित बस्ती विकास हुने। |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका निजी आवास तथा संरचनाहरु | प्रतिशत | ५४ | ६० | ६५ | ७० | ७५ | ८० | -गा. पा. पूर्वाधार तथ्याँक | -दिगो र सुरक्षित बस्ती विकास हुने। |
| | महिला बाल अपाङ्गमैत्री सरचना | सङ्ख्या | ८ | १० | १२ | १४ | १६ | १८ | -गा. पा. पूर्वाधार तथ्याँक | -दिगो र सुरक्षित बस्ती विकास हुने। |

# परिच्छेद ७

# वन, वातावरण तथा विपद् व्यवस्थापन

## ७.१ वन तथा जैविक विविधता संरक्षण

### ७.१.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ३० ले स्वच्छ वातावरणको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ। नेपालको कुल भू-भागको ७५.० प्रतिशत वन क्षेत्रले ओगटेको वन तथा जलाधार क्षेत्र पर्यापर्यटन, जलविद्युत, कृषि, पशुपालन, स्वच्छ पर्यावरण र वन तथा जडिबुटीमा आधारित उद्योगको लागि कच्चा पदार्थको उपलब्धता गराउने क्षेत्र हो। यस क्षेत्रबाट इन्धनको रुपमा काठ, दाउरा, जडिबुटी, हरित उद्यम र प्रकृतिमा आधारित पर्यटनको विस्तार गर्ने सम्भावना छ। वन जैविक विविधता तथा जलाधार क्षेत्रले स्वच्छ पर्यावरण, हरियाली, प्राकृतिक रमणीयता, समुन्नत जलाधार, प्राकृतिक स्रोत बढाउने काम गरेको छ। सिमसार संरक्षण, नदी किनार संरक्षण, क्षतिग्रस्त भूमिको पुनर्स्थापना, पानीको मुहान संरक्षण जस्ता कार्य मार्फत बृहत् जलाधार व्यवस्थापनमा टेवा पुग्ने गर्दछ ।

### ७.१.२ अवसर र सम्भावना

नेपालको संविधानले वन, जैविक विविधता र जलाधार क्षेत्रको संरक्षणलाई मार्गदर्शनको रुपमा लिएको छ। हरियो वन नेपालको धन भन्ने उक्तिले आम जनमानसमा समेत वन र जैविक विविधताको संरक्षणलाई केन्द्रबिन्दुमा राखेको छ। तीनै तहका सरकारले स्रोत विनियोजन गर्दा स्रोतको अभाव नहुने अवस्था छ। नेपालको सामुदायिक वन व्यवस्थापनलाई संसारकै उत्कृष्ट मानिँदै आएको छ। यसले समेत वन, जैविक विविधता र जलाधार क्षेत्रको संरक्षणमा व्यवस्थापिकीय कमजोरी नभएको तर्फ संकेत गरेको छ। वन, जैविक विविधता र जलाधार क्षेत्रको संरक्षणमा महिला, दलित, आदिवासी तथा स्थानीय समूहको सहभागिता बढाउने गरी कानूनी तथा संस्थागत ब्यवस्थाहरु गरिएको छ। यस गाउँपालिकमा वनमा आधारित उद्योग र पर्या-पर्यटन प्रवर्द्धन, जलाधार संरक्षण, वातावरण व्यवस्थापन र जलवायु परिवर्तनको असर अनुकूलन तथा समयानुकूलन गर्न सकिने अवसर रहेको छ ।

### ७.१.३ समस्या र चुनौती

वनक्षेत्रको प्रतिशत विगतका वर्षमा उल्लेख्य रुपमा बढेको भएतापनि काठको आयात गर्नुपर्ने अवस्था रहेको छ। पूर्वाधार विकास र पर्यावरणीय प्रणालीबीच सन्तुलन कायम गर्न सकिएको छैन। वन अतिक्रमण, वन्यजन्तुको चोरी शिकार तथा अवैध व्यापार रोक्न सकिएको छैन। मानव वन्यजन्तु द्वन्द्व बढ्दो क्रममा रहेको र नियन्त्रण गर्न सकिएको छैन। उपलब्ध वन, वनस्पति तथा जैविक विविधताको पूर्ण क्षमतामा सदुपयोग गर्न सकिएको छेन। वन, जैविक विविधता तथा जलाधार व्यवस्थापनको कार्यमा तीन तहका सरकार, वन समूह, अधिकावादी गैरसरकारि क्षेत्र र निजी क्षेत्रबीच प्रभावकारी समन्वय र सहकार्य कायम गर्न सकिएको छैन।

### ७.१.४ लक्ष्य

वन तथा जैविक विविधताको व्यवस्थापनबाट वातावरणीय सन्तुलन र दिगो विकास कायम गर्ने।

### ७.१.५ उद्देश्य

१. वन तथा जैविक विविधताको संरक्षण गरी ग्रामिण जनजीवनको लागि लाभदायक बनाउनु।

२. वन तथा जैविक विविधताको प्रयोगबाट दिगो विकास लक्ष्य हासिल गर्नु।

३. वन तथा जैविक विविधताबाट प्राप्त लाभको न्यायोचित वितरण तथा उद्यम विकासमा उपयोग गर्नु ।

### ७.१.६ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. वन क्षेत्रको सहभागितामूलक व्यवस्थापन गर्ने। | १. सामुदायिक वनको सङ्ख्या वृद्धिको लागि नेपाल सरकारसँग समन्वय गर्ने।<br>२. सामुदायिक वन व्यवस्थापनमा महिला, दलित, अपाङ्ग, आदिवासीजनजाती तथा लक्षित वर्गको सहभागिता सुनिश्चित गरिनेछ।<br>३. सामुदायिक वनको दिगो उपयोगमार्फत स्थानीय जनताको आयआर्जनमा सुधार गर्ने।<br>४. सामुदायिक वनलाई दिगो प्रयोग गरी पशुपालन उद्योगको बिस्तार गरिनेछ।<br>५. महिला, दलित, आदिवासी तथा स्थानीय समुदाय सम्मिलित वन उपभोक्ता समूहद्वारा सहकारी निर्माण र समुदाय, सरकारी र निजी क्षेत्रको साझेदारीमा पुँजी वृद्धि गरी वन पैदावारलाई नतिजामा आधारित पर्यापर्यटन, काष्ठ फर्निचर लगायतका उद्योगमा लगाउने वातावरण निर्माण गरिनेछ ।<br>६. निजी वन एवम् परिवारिक निजी वनको जमिनमा वृक्षरोपण र खेतीका लागि व्यावसायिक योजना निर्माण, सहुलियत ऋण अनुदान, बिमा र हरित सम्पत्ति धितो राख्न सकिने व्यवस्था गरिनेछ ।<br>७. नेपाल सरकार, सामुदायिक वन र निजी क्षेत्रको सहभागितामा वन्यजन्तुको पालन, प्रजनन, व्यावसायिकरणको लागि समन्वय गरिनेछ । |
| २. वनजन्य उद्यमलाई प्रोत्साहन गर्ने। | १. गाउँपालिकामा काठ र एउटा गैरकाष्ठ वा जडिबुटीमा आधारित मझौला वा ठूलो उद्योगको स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।<br>२. ढलापडा काठको सदुपयोग गरी फर्निचर उद्योगको लागि काठ आपूर्ति गरी गाउँपालिकाबाट फर्निचर निर्यात गरिनेछ।<br>३. निजी क्षेत्रको सहकार्यमा गाउँपालिकामा जडिबुटी तथा आयुर्वेदिक औषधी उद्योग स्थापना गरिनेछ।<br>४. |
| ३. जैविक विविधताको संरक्षण र सदुपयोग गर्ने | १. सबै वन व्यवस्थापन पद्धतिमा वन, चरन क्षेत्र, सिमसार र जैविक विविधता संरक्षणलाई समेत सम्वोधन हुने गरी दिगो वन व्यवस्थापन योजना निर्माण गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | २. ताल तथा तलैयाको संरक्षण र विकास गरी पर्यटन प्रवर्द्धनसँग आबद्ध गरिनेछ।<br>३. उपयुक्त प्रजातिको पहिचान गरी सबै स्थानीय तहमा वन नर्सरी स्थापना गरिनेछ।<br>४. संकटासन्न जीवको चोरी सिकारीको सूचना नेपाल सरकारलाई हुनेगरी सूचना प्रणालीको व्यवस्था गरिनेछ।<br>५. वृक्षरोपण गर्दा पानी सञ्चय गर्ने प्रकृतिका रूखका प्रजातिलाई प्राथमिकता दिइनेछ ।<br>६. मौजुदा सिमसारको संरक्षण, पहिचान र अभिलेखीकरण गर्दै सिमसार क्षेत्रको सहभागितामूलक व्यवस्थापन गरिनेछ । |
| ४. मानव वन्यजन्तु द्न्द्व न्यूनीकरण गर्ने । | १. मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. वन्यजन्तुबाट भएको क्षतिको लागि उचित क्षतिपूर्तिको व्यवस्था र आवश्यक भौतिक संरचना निर्माण गरिनेछ ।<br>३. वन्यजन्तलाई तीनको प्राकृतिक वासस्थानमा सिमित गर्न वन तथा जैविक विविधताको संरक्षण गरिनेछ।<br>४. वन्यजन्तुको आहारको अध्ययन अनुसन्धान गरी त्यस्ता प्रजातीको वृक्षरोपण तथा संरक्षण गरिनेछ।<br>५. गाउँपालिकाको वन तथा जैविक विविधताको विषय स्थानीय पाठ्यक्रममा समावेश गरी विद्यार्थीबाट सचेत र जिम्मेवार नागरिकको उत्पादन गरिनेछ। |

### ७.१.७ विस्तृत कार्यक्रम

| क.सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | | लगानी तथा खर्च जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अपेक्षित उपलब्धी | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | सिदिङ्वा गाउँपालिका क्षेत्र भित्र पाइने जडिवुटीहरु (चिराइतो, विखमा, सतुवा, पाखन्वेद, ठूलो ओखती खोकिम, हडचुर, भुतकेश, टिमुर, भिरमौरी मह, वन लसुन) को संरक्षण, संकलन र बजारीकरण | p1 | जलाधार तथा सिमसार क्षेत्र बढ्ने | १० | २ | २ | २ | २ | २ | प्रदेश, स्थानीय तह आफै |
| २ | सामुदायिक वन व्यवस्थापन तथा परिचालन योजना | P1 | समुदाय परिचालन हुने | १२ | ४ | | ४ | | ४ | स्थानीय तह |
| ३ | निर्माणधीन सडकछेउमा वृक्षरोपण कार्यक्रम | p1 | बन संरक्षण क्षेत्र बढ्ने | १० | २ | २ | २ | २ | २ | निजी क्षेत्र |
| ४ | गाउँपालिका स्तरीय वृक्षरोपण कार्यक्रम | p1 | बन संरक्षण क्षेत्र बढ्ने | १० | २ | २ | २ | २ | २ | निजी क्षेत्र |
| ५ | जडिबुटी खेती विस्तार तथा नर्सरी स्थापना | p1 | उद्योग क्षेत्रको विकास हुने | २५ | ५ | ५ | ५ | ५ | ५ | निजी क्षेत्र |
| ६ | लोपोन्मुख वनस्पति तथा वन्यजन्तु संरक्षण कार्यक्रम | p2 | बन तथा बन्यजन्तुहरुको संरक्षण हुने | २५ | ५ | ५ | ५ | ५ | ५ | सा नि सा मार्फत स्थानीय तह र निजी क्षेत्र |
| ७ | पोखरी, ताल तलैया, झरना, खानेपानीका मुहान संरक्षण कार्यक्रम | p2 | जलाधार तथा सिमसार क्षेत्र बढ्ने | २५ | ५ | ५ | ५ | ५ | ५ | सा नि सा मार्फत स्थानीय तह र निजी क्षेत्र |
| ८ | पालिकाभित्र रहेका सार्वजनिक जग्गाहरुको संरक्षण गर्ने । | p2 | सार्वजनिक जग्गाहरुको संरक्षण हुने | २५ | ५ | ५ | ५ | ५ | ५ | नेपाल सरकार |
| | | | जम्मा | १४२ | ३० | २६ | ३० | २६ | ३० | |

### ७.१.८ नतीजा खाका

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्ट्याईको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | वन क्षेत्रबाट रोजगारी प्राप्त जनसङ्ख्या बढेको हुने। | प्रतिशत | - | १५ | २० | २५ | ३० | ३५ | -गा.पा. वन तथा वातावरण तथ्याँक | -रोजगारी सिर्जना हुने। |
| **असर** | धार्मिक, निजी, कवुलियती वनले ढाकेको क्षेत्रफल बढेको हुने। | हेक्टर (,०००) | १ | १.५ | २ | २.५ | ३ | ३.५ | -गा.पा. वन तथा वातावरण तथ्याँक | -हरित गा.पा. निर्माण हुने। |
| | सामुदायिक वनले ओगटेको क्षेत्रफल बढेको हुने। | हेक्टर (,०००) | २.८८ | ३ | ३.५ | ४ | ४.५ | ५ | -गा.पा. वन तथा वातावरण तथ्याँक | -हरित गा.पा. निर्माण हुने। |
| **प्रतिफल** | जैविक विविधता संरक्षणका लागि मिचाहा प्रजाति नियन्त्रण, वृक्षरोपण, रिचार्ज पोखरी, अग्नी रेखा, झाडी सफाइ कार्यहरुको प्रकार | सङ्ख्या | ४ | ६ | ७ | ८ | ९ | ११ | -गा.पा. वन तथा वातावरण तथ्याँक | -हरित गा.पा. निर्माण हुने। |
| | वन जङ्गलको कूल क्षेत्रफल (कूल भूमिको) | प्रतिशत | ५० | ५१ | ५२ | ५३ | ५४ | ५५ | -गा.पा. वन तथा वातावरण तथ्याँक | -हरित गा.पा. निर्माण हुने। |

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्ट्याईको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | जैविक विविधता संरक्षण सम्वन्धी जनचेतनामूलक अभिमुखी कार्यक्रमहरु संचालन | सङ्ख्या | - | २ | २ | ३ | ३ | ५ | -गा.पा. वन तथा वातावरण तथ्याँक | -जैविक विविधता संरक्षण हुने। |
| | वन्यजन्तुवाट अन्नवालीमा पुगेको वार्षिक क्षति | रु. लाख | ५ | ४ | ३ | २ | १ | ० | -गा.पा. वन तथा वातावरण तथ्याँक | -मानव वन्यजन्तु द्न्द्व बढ्ने। |
| | संरक्षित चरन क्षेत्र | सङ्ख्या | २० | २० | २५ | २५ | २५ | २५ | -गा.पा. वन तथा वातावरण तथ्याँक | -हरित गा.पा. निर्माण हुने। |
| | वृक्षारोपण गरिएको क्षेत्र | हेक्टर | १० | १५ | २० | ३० | ४० | ५० | -गा.पा. वन तथा वातावरण तथ्याँक | -हरित गा.पा. निर्माण हुने। |
| | जडीवुटीमा आधारित उद्योग र रोगजारी | सङ्ख्या | १० | २५ | ३० | ३५ | ४० | ५० | -गा.पा. वन तथा वातावरण तथ्याँक | -वन क्षेत्रबाट रोजगारी बढ्ने। |
| | गैरकाष्ठ वन पैदावारको व्यवसायिक खेती क्षेत्र | हेक्टर | ५ | १० | १५ | २० | २५ | ३० | -गा.पा. वन तथा वातावरण तथ्याँक | -वन क्षेत्रबाट रोजगारी बढ्ने। |

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्ट्याईंको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | वातावरणीय अध्ययन प्रतिवेदनका आधारमा निर्माणजन्य तथा नदीजन्य पदार्थको उत्खनन | घनमिटर (,०००) | - | ५ | ६ | ७ | ८ | ९ | -गा.पा. वन तथा वातावरण तथ्याँक | -वन क्षेत्रबाट स्थानीय आय बढ्ने। |
| | प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन गरी सञ्चालित उद्योग व्यवसाय | सङ्ख्या | - | १ | ३ | ४ | ४ | ५ | -गा.पा. वन तथा वातावरण तथ्याँक | -वन क्षेत्रबाट औद्योगिकीकरण बढ्ने। |

## ७.२ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

### ७.२.१ पृष्ठभूमि

नेपालको संविधानले प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, तयारी, उद्धार, राहत एवम् पुनर्स्थापना गर्ने नीति अवलम्बन गर्दै विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई स्थानीय तहको एकल अधिकार तथा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारका रूपमा राखेको छ । विपद् संवेदनशीलता हालको विकासको प्रमुख एजेण्डा हो। सिदिङ्वा गाउँपालिकाको कमजोर भौगर्भिक तथा भू-धरातलीय बनोट, मौसमी विषमता तथा जलवायु परिवर्तन, बहु-प्रकोप, अव्यवस्थित पूर्वाधार विकासका कारण विपद्को उच्च जोखिममा रहेको छ । प्राकृतिक तथा गैरप्राकृतिक विपद्का घटनाहरूका कारण गाउँपालिकाले हरेक बबर्ष ठूलो क्षति ब्यहोरिरहेको छ।

नेपालले विश्वको कुल हरितगृह ग्यासको करिब ०.०२७ प्रतिशत मात्र उत्सर्जन गरेतापनि जलवायुजन्य विपद्को प्रमुख जोखिम राष्ट्र बनेको छ। जलवायु परिवर्तनको कारण कृषि तथा खाद्यान्न, जलस्रोत, वन-जंगल तथा जैविक विविधता, मानव स्वास्थ्य, पर्यटन, ऊर्जा, सिँचाइ, बसोबास तथा पूर्वाधारमा प्रतिकूल प्रभाव पर्न थालेको छ । बाढी, पहिरो, डढेलोमा समेत तीव्रता आएको कारण ठूलो मात्रामा धनजनको क्षति हुनुको साथै जीविकोपार्जनमा समेत असर पारी बसाइँ-सराई गर्नुपर्ने बाध्यता सिर्जना भएको देखिन्छ । यस्तो अवस्थामा गाउँपालिकाले वन तथा वातावरण संरक्षण गरी राष्ट्रिय रुपमा कार्बन सञ्चितिमा योगदान पुर्याउन सक्छ भने जलवायु परिवर्तनका प्रभावसँग अनुकूलित हुने तथा प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्नेतर्फ नीति तथा कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्नु आवश्यक छ ।

### ७.२.२ अवसर र सम्भावना

संवैधानिक मार्गदर्शन, दिगो विकास लक्ष्य तथा तीन तहको एकीकृत प्रयासले ठूलो विपद्लाई समेत सामना गर्न सक्ने क्षमता विकास भएको छ। स्थानीय सरकारमा विपद् जोखिखम न्यूनीकरण तथा व्यवस्थापन समितिको ब्यवस्था ऐनमा रहेको छ। स्थानीय विपद् व्यवस्थापन कोषमा बजेटको ब्यवस्था छ भने प्र.जि.अ. को अध्यक्षतामा रहेको जिल्ला विपद् जोखिखम न्यूनीकरण तथा व्यवस्थापन समितिले स्थानीय सरकारलाई संघसँग जोडेको छ। जोखिम न्यूनीकरणमा निजी क्षेत्र तथा समुदायको जागरुकता र सचेतना अभिवृद्धि हुँदै गएको छ। गाउँपालिकामा रहेका गैरसरकारी संस्थासँग साझेदारी गर्नसक्ने अवसर छ।

जलवायु परिवर्तनको सवालमा नेपाल न्यून उत्सर्जक रहेको छ भने देशको करिब ४५ प्रतिशत भूभाग वन जङ्गलले ढाकेको छ। यस गाउँपालिकामा समेत वनक्षेत्र उल्लेख्य मात्रामा रहेकले कार्बन सञ्चितिमा योगदान गर्नसक्ने अवस्था छ। तीन तहका सरकार, निजी क्षेत्र, गैरसरकारी क्षेत्रसँग साझेदारी गर्नसक्ने अवसर समेत छ।

### ७.२.३ समस्या र चुनौती

गरिबी र माटोसँगको सामिप्यताले जोखिमपूर्ण स्थानमा बस्ती बसाल्ने कार्य भएको छ। विकास र विपद्बीच सामञ्जस्यता ल्याउन सकिएको छैन। विपद् न्यूनीकरण र रोकथाम सरकारको जिम्मेवारी हो भन्ने नागरिक सोचमा रुपान्तरण ल्याउन सकिएको छैन। विकास निर्माणमा विपद् व्यवस्थापनको मूलप्रवाहीकरण उपेक्षित

भएको छ। जोखिमको पहिचान तथा नक्साङ्कन हुन सकेको छैन। प्राकृतिक साधनको अत्यधिक दोहनले वातावरणमा परेको चाप कम गर्न सकिएको छैन। जोखिममा आधारित योजना तथा निर्णय प्रक्रिया अवलम्बन गराउन सकिएको छैन। विपद् व्यवस्थापन सूचना प्रणालीको विकास र सञ्चालनमा आम नागरिकको पहुँच न्यून छ। विपद् व्यवस्थापनलाई स्थानीय तहको अधिकारक्षेत्र र जिम्मेवारीमा आन्तरिकीकरण गर्न सकिएको छैन।

जलवायुपरिवर्तनका क्षेत्रमा जलवायु परिवर्तनको जोखिम व्यवस्थापनबाट अनुलन क्षमता बढाउन सकिएको छैन। प्रत्येक घरपरिवारले जलवायु उत्थानशीलता आत्मीकरण गरी दिगो र दरिलो समुदाय विकास गर्न सकिएको छैन। जलवायुजन्य कार्यक्रम छरिन गई अन्तर सरकार र अन्तरनिकाय समन्वय कायम गर्न सकिएको छैन। जलवायु प्रतिकार्यमा गाउँपालिकाको संस्थागत क्षमता कमजोर रहेको छ।

### ७.२.४ लक्ष्य

जलवायु परिवर्तन र विपद् जोखिम उत्थानशील गाउँपालिका बनाउने।

### ७.२.५ उद्देश्य

१. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि विपद् उत्थानमैत्री स्थनीय शासन पद्धतिको ब्यवस्था गर्नु ।
२. पूर्वाधार निर्माण प्रक्रियालाई विपद् जोखिम संवेदनशील बनाई सार्वजनिक, निजी तथा सामुदायिक लगानी वृद्धि गर्नु ।
३. जलवायु परिवर्तन न्यूनीकरणको लागि वातावरण मैत्री, स्वच्छ ऊर्जा र हरित विकास अवधारणा कार्यान्वयन गर्नु ।

### ७.२.६ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. विपद् उत्थानमैत्री स्थानीय शासन पद्धति सुदृढ बनाउने। | १. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धी कार्यको निर्णयमा सरोकारवालाको सहभागिता अभिवृद्धि गरिनेछ ।<br>२. संघ, प्रदेश र स्थानीय तहमा विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्दा अन्तरसरकार समन्वय र सहकार्यको कार्यसंस्कृति अवलम्बन गरिनेछ ।<br>३. गाउँ कार्यपालिका र गाउँसभाको निर्णय प्रकृयालाई सहभागितामूलक बनाईनेछ ।<br>४. विपद् जोखिम न्यूनीकरणको स्रोत विनियोजन, योजना र कानून निर्माणमा पिडीत, प्रभावित तथा संकटग्रस्ता नागरिकको सहभागिता अभिवृद्धि गरिनेछ । |
| २. विकास प्रक्रियाहरूमा जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्ने। | १. पूर्वाधार विकासको विपद् जोखिम मूल्याङ्कनको कार्य समावेश गरिनेछ ।<br>२. प्रारम्भिक वातावरणीय प्रभाव मूल्याँकनको लागि स्थानीय कानून जारी गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३. प्रारम्भिक वातावरणीय प्रभाव मूल्याँकनबिना सडकको ट्र्याक खोल्ने तथा वन विनाश गर्ने कार्यलाई निरुत्साहित गरिनेछ। |
| ३. विपद् जोखिम न्यूनीकरण र उत्थानशीलता अभिवृद्धिको लागि साझेदारी गर्ने । | १. विपद् जोखिम न्यूनीकरण र उत्थानशीलता अभिवृद्धिको लागि सार्वजनिक तथा निजी लगानी वृद्धि गरी सबै तहमा साझेदारीलाई प्रभावकारी बनाइनेछ ।<br>२. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा सार्वजनिक, निजी, गैरसरकारी, सहकारी संघसंस्थाहरू र समुदायबीच साझेदारी र सहकार्य प्रवर्द्धन गरिनेछ ।<br>३. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धी अध्ययन-अनुसन्धान र प्रविधि विकासका क्षेत्रमा सरकारी निकाय, शिक्षण संस्थान, अनुसन्धानकर्ता तथा निजी क्षेत्रको साझेदारी र सहकार्यलाई प्रवर्द्धन र सुदृढ गरिनेछ । |
| ४. विपद् प्रतिकार्य, पुनर्लाभ र पुर्स्थापना कार्यलाई सहभागितामूलक बनाउने । | १. पूर्वतयारी र प्रतिकार्यको लागि पूर्वसूचना प्रणालीको लागि जिल्ला विपद् व्यवस्थापन समितिसँग सहकार्य गरिनेछ ।<br>२. विपद् पश्चात्को क्षति न्यूनीकरण तथा पुनर्लाभको कार्यलाई पहुँच मा भन्दा आवश्यकता र मावीयतामा आधारित बनाउने गरी संस्थागत क्षमता बढाइनेछ।<br>३. खोज तथा उद्धारको लागि प्रविधि तथा उपकरण, बन्दोबस्तीका सामग्री र दक्ष जनशक्ति सहितको क्षमता अभिवृद्धि गरिनेछ । |
| १. जलवायु परिवर्तन न्यूनीकरणका लागि हरित विकासको अवधारणा अवलम्बन गर्ने र स्वच्छ ऊर्जा प्रवर्द्धन गर्ने । | १. हरित विकास अवधारणाको ढाँचा तयार गरी कार्यान्वयन गरिनेछ ।<br>२. ग्रामिण क्षेत्रमा बैकल्पिक ऊर्जाको प्रवर्द्धन गरिनेछ।<br>३. वायु उर्जाको सम्भाब्यता अध्ययन गरिनेछ।<br>४. स्थानीय अनुकुलन योजना लागू गर्न नेपाल सरकारसँग समन्वय गरिनेछ।<br>५. सोलार ऊर्जा प्रवर्द्धन गर्न बेकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँग समन्वय गरिनेछ |

## ७.२.७ विस्तृत कार्यक्रम

| क.सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | | लगानी तथा खर्च जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अपेक्षित उपलब्धी | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | गाउँपालिका विपद् जोखिम न्यूनीकरण कोष | p1 | विपद् घट्ने | ५० | १० | १० | १० | १० | १० | स्थानीय तह आफै |
| २ | जलवायु परिवर्तन अनुकुलन सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन | P1 | विपद् घट्ने | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ, स्थानीय तह आफै |
| ३ | विपद खोज, उद्धार तथा राहत सामग्री व्यवस्थापन | P1 | विपद् घट्ने | ५० | १० | १० | १० | १० | १० | प्रदेश, स्थानीय तह आफै |
| ४ | वन र वस्तीबीच अग्नीरेखा निर्माण | P1 | विपद् घट्ने | २० | ४ | ४ | ४ | ४ | ४ | स्थानीय तह आफै |
| ५ | विपद् प्रभावित पुनर्स्थापना केन्द्र निर्माण | P1 | विपद् घट्ने | १०० | २० | २० | २० | २० | २० | प्रदेश, स्थानीय तह आफै |
| ६ | बाढी पहिरो जोखिम क्षेत्रमा नियन्त्रणका लागि तारजाली, ग्याविन वाल, जैविक इन्जिनियरिङ कार्य गर्ने । | P1 | विपद् घट्ने | १०० | २० | २० | २० | २० | २० | प्रदेश, स्थानीय तह आफै |
| ७ | जोखिम संवेदनशिल भू उपयोग योजना र जोखिम क्षेत्र नक्शांकन | P1 | विपद् घट्ने | १०० | २० | २० | २० | २० | २० | प्रदेश, स्थानीय तह आफै |
| | **जम्मा** | | | ४४५ | ८९ | ८९ | ८९ | ८९ | ८९ | |

## ७.२.८ नतीजा खाका

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्ट्याईंको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | विपद्बाट गाउँपालिकामा हुने मृत्यु उल्लेखनीय रुपले घटाउने | प्रतिशत | १ | ० | ० | ० | ० | ० | -गा.पा. विपद् व्यवस्थापन तथ्याँक | -विपद्बाट हुने मृत्यु कम हुने। |
| असर | गाउँगाउँपालिकामा कुनै न कुनै विपद्बाट प्रभावित घरधुरी उल्लेखनीय रुपले घटेको हुने। | प्रतिशत | ९६ | ९२ | ९० | ८८ | ८५ | ८२ | -गा.पा. विपद् व्यवस्थापन तथ्याँक | -विपद्बाट हुने मृत्यु कम हुने। |
| प्रतिफल | विपदको समयमा आश्रय लिन सक्ने संरक्षित खुल्ला स्थान | सङ्ख्या | ३ | ४ | ४ | ५ | ५ | ६ | -गा.पा. विपद् व्यवस्थापन तथ्याँक | -विपद् पश्चातको पनर्स्थापना सहज हुने। |
| | आपतकालीन उद्धार गर्न तालिम प्राप्त स्वयम् सेवक | सङ्ख्या | ५ | १० | १५ | २० | २५ | ३० | -गा.पा. विपद् व्यवस्थापन तथ्याँक | -विपद् प्रतिकार्य सहज हुने। |
| | विपद व्यवस्थापन स्थानीय कोषमा भएको रकम | रु. लाखमा | ५ | १० | २० | ५० | ८० | १०० | -गा.पा. विपद् व्यवस्थापन तथ्याँक | -विपद् व्यवस्थापनमा स्रोतको व्यवस्था हुने। |
| | विपद् व्यवस्थापनमा क्रियाशील संघ/संस्था | सङ्ख्या | २ | ३ | ४ | ५ | ६ | ७ | -गा.पा. विपद् व्यवस्थापन तथ्याँक | -विपद् व्यवस्थापनमा संस्थागत क्षमता विकास हुने। |

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्टयाईको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विपद प्रतिकार्यको लागि आपतकालीन नमूना अभ्यास | सङ्ख्या | १ | ५ | १० | १५ | २० | २५ | -गा.पा. विपद् व्यवस्थापन तथ्याँक | -विपद् प्रतिकार्य सहज हुने। |
| | प्राकृतिक, गैरप्राकृतिक विपद व्यवस्थापन सम्वन्धी जनचेतनामूलक कार्यक्रमहरु संचालन | सङ्ख्या | - | २ | ५ | ८ | १२ | १५ | -गा.पा. विपद् व्यवस्थापन तथ्याँक | -विपद् प्रति सचेतना बढ्ने। |
| | विपद व्यवस्थापनका लागि परिचालन गरिने कर्मचारी तथा स्वयंसेवकहरुका लागि क्षमता विकास कार्यक्रम | सङ्ख्या | - | २ | ५ | ८ | १२ | १५ | -गा.पा. विपद् व्यवस्थापन तथ्याँक | -विपद् व्यवस्थापनमा संस्थागत क्षमता विकास हुने। |
| | आगो निभाउने उपकरण (इष्टिङगिसर) भएका घरधुरी | सङ्ख्या | - | १० | १५ | २० | २५ | ३० | -गा.पा. विपद् व्यवस्थापन तथ्याँक | -विपद् प्रति सचेतना बढ्ने। |
| | आपतकालीन उद्धारका लागि एम्वुलेन्स तथा वारुणयन्त्रको व्यवस्था | सङ्ख्या | १ | २ | ३ | ४ | ४ | ४ | -गा.पा. विपद् व्यवस्थापन तथ्याँक | -विपद् व्यवस्थापनमा स्रोतको व्यवस्था हुने। |
| | विपदका सम्भावित कारक र न्यूनीकरण का उपाय विषयमा भएका अध्ययन अनुसन्धान | सङ्ख्या | - | १ | २ | २ | २ | ३ | -गा.पा. विपद् व्यवस्थापन तथ्याँक | -विपद् प्रति सचेतना बढ्ने। |

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्ट्याईको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | जलवायु परिवर्तन न्यूनीकरणका उपाय हरु (वनफाडनी, डढेलो, वाढी पहिरो नियन्त्रण) सम्वन्धी सचेतना कार्यक्रम सञ्चालन | सङ्ख्या | - | १ | २ | ३ | ४ | ५ | -गा.पा. विपद् व्यवस्थापन तथ्याँक | -विपद् व्यवस्थापनमा क्षमता विकास हुने। |
| | जमिनमुनी पानी रिचार्ज हुने उपायहरु (आकाशेपानी संकलन, कुवा, पोखरी, इनार निर्माण) सम्वन्धी कार्यान्वयन भएका कार्यक्रमहरु | सङ्ख्या | - | १ | २ | ३ | ४ | ५ | -गा.पा. विपद् व्यवस्थापन तथ्याँक | -विपद् व्यवस्थापनमा क्षमता विकास हुने। |

## ७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ७.३.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ३० मा स्वच्छ वातावरणको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरिएको छ जसमा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुने, कसैले वातावरणीय प्रदूषण वा ह्रास गरेमा क्षतिपूर्ति तिर्नुपर्ने, वातावरण र विकासबीच समुचित सन्तुलन कायम गरिने उल्लेख छ।तामा राखेको छ । अधिकारसूचीको बाँडफाँट बमोजिम वातावरण संरक्षण तीनै तहका सरकारको कार्य जिम्मेवारीभित्र पर्दछ । त्यसैगरी फोहोरमैला व्यवस्थापन गर्ने जिम्मेवारी समेत तीनै तहका सरकारको रहेको छ। वातावरण संरक्षणलाई टेवा पुऱ्याउन ध्वनि, जल, जमिन र वायुसँग सम्बन्धित प्रदुषण रोकथाम र नियन्त्रणका लागि केही मापदण्ड निर्धारण भई कार्यान्वयनमा आएका छन् । वातावरण बिभागको अधिकार क्षेत्रमा पर्ने औद्योगिक प्रतिष्ठानमा नियमित र आकस्मिक अनुगमन गरी मापदण्ड पालना गराउने कार्य भएको छ । नेपाल सरकारको LAPA कार्यक्रम सञ्चालन भएको छ। वातावरणीय सरसफाई र फोहर-मैला व्यवस्थापन तथा प्रदुषण नियन्त्रण जनचेतना अभिवृद्धि गर्ने कार्य समेत भएको छ।

### ७.३.२ अवसर र सम्भावना

दिगो विकास लक्ष्यको प्रमुख एजेण्डा नै वातावरण रहेको छ। नेर्पालको संविधानले समेत स्वच्छ वातावरणको हकलाई मौलिक हकका रूपमा व्यवस्था गरेकोले यसको संरक्षणमा सहजता उत्पन्न भएको छ। स्वच्छ तथा स्वस्थ वातावरणका लागि जनचेतनामा शिक्षा तथा सञ्चार माध्यमले अत्यन्तै सकारात्मक भूमिका निर्वाह गरेका छन्। वातावरणीय सरसफाई र फोहरमैला व्यवस्थापन तथा प्रदुषण नियन्त्रणमा स्थानीय चासो बढ्दै गएको छ। जैविक विविधता र प्राकृतिक वातावरण नै मुलुकको पर्यटन विकासको मेरुदण्ड भएको महसुस गरी वातावरणीय स्वच्छताका लागि सबै पक्ष र सरोकारवालाहरूले ध्यान दिनु अवसरका रूपमा लिन सकिन्छ । वातावरण व्यवस्थापनमा सरकार, विश्वविद्यालय र गैरसरकारी संस्था लगायत सबै सरोकारवालाको सहयोग प्राप्त हुने अवसर रहेको छ ।

### ७.३.३ समस्या तथा चुनौती

शिक्षा र चेरतनाको विकास भएतापनि व्यवहारमा उतार्ने संस्कृतिको अभाव छ। जनसङ्ख्याको चाप, पूर्वाधार विकास र वातावरण बीचको असन्तुलन घटाउन सकिएको छैन। विकासमा आएको परिवर्तनसँगै वायु, ध्वनि, जल तथा जमिनमा प्रदुषणको मात्रा घटाउन सकिएको छैन। प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकलाई कार्यान्वयन गर्न ठूलो स्रोतको आवश्यकता छ जसलाई हाम्रो अवस्थाले धान्न सक्दैन। वातावरणीय स्वच्छता सम्बन्धी विषयमा सबै निकाय र तहको समन्वय कायम गर्ने विषय चुनौतीपूर्ण रहेको छ। प्लाष्टिक लगायत फोहरमैलाको प्रयोग बढ्न गई व्यवस्थापन जटिल बनेको छ। वृक्षरोपण गरिएका रुख जोगाउने संयन्त्रको अभाव छ। नागरिक कर्तब्य पालना गराउन र प्रदुषण गर्नेबाट दायित्व वहन गराउन निकै चुनौतीपूर्ण छ। ।

### ७.३.४ लक्ष्य

प्रदुषण नियन्त्रण, फोहर-मैला व्यवस्थापन र हरियाली प्रवर्द्धन गरी नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकारको सुनिश्चितता गर्ने ।

### ७.३.५ उद्देश्य

१. वातावरणीय स्वच्छता कायम गर्नु।

२. जल, वायु, माटो, ध्वनि तथा विद्युतीय लगायत सबै प्रकारका प्रदुषणको रोकथाम र नियन्त्रण गर्नु ।

३. फोहोरमैलाको व्यवस्थापनमा चक्रीय प्रणाली लागू गर्नु ।

### ७.३.६ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. वातावरण संरक्षणमा समुदायको संलग्नतामा वृद्धि गर्ने। | १. समुदायमा आधारित संरक्षण योजना तयार गरी लागू गरिनेछ।<br>२. सामुदायिक सचेतना तथा ब्यवहार सुधारका कार्यक्रम सञ्चालन गरिनेछ।<br>३. जल, जमिन, ध्वनि, दृश्य तथा वायु प्रदुषण रोकथामको लागि स्थानीय समुदायलाई जागरुक पारिनेछ।<br>४. किसानलाई रासायनिक मलको साटो जैविक मलमा प्रोत्साहन गरिनेछ।<br>५. गाउँपालिकामा मानव प्रेरित वन डढेलोलाई सामुदायिक सहभागितामार्फत नियन्त्रण गरिनेछ।<br>६. इन्धनको लागि दाउराको अति प्रयोगलाई स्थानीय बैकल्पिक ऊर्जाले बिस्थपित गरिनेछ।<br>७. प्रदुषणयुक्त धुँवा धुलो, पानीलाई व्यवस्थित गर्न वातावरणमैत्री प्रविधि कार्यान्वयनमा ल्याइनेछ ।<br>८. कृषिफार्म, उद्योग र अन्य व्यवसायहरूमा प्रयोग गरिने विषादीको नियमन र नियन्त्रण गरिनेछ । |
| २. पूर्वाधार विकास र वातावरणबीच सन्तुलन कायम गर्ने। | १. पूर्वाधार निर्माण गर्दा वातावरणीय संवेदनशीलता कायम गर्ने कार्यक्रम कार्यन्वयन गरिनेछ ।<br>२. हरित अर्थतन्त्रको विकासको अवधारणालाई वातावरण विकासका क्षेत्रगत कार्यक्रममा मूलप्रवाहीकरण गरिनेछ ।<br>३. स्थानीय प्रारम्भिक वातावरणीय परीक्षण मापदण्ड स्वीकृत गरी लागू गरिनेछ।<br>४. वातावरणीय प्रभावबाट उत्पन्न जोखिम न्यूनीकरणका लागि आयोजनाको निश्चित प्रतिशत रकम वातावरणीय अध्ययन प्रतिवेदनमा नै छुट्टयाइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ३. फोहोरमैला व्यवस्थापनका लागि निजी क्षेत्रको सहभागिता सहित नवीन प्रविधिको अवलम्बन गर्ने । | १. वातावरणमैत्री कार्ययोजना तयार गरी जैविक ऊर्जा, प्राङगारिक मल उत्पादन र फोहर-मैला व्यवस्थापनका लागि सार्वजनिक निजी साझेदारीमा प्लान्ट (भस्मिकरण समेत) स्थापना र सञ्चालन गरिनेछ ।<br>२. फोहर-मैला व्यवस्थापन प्रणालीलाई आधुनिक प्रविधिमा आधारित यन्त्रशालाहरू (प्राङगारिक मल लगायत अन्य वस्तुमा परिवर्तन) को प्रयोग गरी टोल वा अन्य सार्वजनिक स्थानमा फोहर-मैला फाल्न पूर्णरूपले प्रतिबन्ध लगाइनेछ ।<br>३. नदीकिनारा अतिक्रमणलाई रोकी सो ठाउँमा वृक्षरोपणलाई अभियानको रूपमा सञ्चालन गरिनेछ ।<br>४. नदीको स्वच्छत्ता कायम राख्न प्रदूषित पानी, ढल र फोहोरमैलालाई नदीमा मिसाउने कार्य नियन्त्रण गरिनेछ। |

### ७.३.७ विस्तृत कार्यक्रम

| क.सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | | लगानी तथा खर्च जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अपेक्षित उपलब्धी | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | डम्पिङ्ग साइट निर्माण | p2 | वातावरणीय स्वच्छता कायम हुने | २०० | | | ५० | ५० | १०० | नेपाल सरकार |
| २ | जैविक अजैविक फोहोर व्यवस्थापन | p1 | वातावरणीय स्वच्छता कायम हुने | ५० | १० | १० | १० | १० | १० | निजी क्षेत्र |
| ३ | गाउँपालिकालाई वातावरणमैन्त्री पालिका घोषणा गर्ने | p1 | वातावरणीय स्वच्छता कायम हुने | ५० | १० | १० | १० | १० | १० | पालिका, निजी क्षेत्र |
| ४ | फोहोरमैलाबाट रासायनिक मल निर्माण उद्योग | p2 | वातावरणीय स्वच्छता कायम हुने | १०० | २० | २० | २० | २० | २० | पालिका, निजी क्षेत्र |
| ५ | फोहोरमैला पुनर्प्रयोग तथा पुनर्प्रशोधन तालिम | p1 | वातावरणीय स्वच्छता कायम हुने | २० | | १० | १० | | | पालिका, निजी क्षेत्र |
| | **जम्मा** | | | ४२० | ४० | ५० | १०० | ९० | १४० | |

### ७.३.८ नतीजा खाका

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्ट्याईको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | स्वच्छता र सरसफाई सेवा उपलब्ध घरधुरी (निजी क्षेत्र तथा गाउँपालिकावाट सेवा सञ्चालन) बढेको हुने। | प्रतिशत | ७९ | ८० | ८२ | ८५ | ८८ | ९० | -गा.पा. वातावरण तथ्याँक | -वातावरणीय स्वच्छता र सरसफाई कायम हुने। |
| **असर** | श्रोतमै फोहोर न्यूनीकरण, वर्गीकरण (जैविक र अजैविक) गरी व्यवस्थापन गर्ने घरधुरी बढेको हुने। | प्रतिशत | - | २० | २५ | ३० | ३५ | ४० | -गा.पा. वातावरण तथ्याँक | -वातावरणीय स्वच्छता र सरसफाई कायम हुने। |

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्ट्याईंको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल | गाउँपालिकाले प्रयोगमा ल्याएको फोहोरमैला व्यवस्थापन प्रणालीहरु (जलाउने, गाड्ने, खोल्सामा फाल्ने, ल्याण्डफिल साइटमा विसर्जन) | सङ्ख्या | - | १ | १ | २ | २ | २ | -गा.पा. वातावरण तथ्यांक | -वातावरणीय स्वच्छता र सरसफाई कायम हुने। |
| | निष्काशित फोहोरमैलाको औषतमा वार्षिक परिमाण | मे. टन | - | ३ | ४ | ५ | ६ | ७ | -गा.पा. वातावरण तथ्यांक | -वातावरणीय स्वच्छता र सरसफाई कायम हुने। |
| | फोहोर संकलन एवम् पृथकीकरणका लागि फरकफरक रङ्गका डष्टविनहरु राखिएका सार्वजनिक स्थलहरु | सङ्ख्या | ३ | ४ | ५ | ६ | ७ | ८ | -गा.पा. वातावरण तथ्यांक | -वातावरणीय स्वच्छता र सरसफाई कायम हुने। |
| | फोहोरमैला न्यूनीकरण तथा व्यवस्थापन सम्वन्धी चेतनामूलक कार्यक्रम संचालन | सङ्ख्या | - | १ | २ | ३ | ४ | ५ | -गा.पा. वातावरण तथ्यांक | -वातावरणीय स्वच्छता र सरसफाई कायम हुने। |
| | कम्पोष्ट - विन तथा गार्वेज - पिट प्रयोग गर्ने परिवार | प्रतिशत | - | ३ | ५ | ८ | १० | १५ | -गा.पा. वातावरण तथ्यांक | -वातावरणीय स्वच्छता र सरसफाई कायम हुने। |
| | फोहोरलाई व्यवस्थित ढंगवाट विसर्जन हुने स्थानहरु (ल्याण्डफिल साइट) | सङ्ख्या | - | १ | १ | १ | १ | १ | -गा.पा. वातावरण तथ्यांक | -वातावरणीय स्वच्छता र सरसफाई कायम हुने। |
| | ढल निकास व्यवस्था भएको वजार क्षेत्र | सङ्ख्या | १ | २ | ३ | ३ | ४ | ४ | -गा.पा. वातावरण तथ्यांक | -वातावरणीय स्वच्छता र सरसफाई कायम हुने। |

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्ट्याईको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ढल निकास प्रणालीवाट लाभान्वित हुन नसकेका घरधुरीहरु | प्रतिशत | ९० | ८५ | ८० | ७५ | ७० | ६५ | -गा.पा. वातावरण तथ्यांक | -वातावरणीय स्वच्छता र सरसफाई कायम हुने। |
| | परम्परागत उर्जा (दाउरा) प्रयोग गर्ने घरधुरी | प्रतिशत | ९५ | ९० | ८० | ७० | ६० | ५० | -गा.पा. वातावरण तथ्यांक | - परम्परागत उर्जाको अति दोहन हुने। |
| | घरभित्रको धुवाँवाट मुक्त घरधुरी (सुधारिएको चुल्हो समेत) | प्रतिशत | ५० | ५५ | ६० | ६५ | ७० | ८० | -गा.पा. वातावरण तथ्यांक | - परम्परागत उर्जाको स्वच्छ प्रयोग हुने। |
| | मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र | सङ्ख्या | १ | २ | ३ | ४ | ५ | ६ | -गा.पा. वातावरण तथ्यांक | -वातावरणीय स्वच्छता र सरसफाई कायम हुने। |

## ७.४ भू संरक्षण तथा जलाधार व्यवस्थापन

### ७.४.१ पृष्ठभूमि

भू तथा जलाधार संरक्षण ऐन, २०३९ ले बाढी, पहिरो, भू-क्षय जस्ता प्राकृतिक प्रकोपको नियन्त्रण गरी भू-तथा जलाधार संरक्षण गर्ने लक्ष्य राखेको छ। नेपालको संविधानले समेत भू संरक्षण तथा जलाधार व्यवस्थापनको लागि मार्गदर्शन गरेको छ। त्यसैगरी दिगो विकास लक्ष्य नम्बर १४ ले जल पारिस्थिक पद्धति र १५ ले स्थल पारिस्थितिक पद्धतिको संरक्षण गर्ने लक्ष्य राखेको छ। जल, जङ्गल र जमिन नेपालका अति महत्वपूर्ण जलाधारीय प्राकृतिक स्रोतहरुको रुपमा लिईन्छ भने गाउँपालिकाको प्रमुख स्रोत समेत यीनै हुन्। जलचक्र, जैविक विविधता तथा समग्र पारिस्थितिकीय प्रणालीको सन्तुलन तथा प्राकृतिक प्रक्रियाहरुको सन्तुलनका लागि बृहत् जलाधार क्षेत्रहरुको समुचित व्यवस्थापन अपरिहार्य हुन्छ। गाउँपालिकाको भौगोलिक बनावट, मानवीय गतिविधि तथा जलवायु परिवर्तनको असरले गर्दा भू तथा जलाधार स्रोतहरुको क्षयीकरण र विनास, अतिवृष्टि, अनावृष्टि लगायतका जलवायुजन्य प्रकोपहरु बढ्दो क्रममा रहेका छन्।

### ७.४.२ अवसर र सम्भावना

बृहत् जलाधार क्षेत्रहरुको समग्र संरक्षणबाट नेपालको संविधानले ब्यवस्था गरेको स्वच्छ वातावरणको हकको प्रचलन गर्नमा मदत मिलेको छ। भू तथा जलाधार क्षेत्रको व्यवस्थापन गर्दा कृषि तथा खाद्य उत्पादन र उत्पादकत्व वृद्धि गर्नमा समेत मदत मिल्ने देखिन्छ। यसले विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तनको संवेदनशीलतालाई सम्बोधन गर्न सकिन्छ। त्यसैगरी यसले दिगो विकासको लक्ष्य हासिलमा योगदान गर्न सक्छ। सिदिङ्वा गाउँपालिकामा रहेका जलाधार क्षेत्रको संरक्षणले पर्यटन प्रवर्द्धन, जैविक विविधताको संरक्षण, सिमसार क्षेत्रको जगेर्ना गर्ने अवसर छ। यसले बाढी, पहिरो, कटान नियन्त्रण, खेतियोग्य जग्गाको संरक्षणमा समेत योगदान दिनेछ।

### ७.४.३ चुनौती

मानवीय गतिविधि, जलवायुजन्य प्रकोप, दिगो रुपमा नचालिएका विकास अभ्यासले गर्दा भू तथा जलाधार संरक्षण चुनतीपूर्ण बनेको छ। जलवायु परिवर्तनको कारणबाट जलाधारीय स्रोतहरु र समग्र पारिस्थितिकीय सेवाको उपलब्धतामा आएको अनिश्चितता, बाढी, खडेरी, भू-क्षय, पहिरो र त्यसबाट उत्पन्न जोखिम व्यवस्थापनका साथै जलवायु अनुकूलन संरचनाहरुको निर्माणमा बाधा रहँदै आएको छ । तीन तहका क्षेत्रगत तथा उपक्षेत्रगत नीति, ऐन, नियमावली र रणनीतिहरुमा सामञ्जस्यता कायम गर्न सकिएको छैन। मानवीय चेतना बढेको भएतापनि नैतिकताको स्तर न्यून रहँदा भू तथा जलाधार क्षेत्रमा चाप तथा संरक्षण कठीन भएको छ।

### ७.४.४ लक्ष्य

एकीकृत जलाधार व्यवस्थापनको माध्यमद्वारा पारिस्थितिकीय प्रणालीको सन्तुलन तथा जैविक विविधताको संरक्षण गर्ने।

### ७.४.५ उद्धेश्य

१. भू तथा जलाधार क्षेत्रको स्वच्छता कायम राख्दै पर्यावरणीय सन्तुलन कायम राख्नु।

२. जलाधार क्षेत्रहरुको समग्र व्यवस्थापन तथा संरक्षण गर्नु।

### ७.४.६ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. जलाधार क्षेत्रको संरक्षण मार्फत पर्यटनको विकास र विविधीकरण गर्ने । | १. जलाधार क्षेत्रको मूहान संरक्षणको कार्यक्रम कार्यान्वयन गरिनेछ ।<br>२. घरबाट निस्किने फोहोरमैला नदी तथा पानीको स्रोतमा मिसाउने कार्यलाई निरुत्साहित गरिनेछ।<br>३. नदी तथा खोलाको अति दोहन गरी ढुङ्गा, गिट्टी, बालुवा निष्कासनलाई रोक लगाइनेछ। |
| २. भू तथा जलाधार व्यवस्थापनका कार्यहरुमा समुदायको सहभागितालाई प्राथमिकता दिने। | १. महिला, दलित, आदिवासी तथा स्थानीय समुदाय सम्मिलित वन उपभोक्ता समूहद्वारा सहकारी निर्माण र समुदाय, सरकारी र निजी क्षेत्रको साझेदारीमा पुँजी वृद्धि गरी जलाधार क्षेत्रमा बहुउद्देश्यीय कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. जलस्रोतको बहुउद्देश्यीय उपयोगमा वृद्धि गरिनेछ।<br>३. किसानलाई भिरालो जमिनको साटो गह्रा खेतिमा प्रोत्साहन गरिनेछ<br>४. गाउँपालिकाका बिभिन्न स्थानमा बहुउद्देश्यीय पोखरी निर्माण गरिनेछ। |
| ३. भु तथा जलाधार क्षेत्रलाई मानवीय अतिक्रमणबाट मुक्त राख्ने। | १. भू-कम्पबाट प्रभावित क्षेत्रका बस्ती नजिकको पहिरो तथा क्षतिग्रस्त भूमिको पुनरुत्थानको लागि कम खर्चिलो प्रविधि र कृषि वन प्रणालीको विकास गरी प्रविधि हस्तान्तरण गरिनेछ ।<br>२. निर्दिष्ट क्षेत्रबाट मात्र ढुङ्गा, गिटी, बालुवाको आँकलन गरी त्यस्ता वस्तुको उत्खनन्, सङ्कलन, प्रशोधन, ओसार-पसार र बिक्री-वितरण व्यवस्थित एवम् प्रभावकारी बनाइनेछ ।<br>३. जलाधार संरक्षण र सम्वर्द्धन गर्न सार्वजनिक र निजी जग्गामा जल पुनर्भरणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४. नदी उकास जग्गालाई अतिक्रमण हुनबाट जोगाइनेछ।<br>५. नदी अतिक्रमण गरी बसेका आसपासका बस्तीलाई स्थानान्तरण गरिनेछ । |

### ७.४.७ विस्तृत कार्यक्रम

| क.सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अपेक्षित उपलब्धी | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | लगानी तथा खर्च जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | सिवा खोला, ढडढङ्गे खोला, फावाखोला, सुवाखोला, चावा खोला, काली खोला, छांगे खोला, जलाधार संरक्षण | P2 | जलाधार तथा सिमसार क्षेत्र बढ्ने | ५० | १० | १० | १० | १० | १० | स्थानीय तह आफै |
| २ | काली खोला, छांगे खोला, जलाधार संरक्षण | p2 | जलाधार तथा सिमसार क्षेत्र बढ्ने | ४० | ८ | ८ | ८ | ८ | ८ | स्थानीय तह आफै |
| ३ | इन्द्रावती खोला कावेली खोला जलाधार संरक्षण | p1 | जलाधार तथा सिमसार क्षेत्र बढ्ने | ३० | ६ | ६ | ६ | ६ | ६ | स्थानीय तह आफै |
| ४ | भूक्षय नियन्त्रण ( सम्भावित जोखिमयुक्त क्षेत्रमा ) | p1 | विपद् घट्ने | १०० | २० | २० | २० | २० | २० | स्थानीय तह आफै |
| | **जम्मा** | | | २२० | ४४ | ४४ | ४४ | ४४ | ४४ | |

### ७.४.८ नतीजा खाका

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्ट्याईको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | भू संरक्षण तथा जलाधारजन्य वा कुनै न कुनै विपद्‌बाट प्रभावित घरधुरी उल्लेखनीय रुपले घटेको हुने। | सङ्ख्या | ९६ | ९२ | ९० | ८८ | ८५ | ८२ | -गा.पा. भू तथा जलाधार तथ्याँक | -विपद्‌का घटना कम हुने। |
| असर | संरक्षित जलाधार क्षेत्रहरु | सङ्ख्या | २ | ३ | ४ | ५ | ६ | ७ | -गा.पा. भू तथा जलाधार तथ्याँक | -जलाधार क्षेत्रको संरक्षण हुने। |
| | जलउत्पन्न प्रकोप, नदी कटानवाट प्रभावित भएका वस्तीहरु | सङ्ख्या | - | १ | ० | ० | ० | ० | -गा.पा. भू तथा जलाधार तथ्याँक | -जलाधार क्षेत्रको संरक्षण हुने। |
| | संरक्षित पानी मुहान क्षेत्र | सङ्ख्या | ४३ | ४५ | ५० | ५५ | ६० | ६५ | | |
| प्रतिफल | भूक्षय नियन्त्रणका लागि प्रयोगमा ल्याइएको वायोइञ्जिनियरिङ (घाँसपात, भार तथा वनस्पति रोपण) गरिएका क्षेत्रहरु | सङ्ख्या | - | १ | २ | ३ | ४ | ५ | -गा.पा. भू तथा जलाधार तथ्याँक | -भू क्षय नियन्त्रण हुने। |
| | संरक्षित गल्छी तथा पहिरोहरु | सङ्ख्या | - | १ | २ | ३ | ४ | ५ | -गा.पा. भू तथा जलाधार तथ्याँक | -भू क्षय नियन्त्रण हुने। |
| | पहिरो नियन्त्रणका लागि निर्मित रिटेनिङ वालहरु | सङ्ख्या | १८ | २५ | ३० | ३२ | ३५ | ३९ | -गा.पा. भू तथा जलाधार तथ्याँक | -भू क्षय नियन्त्रण हुने। |

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्ट्याईंको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | भूक्षय नियन्त्रणका लागि वृक्षारोपण गरिएका उजाड डाँडा पाखाहरु | सङ्ख्या | २ | ५ | १० | १५ | २० | २५ | -गा.पा. भू तथा जलाधार तथ्यांँक | -भू क्षय नियन्त्रण हुने। |
| | जलउत्पन्न प्रकोप, नदी कटानवाट प्रभावित भएका वस्तीहरु | सङ्ख्या | १५ | ५ | २ | ० | ० | ० | -गा.पा. भू तथा जलाधार तथ्यांँक | -भू क्षय नियन्त्रण हुने। |
| | संरक्षित तालतलैया, पोखरी र सिमसार क्षेत्र | सङ्ख्या | ५ | ६ | ७ | ८ | ९ | १० | -गा.पा. भू तथा जलाधार तथ्यांँक | -जलाधार क्षेत्रको संरक्षण हुने। |
| | खोला नदीमा निर्माण गरिएको तटवन्ध को कूल लम्बाई | सङ्ख्या/ किमि (,०००) | १.५ | १.६ | २.० | २.१ | २.२ | २.३ | -गा.पा. भू तथा जलाधार तथ्यांँक | -भू क्षय नियन्त्रण हुने। |
| | खोला तथा नदीको दुवै किनारामा गरिएको वृक्षारोपणले ओगटेको भूमि | हेक्टर | ५ | ६ | ८ | १० | १२ | १४ | -गा.पा. भू तथा जलाधार तथ्यांँक | -भू क्षय नियन्त्रण हुने। |
| | सडक किनारामा गरिएको वृक्षारोपणले ओगटेको भूमि | किमि | - | २ | ३ | ४ | ५ | ६ | -गा.पा. भू तथा जलाधार तथ्यांँक | -भू क्षय नियन्त्रण हुने। |
| | जलउत्पन्न प्रकोप, नदी कटानवाट प्रभावित भएका वस्तीहरु | सङ्ख्या | ३ | १ | ० | ० | ० | | -गा.पा. भू तथा जलाधार तथ्यांँक | -भू क्षय नियन्त्रण हुने। |

# परिच्छेद ८
# संस्थागत विकास र सुशासन

## ८.१ योजना तथा आयोजना व्यवस्थापन

### ८.१.१ विद्यमान अवस्था र अवसर

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम गाउँपालिका आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्ने ब्वस्था छ। यसरी योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्दछ। गाउँपालिकाले योजना तथा आयोजना तर्जुमा गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाहरूको सहभागिता जुट्ने, स्वयम्सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने, महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने, दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्‌याउने, भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा, एकता अभिवृद्धिमा सघाउ पु-याउने विषयलाई प्राथमिकता दिन आवश्यक छ।

स्थानीय तहका योजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा गाउँपालिकालाई पूर्ण अधिकार हुनु, प्रदेश लोक सेवा आयोगबाट कर्मचारी पदपूर्तिको प्रकया अगाडि बढ्नु, निर्वाचित पदाधिकारीहरूले नेतृत्वदायी भूमिका खेल्नु, योजनाबद्ध विकासप्रति जनप्रतिनिधिहरूमा सचेतना बढ्नु, गाउँपालिकाको दरबन्दी र संगठन संरचना स्वीकृत गर्ने कार्य अगाडि बढनु, विकास योजनामा जनसहभागिता प्राप्त हुनु, उपभोक्ता समितिहरू क्रियाशील हुनु, विकास योजना सम्बन्धमा सामाजिक सचेतना बढ्दै जानु आदि यस क्षेत्रका प्रमुख अवसरहरू हुन् ।

### ८.१.२ चुनौति

योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धिजीवि, विषय विज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक लगायतका सरोकारवालाहरूको अधिकतम सहभागिता कायम गर्नुपर्ने अवस्था छ जसकोलागि निर्णय प्रकृया छिटो, छरितो बनाउने चुनौति छ। गाउँपालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गर्नु पर्ने चुनौति छ। नेपाल सरकार तथा प्रदेश सरकारले समपुरक, विशेष र सशर्त अनुदान प्रदान गरेको प्रक्रिया बमोजिम कार्यक्रम कार्यान्वयन गर्नु पर्ने चुनौति छ। संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा योजना सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक छ तर लगानी जुटाउनु चुनौतिपूर्ण छ। त्यसैगरी सहभागितामूलक योजना प्रणाली पूर्णरूपमा स्थापित भइनसक्नु, योजना प्राथमिकीकरणको आधारमा तर्जुमा हुन नसक्नु, विस्तृत आयोजना प्रतिवेदनबिना आयोजनाको छनौट हुनु, टुक्रे र वितरणकारी आयोजनाको बाहुल्यता हुनु, योजना छनौटका

आधार प्रष्ट नहुनु, दक्ष जनशक्तिको अभाव हुनु, मर्मत सम्भारको कमी, अनुगमन वस्तुनिष्ठ र कार्योजनामा आधारित नहुनुजस्ता समस्या र चुनौति छन्।

## ८.२ ऐन, नियम, कार्यविधि, मापदण्ड कानून निर्माण

### ८.२.१ विद्यमान अवस्था र सम्भावना

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन सक्ने ब्यवस्था छ। यसरी स्थानीय तहले बनाएको कानून स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्ने ब्ववस्था छ। यसरी कानून बनाउँदा प्रदेश सरकार र नेपाल सरकारमा पठाउनु पर्ने र संघ र प्रदेशसँग बाझिन नहुने बाध्यता छ। गाउँपालिकाले आ.व. २०७९/०८० को अन्त्यसम्म ४ वटा ऐन, २ वटा नियमावली, ८ वटा कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। पालिकाले अन्य थुप्रै ऐन तथा नियमावलीहरु तर्जुमा तथा तयारी गर्न आवश्यक छ जस्तैः सडक गुरुयोजना, पर्यटन प्रबर्द्धन सम्बन्धी गुरूयोजना, विपद जोखिम न्यूनीकरण सम्बन्धी योजना आदि। गाउँपालिकाले संगठन तथा ब्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचना, जनशक्ति र कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याएको छ। गाउँपालिकाले गत आ.व. को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (*LISA)* मा ५४.२५% अङ्क प्राप्त गरेको छ। कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, बैंकिङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोग भएको छ।

### ८.२.२ चुनौति

आजको शासनमा आम जनताको अपनत्व कायम गराउन नसकी शासन जनताभन्दा पर गएको सबै पक्षबाट महशुस गरिएको छ। ऐन, नियम, कार्यविधि, मापदण्ड कानून निर्माणमा सह व्यवस्थापन र सह निर्माणको अवधारण लागू गरी सरोकारवाला जनताको सहभागिता निर्माण गर्ने विषय ओझेलमा परेको छ। खासगरी नीति नियम, योजना तथा बजेट तर्जुमा, वित्तीय व्यवस्थापन र निर्णय प्रक्रियामा समावेशिता, सहभागिता र पारदर्शिता कायम गर्न सकिएको छैन। न्यायिक समिति तथा उपमितिहरूको नियमित बैठक नभएको देखिन्छ। क्षतिपूर्तिसहितको नागरिक वडापत्र ब्यवहारमा लागू भएको छैन। सामुदायिक मेलमिलाप केन्द्र स्थापना भएको छैन। नागरिक सहायता कक्ष व्यवस्थित छैन। स्थानीय संस्थाहरूको प्रोफाइल छैन भने प्रभावकारी रुपमा एप्स् सञ्चालन भएको छैन। बालमैत्री तथा वातावरणमैत्री नीति नभएको र अपाङ्गता भएका व्यक्तिलाई सीपका आधारमा रोजगारी दिन सकिएको छैन। गरिब पहिचान, अभिलेखीकरण र परिचयपत्रको कार्य वस्तुनिष्ठ छैन भने वास्तविक संरक्षण गर्नुपर्ने वर्ग पहिचान भएको छैन।

## ८.३ सेवा प्रवाह र सुशासन

### ८.३.१ विद्यमान अवस्था र अवसर

सुशासनका आधारभूत तत्त्वका रूपमा पारदर्शिता, सार्वजनिक उत्तरदायित्व, प्रभावकारिता, कानुनको शासन तथा भ्रष्टाचार नियन्त्रणलाई लिइन्छ । लोकतन्त्रको मुख्य उद्देश्य मुलुकमा सुशासन प्रबद्र्धन गरी शासनसत्ता र संयन्त्रलाई नागरिकको हितमा केन्द्रित गर्नु हो । सुशासन शासन व्यवस्था तथा सरकारको चाहना, लक्ष्यको रूपमा स्थापित भइसकेको सन्दर्भमा समग्र सुशासन स्थापनामा स्थानीय सरकारको भूमिका अपरिहार्य र महत्त्वपूर्ण रहन्छ । संविधानले स्थानीय प्रकृतिका सेवासुविधा प्रवाह गर्ने जिम्मेवारी र स्थानीय स्तरमा हुने विकास निर्माणका

कार्यसमेत स्थानीय सरकारलाई प्रदान गरेबाट नागरिक कर्तव्य पालनामा स्थानीय तहको निर्णायक भूमिका रहन्छ । स्थानीय सरकारले संविधानतः प्राप्त अधिकार बमोजिम कार्यसम्पादन गर्दा सुशासनका मन्यता आत्मसात गर्नुपर्छ । आफ्नो निर्णयमा खुलापन र पारदर्शिता, सार्वजनिक उत्तरदायित्व निर्वाह, कार्यसम्पादनमा प्रभावकारिता, कानुनको शासनको प्रभावकारी अभ्यास, भ्रष्टाचार नियन्त्रणको पर्याप्त र प्रभावकारी उपायका अवलम्बन, सरोकारवालाको सहभागिता, निर्णयमा पहुँच तथा शासन र लाभमा सबैको समावेशी सहभागिता जस्ता मानकले नै स्थानीय सरकारको सुशासनको अवस्थालाई प्रतिविम्बित गर्छ ।

### ८.३.२ चुनौति

लामो समयदेखि द्वन्द्व, जनप्रतिनिधिविहीनता र विभिन्न आन्दोलनका कारण स्थानीय निकायबाट प्रवाह हुने सेवा कमजोर थियो । यी निकायबाट सम्पादन हुने कार्यमा पारदर्शिताको अभाव, जनसहभागिता र जवाफदेहिताको कमजोर अवस्था, उत्तरदायी नेतृत्वको अभाव, कानुनको पूर्ण पालना अभावजस्ता कमजोरीका कारण स्थानीय निकायमा सुशासन कमजोर देखियो । यसै कारण विकास कार्यले समेत गति लिन सकेन । स्थानीय तहको निर्वाचनको क्रममा राजनीतिक दलहरूले जारी गरेका प्रतिबद्धतामा स्वच्छ, निष्पक्ष तथा भ्रष्टाचाररहित शासन व्यवस्थाको साथै आवश्यक आर्थिक, सामाजिक पूर्वाधारहरूको विकासका साथै सरल, व्यवस्थित र नियमतित सेवा प्रवाहमा जस्ता विषय उल्लेख गरिएको छ । जुन स्थानीय सरकारको कार्यक्षेत्रभित्र पर्छन् । कतिपयले मदिरा तथा दुब्र्यसन नियन्त्रण, ज्येष्ठ नागरिकको सुविधा, समावेशी विकास, रोजगारको सिर्जना, नदी तथा वातावरणीय स्वच्छतादेखि सहकारी तथा वित्तीय पूर्वाधारको पहुँच वृद्धि, पूर्ण साक्षरता, विद्युतीय शासनसम्मका प्रतिबद्धता व्यक्त भएका छन् ।

निर्वाचित प्रतिनिधिले लोकतन्त्रलाई जरैबाट मजबुत बनाई आम नागरिकको राजनीतिज्ञप्रति भरोसा बढाउन भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्नु आवश्यक छ । यसका लागि स्थानीय तहमा नियन्त्रण र सन्तुलन प्रणाली मजबुत बनाउने, भ्रष्टाचारजन्य कसुरलाई कडा कारबाहीको प्रक्रियामा लाने, आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा दिगोपनामा स्थानीय सहभागिता सुनिश्चित गर्ने, आय/व्ययको जानकारी सार्वजनिक गरी सरोकारवालासम्म पुऱ्याउने, लेखा समितिलाई प्रभावकारी बनाउने जस्ता कार्यहरू अवलम्बन गर्नुपर्ने देखिन्छ ।

स्थानीय तहले गर्ने काम, प्रदान गरिने सेवा र विकास कार्यहरूमा पारदर्शिता अभिवृद्धि गर्न सामाजिक परीक्षण, सार्वजनिक लेखापरीक्षण, गुणस्तर परीक्षण, व्यवस्थापन परीक्षण, सार्वजनिक सुनुवाइजस्ता उपक्रमहरू प्रयोग गर्नु उपयुक्त हुन्छ । यसले कार्यसम्पादनमा पारदर्शिता र उत्तरदायी कार्यप्रणालीलाई प्रोत्साहित गर्छ । जुन सुशासनको महत्त्वपूर्ण आधार हो । खासगरी स्थानीय योजना र कार्यक्रम सम्पन्न भएपछि सेवाग्राही, स्थानीय बासिन्दा र नागरिक समाजका प्रतिनिधिमूलक संस्थाहरू समेतलाई सहभागी गराई सम्पादित कामको सार्वजनिक लेखापरीक्षण गराउनुपर्छ । जसमा मुख्यतः लक्ष्यअनुसार काम भए—नभएको, लक्षित वर्गले लाभ प्राप्त गरे—नगरेको, जनताको जीवनमा सकारात्मक प्रभाव परे—नपरेको, वातावरणमा प्रतिकूल प्रभाव परे—नपरेको, सिमान्तीकृत समुदायलाई योजना र कार्यक्रम कार्यान्वयनमा सहभागी बनाइए—नबनाइएको आदि विषयको लेखाजोखा गर्नुपर्ने हुन्छ । प्रत्येक स्थानीय तहले सार्वजनिक सुनुवाइ गरी कामकारबाहीमा स्वच्छता, पारदर्शिता र वस्तुनिष्ठता सुनिश्चित गर्न सक्छन् ।

## ८.४ स्रोत परिचालन र व्यवस्थापन

### ८.४.१ विद्यमान अवस्था र अवसर

गाउँपालिकाको समग्र स्रोत परिचालन, व्यवस्थापन एवम् काम कारवाहीमा कार्यकुशलता र प्रभावकारीता अभिवृद्धि गर्ने प्रयोजनका लागि संघीय र प्रादेशिक सरकारबाट गाउँपालिकालाई प्राप्त हुने सबै प्रकारका अनुदान, आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम लगायत गारउँपालिकाको सञ्चित कोषमा प्राप्त हुने सबै प्रकारका स्रोत तथा स्थानीय स्रोत साधनलाई एकीकृत र समन्वित गरी गाउँपालिकाको भौतिक पूर्वाधार निर्माण, समृद्धि र समुन्नतिको क्षेत्रमा प्रयोग गर्न जरुरी छ। त्यसैगरी गरिब, महिला, बालबालिका तथा सामाजिक, आर्थिक दृष्टिकोणबाट पिछडिएका वर्ग र समुदाय एवम् क्षेत्रको समेत पहुँच र स्वामित्व रहने गरी सन्तुलित तवरबाट स्थानीय सेवा प्रवाह एवम् विकास निर्माण कार्य र शासन प्रक्रिया अगाडि बढाउन जरुरी छ। त्यसैगरी शासन तथा सेवा प्रवाहलाई जनमुखी, जवाफदेही, मितव्ययी, पारदर्शी, उत्तरदायी, समावेशी, समतामूलक, सहभागितामूलक, दीगो र गुणस्तरयुक्त गराउँदै स्थानीयस्तरबाट नै गरिबी न्यूनीकरण र दीगो विकासको अवधारणालाई संस्थागत गर्ने कार्यमा सहयोग पुर्याउने सम्भावना पनि छ।

### ८.४.२ चुनौती

स्थानीय राजश्व परिचालन सम्बन्धी नीतिगत अध्ययन अनुसन्धान तथा विश्लेषण गर्नु, स्थानीय तहको आन्तरिक श्रोत साधनको पहिचान र परिचालनमा सहजिकरण तथा समन्वय गर्नु, स्थानीय राजस्वको आधार विस्तारमा प्रोत्साहन र प्रवर्द्धन गर्नु, स्थानीय राजस्व सूचना तथा तथ्यांक आदान प्रदान प्रणाली विकास, अनुसन्धान र प्रकाशन गर्नु, स्थानीय आर्थिक विकास सम्वन्धी कार्यमा सहजिकरण, स्थानीय तहको राजश्व परिचालन क्षमता लेखाजोखा र सुधार सम्बन्धी गर्नु, राजश्व परिचालनमा स्थानीय तहमा उत्कृष्ट देखिएका कार्यको अन्य स्थानीय तहसँग अनुभव आदान प्रदान गर्नु, स्थानीय तहको राजश्व परिचालनमा भएका विवाद समाधानका लागि समन्वय गर्नु, स्थानीय राजस्वको मुल्याङ्कन गर्नु, स्थानीय तहको प्राकृतिक श्रोत साधन सम्बन्धी कर तथा राजस्व व्यवस्थापनमा सहयोग र समन्वय गर्नु, स्थानीय तहको वार्षिक आयव्ययको अभिलेख र वार्षिक प्रतिवेदन प्रकाशन गर्नु चुनौतीपूर्ण रहेको छ।

## ८.५ मानव संशाधन विकास

### ८.५.१ विद्यमान अवस्था तथा सम्भावना

नेपालको संविधानको धारा २८५ मा स्थानी सरकारको आफ्नै सेवा रहने उल्लेख छ भने धारा ३०२ मा प्रदेश लोक सेवा आयोगले कर्मचारी पदपूर्ति नगरुञ्जेल संघले कर्मचारी ब्यवस्था गर्ने उललेख छ। स्थानीय सरकारले आफ्नो लक्ष्य उद्देश्य हासिल गर्नको लागि आवश्यक पर्ने मानव श्रोतको प्राप्ति, विकास, उपयोग र संभार सम्बन्धी कार्यहरुको समग्र व्यवस्थापलाई मानव श्रोत व्यवस्थापन भनिन्छ। मानव श्रोत वा मानव संशाधन वा जनशक्ति स्थानीय सरकारको सर्वाधिक महत्वपूर्ण साधन हो। मानव श्रोतको अतिरिक्त पूँजी, प्रविधि, प्रक्रिया, वस्तु, सूचना लगायतका विभिन्न साधनहरु आवश्यक पर्ने भए तापनि मानव श्रोत आफैमा एक महत्वपूर्ण साधन मात्र नभएर अन्य सबै साधनहरुको परिचालनकर्ता समेत भएकोले यसलाई सर्वाधिक महत्वपूर्ण साधन मानिन्छ।

गाउँपालिकाको आफ्नो कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी गाउँपालिकामा विषयगत शाखा रहेको सङ्गठन संरचना कायम भएको छ। गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र तथा कार्यबोझ समेतको विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दीको ब्यवस्था गरेको छ।

गाउँपालिकाले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा विशेषज्ञ सेवा आवश्यक पर्ने भई सेवामा करारबाट कार्य गर्ने गरेको छ। यसै अनुसार गाउँपालिकाले सवारी चालक, कार्यालय सहयोगी, चौकीदार, माली, बगैंचे र सरसफाई सम्बन्धी पदमा स्थायी पदपूर्ती नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारबाट कार्य गर्ने गरेको छ। कर्मचारीको भर्ना तथा छनौटको लागि निष्पक्ष, सक्षम संवैधानिक प्रदेश लोक सेवा आयोग रहेको छ। लोक सेवा आयोगले आफ्नो वार्षिक कार्य तालिकाको आधारमा विज्ञापन गर्ने, परीक्षा सञ्चालन गर्ने गरेकोले यो केही हदसम्म पूर्वानुमानयोग्य नै छ। योग्यता प्रणालीको आधारमा कर्मचारीको छनौट गर्ने गरेको छ। छनौटको लागि लिखित परीक्षा, प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ता सबैको व्यवस्था रहेको छ। समावेशी निजामती प्रशासन निर्माण गर्ने उद्देश्यले विभिन्न समूहहरुको लागि आरक्षणको व्यवस्था गरिएको छ। वृत्ति विकासका अवसरहरु विद्यमान छन्। सहभागितात्मक व्यवस्थापन शैलीको अवलम्बन गर्न थालिएको छ। दण्ड, पुरस्कारको व्यवस्था छ। संगठित हुने अधिकार प्रदान गरिएको छ ।

### ८.५.२ चुनौती

कर्मचारीको दरबन्दीको प्रस्ताव तयार गर्दा स्थायी कर्मचारीको लागि चाहिने तलब, भत्ता, सञ्चय कोष कट्टी रकम, योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार सम्बन्धित विदा जस्ता सेवा सुविधाको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेतको विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्न सकिएको छैन। नकारात्मक भर्ना विधि (*Negative recruitment method)* को अवलम्बन गरिएको छ। लोक सेवा आयोगको छनौट प्रणाली परम्परागत छ, काम उन्मुख (*Job oriented)* भन्दा सिद्धान्त उन्मुख (*theory oriented)* छ। तालिमहरु कार्य उन्मूख (*Job oriented)* हुन सकेका छैनन्। पारदर्शिता, जवाफदेहिता वहनको संयन्त्र कमजोर छ। कार्य विवरण बनाउनु पर्ने व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वनय हुन सकेको छैन। उत्तराधिकारी योजना (*Succession plan)* को प्रावधान कार्यान्वयन हुन सकेको छैन। परम्परागत सञ्चार प्रणाली छ। वृत्ति विकासको अवसर वितरण न्यायोचित छैन। समावेशीकरणबाट लक्षित समूहले खासै लाभ लिन सकेको देखिदैन। टाठावाठाले नै अवसर हडपेको (*elite capturing)* देखिन्छ। कर्मचारीको स्पष्ट कार्य विवरणको व्यवस्थाको प्रभावकारी किसीमले कार्यान्वयन हुन सकेको छैन। तलव भत्ता तथा अन्य सुविधा सम्मानपूर्ण जीवनयापन गर्नलाई पुग्ने किसिमको छैन ।

## ८.६ विषय क्षेत्रगत लक्ष्य

जवाफदेही, व्यावसायिक र सक्षम स्थानीय प्रशासनबाट सार्वजनिक सेवाप्रतिको जनविश्वास अभिवृद्धि गर्ने र विकासलाई नतिजामुखी बनाउने।

## ८.७ विषयक्षेत्रगत उद्देश्य

१. सार्वजनिक निकायका काम कारवाहीलाई पारदर्शी, जवाफदेही, सदाचारयुक्त र प्रविधिमैत्री बनाई जनसहभागिता र जनविश्वासमा अभिवृद्धि गर्नु ।

२. स्थानीय सेवालाई सबल, सक्षम र सुदृढ बनाई दक्ष, सेवाग्राहीमुखी र व्यावसायिक बनाउनु ।

३. सार्वजनिक सेवालाई भरपर्दो, सुलभ, गुणस्तरीय र पहुँचयोग्य बनाई विकास प्रक्रियालाई प्रभावकारी बनाउनु ।

## ८.८ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. गाउँपालिकाका कानून निर्माण र संशोधोधन मा जनसहभागिता कायम गर्ने। | १. गाउँपालिकाको कानून नीति, निर्णय, सेवा प्रवाह र कार्यसम्पादनमा सह व्यवस्थापन र सह निर्माणको प्रणाली अवलम्बन गरिनेछ।<br>२. जनप्रतिनिधिमा विधायिकी क्षमता विकासको कार्यक्रम सञ्चालन गरिनेछ।<br>३. गाउँपालिकाका कानून तथा नीतिमा सुझाव माग गर्न अनलाईन प्रविधिको प्रयोग गरिनेछ।<br>४. गाउँपालिकामा कानून नीति, निर्णय, सेवा प्रवाह सम्बन्धमा नागरिक संवाद समूह, नागरिक कचहरी,<br>५. गाउँपालिकाका कानून तथा नीति सेवाग्राही र जनमैत्री भए नभएकोबारे अध्ययन गरिनेछ।<br>६. गाउँपालिकाको कानून नीति, निर्णय, सेवा प्रवाह र कार्यसम्पादनबारे सेवाग्राहीसँग मत सर्भेक्षण तथा सरोकारवालासँग अन्तरक्रिया गरी नागरिक र सरोकारवालाको पृष्ठपोषण र सुझाव प्राप्त गरिनेछ।<br>७. गाउँपालिकाको नीति, ऐन, नियम, कार्यविधि र मापदण्डबारे पदाधिकारीमा दस्तावेजीकरण क्षमता विकास गरिनेछ।<br>८. गैसस, टोल विकास संस्था तथा अन्य समुदायमा आाधारित संस्था मार्फत् नागरिक शिक्षा सञ्चालन गरी स्थानीय नीति, कानून, नियम, मापदण्ड, कार्यविधि, सेवा र सुविधाबारे प्रवोधीकरण गरिनेछ।<br>९. निर्णय प्रक्रियामा नागरिकको दायित्व र अधिकारका सम्बन्धमा आम नागरिकलाई सचेत गराउन नागरिक शिक्षा प्रदान गरिनेछ। |
| २. स्थानीय सरकारका काम कारवाहीलाई पारदर्शी तथा प्रभावकारी बनाउने। | १. स्थानीय सरकारका सेवा-सुविधालाई छिटो छरितो र प्रभावकारी बनाउन कानूनी तथा नीतिगत स्पष्टता ल्याइनेछ ।<br>२. कार्यस्थलहरूलाई आधुनिक, प्रविधिमैत्री र अधिकतम खुला कार्यस्थलको रूपमा परिवर्तन गरिनेछ ।<br>३. पारदर्शितालाई प्रोत्साहन र पुरस्कृत गरिनेछ।<br>४. वडा र टोलमा सूचनाको हक सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ३. सार्वजनिक निकायका काम कारवाहीप्रति सकारात्मक छवि निर्माण गर्ने । | १. स्थानीय निकायका कार्यक्रम कम खर्चिलो र सामाजिक नमूनाको रूपमा सम्पन्न गरिनेछ ।<br>२. सरकारबाट गरिएका काम कारवाही तथा नयाँ अभियानलाई सार्वजनिक गरी सदाचारयुक्त असल अभ्यासको निर्माण गरिनेछ ।<br>३. जनताको गुनासो सुनुवाईको उपयुक्त प्रबन्ध गरिनेछ।<br>४. सार्वजनिक सुनुवाई र सामाजिक परीक्षणलाई नियमित गरिनेछ।<br>५. जनप्रतिनिधि र कर्मचारी सम्बन्धी गुनासा यथाशीघ्र सम्बोधन गरिनेछ। |
| ४. निजामती सेवाको तथा मानव संसाधनको विकास गर्ने । | १. क्षमता विकास योजना बनाई कार्यरत कर्मचारीलाई आवश्यकताको आधारमा तालिम दिइनेछ ।<br>२. तालिम प्रदायक संस्थालाई सूचना प्रविधिसँग सम्बद्ध तालिम प्रदान गर्न समन्वय गरिनेछ ।<br>३. प्रशासनिक संयन्त्रलाई चुस्त, दुरुस्त र गतिशील बनाउनका लागि सेवा प्रवाह र विकास निमार्णप्रति प्रतिबद्ध बनाईनेछ।<br>४. कर्मचारीमा उत्प्रेरणाको विकास गरिनेछ।<br>५. क्षमता विकासका नीति एवम् कानून निर्माण तथा समयानुकूल र समन्यायिक तवरले परिमार्जन गरिनेछ । |
| ५. विकास व्यवस्थापनमा सहकारी तथा निजी क्षेत्रलाई आबद्ध गर्ने । | १. सेवा प्रवाह र विकास व्यवस्थापनमा निजी क्षेत्र र नागरिक समाज बीचको सहकार्य गरिनेछ ।<br>२. सेवा प्रवाहलाई पारदर्शी, जनमुखी, उत्तरदायी बनाउन नागरिक समाज लगायत बहु-सरोकारवालाहरूको निगरानी बढाइनेछ ।<br>३. सार्वजनिक सेवा प्रवाहमा सहकारीलाई परिचालन गरिनेछ। |
| ६. राष्ट्रसेवकलाई आफ्नो कार्य जिम्मेवारीप्रति परिणाममुखी र उत्तरदायी बनाउने । | १. राष्ट्र सेवकलाई जिम्मेवार, कर्तव्यनिष्ठ र उत्तरदायी बनाई आचरणमा सकारात्मक परिवर्तन ल्याउने व्यवस्था गरिनेछ ।<br>२. राष्ट्र सेवकलाई सूचकसहित कार्यसम्पादन सम्झौता गरिनुका साथै दण्ड र पुरस्कारको उचित र प्रभावकारी व्यवस्था गरिनेछ ।<br>३. भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ । |

## ८.९ विस्तृत कार्यक्रम

### विषयगत उपक्षेत्रः सुशासन, ऐन, कानुन तथा न्यायिक व्यवस्था

| क्र.सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अपेक्षित उपलब्धी | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | लगानी तथा खर्च जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | ऐन, नियम निर्माण (खरिद, आन्तरिक नियन्त्रण, अनुगमन मूल्याङ्कन, स्थानीय सेवा, पूर्वाधार आदि) | प्रा-१ | सुशासन कायम हुने | १० | २ | २ | २ | २ | २ | स्थानीय तह आफै |
| २ | सार्वजनिक सुनुवाई | प्रा-१ | सुशासन कायम हुने | २५ | ५ | ५ | ५ | ५ | ५ | प्रदेश |
| ३ | लैङ्गिक समानता तथा सामाजिक समावेसीकरण रणनीति तर्जुमा | प्रा-१ | सुशासन कायम हुने | ५ | ५ | | | | | प्रदेश |
| ४ | जनतासंग जनप्रतिनिधि | प्रा-१ | सुशासन कायम हुने | २५ | ५ | ५ | ५ | ५ | ५ | प्रदेश, स्थानीय तह आफै |
| ५ | उपभोक्ता हित संरक्षण अभिमुखिकरण | प्रा-१ | सुशासन कायम हुने | ५ | २ | २ | १ | | | स्थानीय तह आफै |
| ६ | गाउँपालिकाको सेवा प्रवाहको गुणस्तरियताको परिक्षण | प्रा-१ | सुशासन कायम हुने | ५ | | ५ | | | | स्थानीय तह आफै |
| | | | | ७५ | १९ | १९ | १३ | १२ | १२ | |

## विषयगत उपक्षेत्रः मानव संशाधन, संस्थागत विकाश तथा सेवा प्रवाह

| क्र.सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अपेक्षित उपलब्धी | अनुमानित कूल लागत रकम (रु. लाखमा) कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | लगानी तथा खर्च जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पदाधिकारी तथा कर्मचारी क्षमता विकास तालिम | प्रा-१ | प्रतिष्पर्धी कर्मचारीतन्त्र बन्ने | २५ | ५ | ५ | ५ | ५ | ५ | प्रदेश सुशासन केन्द्र |
| २ | E-governance प्रवर्द्धन गर्न गा.पा.का सम्पूर्ण सेवालाई अनलाइन प्रणालीमा आवद्ध गर्ने | प्रा-१ | सुशासन कायम हुने | २० | ५ | ५ | ५ | ५ | | स्थानीय तह आफै |
| ३ | गाउँपालिकाको आर्थिक केन्द्र र व्यस्त बजार क्षेत्रमा बैंकसँग सहकार्य गरी नगद रहित कारोबारलाई प्रोत्साहन गर्न प्रत्येक पसलमा QR- Code राखी डिजिटल कारोबार | प्रा-१ | सुशासन कायम हुने | २० | ४ | ४ | ४ | ४ | ४ | निजी क्षेत्र |
| ४ | निर्माण सम्पन्न भईसकेका सार्वजनिक संरचनालाई बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिमैत्री, जेष्ठ नागरिकमैत्री पूर्वाधारका रुपमा विकास गर्ने | प्रा-२ | सुशासन कायम हुने | ५० | १० | १० | १० | १० | १० | स्थानीय तह आफै |
| ५ | नागरिक सहायता कक्ष निर्माण गर्ने | प्रा-२ | सुशासन कायम हुने | २० | १० | | १० | | | स्थानीय तह आफै |
| ६ | कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली | प्रा-१ | प्रतिष्पर्धी कर्मचारीतन्त्र बन्ने | ५० | १० | १० | १० | १० | १० | स्थानीय तह आफै |
| ७ | कर्मचारी उत्प्रेरणा प्रोत्साहन तथा पुरस्कार | प्रा-१ | प्रतिष्पर्धी कर्मचारीतन्त्र बन्ने | २५ | ५ | ५ | ५ | ५ | ५ | स्थानीय तह आफै |
| | | | | २१० | ४९ | ३९ | ४९ | ३९ | ३४ | |

## विषयगत उपक्षेत्र: वित्तीय स्रोत परिचालन

| क्र.सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अपेक्षित उपलब्धी | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | लगानी तथा खर्च जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | करदाता शिक्षा कार्यक्रम | प्रा-१ | आन्तरिक स्रोत बढ्ने | १० | २ | २ | २ | २ | २ | स्थानीय तह आफै |
| २ | डिजीटल कर संकलन प्रणालीको लागि Software निर्माण गर्नै | प्रा-१ | आन्तरिक स्रोत बढ्ने | ५० | | १० | २० | २० | | स्थानीय तह आफै |
| | | | | ६० | २ | १२ | २२ | २२ | २ | |

## विषयगत उपक्षेत्र: योजना व्यवस्थापन

| क.सं. | आयोजना तथा कार्यकम | प्राथमिकता | अपेक्षित उपलब्धी | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | लगानी तथा खर्च जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नै | प्रा-२ | सुशासन कायम हुने | ५ | ५ | | | | | प्रदेश, स्थानीय तह आफै |
| २ | आयोजनाहरुको अनुगमन मूल्यांकन | प्रा-२ | सुशासन कायम हुने | २५ | ५ | ५ | ५ | ५ | ५ | प्रदेश |
| ३ | वस्ती तथा टोलमा योजना सम्झौता | प्रा-१ | सुशासन कायम हुने | २० | ४ | ४ | ४ | ४ | ४ | प्रदेश |
| ४ | उपभोक्ता समिति क्षमता विकास योजना कार्ययोजना | प्रा-१ | सुशासन कायम हुने | ५ | ५ | | | | | प्रदेश, स्थानीय तह आफै |
| ५ | आयोजनाहरुको मर्मत संभार कोष | प्रा-१ | सुशासन कायम हुने | १०० | २० | २० | २० | २० | २० | स्थानीय तह आफै |
| | | | | १५५ | ३९ | २९ | २९ | २९ | २९ | |

## ८.१० नतीजा खाका

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्टयाईंको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | लोकतन्त्रको सुदृढीकरण भई सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राहीको प्रतिशत बढेको हुने। | सन्तुष्ट सेवाग्राहीको प्रतिशत | - | ७० | ८० | ८५ | ९० | ९५ | -गा.पा. सेवाग्राही सन्तुष्टि सर्वेक्षण | -सुशासन कायम हुने। |
| | योजना समयमा सम्पन्न भई नागरिकले विकासको अनुभूति गरेको हुने। | सम्पन्न योजनाको प्रतिशत | - | ९० | ९२ | ९४ | ९६ | १०० | -गा.पा. योजना सर्वेक्षण | -सुशासन कायम हुने। |
| **असर** | सार्वजनिक सेवा प्रवाह गर्ने सहकारी, गैसस र निजी क्षेत्रको सङ्ख्या बढेको हुने। | सङ्ख्या | - | १० | १५ | २० | २५ | ३० | -गा.पा. सेवाग्राही सन्तुष्टि सर्वेक्षण | -सुशासन कायम हुने। |
| | गाउँपालिकामा सेवा लिन आउने सेवाग्राहीको सङ्ख्या बढेको हुने। | प्रतिशत | | ४ | ८ | १२ | १६ | २० | -गा.पा. सेवाग्राही सन्तुष्टि सर्वेक्षण | -सुशासन कायम हुने। |
| **प्रतिफल** | स्थानीय कानुन, नीति तथा योजना तर्जुमा प्रक्रिया नागरिक पृष्ठपोषण तथा सुझाव दिने माध्यमहरु | सङ्ख्या | | २५ | ४५ | ६५ | ७० | ७५ | -गा.पा. सेवाग्राही सन्तुष्टि सर्वेक्षण | -सुशासन कायम हुने। |

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/ ०८२ | २०८२/ ०८३ | २०८३/ ०८४ | २०८४/ ०८५ | २०८५/ ०८६ | पुष्ट्याईको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | नियमावली बनाई गाउँपालिका सभाले गठन गरेका समितिहरु (विधायन सुशासन, लेखा आदि समितिहरु) | सङ्ख्या | ६ | ७ | १० | | | | -गा.पा. स्थिति विवरण | -सुशासन कायम हुने। |
| | नियमावली बनाई कार्यगाउँपालिकाले गठन गरेका समिति, उपसमितिहरुको सङ्ख्या | सङ्ख्या | २ | ५ | ७ | | | | -गा.पा. स्थिति विवरण | -सुशासन कायम हुने। |
| | नागरिक वडापत्र अनुसार सेवा प्रवाहमा क्षतिपूर्ति गरिएको | सङ्ख्या | ० | ५ | १० | १५ | २० | २५ | -गा.पा. सेवाग्राही सन्तुष्टि सर्वेक्षण | -सुशासन कायम हुने। |
| | वर्षभरीमा भएका सार्वजनिक सुनुवाई | सङ्ख्या | २ | ४ | ४ | ४ | ४ | ४ | -गा.पा. सेवाग्राही सन्तुष्टि सर्वेक्षण | -सुशासन कायम हुने। |
| | हेल्प डेष्कवाट लाभान्वित सेवाग्राही | प्रतिशत | | २० | २५ | १५० | | | -गा.पा. सेवाग्राही सन्तुष्टि सर्वेक्षण | -सुशासन कायम हुने। |
| | गाउँपालिकामा पेश भएका सेवा प्रवाह सम्वन्धी गुनासो सुनुवाईको फछ्र्यौट | प्रतिशत | २० | ० | ० | ० | ० | ० | -गा.पा. सेवाग्राही सन्तुष्टि सर्वेक्षण | -सुशासन कायम हुने। |
| | कूल दर्ता मध्ये न्यायिक समितिवाट फछ्यौट भएका मुद्दाहरु | प्रतिशत | ९० | ९५ | ९७ | ९८ | | | -न्यायिक समिति तथ्याँक | -सुशासन कायम हुने। |

| क्र.सं. | नतीजा सूचक | एकाई | आधार वर्ष (२०८०/०८१) सम्म अवस्था | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | पुष्ट्याईंको आधार | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | गाउँपालिकावाट प्रकाशित दस्तावेज एवम् प्रतिवेदनहरु | सङ्ख्या | | | | | | | -गा.पा. स्थिति विवरण | -सुशासन कायम हुने। |
| | गाउँपालिकाको कूल वार्षिक वजेट | रु. करोड | ४० | ४४ | ४८ | ५२ | ५५ | ६५ | -गा.पा. लेखा प्रतिवेदन | -सुशासन कायम हुने। |
| | लैङ्गिक उत्तरदायी वजेट विनियोजन | प्रतिशत | ६० | ७० | ७५ | ८० | ९० | ९५ | -गा.पा. लेखा प्रतिवेदन | -सुशासन कायम हुने। |
| | सङ्कलित कर राजस्व र गैरकर राजस्वको (करराजस्व : गैरकर राजस्व) | अनुपात | | | | | | | -गा.पा. लेखा प्रतिवेदन | -सुशासन कायम हुने। |
| | कूल वजेटमा वाह्य श्रोतको हिस्सा | प्रतिशत | | | | | | | -गा.पा. लेखा प्रतिवेदन | -सुशासन कायम हुने। |
| | आन्तरिक राजस्व अभिवृद्धि हुने क्षेत्रमा भएको लगानी (कूल वजेटको ) | प्रतिशत | १० | १५ | २० | २५ | ३० | | -गा.पा. लेखा प्रतिवेदन | -सुशासन कायम हुने। |
| | कूल वेरुजु मध्येको फछ्र्यौट रकम | प्रतिशत | | | | | | | -गा.पा. लेखा प्रतिवेदन | -सुशासन कायम हुने। |
| | गाउँपालिका अन्तर्गत क्रियाशील शाखा, उपशाखा, इकाइ, सेवा केन्द्रहरु | सङ्ख्या | ५ | ७ | | | | | -गा.पा. प्रशासनिक विवरण | -सुशासन कायम हुने। |
| | गाउँपालिकामा कार्यरत कूल जनशक्ति : अधिकृत तह र सोभन्दा मुनी | सङ्ख्या | ३४ | | | | | | -गा.पा. प्रशासनिक विवरण | -सुशासन कायम हुने। |

# परिच्छेद-९

# कार्यान्वयन व्यवस्था

## ९.१ पृष्ठभूमि

सिदिङ्वा गाउँपालिकाको योजनाबद्ध विकास प्रयासको सन्दर्भमा यो पहिलो आवधिक योजना हो। परिवर्तित संघीय संरचना अनुसार स्थानीय तहमा समेत योजना प्रणालीको विकास गरी संस्थागत गर्ने प्रयास बमोजिम स्थानीय तहमा योजनाबद्ध विकासको संस्थागत व्यवस्था भएको छ। यस कार्यमा नेपाल सरकार, राष्ट्रिय योजना आयोगले बि.सं. २०७८ मा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन समेत तर्जुमा गरेकोले सोलाई मार्गदर्शनको रुपमा लिईएको छ। योजना प्रक्रियालाई तथ्य र प्रमाणमा आधारित र नतिजामुखी बनाउन नतिजा खाकाको प्रयोग गरिएको छ।

## ९.२ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना

राष्ट्रिय योजना आयोगले बि.सं. २०७८ मा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनले आवधिक योजना तर्जुमा प्रक्रियालाई निर्देशन र समन्वय गर्न आवधिक योजना तर्जुमा निर्देशक समितिको गठन गर्नुपर्ने मार्गदर्शन गरेको छ जसमा अध्यक्ष संयोजक तथा उपाध्यक्ष, विषयगत समितिका संयोजकहरू, कार्यपालिकाका सबै सदस्यहरू, विषयगत महाशाखा / शाखा प्रमुखहरू, संयोजकले तोकेको कम्तिमा १ जना महिलासमेत निजी क्षेत्र सदस्य र प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव रहने व्यवस्था छ। त्यसैगरी आवधिक योजना तर्जुमा गर्नको लागि आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा संस्थागत विकास गरी विषयक्षेत्रमा कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्य संयोजक तथा कार्यपालिकाले तोकेको गाउँ/नगर सभाका महिला दलित वा अल्पसङ्ख्यक सदस्यसमेत ३ जना, सम्बन्धित क्षेत्रको विषयगत महाशाखा/शाखा प्रमुख सदस्य र कार्यपालिकाले तोकेको सम्बन्धित विषय क्षेत्रको महाशाखा/शाखा प्रमुख सदस्य सचिव रहने विषयक्षेत्रगत समिति गठन गर्नुपर्ने उल्लेख छ।सोही दिग्दर्शनमा आवधिक योजना तर्जुमा सम्बन्धी कार्यशाला व्यवस्थापन, सञ्चालन र सहजीकरण तथा योजना तर्जुमा कार्यशालाको छलफल निष्कर्ष तथा उपलब्धिहरूलाई अभिलेखीकरण गरी आवधिक योजनाको दस्तावेज लिपिवद्ध गर्न निर्देशक समितिले तोकेको समितिको सदस्यको संयोजकत्वमा आवश्यकता अनुसार आवधिक योजना तर्जुमा संयोजन तथा सहजीकरण समिति गठन गर्न सकिने व्यवस्था छ। सिदिङ्वा गाउँपालिकामा यी सबैंस्थागत समितिहरु रहेको ले यो योजना तर्जुमामा सहज हुने अपेक्षा गरिएको छ।

स्थानीय सरकारको दैनिक प्रशासन सञ्चालन गर्ने स्थायी संयन्त्र स्थानीय सेवा हो। सेवाग्राही जनतालाई छिटो छरितो रूपमा वस्तु तथा सेवा प्रदान गर्ने,शान्ति सुरक्षाको व्यवस्था गर्ने,विकास निर्माणका कार्यहरू सञ्चालन गर्ने गराउने र सुशासन तथा सामाजिक न्याय प्रदान गरी मुलुकको दैनिक प्रशासनलाई सरल,सहज,सक्षम,पारदर्शी तथा सुदृढ गर्ने निजामती सेवाका मुख्य कामहरू हुन्। यी कार्यहरू सम्पादनका लागि स्थानीय सेवाअन्तर्गत सक्षम मानव संसाधनको आवश्यकता पर्नेछ। उत्पादनका साधनहरूमध्ये अति संवेदनशील र गतिशील मानिने साधन मानव संसाधनमार्फत नै अन्य साधनहरू परिचालित हुनेछन्। यस सन्दर्भमा स्थानीय सेवामा मानव संसाधनको व्यवस्थापन स्पष्ट एवम् वस्तुपरक हुन सकेको भने छैन। स्थानीय सेवालाई परिणाममुखी तुल्याउन कार्यरत कर्मचारीहरूमा विद्यमान कार्यदक्षता एवम् सीपमा अभिवृद्धि गर्नुपर्ने हुन्छ। मौजूदा स्थितिमा स्थानीय

सेवालाई दक्ष, जवाफदेहीपूर्ण, पारदर्शी एवम् नतिजाउन्मुख तुल्याउन मानव संसाधन विकास सम्बन्धी प्रभावकारी नीतिहरूको खाँचो महसुस भएको छ। यस योजनाको कार्यान्वयन गाउँपालिकामा विद्यमान मानव संसाधनले नै गर्ने भएकोले मानव संशाधनको प्राप्ति, विकास, उपयोग, सम्वर्द्धन, उत्प्रेरणा, दण्ड पुरस्कार, वृत्ति र सेवानिवृत्तिको उचित योजना निर्माण गरी कार्यान्वयन गर्न जरुरी छ।

## ९.३ स्रोत अनुमान तथा प्रक्षेपण

यस प्रथम आवधिक योजनाको लागि विषयक्षेत्रगत रुपमा लाग्ने लागत तथा स्रोत अनुमानलाई देहाएबमोजिमको तालिकामा प्रस्तुत गरिएको छ।

| क्र. सं. | विषयक्षेत्र | बजेट अनुमान (रु लाखमा) | प्रतिशत |
|---|---|---|---|
| १ | समष्टिगत | ४०६०० | ६५.५ |
| २ | आर्थिक | २४४५ | ११.४३ |
| ३ | सामाजिक | ५७७८ | २७.०२ |
| ४ | पूर्वाधार | १०२४० | ४७.८९ |
| ५ | वातावरण तथा विपद् व्यवस्थापन | २०७५ | ९.७०४ |
| ६ | संस्थागत विकास र सुशासन | ८४५ | ३.९५२ |

## ९.४ स्रोत परिचालन रणनीति

यस आवधिक योजनाको कार्यान्वयनको क्रममा देहाएबमोजिमको स्रोत परिचालन रणनीति लिइनेछ,-

१. स्थानीय तहको अधिकारक्षेत्रमा पर्ने कराधारको संरक्षण गरी राजस्व संरक्षण गर्ने। राजस्वको स्थानीय ढाँचा तयार गर्ने।

२. करको दायरामा सबैको सहभागिता बढाउन करदाता शिक्षालाई विस्तार गरी कर सचेतना अभिवृद्धि गर्ने।

३. राजस्व शाखामा काम गर्ने कर्मचारीको क्षमता विकास गर्ने।

४. कर प्रशासनमा काम गर्ने कर्मचारीको व्यावसायिकता, इमान्दारिता, पारदर्शिता, स्वच्छता र सदाचारिता कायम गर्न आवश्यक उपायहरूको अवलम्बन गर्ने।

५. स्थानीय तहको राजस्व क्षमता र सम्भाव्यताको अध्ययन गरी राजस्व परिचालनमा थप सुधार गरिनेछ ।

६. अन्तरसरकारी वित्तीय हस्तान्तरणको खर्च प्रणालीलाई पारदर्शी बनाउने।

७. समष्टिगत आर्थिक परिसूचक, ऋण लिने र उपयोग गर्ने क्षमताको आधारमा आन्तरिक ऋण परिचालनलाई वैज्ञानिक र वस्तुगत बनाउने।

८. वित्तीय सुशासनको जोखिम विश्लेषण विधिको अवलम्बन गर्ने।

९. बिमा क्षेत्रको स्रोतलाई कृषि, पशु, रोजगारी र सम्पत्तिको जोखिम ब्यहोर्ने स्रोतको रुपमा परिचालन गर्न समन्वय गर्ने।

१०. स्वास्थ्य बिमालाई विस्तार गर्ने।

११. खानी, उत्पादनमूलक उद्योग र विद्युत उत्पादनका लागि आवश्यक सडक,प्रसारण तथा वितरण लाइन जस्ता आधारभूत पूर्वाधार स्थानीय सरकार र निजी क्षेत्रको साझेदारीमा निर्माण गर्ने।

१२. उत्पादनमूलक उद्योगको विकास र विस्तार गर्न आवश्यक प्रोत्साहनको व्यवस्था गर्ने।

१३. शिक्षा तथा स्वास्थ्य सेवा खासगरी गुणस्तरीय, उच्च र विशिष्टीकृत सेवा प्रदान गर्न स्थानीय सरकारको परिपूरकको रूपमा निजी क्षेत्रलाई सहजीकरण गर्ने।

१४. वित्तीय पहुँच विस्तार र आर्थिक सामाजिक समावेशीकरण र दिगो विकास लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउन सहकारी क्षेत्रलाई प्रोत्साहित गर्ने।

१५. सार्वजनिक-निजी साझेदारी तथा निजी लगानी सम्बन्धी अनुकूल वातावरण तयार गर्ने।

१६. ठूला पूर्वाधार निर्माणको क्षेत्रमा निजी क्षेत्रसँगको सहकार्यलाई विशेष महत्त्व दिने।

१७. वैदेशिक रोजगारमा संलग्न परिवारका सदस्यहरूमा वित्तीय साक्षरता तथा वित्तीय पहुँच अभिवृद्धि गर्ने।

## ९.५ योजना स्वीकृति तथा कार्यान्वयन

यो योजना सहभागितामूलक प्रक्रिया अपनाई तयार गरिएको छ। यस आवधिक योजनाको अन्तिम दस्तावेजलाई गाउँ/नगर कार्यपालिकाबाट विधायिकी प्रक्रिया पूरा गरी स्वीकृति प्रदान गरिनेछ। यस योजना कार्यान्वयनका लागि प्रकाशन गरी सम्बन्धित महाशाखा/शाखा, वडा कार्यालय, सहयोगी निकाय, गैर सरकारी तथा अन्य स्थानीय सङ्घ / संस्था र सरोकारवालालाई उपलब्ध गराइने छ।

यस आवधिक योजना कार्यान्वयनको लागि वार्षिक बजेट, मध्यमकालीन खर्च संरचना, क्षेत्रगत योजना तथा आयोजना बैंकजस्ता माध्यम प्रयोग गरिनेछ। स्वीकृत योजनालाई वार्षिक बजेट तथा योजनाका माध्यमबाट कार्यान्वयन गरिनेछ। यस आवधिक योजनाका आधारमा मध्यमकालीन खर्च संरचना तयार गरिनेछ। यस योजनामा रहेका कार्यक्रम तथा आयोजनाहरूको सम्भाव्यता अध्ययन तथा विस्तृत आयोजना प्रतिवेदन तयार गरिनेछ र सोही बमोजिम आयोजना अवधारणा पत्र तयारी र प्राथमिकता निर्धारण गरी आयोजना बैंङ्क तयार गरिनेछ। मध्यमकालीन खर्च संरचना तयार गरी कार्यक्रम तथा आयोजनामा स्रोत सुनिश्चित गरिनेछ र सोही बमोजिम वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ।

## ९.६ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता

आवधिक योजनाले निर्धारित गरेको लक्ष्य, उद्देश्य तथा अपेक्षित प्रतिफलहरू हासिल उन्मुख भए नभएको निगरानी गर्न र लक्ष्य तथा उद्देश्य प्राप्तिको लेखाजोखा गर्न अनुगमन तथा मूल्याङ्कन प्रणालीले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। आवधिक योजनाको कार्यान्वयनका लागि वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना गरी योजनाले निर्धारण गरेका लक्ष्य, असर र प्रतिफल हासिल गर्ने दिशातर्फ भएको प्रगति आवधिक रूपमा मापन गर्नुपर्दछ।

यसका लागि योजना कार्यान्वयनका दौरान आइपर्ने समस्याहरूको समाधान एवम् गरिएको लगानी तथा स्रोतसाधनको प्रवाह आशातीत ढङ्गबाट भए नभएको जानकारी समेत प्राप्त गर्नुपर्ने हुन्छ। तसर्थ गाउँ/नगरपालिकाले आवधिक योजनाको आधारमा वार्षिक योजना तर्जुमा गरी सोको कार्यान्वयनको लागि वार्षिक कार्यान्वयन कार्यतालिका समेत तयार गर्नुपर्दछ। यसरी तयार भएको कार्यान्वयन कार्यतालिकामा अनुगमन तथा मूल्याङ्कनका कार्यहरूसमेत निर्दिष्ट गर्ने एवम् सो अनुसार अनुगमन गर्ने र उद्देश्य प्राप्तिको अवस्था लेखाजोखा गर्न मूल्याङ्कन गर्ने कार्यप्रणाली स्थापित गर्नुपर्दछ।

## ९.७ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी

यस आवधिक योजनाको प्रभाव, असर, प्रतिफलको नतिजा मापन तथा सञ्चालित कार्यक्रमको प्रक्रिया अनुगमन गरिनेछ। प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ र यस कार्यमा वार्षिक विकास कार्यक्रमको अनुगमन, सुपरीवेक्षण र प्रतिवेदनको लागि गठित अनुगमन तथा सुपरीवेक्षण समितिलाई परिचालन गरिनेछ। आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनमा निम्न निकायहरू संलग्न हुनेछन्:-

- गाउँ कार्यपालिका,
- जिल्ला समन्वय समिति,
- अनुगमन तथा सुपरीवेक्षण समिति,
- विषयगत समिति.
- विषयगत महाशाखा/शाखा, उपशाखा, एकाइ, परियोजना, सङ्घ/संस्था,
- नागरिक समाज संस्था तथा तेश्रो पक्ष,
- 

## ९.८ अनुगमन तथा मूल्याङ्कनका विधि तथा प्रक्रिया

यस आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनका लागि देहाएबमोजिमका औजार तथा विधि उपयोग गरिनेछः-

- स्थलगत अनुगमन,
- कार्ययोजना (लक्ष्य) र प्रगतिबीच तुलना,
- नागरिक निगरानी तथा अनुगमन,
- नतिजामा आधारित ढाँचाअनुसार वार्षिक समीक्षा,
- नतिजामूलक ढाँचाअनुसार सहभागितामूलक मध्यावधी मूल्याङ्कन (तेश्रो पक्षबाट),
- नतिजामूलक ढाँचाअनुसार सहभागितामूलक अन्तिम मूल्याङ्कन (तेश्रो पक्षबाट)।

आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनको लागि नतिजामूलक अनुगमन तथा मूल्याङ्कन योजना तयार गरी आवधिक योजना तथा वार्षिक योजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था कार्यपालिकाले मिलाउने छ। आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनको ढाँचा र प्रक्रिया देहाएबमोजिम हुनेछः-

| के गर्ने | पुष्ट्याईं केबाट गर्ने | कहिले गर्ने | कसरी गर्ने | कसले गर्ने |
|---|---|---|---|---|
| योजनाको प्रभाव लेखाजोखा तथा मापन गर्ने | • प्रभाव मूल्याङ्कन प्रतिवेदन<br>• प्रभाव अनुगमन प्रतिवेदन<br>• नमूना अध्ययन÷सर्वेक्षण<br>• मध्यावधि समीक्षा प्रतिवेदन<br>• वस्तुस्थिति विवरण<br>• आयोजना÷कार्यक्रम प्रभाव मूल्याङ्कन प्रतिवेदन | • योजनाको अन्त्यमा (योजनाको समाप्ती पछि)<br>• मध्यावधि (तेश्रो वर्षको समाप्ति पछि)<br>• प्रभाव अनुगमन (अन्तिम वर्ष) | • नतिजामूलक अनुगमन खाका अनुसार प्रभाव मापन गर्ने<br>• सहभागितामूलक छलफल गर्ने<br>• नमूना अध्ययन सर्वेक्षण गर्ने<br>• कार्यपालिका र सभाको बैठकमा समीक्षा गन | • स्थानीय सभा, कार्यपालिका, सरोकारवाला र तेश्रोपक्ष |
| योजनाको असर मापन तथा मुल्याङ्कन गर्ने | • मध्यावधि समीक्षा प्रतिवेदन<br>• असर अनुगमन प्रतिवेदन<br>• वार्षिक समीक्षा प्रतिवेदन<br>• नमूना अध्ययन सर्वेक्षण<br>• वस्तुस्थिति विवरण | • वार्षिक, मध्यावधि र अन्तिम वर्ष | • नतिजामूलक अनुगमन खाका अनुसार असर मापन गर्ने<br>• नमूना सर्वेक्षण गर्ने<br>• कार्यपालिकामा समीक्षा गर्ने<br>• आयोजना कार्यक्रमको कार्य सम्पन्न प्रतिवेदन अध्ययन गर्ने<br>• आयोजना कार्यक्रम भएको खर्चको अध्ययन गर्ने<br>• सामाजिक परीक्षण र प्रतिवेदन विश्लेषण गर्ने<br>• सहभागितामूलक रूपमा समीक्षा गोष्ठी गर्ने | • कार्यपालिका, सुपरिवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष |
| प्रतिफलको अनुगमन तथा मुल्याङ्कन | • त्रैमासिक प्रगति प्रतिवेदन<br>• वार्षिक समीक्षा प्रतिवेदन<br>• वस्तुस्थिति विवरण | • त्रैमासिक, अर्धवार्षिक, वार्षिक र मध्यावधी | • स्थलगत अनुगमन गर्ने<br>• वार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना गर्ने<br>• नतिजामुलक अनुगमन खाका अनुसार प्रतिफल मापन गर्ने<br>• कार्यपालिका र विषयगत समिति र बैठकमा समीक्षा गर्ने | • कार्यपालिका, सुपरिवेक्षण तथा अनुगमन समिति र विषयगत समिति |

| के गर्ने | पुष्ट्याईं केबाट गर्ने | कहिले गर्ने | कसरी गर्ने | कसले गर्ने |
|---|---|---|---|---|
| | | | • सामाजिक परीक्षण गर्ने तथा प्रतिवेदन विश्लेषण गर्ने | |
| कार्यक्रम आयोजनाको प्रक्रिया अनुगमन | • मासिक प्रगति प्रतिवेदन<br>• त्रैमासिक प्रगति प्रतिवेदन<br>• गुणस्तर अनुगमन प्रतिवेदन | • पटके, मासिक, चैमासिक र वार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• त्रैमासिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना गर्ने<br>• विषयगत समिति र कार्यपालिका बैठकमा समीक्षा गर्ने | • अनुगमन तथा सुपरीवेक्षण समिति, वडा समिति, महाशाखा र शाखा परियोजना तथा गैसस |

## ९.९ योजनाको प्रगति प्रतिवेदन प्रणाली तथा ढाँचा

यस आवधिक योजनाको अनुगमनको क्रममा नतिजामूलक अनुगमन प्रणाली अनुसार नतिजा खाकाको उपयोग गरी प्रस्तावित सूचक अनुसार हासिल हुनुपर्ने लक्ष्य हासिल भए नभएको लेखाजोखा गरिनेछ। अनुगमन गर्दा योजनाको लक्ष्य, उद्देश्य, प्रतिफल र कार्यक्रम समेत सबै तहमा गरिनेछ। यसको लागि गाउँपालिकाले आफ्नो आवश्यकता र उपलब्ध सूचना तथा विवरणको आधारमा अनुगमन तथा प्रतिवेदन प्रणालीको विकास गरी अवलम्बन गर्नेछ। यसैगरी दिगो विकास लक्ष्य र राष्ट्रिय अभियानसँग सम्बन्धित विषयहरूको प्रतिवेदन त्रैमासिक, वार्षिक र आवधिक रूपमा नेपाल सरकारले ढाँचा निर्धारण गरेको अवस्थामा तोकिएको ढाँचा बमोजिम र समयतालिका अनुसार गरिनेछ।

यस आवधिक योजनाको प्रभाव, असर, प्रतिफल र कार्यक्रम तहमा गरिने नतिजामूलक अनुगमन प्रणालीअनुसार प्रक्रिया तथा हासिल नतिजाको मापन गरी सोको प्रतिवेदन तयार गरिनेछ। नतिजामूलक अनुगमन प्रणालीमा आधारित भई देहायको ढाँचामा अनुगमन गरी प्रतिवेदन तयार गरिनेछ। यस प्रकार तयार गरिएको प्रतिवेदन उपर विषयगत समिति, कार्यपालिका, सभामा छलफल गर्ने र आवश्यकताअनुसार प्रदेश सरकार र नेपाल सरकार समक्ष पेश गरिनेछ।

| नतीजा श्रृङ्खला | कार्यसम्पादन सूचकहरु | | | भौतिक लक्ष्य | प्रगति (भौतिक र वित्तीय | लक्ष्य र प्रगतिबीचको अन्तर | कारण | समाधानका रणनीति |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | एकाई | आधार तथ्याँङ्क | | | | | |
| लक्ष्य | | | | | | | | |
| असर | | | | | | | | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| प्रतिफल | | | | | | | | |
| १.१ | | | | | | | | |

| नतीजा श्रृङ्खला | कार्यसम्पादन सूचकहरु | | | भौतिक लक्ष्य | प्रगति (भौतिक र वित्तीय | लक्ष्य र प्रगतिबीचको अन्तर | कारण | समाधानका रणनीति |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | एकाई | आधार तथ्याँङ्क | | | | | |
| २.१ | | | | | | | | |
| प्रमुख कार्यक्रम | | | | | | | | |
| १.१.१ | | | | | | | | |
| २.१.१ | | | | | | | | |
| ३.१.१ | | | | | | | | |

## ९.११ वडाबाट छनोट भएका योजनाहरु

# वडा नं. १

सामाजिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| शिक्षा | १. जलपा आ० वि०, सिंडिम्बा आ.वि., कालिखेला आ.वि. भवन निर्माण तथा अन्य संरचना निर्माण गर्ने ।<br>२. दरबन्दी अपुग रहेका विद्यालयहरूमा विषयगत र तहगत दरबन्दी को व्यवस्थापन गर्ने । |
| स्वास्थ्य | १. सामुदायिक स्वास्थ्य भवन निर्माण गर्ने ।<br>२. कालिखोला स्वास्थ्य चौकी भवन घेराबारा गर्ने ।<br>३. प्रत्येक टोल टोलमा स्वास्थ्य शिविर सञ्चालन गर्ने । |
| खानेपानी | १. एक घर एक धारा सहित सम्पूर्ण टोलमा खानेपानीको व्यवस्था गर्ने । |
| सरसफाई | १. तिम्बुङ पोखरी जानेबाटोमा आवश्यक अनुसार सार्वजनिक शौचालय निर्माण गर्ने । |
| सामाजिक समावेशीकरण | १. महिलाहरूको लागि विभिन्न सीपमुलक (सिलाई कटाई राडी बुन्ने, अल्लो प्रशोधन ) जस्ता कार्यक्रम सञ्चालन गर्ने ।<br>२. अपाङहरुकोलागी जिवन उपयोगी सीप तालिमको व्यवस्था गर्ने ।<br>३. दलितहरूलाई विभिन्न सामाग्री (आधुनिक आरन र सिलाईकटाइको सामाग्रीहरु वितरण गर्ने । |
| युवा तथा खेलकुद | १. जय प्रसाद रङ्गशाला निर्माण गर्ने ।<br>२. खेलकुद प्रतियोगिता सञ्चालन तथा खेलाडी प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने। |

| | |
|---|---|
| स्थानीय भाषा, संस्कृति, कला तथा साहित्य | वडामा रहेका सम्पूर्ण जातजातिको भाषा कला संस्कृति भेषभुषा नाच आदिको संरक्षण गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने । |
| सूचना तथा प्रविधि | सवै विद्यालय वडा कार्यालय स्वास्थ्य चौकीमा सिसीटिभि जडान गर्ने । |
| सुरक्षा | कालीखोलामा शसस्त्र प्रहरी बल (सिमा सुरक्षा) स्थापना गर्ने । |

आर्थिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| कृषि | १. अलैची खेतीलाई प्रवर्द्धन गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने ।<br>२ मकै, कोदो, आलु खेतीलाई व्यवसायिकरण गर्न कार्यक्रम सञ्चालन गर्ने ।<br>३. कृषि उत्पादनलाई सुरक्षित गर्न शित भण्डार (cold Store) स्थापना गर्ने ।<br>४. कृषि प्राविधिक वडामा नै व्यवस्थापन गर्ने । |
| पशुपालन | १. चौरी, भेडा, बंगुर, गाई, बाख्रा लगायत पशुपालक कृषकलाई अनुदानको व्यवस्था गर्ने ।<br>२. एक घर एक गाई गोठ व्यवस्थापनको लागि पहल गर्ने ।<br>३. सम्पूर्ण टोलहरू समेटेर दुध डेरी को स्थापना गर्ने<br>४) वडामा नै पशु प्राविधिकको व्यवस्था गर्ने। |
| उद्योग | १. वडामा दुग्ध जन्य (छुर्पी, चिज, घ्यू) उद्योग स्थापना गर्ने ।<br>२. अल्लो संकलन तथा प्रशोधन उद्योग स्थापना गर्ने ।<br>३. हाते कागज उद्योग स्थापना गर्ने ।<br>४. राडी पाखी उद्योग सञ्चालन गर्ने । |
| पर्यटन | १. तिम्बुङ पोखरी मा विभिन्न संरचना निर्माण गरी आन्तरीक र वाह्य पर्यटन पर्वद्धन गर्ने<br>२. जलपा मन्दिर निर्माण तथा व्यवस्थापन गर्ने ।<br>३. सिंहका ी देवीको निर्माण तथा घेराबारा गर्ने । |
| सहकारी | १. वडामा कृषि सहकारी स्थापना गरी कृषि बजार व्यवस्थापन सहजीकरण गर्ने |

पूर्वाधार विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| सडक | १. लोकुम्बा मोटिटार मिचिम हुदै तिम्बुङ पोखरी जाने बाटो निर्माण तथा स्तरउन्नती गर्ने ।<br>२. चावा हुदै वडा कार्यलय जाने वाटो निर्माण तथा स्तरउन्नती गर्ने ।<br>३. लोकुम्बा तेम्बुक, नेवारे हुदै तिम्बुङ पोखरी जाने बाटो निर्माण गर्ने ।<br>४. ढ्याङ्ग्रे हुदै सिदिङ्वा आ.वि. जाने बाटो स्तरउन्नती गर्ने ।<br>५. मटिटार कात्तिके थाम हुदै सिदिङ्वा जाने बाटो निर्माण तथा मर्मत गर्ने । |

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| | ६. मिचिम हुदै कालिखोला सडक मर्मत गर्ने । |
| पुल | १. चावा खोला र कालीखोलामा मोटरेबल पुल निर्माण गर्ने ।<br>२. तेम्बुक देखि लामी दुवाली जाने झोलुङे पुल निर्माण गर्ने । |
| सिंचाई | १. वडाका सबै कृषि योग्य जमिनमा आवश्यक अनुसार सिचाइको व्यवस्था गर्ने । |
| आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण | १. वडा कार्यालयको भवन निर्माण गर्ने ।<br>२. सामुदायिक भवन निर्माण गर्ने<br>३. वडामा रहेको फुसको छाना हटाई टिनको छानाको व्यवस्था गर्ने । |
| विद्युत तथा वैकल्पिक उर्जा | १. वडाका सम्पूर्ण घरधुरीहरुमा केन्द्रीय विद्युत् प्रसारण लाईन विस्तार गर्ने ।<br>२. समुदायिक भवन, सरकारी कार्यलय विद्यालयहरुमा सौर्य उर्जा (सोलार) जडान गर्ने । |
| सूचना तथा प्रविधि | १. सवै सरकारी कार्यालय विद्यालयहरुमा इन्टरनेट इ-हाजिरी र आवश्यक अनुसार सिसिटिभी जडान गर्ने । |

वन वातावरण तथा विपद् व्यवस्थापन

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| वन तथा जैविक विविधता | १. सामुदायिक बनको खाली क्षेत्रमामा रानी चाँप, ओखरको विरूवा रोप्ने ।<br>२. रेडपाण्डा, कस्तुरी, मृग, कालो भालु जस्ता लोपउन्मुख जनावरको संरक्षण गर्ने ।<br>३. पदमचाल पाखनवेद चिराइतो जस्ता जडिबुटीकोसरंक्षण गर्ने । |
| भूमी तथा जलाधार व्यवस्थापन | १. तिम्बुङ पोखरी तालको संरक्षण गर्ने । |
| वातावरण तथा स्वच्छता | |
| विपद् व्यवस्थापन | १. नेवारे पहिले नियन्त्रण गर्न ग्याविन वाल निर्माण गर्ने ।<br>२. सर्वे मोटरबाटो बाढी, पहिरो जोखिम रहेकोले तारजाली ग्याविन वाल निर्माण गर्ने<br>३. आकाशे चावर खोलामा पहिरो नियन्त्रण गर्न ग्याविन वाल, तारजाली निर्माण गर्ने । |

# वडा नं. २

सामाजिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| शिक्षा | १. श्री जनता आ.वि. मा विद्यालय भवन निर्माण गर्ने । (८ कोठे भवन)<br>२. सिद्धेश्वरी मा.वि. मा आवाशिय भवन निर्माण गर्ने ।<br>३. यस वडा भित्र रहेका सम्पूर्ण विद्यालय घेराबारा निर्माण गर्ने ।<br>४. तहगत र विषयगत दरवन्दी मिलान गर्ने ।<br>५. श्री जनता आ.वि. मा कम्प्युटर र अन्य सामाग्री शिक्षा (ICT) विस्तार गर्ने ।<br>६. प्राविधिक शिक्षाको लागि छात्रावृद्धिको व्यवस्था गर्ने । |
| स्वास्थ्य | १. बर्थिङ सेन्टरको लागि विभिन्न सामाग्रीहरुको व्यवस्था गर्ने ।<br>२. स्वास्थ्य चौकीका लागि आवशीय भवन निर्माण गर्ने ।<br>३. विद्युत नभएकोले वैकल्पिक उर्जा सोलार को व्यवस्था गर्ने । |
| खानेपानी | १. दोबान खोला खानेपानी आयोजना निर्माण गर्ने ।<br>२. छुरे बनकेरे खानेपानी आयोजना निर्माण गर्ने ।<br>३. तारेभिर खानेपानी मर्मत सम्भार गर्ने । |
| सरसफाई | १. वडा नं. २ को साविक ६ मा सार्वजनिक शौचालय निर्माण गर्ने । |
| सामाजिक समावेशीकरण | १. वडाबासी महिला /जनजातीहरुको लागि शिपमुलक तालिम (कम्प्युटर, राडीपाखी/खाडी बुन्ने) तालिम ।<br>२. दलित लक्षित कार्यक्रम विभिन्न जिविकोपार्जन सीप मुलक तालिम र सामाग्री बितरण गर्ने। |
| युवा तथा खेलकुद | १. यस वडाको साविक ६ कलिटार, वार्ड नं. ३ लोकुम्बा सिब्रिक कामीटार फासेवुडमा खेल मैदान निर्माण गर्ने ।<br>२. यस वडामा सुविधा सम्पन्न कभर्ड हल निर्माण गर्ने । |
| स्थानीय भाषा, संस्कृति, कला तथा साहित्य | १. यस वडामा रहेका सम्पूर्ण जातजातिको नाच कला संस्कृति भाषा संरक्षण गर्न संग्रहालय निर्माण गर्ने ।<br>२. लिम्बु जातिको च्याब्रुङ र पञ्चेबाजा संरक्षण गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्ने । |
| सुरक्षा | यस वडाको लागि अस्थायी प्रहरी चौकी निर्माण/ माग गर्ने । |

आर्थिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| कृषि | १. अलैची खेतीलाई व्यवसायिक गर्न सुपर जोन घोषणा गरि विशेप कार्यक्रम सञ्चालन गर्ने ।<br>२. मकै खेतीलाई प्रवर्द्धन गर्ने ।<br>३. स्थानीय कृषि उत्पादनलाई सुरक्षित गर्न शितभण्डार (Cold Store) को स्थापना गर्ने । |

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| | ४. तरकारी खेती (खुर्सानी टमाटर, आलु र काउली) लाई प्रवर्द्धन गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने ।<br>५. फलफूल (सुन्तला किवि कागति) लाई व्यवसायिकीकरण गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्ने ।<br>६. वेमौसमी खेतीलाई प्रवर्द्धन गर्न कृषकहरुलाई विभिन्न सामाग्रीहरु वितरण गर्ने । |
| पशुपालन | १. दुग्धजन्य पशुपालनलाई सामुहिकीकरण गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने ।<br>२. गोठसुधार कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्ने ।<br>३. पशु विमा अनिवार्य गर्ने ।<br>४. स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्न डेरीको स्थापना गर्ने ।<br>५. वडामा पशु प्राविधिक/भेटेनरीको व्यवस्थाप गर्ने । |
| उद्योग | १. दुग्धजन्य तथा चिज उद्योग स्थापना ।<br>२. अण्डा तथा ह्य्याचरी उद्योग स्थापना गर्ने ।<br>३. अचार उद्योगको स्थापना गर्ने । |
| पर्यटन | १. सिदिङ्वाधामलाई पर्यटन प्रवर्द्धन गर्नको लागि भौतिक संरचना निर्माण गर्ने ।<br>२. वडा केन्द्रमा बाल उद्यान (children park) निर्माण गर्ने । |
| सहकारी | १. यस वडामा कृषि सहकारी स्थापना गरी कृषि बजार व्यवस्थापनमा सहजिकरण गर्ने । |

पूर्वाधार विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| सडक | १. फलैचा ओडारे सादेवा हुँदै लोक्रम्बा सडक स्तरउन्नति गर्ने ।<br>२. सिलसिले सिव्रेक सिदिङ्वा सडक स्तरउन्नति गर्ने ।<br>३. सुवा खोला सिव्रेक सादेवा लुकुम्बा सडक स्तरउन्नति गर्ने ।<br>४. सिव्रेक फासेवुङ लोकुम्बा सडकखण्ड स्तरोन्नति गर्ने ।<br>५. डाँडाखेत ओडारे सादेवा सडक निर्माण गर्ने ।<br>६. लुकुम्बा तेम्बुक निवारे मिपिम सडक निर्माण गर्ने ।<br>७. पात्लेडाँडा फार्सेबुङ लोकुम्बा सडक स्तरउन्नति गर्ने ।<br>८. कोलबोटे उखुबारी सुवाखोला सडक निर्माण गर्ने ।<br>९. फेसेबुङ सुवाखोला खिरावोटे सडक निर्माण गर्ने । |
| पुल | १. ओडारे मोटरेवल पुल मर्मत सम्भार गर्ने ।<br>२. सुवाखोला मोटरेवल पुल निर्माण गर्ने ।<br>३. लोकुम्बा दोबानखोला झोलुङ्गे पुल निर्माण गर्ने । |

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| | ४. उखुबारी मझुवा झोलुङ्गे पुल निर्माण गर्ने ।<br>५. तिनतले थापा डाँडा झोलुङ्गे पुल निर्माण गर्ने । |
| सिंचाई | १. सुवाखोला सिंचाई आयोजना निर्माण गर्ने ।<br>२. सुवाखोला उखुबारी खेसेबुङ सिंचाई मर्मत तथा स्तरोन्नति गर्ने ।<br>३. दोबान खोला सिंचाई आयोजना मर्मत गर्ने ।<br>४. रैइभ गुर्चुमखोला सिंचाई आयोजना मर्मत गर्ने । |
| आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण | १. पुरानो वडा कार्यालय परिसरमा सामुदायिक भवन निर्माण गर्ने । |
| विद्युत तथा वैकल्पिक उर्जा | १. सवै घरधुरीमा विद्युतिकरण गर्ने ।<br>२. सरकारी कार्यलय र सार्वजनिक बाटो सौर्य सडक वत्ति जडान गर्ने । |
| सूचना तथा प्रविधि | १. यस वडाका सम्पूर्ण सरकारी कार्यलयमा इन्टरनेट सिसिटिभी जडान गर्ने । |

वन वातावरण तथा विपद् व्यवस्थापन

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| वन तथा जैविक विविधता | १. रेडपाण्डा कस्तुरी मृग सालक संरक्षण गर्न विशेष कार्यक्रम संचालन गर्ने ।<br>२. बन क्षेत्रको खाली ठाउँमा विभिन्न जातका विरुवाहरु वृक्षारोपण गर्ने । |
| भूमी तथा जलाधार व्यवस्थापन | |
| वातावरण तथा स्वच्छता | |
| विपद् व्यवस्थापन | १. ओडारे पुल वरिपिर ग्याविङ वाल तथा तारजाली निर्माण गर्ने ।<br>२. सिलिसले सिब्रिक सिदिङवा सडक खण्डमा ग्याविङ वाल तथा तारजाली निर्माण गर्ने ।<br>३. ओडारे लोकुम्बा सडकखण्डमा ग्याविङ वाल तथा तारजाली निर्माण गर्ने ।<br>४. वडा कार्यालय स्वास्थ्य चौकी विद्यालय परिसरमा ग्याविङ वाल तथा तारजाली निर्माण गर्ने । |

# वडा नं. ३

सामाजिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| शिक्षा | १. सिङगेश्वरी मा.वि. मा आवश्यक दरबन्दी (उच्च मा०वि०) को व्यवस्था गर्ने ।<br>२. सिङगेश्वरी मा.वि. को खेल मैदान विस्तार गर्ने ।<br>३. यस वडा भित्र रहेका प्रत्ययक विद्यालय घेराबारा गर्ने ।<br>४. बुङरुङ आ.वि., आगेपा आवि. जलेश्वरी आ.वि.मा शौचालय निर्माण र प्राविधिक शिक्षा (ICT) विस्तार गर्ने । |
| स्वास्थ्य | १. स्वास्थ्य चौकीमा दक्ष विशेषज्ञ को व्यवस्था गर्ने ।<br>२. थुङरुम्बा र आगेपा मा स्वास्थ्य इकाई निर्माण गर्ने । |
| खानेपानी | १. खोबारी मुहान भई पाङदुवा पुच्छर पोखरी ताल, ठूलो भञ्याङ होम स्टे, हिले हर्कटे, सिदिङमा धाम मन्दिर, लसुने, तोपहाङडाँडाबाट कालिखोला, सादेबा, आङखोप, साम्लाखु बृहत खानेपानी आयोजना निर्माण गर्ने । |
| सरसफाई | १. यस वडाको फोहोर व्यवस्थापनको लागि लागी डम्पिङ साइड निर्माण गर्ने ।<br>२. आगेपा आ.वि. आसपास सार्वजनिक शौचालय निर्माण गर्ने । |
| सामाजिक समावेशीकरण | १. महिला जनजातीहरुको लागी कम्प्युटर तालिम ।<br>२. दलित समुदायको लागी सीप मुलक तालिम र सामाग्री बितरण गर्ने।<br>३. अपाङ्गको प्रकृति छेटी सिपमुलक तालिमको व्यवस्थापन गर्ने । |
| युवा तथा खेलकुद | १. यस वडाको विभिन्न स्थानमा खेल मैदान निर्माण गर्ने ।<br>२. यस वडामा सुविधा सम्पन्न कभर्ड हल निर्माण गर्ने । |
| स्थानीय भाषा, संस्कृति, कला तथा साहित्य | १. यस वडामा रहेका सम्पूर्ण जातजातिको नाच कला संस्कृति भाषा संरक्षण गर्न विभिन्न कार्यक्रम संचालन गर्ने । |
| सुरक्षा | यस वडाको खिर्लावोटेमा अस्थायी प्रहरी चौकी माग गर्ने । |

आर्थिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| कृषि | १. कफि खेती विस्तार गर्दा उन्नतजातको बिरुवा एवं प्राविधिकको व्यवस्था गर्ने।<br>२. अलैंची खेतीलाई व्यवसायिक बनाउन विशेष कार्यक्रम सञ्चालन गरी कार्यन्वयन गर्ने । (उन्नत जातका विउ, विशेषज्ञ)<br>३. यस वडामा सम्भावना रहेको बेसार खेतीलाई व्यवसायिक बनाउन विशेष कार्यक्रम सञ्चालन गर्ने ।<br>३. अन्नवाली धान, मकै, कोदो खेतीलाई प्रर्वदन गर्न कार्यक्रम सञ्चालन गर्ने<br>४. फलफूल खेती (सुन्तला, कागती, किवी) लाई विशेष सञ्चालन गर्ने । |

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| पशुपालन | १. भेडा, गाई, बाख्रा, बंगुरपालक कृषकहरुको लागि उन्नत जातको/नश्ल सुधार गरी वितरण गर्ने ।<br>२. गोठखोर सुधार कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्ने ।<br>३. अनिवार्य पशु बिमा कार्यक्रम सञ्चालन गर्ने । |
| उद्योग | १. खोबारी मुहान भई पाङदुवा पुच्छर पोखरी ताल, ठूलो भञ्याङ होम स्टे, हिले हर्कटे, सिदिङमा धाम मन्दिर, लसुने, तोपहाङडाँडाबाट कालिखोला, सादेबा, आङखोप, साम्लाखु बृहत खानेपानी आयोजना निर्माण गर्ने । |
| पर्यटन | १. यस वडाको कृषि उत्पादनलाई सुरक्षित राख्न चिस्यान केन्द्र (cold Store) को स्थापना गर्ने ।<br>२ कृषि उत्पादनमा आधारित जुस उद्योग स्थापना गर्ने ।<br>३. तेलहन खेती लाई प्रवर्द्धन गर्न तेल मिल स्थापना गर्ने । |
| पर्यटन | १. सिदिङवा धाममा विभिन्न संरचना निर्माण गरी आन्तरिक र वाहय पर्यटक प्रवर्द्धन गर्ने ।<br>२. छाँगे झरना, लसुने डाँडामा भ्यु टावर निर्माण गर्ने । |
| सहकारी | १. यस वडामा रहेको लसुने महिला कृषि सहकारी, साथिभाई कृषि सहकारीलाई व्यवस्थित गरी बजार व्यवस्थापनमा सहजिकरण गर्ने । |

पूर्वाधार विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| सडक | १. मझुवा तेस्रे भञ्याङ हुँदै सिदिङवा पर्यटकिय मार्ग निर्माण गर्ने ।<br>२. डाडाँ गउ बुद्ध सिङ आगेपा हुँदै फलाटे सडक निर्माण गर्ने ।<br>३. मझुवा भिरे भ्यागुते तारेभिर झरना हुँदै सादेवा जाने मोटरा वाटो निर्माण ।<br>४. जलेश्वरी सोखुपा बुङग्रुङ हुदै सिलसिले सडक निर्माण गर्ने ।<br>५. खर्कगाउँ तोपाङ मार्ग लसुने हुँदै तेसे भञ्याङ सडक निर्माण ।<br>६. खर्क गाउँ देखी चर्च सडक निर्माण गर्ने ।<br>७. ओखर ढाट देखी मिलन राई को घर हुदै निमाङ-दिन, सडक निर्माण गर्ने । |
| पुल | १. खोरिम्बा खोला जलेश्वरी - सिलसिले जोड्ने मोटरेवल पुल निर्माण गर्ने ।<br>२. छाँगे खोला आङखोप - आगेपा जोड्ने मोटरेवल पुल निर्माण गर्ने |
| सिंचाई | १. साविक ८ र ९ बुदुक सिंह सिंचाई आयोजना निर्माण गर्ने ।<br>२. दारधारी कुलो सिंचाई आयोजना निर्माण गर्ने ।<br>३. सेलिङ कुलो सिंचाई आयोजना निर्माण गर्ने ।<br>४. भेटवाल कुलो सिंचाई आयोजना निर्माण गर्ने ।<br>५. दुम्ला कुलो सिंचाई आयोजना निर्माण गर्ने ।<br>६. सामसिन थुरुम्बा साना कुलो सिंचाई आयोजना निर्माण गर्ने ।<br>७. सामसिन घुमाउने ठूलो कुलो सिंचाई आयोजना निर्माण गर्ने । |
| आवास, वस्ती विकास | १. वडा कार्यलय भवन निर्माण गर्ने ।.<br>२. सामुदायिक भवन निमाण गर्ने<br>३. आगेपा आ.वि. भवन निर्माण गर्ने |

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| तथा सार्वजनिक निर्माण | ४. स्वास्थ्य चौकी मा ट्रस निर्माण<br>५. जलेश्वरी आ. वि० भवन निर्माण 1 |
| विद्युत तथा वैकल्पिक उर्जा | १. सार्वजनिक भवन, विद्यालय र सडकमा वैकल्पिक सडक बत्ती जडान गर्ने । |

वन वातावरण तथा विपद् व्यवस्थापन

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| वन तथा जैविक विविधता | १. यस वडामा रहेको समुदायिक बनमा वृक्षरोपण गर्ने ।<br>२. लोपउन्मुख बन्यजन्तु सालक, दुम्सी, मृग र हरिणहरुको संरक्षण गर्ने विभिन्न कार्यक्रम सञ्चालन गर्ने । |
| भूमी तथा जलाधार व्यवस्थापन | १. ४ नं. वडा कार्यलय हाता भित्र घेरावारा गर्ने ।<br>२. फोक्टे (लसुने तिउरे सामुदायिक वन क्षेत्र फोक्टेमा पोखरी निर्माण |
| वातावरण तथा स्वच्छता | |
| विपद् व्यवस्थापन | १. खिलावाटे खोरिम्वाघाट वाढी पहिरो जोखिम क्षेत्रमा ग्याविङ वाल निर्माण गर्ने ।<br>२. साब्लाखु खोला तटवन्धन ।<br>३. वडा नं. ३ को काउन्टर एरियामा ग्याविन वाल निर्माण गर्ने ।<br>४. छात्रे खोला ग्याविङ वाल निर्माण<br>५. सिलसिले मोटरवाटो अन्तर्गत सामसिङ खोला ग्याविन वाल निर्माण गर्ने |

# वडा नं. ४

सामाजिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| शिक्षा | १. सरस्वती मा.वि, खेलमैदान तथा घेरावारा निर्माण ।<br>२. लुङपुङ पौवा प्रा.वि. भवन निर्माण गर्ने ।<br>३. राधिका आ.वि. भवन निर्माण तथा खेलमैदान निर्माण गर्ने ।<br>४. इन्द्रवती आ.वि. खेलमैदान तथा घेरावारा निर्माण गर्ने ।<br>५. सिहदेवी आ.वि. सौचालय, खेल मैदान घेटवारा निर्माण गर्ने ।<br>६. गौतम बुद्ध प्रा.बि. घेरावारा, शौचालय निर्माण गर्ने<br>७. इन्द्रावती, गौतम बुद्ध, राधिका आ. वि. लुङसुङ, पौवा आ.वि.मा कम्प्युटरको व्यवस्था गर्ने ।<br>८. यस वडामा रहेका सम्पूर्ण विद्यालयहरुमा प्रोजेक्टरको व्यवस्थापन गर्ने |
| स्वास्थ्य | १. स्वास्थ्य इकाईको भवन निर्माण गर्ने ।<br>२. स्वास्थ्य इकाइ मा बर्थिङ सेन्टर स्थापना गर्ने ।<br>३. साब्लाखु स्वास्थ्य चौकीलाई आधारभुत अस्पतालमा रूपान्तरण गर्ने । |
| खानेपानी | १. ढवाङढवाङ्गे खानेपानी आयोजना निर्माण गर्ने ।<br>२. बृहत खानेपानी आयोजना मर्मत तथा स्तरउन्नती<br>३. केन्द्रिय खानेपानी आयोजना मर्मत तथा स्तरउन्नती गर्ने<br>४. साब्लाखु खोला दोभानवाट टावरडाँडासम्म खानेपानी आयोजना माग गर्ने । |
| सरसफाई | साविक ८ जिरो प्वाइन्ट र देउरालीमा सार्वजनिक सौचालय निर्माण गर्ने । |
| सामाजिक समावेशीकरण | १. महिला वर्ग को लागि सीपमुलक सिलाई बुनाई ढाका, खाकी, पार्लर, मन्टेश्वरी सम्वन्धी तालिमको व्यवस्था गर्ने ।<br>२. दलित तथा अपाङ्ग वर्गको लागि सीपमुलक तालिम एवं सामाग्री वितरण गरी आत्मनिर्भर बनाउने । |
| युवा तथा खेलकुद | १. यस वडामा एउटा कभर्ड हलको निर्माण गर्ने ।<br>२. टावर डाडाँमा सिदिङ्वा रङ्गशाला निर्माण । |
| स्थानीय भाषा, संस्कृति, कला तथा साहित्य | १. स्थानीय भाषा संस्कृति नाच भेषभुषा संरक्षण र प्रवर्द्धन गर्न विशेष कार्यक्रम संचालन गर्ने । |
| सुरक्षा | साब्लाखु प्रहरी चौकीलाई इलाका प्रहरी कार्यालय बनाउने । |

आर्थिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| कृषि | १. नगदेवादी (अलैची, कफी, अदुवा, अस्सो) खेतीलाई व्यवसायिकरण गर्न विशेष कार्यक्रम सञ्चालन गरी कार्यन्वयन गर्ने ।<br>२. यस वडाको कृषि उत्पादनलाई संरक्षण गर्न चिस्यान केन्द्र (Cold store) को निर्माण गर्ने ।<br>३. कृषि क्षेत्रको विकास कालागी कृषि प्राविधिक र उन्नत जातको विउ |

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| | विजन को व्यवस्था गर्ने ।<br>४. यस वडामा उत्पादन हुने अन्नवालीको उब्बत जातको विउ विजन एवं मल खादको व्यवस्था गर्ने ।<br>५. फलफुल खेती (सुन्तला, केरा, आप, लिची, कागती) लाई प्रवर्द्धन गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्ने । |
| पशुपालन | १. पशुपालक कृषकहरुलाई उन्नतजातको / नश्ल सुधार गरिएको पाठाहरु वितरण गर्ने। (गाई, बडगुर बाख्रा) ।<br>२. गोठ सुधार कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्ने ।<br>३. कृषि उत्पादनलाई सुरक्षित गर्न सामुदायिक डेरी स्थापना ।<br>४. कृषि तथा पशुपालक उत्पादनलाई प्रवर्द्धन गर्न बजार व्यवस्थापन गर्ने |
| उद्योग | १. कफी प्रसोधन उद्योग स्थापना गर्ने ।<br>२. अदुवा प्रशोधन तथा मसला उद्योग स्थापना गर्ने ।<br>३. फलफुलको जुस उद्योग सञ्चालन गर्ने । |
| पर्यटन | १. कावेली माङहिम, शिवालय, सानो पाथिभरा, छिखानी हावर डाडा हुदै निङमा टासी छोलिङ गुम्बामा विभिन्न संरचना निर्माण गरी आन्तरीक र बाह्य पर्यटन पर्वद्धन गर्ने । |
| सहकारी | यस वडामा रहेको कृषि सहकारीलाई व्यवस्थित गरी कृषि बजार व्यवस्थापनमा समन्वय गर्ने । |
| सूचना तथा प्रविधि | यस वडामा फाइवर इन्टरनेट सेवा जडा तथा विस्तार गर्ने ।<br>वडा कार्यालय तथा अन्य सरकारी कार्यालयमा सि.सि.टि.भी जडान गर्ने । |

पूर्वाधार विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| सडक | १. सिनाम पञ्चमी कावेली खोला हुँदै बरडाडा चिस्यानी खोल्सा विणु गोलाई हुदै च्याङथापु सडक निर्माण गर्ने ।<br>२. वडा कार्यलय देखी साविक वडहरु १,२ र ३ जोडने सडक निर्माण गर्ने ।<br>३. कार्तिके साविक १, २ र ३ हुदै लिम्बुदिन सडक कालो पत्रे एवं स्तरउन्नती गर्ने ।<br>४. काजीगोलाई लङ्गुरे हुदै साविक १ नं. जाने सडक निर्माण गर्ने।<br>४. साब्लाखु देखी ओयाम जाने सडक स्तरउन्नती गर्ने ।<br>६. भञ्याङ हुदै टावर डाडा जाने सडक कालोपत्रे तथा स्तरउन्नती गर्ने । |

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| पुल | १. ताप्लेजुङ जिल्लाको श्रीजंघा गा.पा. र सिदिङ्वा गा.पा. जोड्ने कावेली खोलामा पक्की पूल निर्माण गर्ने । (सिनाम पञ्चमी - मिश्रटार)<br>२. याङवरक ३ ओयम - सिदिङवा गा.पा. ३ जोड्ने इन्द्रावती खोलामा पक्की पुल निर्माण (साधु डाडाँ) |
| सिंचाई | १. सिदिङ्वा ५ ढवाङढवाङ्गे खोल्सा देखी साब्लाखुसम्मको सिचाई आयोजना निर्माण गर्ने ।<br>२. अमले, सोती कुलो सिचाई आयोजना निर्माण तथा स्तरउन्नती गर्ने ।<br>३. साविक २ न वडा लङ्गुरे खोल्सा देखी मिश्रटार जाने कुलो स्तरउन्ती, होइरङ्गे खोल्सा-मासेपुछार हुदै गैरीवारी कुलो निर्माण गर्ने । |
| आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण | १. सिदिङवा गाउँपालिकाको प्रसासनिक भवन निर्माण ।<br>२. आधारभुत अस्पताल भवन निर्माण गर्ने।<br>३. सामुदायिक भवन निर्माण गर्ने ।<br>४. इलाका प्रहरी चौकी भवन निर्माण गर्ने |
| विद्युत तथा वैकल्पिक उर्जा | १. खानेपानी आयोजना मा बैकल्पीक उर्जा (सोलार) जडान गरी प्रयोग गर्ने। |

वन वातावरण तथा विपद् व्यवस्थापन

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| वन तथा जैविक विविधता | १. यस वडामा रहेको दुर्लभ बन्यजन्तु एवम् बनस्पति संरक्षण गर्न सामुदायिक बनमा घेरावारा निर्माण गर्ने ।<br>२. स्थानिय कृषि उत्पादनलाई क्षेति पुर-याएका, बन्यजन्तु बाँदर व्यवस्थापन गर्ने।<br>३. उपयुक्त बनस्पति तथा जडिवुटीको वृक्षारोपण गर्ने । |
| भूमी तथा जलाधार व्यवस्थापन | |
| वातावरण तथा स्वच्छता | |
| विपद् व्यवस्थापन | १. डडेलो जोखिम क्षेत्रलाई न्यूनिकरण गर्न कृतिम पोखरी निर्माण गर्ने । |

# वडा नं. ५

## सामाजिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| शिक्षा | १. जनता प्रा.वि., सिदिङ्वा आ.वि. सुनगाभा आ.वि. भन्ज्याङ् मा.वि.को भवन निर्माण गर्ने ।<br>२. सम्पूर्ण विद्यालयमा सूचना प्रविधि ICT जडान गर्ने ।<br>३. राम प्रा.वि. को भवन निर्माण गर्ने ।<br>४. सम्पूर्ण विद्यालयमा घेराबारा गर्ने ।<br>५. अपुग भएका विद्यालयमा तहगत र विषयगत दरवन्दी माँग गर्ने । |
| स्वास्थ्य | १. निर्माणाधिन स्वास्थ्य चौकीलाई पूर्ण गर्ने ।<br>२. वडा नं. ५ लिम्बुदिनमा बर्थिङ् सेन्टरको स्थापना गर्ने ।<br>३. आवश्यक औषधि उपकरणको व्यवस्था गर्ने । |
| खानेपानी | १. एक घर एक धारा नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।<br>२. अपूर्ण रहेका खानेपानी आयोजनालाई पूर्णता दिने ।<br>३. मौवा खोला खानेपानी आयोजना निर्माण गर्ने ।<br>४. एडीबि खानेपानी आयोजना मर्मत गर्ने ।<br>५. बृहत् खानेपानी ल्याङल्याङ्गे लाई पूर्णता दिने । |
| सरसफाई | १. चङ्बुङ बजार भन्ज्याङ बजार फावाटार चौठे डाँडामा सार्वजनिक शौचालय निर्माण गर्ने ।<br>२. यमूना डाँडामा सार्वजनिक शौचालय निर्माण गर्ने । |
| सामाजिक समावेशीकरण | १. महिलाहरुको लागि सिपमूलक (सिलाई, कटाई, ढाका बुन्ने, उद्धोषण) तालिमको व्यवस्था गर्ने ।<br>२. अपाङ्ग भएका व्यक्तिको लागि सिपमूलक (कम्प्युटर, मोबाइल मर्मत, डालो नाङ्लो) तालिम सञ्चालन गर्ने ।<br>३. दलितहरुको लागि सिपमूलक तालिम र विभिन्न सामाग्री वितरण (आधुनिक आरन, सिलाई मेशिन) वितरण गर्ने । |
| युवा तथा खेलकुद | १. लिम्बुदिन साविक ४ मा एउटा रङ्गशाला निर्माण गर्ने ।<br>२. साविक ८ मा रङ्गशाला निर्माण गर्ने ।<br>३. विभिन्न खेलकूदको लागि प्रशिक्षकको व्यवस्था गर्ने ।<br>४. एखेदिन साविक ५ मा रङ्गशाला निर्माण गर्ने ।<br>५. साविक २ याङखापामा रङ्गशाला निर्माण गर्ने । |
| स्थानीय भाषा, संस्कृति, कला तथा साहित्य | १. स्थानीय भाषाको पठनपाठनको व्यवस्था गर्ने ।<br>२. स्थानीय भाषा कला, संस्कृति नाच (राई, लिम्बु, तामाङ, नेवार, ब्राम्हण र क्षेत्री) आदिलाई संरक्षण गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्ने । |
| सूचना तथा प्रविधि | १. वडा कार्यालय, विद्यालय र स्वास्थ्य चौकीमा सिसिटिभी जडान गर्ने ।<br>२. सम्पूर्ण विद्यालयहरुमा ICT सामाग्रीहरुको वितरण गर्ने र internet जडान गर्ने । |

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| सुरक्षा | |

**आर्थिक विकास**

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| कृषि | १. अलैची कफी खेतीलाई प्रोत्साहन गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्ने ।<br>२. खाद्यान्नबाली (धान, कोदो र मकै ) आदिको लागि विभिन्न कार्यक्रम सञ्चालन गर्ने ।<br>३. फलफूल खेतीलाई प्रवर्द्धन गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्ने ।<br>४. तरकारी खेतीलाई विस्तार गर्न कार्यक्रम बनाउने ।<br>५. वडामा कृषि प्राविधिकको व्यवस्था गर्ने ।<br>६. शितभण्डारको स्थापना गर्ने । |
| पशुपालन | १. नश्ल सुधार कार्यक्रम सञ्चालन गर्ने ।<br>२. गोठ सुधार कार्यक्रम सञ्चालन गर्ने ।<br>३. अनिवार्य पशु विमा कार्यक्रम सञ्चालन गर्ने ।<br>४. पशु प्राविधिक र औषधिको व्यवस्था गर्ने । |
| उद्योग | १. अल्लो तथा लोक्ता प्रशोधन उद्योग<br>२. ढाका उद्योग सञ्चालन गर्ने ।<br>३. दुग्धजन्य तथा डेरी उद्योग । |
| पर्यटन | १. ढङढङ्गे झरनामा विभिन्न संरचना निर्माण गर्ने ।<br>२. सिदिङ्वाधामा संरचना निर्माण गर्ने ।<br>३. सम्यवा माङहिम तोपहाङ सालिम लगायत धार्मिक स्थललाई व्यवस्थापन गर्ने । |
| सहकारी | |

**पूर्वाधार विकास**

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| सडक | १. कार्तिके डाँडा गाउँबाट दमैडाँडा सडक निर्माण गर्ने ।<br>२. कात्तिके सिग्गेदिन वरडाँडा बडहरे भन्ज्याङ सडक निर्माणाधिन सडक सम्पन्न गर्ने ।<br>३. सिग्गेदिन यमुना आ.वि. पेनेपा सिनाम डाँडागाँउ सडक निर्माण गर्ने ।<br>४. लिम्बुदिन देखि पुलचोक सडक निर्माण गर्ने ।<br>५. लिम्बुदिन देखि एखेदिन खेक्लेबुङ सडक स्तरउन्नति गर्ने ।<br>६. एखेदिन देखि श्रीसे गोलाई सडक निर्माण गर्ने ।<br>७. एखेदिन देखि पाङ्गु हुदै खेक्लेबुङ सडक निर्माण गर्ने ।<br>८. भन्ज्याङ देखि गुम्बा हुदै अमरपोखरी ढङढङ्गे झरना सडक निर्माण । |

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| | ९. खोक्लादाङ देखि चित्रे जोड्ने बाटो निर्माण ।<br>१०. ढङ्ढङ्गे तेस्रे हुदै सिदिङ्वाधाम सडक निर्माण । |
| पुल | १. फावाटार अम्रेवा (फावा) पक्की पुल निर्माण ।<br>२. पुलचोक तर्ने (कावेली खोला) पक्की पुल निर्माण ।<br>३. पेनेपा देखि सिनाम (कावेली खोला) पक्की पुल निर्माण ।<br>४. नोरुङ्गा खोला पक्की पुल निर्माण ।<br>५. उम्रेवा खाक्सुवा (फावा खोला) झोलुङ्गे पुल निर्माण ।<br>६. सिस्ने खेक्लेबुङ्ग (फावा खोला) झोलुङ्गे पुल निर्माण । |
| सिंचाई | |
| आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण | |
| विद्युत तथा वैकल्पिक उर्जा | वडाको विद्युत् नुपुगेको ठाउँमा विद्युत् विस्तार गर्ने । |
| सूचना तथा प्रविधि | |

**वन वातावरण तथा विपद् व्यवस्थापन**

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| वन तथा जैविक विविधता | १. सामुदायिक बन क्षेत्रमा विभिन्न जातका वोट विरुवाहरु वृक्षारोपण गर्ने ।<br>२. लोपोन्मुख बन्यजन्तु र बनस्पतिको संरक्षण गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्ने ।<br>३. लालीगुराँस चिराइतो धुपी जस्ता बनस्पतिको संरक्षण गर्ने । |
| भूमी तथा जलाधार व्यवस्थापन | |
| वातावरण तथा स्वच्छता | |
| विपद् व्यवस्थापन | १. साविक १ लिम्बुदिनमा नयाँ रोड विद्यालय तल पहिरो नियन्त्रण गर्ने<br>२. बडहरे लिम्बुदिनमा पहिरो नियन्त्रण गर्न तारजाली गर्ने ।<br>३. पालिका कार्यालय तल भन्ज्याङ् बजार पहिरो नियन्त्रणको लागि तारजाली । |

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
| --- | --- |
| | ४. साविक वडा नं. ६ चुम्बुङ पहिरो नियन्त्रण गर्न ग्याविन वाल निर्माण गर्ने ।<br>५. साविक २ यङ्खापा पहिरो नियन्त्रण गर्न ग्याविन वाल निर्माण गर्ने ।<br>६. पेनेपा लिम्बुदिन नोरोङ्गा खोला छेउ पहिरो नियन्त्रण गर्न ग्याविन वाल निर्माण ।<br>७. माहाबुङ एखेदिन सडक पहिरो नियन्त्रण गर्न तारजाली निर्माण गर्ने । |

## वडा नं. ६

सामाजिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
| --- | --- |
| शिक्षा | १. श्री निलगिरी मा. वि.मा क्याम्पस स्थापना गरी सञ्चालन गर्ने ।<br>२. श्री निलगिरी . मा.वि मा आवसिय भवन निर्माण गर्ने ।<br>३. विषयगत र तहगत शिक्षकको दरबन्दी पूर्ण रुपमा कायम गर्ने ।<br>४. गुणस्तरीय शिक्षाको व्यवस्था गर्ने।<br>५. निलगीरी मा.वि. मा कक्षा १-५ अंग्रेजी माध्यमावाट अध्ययन अध्यापनको लागी सामाग्रीहरुको व्यवस्थापन गर्ने।<br>६. ICC कार्यक्रम अर्न्तर्गत Smart Board, OHD लगायत आवश्यक सामाग्री को भाग गर्ने |
| स्वास्थ्य | १. स्वास्थ्य चौकीलाई अस्पतालमा स्तरउन्नती गर्ने<br>२. यस वडामा Ambulance को माग गर्ने 1<br>३. सम्पूर्ण वस्तीहरूमा स्टेचरको व्यवस्था गर्ने । |
| खानेपानी | १. एक घर एक धारा निति कार्यन्वयन गर्ने ।<br>२. वडामा रहेको खानेपानी मुहानलाई व्यवस्थित गर्ने ।<br>३. हिङखाप आपवोरे खानेपानी आयोजना निर्माण गर्ने । |
| सरसफाई | १. यस वडाको खुवा, वडा कार्यलय आसपास,भालुखोप, नियाक, मुकु भन्ज्याङ, देउराली, बरडाडा कोयावुङ्गमा सार्वजनिक शौचालय निर्माण गर्ने |
| सामाजिक समावेशीकरण | १. अपाङ्ग महिलाहरुको लागी सीपमुलक तालिम, कम्प्यूटर तालिम, ढाका बुनाई, सिलाइकटाई तालिमको व्यवस्था गर्ने ।<br>२. दलित समुदायको लागी सीप मुलक तालिम एवं सामायी वितरण गर्न |
| युवा तथा खेलकुद | १. यस वडाको विभिन्न स्थानमा खेल मैदान निर्माण गर्ने ।<br>२. व्याडमिन्टन हल निर्माण गर्ने । |
| स्थानीय भाषा, संस्कृति, कला तथा साहित्य | १. स्थानीय लिम्बु, राई, तामाङ संस्कृति भाषा अध्ययन गर्ने व्यवस्था गर्ने<br>२. यस वडामा रहेको सम्पूर्ण धार्मिक स्थल भाषा संस्कृति नाच रितिरिवाजलाई संरक्षण गर्न विशेष कार्यक्रम संचालन गर्ने । |
| सूचना तथा प्रविधि | सवै विद्यालय वडा कार्यालय स्वास्थ्य चौकीमा सिसीटिभि जडान गर्ने । |
| सुरक्षा | यस वडामा अस्थायी प्रहरी चौकी माँग गर्ने । |

आर्थिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| कृषि | १. नगदे बाली अलैची, अमृसो प्रवर्द्धन गर्न विशेष कार्यक्रम सञ्चालन गरी कार्यन्वयन गर्ने ।<br>२. फलफुल सुन्तला कागती खेती विस्तार गर्न उन्नत जातको विरुवा वितरण एवं कृषि प्राविधिकको व्यवस्था।<br>३. यस वडामा रहेको कृषि योग्य जमीनको माटो परिक्षण गर्ने ।<br>४. खाद्यन्न वाली (धान, मकै, कोदो) को उन्नतजातको विउ विजन एवं कृषि सामाग्री वितरण गर्ने।<br>५. यस वडाका कृषकको उत्पादनलाई सुरक्षित गर्न शित भण्डार (cold store) को स्थापना गर्ने । |
| पशुपालन | १. यस वडामा भेटेनरी र पशु प्राविधिकको व्यवस्था गर्ने ।<br>२. नश्ल सुधार (गाई, भैसी, बरखा, बडगुर) । |
| उद्योग | १. दुग्ध जन्य चिज उद्योग स्थापना गर्ने ।<br>२. काठमा आधारित फर्निचर उद्योग ।<br>३. बासमा आधारित मुडा उद्योग ।<br>४. अलैंची प्रशोधन केन्द्रको स्थापना गर्ने |
| पर्यटन | १. ढङ टडे कर्ता, काली पोखरी, साधुकुरी, धामडाँडामा विभिन्न संरचना निर्माण गरी आन्तरीक एवं बाह्य पर्यटन प्रवर्द्धन गर्ने ।<br>२. महादेव थान मन्दिरको व्यवस्थापन गर्ने |
| सहकारी | १. यस वडामा कृषि सहकारी स्थापना गरी कृषि बजार व्यवस्थापनमा गर्ने |

पूर्वाधार विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| सडक | १. मोङदेन रिजन डाडा देखि तावा सडक निर्माण गर्ने<br>२. साविक ४ को भोटे खोरिया हुदै साविक ५, ६, ७ र ८ हुदै बरडाँडा सडक निर्माण गर्ने ।<br>३. खुवा स्कुलबाट मोङदेन हुदै देउराली सडक निर्माण गर्ने ।<br>४. देउराली पदमवा हुदै निलगिरी सडक निर्माण गर्ने ।<br>५. साबिक ४ जसोदा आठवि हुदै देउराली सडक निर्माण गर्मी<br>६. बरडाडा साविक ७ हुदै देउराली जोडने सडक निर्माण गर्ने ।<br>७. साविक ९ बाट भन्ज्याङ हुदै हिङखापु ढङढङ्गे सडक निर्माण गर्ने ।<br>८. मुकु भञ्याङ ससको हुदै ठामडाँडा कालीपोखरी सडक निर्माण गर्ने ।<br>९. खावाटार निलगिरी खुवा हुदै सुरम्खिम सडक स्तरोन्नती। |
| पुल | १. तावा कावेली जोड्ने मोटरेवल पक्की पुल निर्माण गर्ने ।<br>२. खेक्लेबुङ - एखेदिन (फावाखोला) मा मोटरेवल पक्की पुल निर्माण गर्ने |
| सिंचाई | १. हिमवाद शिवा खोला साविक ८ नं. हुदै साविक ७, ६ र ५ सिचाई कुलो निर्माण गर्ने |

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| | २. लाटेखोला बाट वडा न ४,५ खानी गाउ जाने सिचाइ कुलो निर्माण गर्ने ।<br>३. अलैची सिचाई सम्भावना अध्ययन एवं निर्माण गर्ने । |
| आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण | १. वडा कार्यलय भवन निर्माण गर्ने ।.<br>२. सामुदायिक भवन निमाण गर्ने<br>३. श्री जसोदा आ.वि., खुवा आ.वि., कालिका आ.वि. र सिंहदेवी आ.वि. भवन निर्माण गर्ने । |
| विद्युत तथा वैकल्पिक उर्जा | १. केन्द्रीय विद्युत् विस्तार गर्ने ।<br>२. एक घर एक सौर्य उर्जा माग गर्ने ।<br>३. सुन्तले खोला लजवि इन्टेक निर्माण गर्ने । |

वन वातावरण तथा विपद् व्यवस्थापन

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| वन तथा जैविक विविधता | १. सबै सामुदायिक बनमा वृक्षरोपण गर्ने ।<br>२. यस क्षेत्रमा रहेका मृग, दुम्सी, सालक, कालिज ढुकुर एवं विभिन्न बनस्पती पाखनवेद, चिटाइतो, खोकिम, वुढी, वक्तो सरक्षण गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने । |
| भूमी तथा जलाधार व्यवस्थापन | |
| वातावरण तथा स्वच्छता | १. प्रेम लिङदेन को घर आसपासमा पहिरो नियन्त्रण गर्न तारपाली निर्माण<br>२. फिदिम खेत पुछारको पहिरो नियन्त्रणको लागी ताररजाली निर्माण गर्ने |
| विपद् व्यवस्थापन | १. सुरम्खिम मेहेले जिरो प्वाइन्ट खुवामा पहिरो नियन्त्रण गर्न तारजाली गर्ने ।<br>२. सिम्ले फावा खोलामा पहिरो नियन्त्रण गर्न तारजाली गर्ने ।<br>३. मेहेले कार्की गोलाइवाट जमुने खोल्सामा तारजाली निर्माण गर्ने ।<br>४. सविक वडा नं. ६ को ठाडो खोल्साको पहिरो नियन्त्रण गर्न तारजाली निर्माण<br>५. खुलादिन बाह्यविसे खटुवा खोलामा पहिरो नियन्त्रण गर्न तारजाली निर्माण गर्ने ।<br>६. लाटेखोला गैरी खेत पहिरो नियन्त्रणको लागि तारजाली<br>७ मेहेले खुवा सडकखण्ड डाँडा खेतमा पहिरो नियंन्त्रण गर्न तारजाली |

# वडा नं. ७

सामाजिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| शिक्षा | १. हिरिङ्टार आ.वि.को भवन निर्माण गर्ने। ।<br>२. खाम्पियोक आ.वि. को भवन निर्माण गर्ने<br>३. सुरम्खिम आ.वि.मा घेरावारा निर्माण गर्ने ।<br>४. यस वडाका प्रा०वि.हरुमा शैक्षिक सामाग्रीको व्यवस्था गर्ने ।<br>५. यस वडामा रहेका विद्यालयमा अपुग दरबन्दीको व्यवस्था गर्ने ।<br>६. सामुदायिक सिकाई केन्द्र स्थापना गर्ने ।<br>७. बालबालिकाहरुको नागी बालमैत्री कार्यक्रम सञ्चालन गर्ने । |
| स्वास्थ्य | १. यस वडामा बर्थिङ सेन्टरको<br>२. विभिन्न रोगको पहिचान गर्न Lab को व्यवस्था गर्ने।<br>३. यस वडामा Ambulance को व्यवस्था गर्ने । |
| खानेपानी | १. एक घर एक धारा निति कार्यन्वयन गर्ने । |
| सरसफाई | १. यस वडाको फलाटे, सुरुम्खिममा सार्वजनिक शौचालय निर्माण गर्ने । |
| सामाजिक समावेशीकरण | १. महिलाहरूको लागी कृषि सम्बन्धी सीपमुलक ढाका, राडीपाखी,सिलाइ बुनाइ सम्बन्धी तालिमको व्यवस्था गर्ने।<br>२. अपाङ्गको प्रकृति हेरी तालिम र सौलियत कर्जा वितरण गर्ने ।<br>३. दलित समुदायलाई जनचेतना तालिम तथा सामाग्री वितरण गर्ने । |
| युवा तथा खेलकुद | १. यस वडाको विभिन्न ठाउँमा खेल मैदान निर्माण गर्ने ।<br>२. यस वडामा कर्भड हल निर्माण गर्ने । |
| स्थानीय भाषा, संस्कृति, कला तथा साहित्य | १. स्थानीय लिम्बु, राई, तामाङ संस्कृति भाषा अध्ययन गर्ने व्यवस्था गर्ने<br>२. यस वडामा रहेको सम्पूर्ण धार्मिक स्थल भाषा संस्कृति नाच रितिरिवाजलाई संरक्षण गर्न विशेष कार्यक्रम संचालन गर्ने । |
| सूचना तथा प्रविधि | सवै विद्यालय वडा कार्यालय स्वास्थ्य चौकीमा सिसीटिभि जडान गर्ने । |
| सुरक्षा | यस वडामा अस्थायी प्रहरी चौकी माँग गर्ने । |

आर्थिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| कृषि | १. यस वडाको कृषि उत्पादनलाई सुरक्षित गर्न शितभण्डार (Cold store) को स्थापना गर्ने ।<br>२. यस वडामा रहेका कृषिकहरूलाई कृषि सामाग्री खरिद गरी वितरण गर्ने ।<br>३. कृषकहरुलाई व्यवसायिकरण बनाउन कृषि सम्वन्धी तालिम एवं कृषि प्राविधिक को व्यवस्था गर्ने ।<br>४. अलैची, कफी कृषकलाई उन्नत जातको विउ विरुवा वितरण गर्ने ।<br>५. सुतना, कागती, किवी खेती पर्वद्धन गर्न विशेष अधिक |

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| | सञ्चालन गर्ने ।<br>६. कृषि बिमा कार्यक्रम सञ्चालन गर्ने । |
| पशुपालन | १. नश्ल सुधार कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्ने (गाउ, भैसी, बाखा, बङगुर, भेडा)<br>२. अनिवार्य पशु विमा कार्यक्रम सञ्चालन गर्ने ।<br>३. गोठ/खोर सुधार कार्यक्रम सञ्चालन गर्ने<br>४. पशु प्राविधिक वेडा मा व्यवस्था गर्ने । |
| उद्योग | १. अलैंची प्रशोधन उद्योग सञ्चालन गर्ने । |
| पर्यटन | १. चमेरू गुफामा विभिन्न संरचना निर्माण गरी आन्तरीक र बाह्य पर्यटन प्रर्वदन गर्ने।<br>२. मानेथुम माङहिममा विभिन्न संरचना निर्माण गर्ने । |
| सहकारी | १. यस वडामा कृषि सहकारी स्थापना गरी कृषि बजार व्यवस्थापनमा गर्ने |

पूर्वाधार विकास


| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| सडक | १. सुरुम्खिमटारी ठाडेखोला दोभान हुदै केरावारी सडक निर्माण गर्ने ।<br>२. रातमाटे हुदै सिदिङवा धाम सडक निर्माण गर्ने।<br>३. महादेवथान हुदै देउराली याम्फा खोला सडक निर्माण गर्ने।<br>४. हिरिङटार अमाटार हुदै चमेरू गुफा सडक निर्माण गर्ने ।<br>५. साविक ६ मालवासे हुई वरदार जोडने सडक निर्माण गर्ने ।<br>६. मेहेले खोला जिरो वाट वुडीखेत, नेवार गोलाइ हुदै बुङखिम सडक स्तरउन्नती गर्ने।<br>७. सिमपानी मजुवा तिनतले कर्जा पर्यटकिय मार्ग निर्माण गर्ने |
| पुल | १. तावा शिवा खोला सिदिङवा ७ र श्रीजंघा ७ जोडने पक्की पुल निर्माण गर्ने ।<br>२. केरावारी- काङमा तावाखोलामा झोलुङगे पुल निर्माण ।<br>३ बुङखिम केरावारी (ठाडे खोला) झोलुड्गे पुल निर्माण ।<br>४. पोखरी दोभान (तावा खोला) झोलुङ्गे पुल निर्माण । |
| सिंचाई | १. पेसुवा खोलावार बांकेटार सिचाइ आयोजना निर्माण<br>२. अलैची बृहत् सिचाई आयोजना (सुरुम्खिम) निर्माण गर्ने । |
| आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण | १. वडा कार्यलय भवन निर्माण गर्ने ।.<br>२. सामुदायिक भवन निमाण गर्ने |

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| विद्युत तथा वैकल्पिक उर्जा | १. केन्द्रीय विद्युत् विस्तार गर्ने ।<br>२. एक घर एक सौर्य उर्जा माग गर्ने ।<br>३. सौर्य सडक वत्ती जडान गर्ने । |


वन वातावरण तथा विपद् व्यवस्थापन

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| वन तथा जैविक विविधता | १. यस वडामा रहेको सामुदायिक वनको खाली क्षेत्रमा विभिन्न जातका वोटविरुवा वृक्षारोपण गर्ने।<br>२. रेड पाण्डा, सालक, हिमचितुवा, डाँफे, मुनाल सरक्षण गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्ने । |
| भूमी तथा जलाधार व्यवस्थापन | १. जलजले, थलथले, कालीपोखरी को मुहान सरसफाई तथा घेरावारा गर्ने<br>२. सिदिङवा ७ को जम्ले पोखरी को मुहान सरसफाइ तथा घेरावारा गर्ने । |
| वातावरण तथा स्वच्छता | |
| विपद् व्यवस्थापन | १. बुद्ध डाडा आसपास पहिरो जोखिम ठाँउमा ग्याविङ वाल निर्माण गर्ने ।<br>२. मालवासे गाउँ पहिरो जोखिम क्षेत्रमा ग्याविङ वाल निर्माण गर्ने ।<br>३. सेमिङमा बस्ती पहिरो जोखिम रहेकोले सुरविरे खोलामा तटबन्धन गर्ने |


अनुसूची भू उपयोग नक्शा
वार्ड नं. १





अनुसूची भू उपयोग नक्शा
वार्ड नं. २


Land Use Map:
Sidingwa Rural Municipality
(Ward-2)
N
Legend
Agriculture
Industrial
Culture
Other
Forest
Public
Hydrology
Settlement
District Boundary
Religious Place
Municipal Boundary
School/ College
Contour
Ward Boundary
Village Name
Road Network
River Network
Ukhubari
Sibrek
Sadewa
Lokumba
Odare
2
Yangwarak
PANCHTHAR
0
0.35
0.7
1.4
km


अनुसूची भू उपयोग नक्शा
वार्ड नं. ३





अनुसूची भू उपयोग नक्शा
वार्ड नं. ४




अनुसूची भू उपयोग नक्शा
वार्ड नं. ५




अनुसूची भू उपयोग नक्शा
वार्ड नं. ६



अनुसूची भू उपयोग नक्शा
वार्ड नं. ७



## योजना तर्जुमाका क्रममा लिइएका तस्वीरहरु



मिति : २०८१ साल ज्येष्ठ १८ र १९

आज मिति २०८१ साल ज्येष्ठ १८ गते शुक्रबारका दिन यस **सिदिङ्वा गाउँपालिकाको आवधिक योजना निर्माण सम्बन्धी** योजना तयारी कार्यशाला गोष्ठी यस गाउँपालिकाको अध्यक्ष श्री **मान बहादुर राई** ज्यूको अध्ययक्षतामा कार्यपालिका सदस्य ज्यूहरु, कर्मचारी ज्यूहरु, वडाका जनप्रतिनिधि एवम् कर्मचारी ज्यूहरु, राजनीतिक दलका प्रतिनिधि ज्यूहरु, निजी क्षेत्र एवम् सम्बन्धित सरोकारवाला व्यक्तित्व ज्यूहरुको तपशिल बमोजिमको उपस्थितिमा सम्पन्न भयो ।

**उपस्थितिको विवरण**

| क्रस | सहभागीको नाम | लिङ्ग | [illegible] | [illegible] | उमेर | पद | कार्यालय | स्थायी ठेगाना | सम्पर्क नं | ईमेल ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मान बहादुर राई | पु | | | | अध्यक्ष | सि.गा.पा. | सि-२ | [illegible] | | |
| २ | कृष्णा कुमारी कार्की | म | | | | उपाध्यक्ष | | सि-३ | [illegible] | | |
| ३ | विकास बि.क | पु | | | | प्र.प्र.अ | | नेपालगञ्ज | [illegible] | | |
| ४ | रत्न कु. लिङ्देन | पु | | | | अध्यक्ष-६ | | सि-६ | [illegible] | | |
| ५ | रत्न ब. खत्री | पु | | | | —॥— ३ | | — ३ | [illegible] | | |
| ६ | पूर्ण तामलिङ | पु | | | | —॥— ४ | | — ४ | [illegible] | | |
| ७ | गोपाल बानिया | पु | | | | —॥— १ | | — १ | [illegible] | | |
| ८ | श्याम ढोडियाङ | पु | | | | —॥— ५ | | — ५ | [illegible] | | |
| ९ | लक्ष्मण तामाङ | पु | | | | —॥— ६ | | — ६ | [illegible] | | |
| १० | प्रेम कुमार माङमु | पु | | | | —॥— २ | | — २ | [illegible] | | |
| ११ | जगन्नाथ आम्गाई | पु | | | | सहजकर्ता | | | | | |
| १२ | मधुसुदन श्रेष्ठ | पु | | | | —॥— | | | | | |




सिदिङ्वा गाउँपालिकाको
योजना
हार्दिक स्वागत


आवधिक योजना तर्जुमा
योजना तर्जुमा
मिति : २०८१ जेठ १७ र १८ गते






सिदिङ्वा गाउँपालिकाको
आवधिक योजना तर्जुमा कार्यक्रम
योजना तर्जुमा कार्यशाला गोष्ठी
This is our Mayor's office. Look, they are in a rush to pass the annual plan and budget on time.
हार्दिक


सिदिङ्वा गाउँपालिकाको
आवधिक योजना तर्जुमा कार्यक्रम
योजना तर्जुमा कार्यशाला गोष्ठी
(मिति : २०८१ जेठ १७ र १८ गते)
सिदिङ्वा गाउँपालि
हार्दिक स्वाग


पूर्वाधार विकास

मिति : २०८१ साल वैशाख १४

आज मिति २०८१।०१।१४ गतेका दिन यस सिदिङ्वा गाउँपालिका को आवधिक योजना निर्माण सम्बन्धी अभिमुखीकरण/कार्यशाला गोष्ठी यस गाउँपालिका का अध्यक्ष श्री मान बहादुर राई ज्यूको अध्यक्षतामा कार्यपालिका सदस्य ज्यूहरु, कर्मचारी ज्यूहरु, वडा सचिव, वडा सदस्य ज्यूहरु, निजी क्षेत्र एवम् सम्बन्धित सरोकारवाला व्यक्तित्व ज्यूहरुको तपशिल बमोजिमको उपस्थितिमा सम्पन्न भयो ।

उपस्थितिको विवरण

| क्र.स | सहभागीको नाम | लिङ्ग | जातजाति | धर्म | उमेर | पद | कार्यालय | स्थायी ठेगाना | सम्पर्क नं | ईमेल ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री मान बहादुर राई | पु. | राई | किराँत | | गा.पा. अध्यक्ष | सिदिङ्वा गा.पा. | सिदिङ्वा -२ | | | |
| २ | श्री कृष्ण कुमारी उप्रेती | म. | ब्राह्मण | हिन्दु | | गा.पा. उपाध्यक्ष | ,, | ,, -३ | | | |
| ३ | श्री पूर्ण कुमार माङ्मु | पु. | लिम्बु | किराँत | | वडा अध्यक्ष | ,, | ,, -२ | ९८४२६६४४१२ | | |
| ४ | श्री रत्न बहादुर खत्री | पु. | ब्राह्मण | हिन्दु | | ,, | ,, | ,, -३ | ९२९४५०४२२४ | | |
| ५ | श्री अम्बर बा. लिम्बु | पु. | लिम्बु | किराँत | | ,, | ,, | ,, -५ | ९८१९६६६३५०, | Umbuamar.16L@gmail.com | |
| ६ | श्री रत्न कुमार लिङ्देन | पु. | ,, | ,, | | ,, | ,, | ,, -६ | 9816016576 | | |
| ७ | श्री लक्ष्मण तामाङ | पु. | तामाङ | | | ,, | ,, | ,, -6 | ९८४२६८६६९८ | | |
| ८ | श्री छत्रमाया इजम | म. | लिम्बु | किराँत | | का.पा. सदस्य | ,, | ,, -१ | | | |
| ९ | श्री जय प्रकाश राई | पु. | राई | ,, | | ,, | ,, | ,, -५ | 9840995031 | | |
| १० | श्री रेनु लिम्बु | म. | लिम्बु | ,, | | ,, | ,, | ,, -५ | | | |
| ११ | श्री सरोज कार्की | पु. | ब्राह्मण | हिन्दु | | नि.प्र.प्र.अ. | ,, | | | | |
| १२ | श्री लक्ष्मी प्र. भण्डारी | पु. | ब्राह्मण | ,, | | विषयविज्ञ | strength | Prism | 9842663060 | Laxmib1060@gmail.com | |

| क्र.स | सहभागीको नाम | लिङ्ग | जातजाति | धर्म | उमेर | पद | कार्यालय | स्थायी ठेगाना | सम्पर्क नं | ईमेल ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | श्री दिपक मानन्धर | पु. | नेवार | हिन्दु | ५२ | टहरी योजनाविद् | strength | का.म.न. | ९८४१२५५८३६ | dpermer016@gmail.com | |
| १४ | श्री मधुसुदन श्रेष्ठ | पु. | | | | | | | | | |
| १५ | श्री अमृता लिम्बु (तामफु) | म. | लिम्बु | किराँत | | वडा सदस्य | सिदिङ्वा गा.पा. | सिदिङ्वा -४ | ९८०१६०६६८१० | | |
| १६ | श्री सावित्रा बानियाँ | म. | ब्राह्मण | हिन्दु | | का.पा. सदस्य | ,, | | | | |
| १७ | श्री टङ्क ब. चापागाई | पु. | ,, | ,, | | वडा सदस्य | ,, | सिदिङ्वा १ | 9844670550 | | |
| १८ | श्री फुलमाया पन्दाक | म. | लिम्बु | किराँत | | भण्डार संयोजक | ,, | सिदिङ्वा -४ | 9844667745 | Limbuphulmaya41@gmail.com | |
| १९ | श्री विराज कट्टेल | पु. | ब्राह्मण | हिन्दु | ३१ | क्रीडा शाखा | ,, | झापा | ९८४४६२६७०२ | kattelbiraj@gmail.com | |
| २० | श्री प्रदिप कुमार शाह | पु. | ठकुरी | हिन्दु | ३२. | स्वास्थ्य शाखा | ,, | लहान- सिरहा | ९८६१४६८६३ | [illegible] | |
| २१ | श्री बिमला बानियाँ | म. | ब्राह्मण | हिन्दु | | प्र.वि. शाखा | ,, | सिदिङ्वा -६ | 9815959040 | baniya.bimala89@gmail.com | |
| २२ | श्री तोयानाथ रिमाल | पु. | ,, | ,, | | वडा सचिव | ,, | सिदिङ्वा -४ | ९८४२६६१०८० | basantarimal312@gmail.com | |
| २३ | श्री इन्दु कुमारी वाइबा | म. | तामाङ | बौद्ध | ४७ | वडा सचिव | ,, | हिलिहाङ १ पाँचथर | ९८४२६५४८६९ | indu.waiba775@gmail.com | |
| २४ | श्री चन्द्र राई लिम्बु | पु. | लिम्बु | किराँत | ३२ | योजना शाखा | ,, | फुमलिङ-५ | ९८१६५९४४६८ | limbuchandra@gmail.com | |
| २५ | श्री विर बा. लिम्बु | पु. | लिम्बु | ,, | ६२ | . | | सिदिङ्वा-६ | | | |
| २६ | श्री प्रियंका श्रेष्ठ | म. | श्रेष्ठ | ,, | | सूचना शाखा | ,, | ,, -५ | 9819062588 | Preyankasthas@gmail.com | |

विषय क्षेत्रगत समितिः

आर्थिक विकासः

संयोजक - पुर्ण कुमार माङमु (लिम्बु)
सदस्य - छत्र माया कुजम
"-" - सन्तोष कुमार पाँचकोटी
"-" - सन्जय श्रेष्ठ
स. सचिव - विकाश थेबे

सामाजिक विकासः

संयोजक - रत्न बहादुर खत्री
सदस्य - तुलसी माया कुडाक्षेत्री
"-" - जयप्रकाश राई
"-" - विमला गतियाँ
"-" - प्रदिप कुमार भाट
स. सचिव - विराज कट्टेल

पूर्वाधार विकासः

संयोजक - गोपाल गतिया
सदस्य - पुर्ण कुमार लिम्बु
"-" - रेनु लिम्बु
स. सचिव - सरोज कार्की

वन तथा वातावरण समितिः

संयोजक - लक्ष्मण तामाङ
सदस्य - सन्तोष कुमार पाँचकोटी
"-" - दुर्गामाया डुजम
स. सचिव - चतुरहाङ लिम्बु

सुशासन तथा संस्थागत विकासः

संयोजक - अम्बर बहादुर लिम्बु
सदस्य - सावित्रा गातिया
"-" - रत्न कुमार लिङदेन
"-" - सुरेन्द्र कुइकाल
"-" - चतुरहाङ लिम्बु
स. सचिव - प्रियंका श्रेष्ठ

संयोजन तथा सहजीकरण समितिः

संयोजक - प्र.प्र.अ.
सदस्य - जय प्रकाश राई
"-" - रेनु लिम्बु
"-" - शिखर थापा
सचिव - चतुरहाङ लिम्बु
सदस्य सचिव - तारा नाथ रिमाल

थप प्रस्ताव नभएकोले आजको बैठक समापन गरियो।


सिदिङ्वा गाउँपालिकाको
आवधिक योजना तर्जुमा कार्यक्रम
पूर्व तयारी कार्यशाला गोष्ठी
वैशाख १४, २०८१
प्राविधिक तथा वितिय सहयोग
प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP)
परामर्शदाता
RIMC Strength JV
आयोजक




FOX




मिति : २०८१ साल जेष्ठ ३२

आज मिति २०८१/०२/३२ का दिन यस सिदिङ्वा गा.पा., कार्यालय को आवधिक योजना निर्माण सम्बन्धी मस्यौदा प्रतिवेदनमा छलफल गोष्ठी यस सिदिङ्वा गा.पा. का अध्यक्ष श्री मानबहादुर राई ज्यूको अध्ययक्षतामा कार्यपालिका सदस्य ज्यूहरु, कर्मचारी ज्यूहरु, जनप्रतिनिधि एवम् कर्मचारी लागएत सम्बन्धित सरोकारवाला व्यक्तित्व ज्यूहरुको तपशिल बमोजिमको उपस्थितिमा सम्पन्न भयो ।

**उपस्थितिको विवरण**

| क्रस | सहभागीको नाम | लिङ्ग | जातजाति | धर्म | उमेर | पद | कार्यालय | स्थायी ठेगाना | सम्पर्क नं | ईमेल ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री मान बहादुर राई | पु. | राई | | | गा.पा. अध्यक्ष | सिदिङ्वा गाउँपालिका | सिदिङ्वा-२ | | | [signature] |
| २ | श्री विजया लि.छ. | पु. | | | | प्र.प्र.अ. | ,, | झापा | | | [signature] |
| ३ | श्री कृष्ण कुमारी कार्की | म. | | | | गा.पा. उपाध्यक्ष | ,, | सिदिङ्वा-३ | | | |
| ४ | श्री गोपाल वान्तवा | पु. | | | | १ नं वडा अध्यक्ष | १ नं वडा कार्यालय | सिदिङ्वा-१ | ९८२२६८०६५ | | [signature] |
| ५ | श्री पूर्ण कुमार लिम्बु | पु. | | | | २ नं वडाध्यक्ष | २ नं वडा कार्यालय | सिदिङ्वा-२ | ९८४२६६४६६२ | | [signature] |
| ६ | श्री भक्त बहादुर लिम्बु | पु. | | | | ५ नं वडाध्यक्ष | ५ नं वडा कार्यालय | सिदिङ्वा-५ | | | |
| ७ | श्री रत्न कुमार लिम्बु | पु. | | | | ६ नं वडाध्यक्ष | ६ नं वडा कार्यालय | सिदिङ्वा-६ | | | [signature] |
| ८ | श्री सरोज कार्की | पु. | | | | स.इ. | सि.गा.पा. | इलाम | | | [signature] |
| ९ | श्री कुशल खतिवडा | पु | | हि | ३३ | अ.स.इ. | सि-४ | इलाम | ९८६९६५४३१६ | kushalkhatiwada070@gmail | [signature] |
| १० | श्री सरोज दाहाल | पु | | हि | २७ | IT officer | ,, | ओखलढुंगा | ९८६९२८८०१ | | [signature] |
| ११ | श्री फूलमाया पन्दाक | म | | | | रो.स. | सि.-४ | याक्सलुङ | ९८४४६६७७४६ | | [signature] |
| १२ | पुष्पकला वाग्ले | म. | | हि. | ३५ | उ.कि.न. | सिदिङ्वा | पाँचथर | ९८४२०९३३५ | [illegible] | [signature] |

| क्रस | सहभागीको नाम | लिङ्ग | जातजाति | धर्म | उमेर | पद | कार्यालय | स्थायी ठेगाना | सम्पर्क नं | ईमेल ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | बिमला वान्तेवा | म. | थोकाते | हिन्दु | | Mis सहायक | सिदिङ्वा | सिदिङ्वा-६ | ९८४०८७४५ | | [signature] |
| १४ | प्रमोद | | | | | | | | | | |
| १५ | सञ्जय श्रेष्ठ | पु. | नेवार | हिन्दु | २३ | प्र.स्वा.प्रा | सिदिङ्वा | धनकुटा | ९८४२३०७७६६ | sanjaynewar777@gmail.com | [signature] |
| १६ | विकास थेबे | पु | लिम्बु | – | २८ | कृषि प्रा. | सिदिङ्वा | सिदिङ्वा | ९८६२३०८२८६ | limbubikasthebe@gmail.com | |
| १७ | धर्मेन्द्र राई | पु. | राई | किरात | ३६ | वडा सचिव | ३ नं वडा ,, | सिदिङ्वा-३ | ९८४२३७४३६ | | [signature] |
| १८ | | | | | | | | | | | |
| १९ | | | | | | | | | | | |
| २० | | | | | | | | | | | |
| २१ | | | | | | | | | | | |
| २२ | | | | | | | | | | | |
| २३ | | | | | | | | | | | |
| २४ | | | | | | | | | | | |
| २५ | | | | | | | | | | | |
| २६ | | | | | | | | | | | |
| २७ | | | | | | | | | | | |


सिदिङ्वा गाउँपालिकाको
आवधिक विकास योजना तर्जुमा कार्यक्रम
(आ व ०८१/०८२ देखि ०८५/०८६ सम्म)
यौदा प्रतिवेदन छलफल
जेठ ३२ गते
प्राविधिक तथा वित्तिय सहयोग
कार्यक्रम (PLGSP)
परामर्शदाता
RIMC Strength
JV
आयोजक




आवधिक विकास योजना तर्जुमा कार्यक्रम
मस्यौदा प्रतिवेदन छलफल
RIMC Strength JV
No Notes
Slide 1 of 28
DELL


आवधिक विकास योजना तर्जुमा कार्यक्रम
मस्यौदा प्रतिवेदन छलफल
RIMC Strength JV
NEC